नेपाल सरकार

खानेपानी मन्त्रालय

खानेपानी तथा ढल व्यवस्थापन विभाग

आयोजना व्यवस्थापन कार्यालय

ADB

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

# आयोजना कार्यान्वयन निर्देशिका

२०७७
























Urban Water Supply
&
Sanitation (Sector) Project

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना
# आयोजना कार्यान्वयन निर्देशिका


**आयोजना व्यवस्थापन कार्यालय**

पानीपोखरी, काठमाडौं, नेपाल

फोन : ९७७-१-४४२२२३१, ४००६६८५, ४००६५४६

फ्याक्स : ९७७-१-४४१३२८०

वेवसाइट : www.uwssp.gov.np

इमेल : info@uwssp.gov.np

# महानिर्देशकको मन्तव्य



शहरी खानेपानी तथा सरसफाइ आयोजना "आयोजना कार्यान्वयन निर्देशिका २०७४" लाई अध्यावधिक गरी "आयोजना कार्यान्वयन निर्देशिका २०७७" प्रकाशित गर्न लागेकोमा मलाइ ज्यादै हर्ष लागेको छ ।

नेपालको संविधानमा व्यवस्था भए अनुरुप सुरक्षित खानेपानी र सुधारिएको सरसफाइ सुविधा सुनिश्चित गर्नु राज्यको महत्वपुर्ण भूमिका हुन्छ । साथै देशको संवृद्धिको सन्दर्भमा खानेपानी र सरसफाइ सुविधाको पहुँचले महत्वपूर्ण भूमिका निर्वाह गर्ने भएकोले यस प्रकारका शहरी खानेपानी तथा सरसफाइ आयोजना आगामी दिनमा अझ वढि अपरिहार्य देखिन्छन् ।

शहरी खानेपानी तथा सरसफाइ आयोजना उपभोक्ताको आवश्यकता र मागमा आधारित, समुदायमा आधारित खानेपानी सेवास्तर सुधार गर्ने आयोजना भएकोले खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको आयोजनाको माग देखि कार्यान्वयनका प्रत्येक चरणमा संलग्नता रहेको हुन्छ । साथै, शहरी खानेपानी आयोजना संचालन तथा मर्मत सम्भार खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/स्थानीय सरकारले नै गर्ने विधान रहेको छ । यस आयोजनाले सहलगानी र लागत असुलीको सिद्धान्तलाई अपनाई सेवा प्रणालीको दिगो उपयोगका लागि खानेपानी प्रणाली निर्माण गर्न लाग्ने कुल लागतको ३० प्रतिशत खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिले लगानी गर्दछ । जस मध्ये २५ प्रतिशत सम्म ऋणका रुपमा नगर विकास कोषबाट खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/स्थानीय सरकारलाई उपलब्ध हुन्छ । सो ऋण, आयोजना निर्माणको लागि ऋण लिएको मिति देखि वार्षिक ५ प्रतिशत ब्याज दरले सहुलियत अवधि ५ वर्ष सहित जम्मा २५ वर्ष भित्र चुक्ता गरिसक्नु पर्ने प्रावधान रहेको छ । यस प्रकारको आयोजनाले पूर्वधार निर्माणमा नेपाल सरकारको लगानी (Investment Gap) लाई समेत परिपूर्ति गर्ने अपेक्षा गरिएको छ । यसरी आयोजना कार्यान्वयनका हरेक पक्षहरु समेटी पुन:प्रकाशन गर्न लागेको "आयोजना कार्यान्वयन निर्देशिका २०७७" ले आम उपभोक्ता, सरोकारवालाहरु तथा यस आयोजना प्रति जिज्ञासा राख्ने सबै पक्षलाई सहयोग पुर्‍याउन महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लिएको छु ।

तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत अनुदान सहयोग कार्यक्रमवाट गरिब, पिछडिएका र जोखिममा परेका घरधुरीमा चर्पी तथा धारा निर्माण भई संचालन भईरहेको छ । साथै, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको नीति अन्तर्गत ती घरधुरीको जीवनस्तर उकास्न विभिन्न प्रकारका सीपमूलक तालिम कार्यक्रमहरु पनि संचालित छन । तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाले उपभोक्ताहरुको जीवनस्तर उकास्न खेलेको भूमिका र योगदान उदाहरणीय छ । साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाका विगतका सफलताहरुलाई आधार मानी तेस्रो साना शहरी खानेपानी तथा सरसफाइको अवधारणालाई अपनाउँदै हाल २० नगरपालिकाहरुमा २२ वटा शहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयनमा छन् । यस आयोजनाबाट आम शहरी जनताका साथै विपन्न तथा सीमान्तकृत वर्गको जीवनस्तरमा गुणात्मक सुधार हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

मीना श्रेष्ठ<br>
महानिर्देशक<br>
खानेपानी तथा ढल व्यवस्थापन विभाग



# आयोजना निर्देशकको मन्तव्य

नेपाल सरकारले सहरी खानेपानी तथा सरसफाइ नीति २०६६ ले तोकेको परिभाषा अनुसार १५ वर्षिय विकास योजना २०६७ मा सूचीकृत सहरहरुमा चरणवद्ध रुपमा स्वच्छ, गुणस्तरीय र सहज खानेपानी तथा सरसफाइ सेवा सुविधा विस्तार गर्दै जाने लक्ष्य अनुरुप पहिलो, दोस्रो तथा तेस्रो साना शहरी खानेपनी तथा सरसफाइ आयोजनाको सफल कार्यान्वयन पश्चात तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको अवधारणालाई अपनाउदै आ.व २०७५/२०७६ देखि २० वटा शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजना कार्यान्वयनमा आईरहेको सहर्स जानकारी गराउन चाहन्छु ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले आयोजना नगरपालिकाहरुमा जलवायु उत्थानशील तथा समावेशी खानेपानी तथा सरसफाइका पुर्वाधारहरुको विकासमा सहयोग गरिरहेको छ । यस आयोजनाले आयोजना छनौट, आयोजनाको उपयुक्त डिजाइन, सबै प्रक्रियामा सहभागिता, सेवामा समान पहुँच र उपलब्धता, संस्थागत विकास र सामुदायिक क्षमता सबलिकरण तथा दिगोपनका लागि प्रभावकारी रुपमा कार्य गरिरहेको छ ।

आयोजनाले लैङ्गिक मैत्री तथा समावेशी अवधारणा अंगिकार गरी विपन्न/गरीब तथा जोखिममा परेका वर्ग/समुहलाई खानेपानी आपूर्ति तथा सरसफाइको सेवा उपलब्ध गराउने उद्देश्यले राहतस्वरुप अनुदान रकम उपलब्ध गराउने प्रावधान अनुसार प्रतिफलमा आधारित अनुदान सहयोग (Out-put Based Aid) कार्यक्रम लागु गरेको छ । यसका लागि सेवा प्रदायक संस्थालाई अनुदान रकम उपलब्ध हुनेछ । डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदातृ संस्थाले तयार गरेको सामाजिक आर्थिक विवरणका आधारमा पहिचान तथा छनोट भएका घरधुरीहरुमा अनुदान सहयोग स्वरुप निजी धारा जडान तथा प्रतिफलमा आधारित सहयोग (Out-put Based Aid) कार्यक्रम अन्तर्गत चर्पी निर्माणको लागि सहयोग दिइने प्रावधान रहेको छ । साथै, कार्यक्रमको सुरुवात देखि नै गाउँपालिका/नगरपालिका स्तरीय खानेपानी तथा स्वच्छता समन्वय समितिसंग सहकार्य, समन्वयमा तथा उक्त समितिबाट अनुमोदन गरी कार्यक्रम भई रहेको छ ।

यसरी "आयोजना कार्यान्वयन निर्देशिका २०७४" लाई अध्यावधिक गरी आयोजना कार्यान्वयनको प्रत्येक पक्ष विशेषत : आयोजनाको नीति, उद्देश्य, कार्यक्षेत्र, लागत तथा खर्च बेहोरिने स्रोत र खर्चको जिम्मेवारी, आयोजनामा कार्यान्वयनको लागि नीति, नियम तथा सम्झौता आदि समेटी आम पाठकवर्गलाई जानकारी उपलब्ध गराउन "आयोजना कार्यान्वयन निर्देशिका २०७७" प्रकाशित गरिएको छ । यस निर्देशिकाले आयोजना कार्यान्वयन गर्नको लागि यससंग सम्बन्धित सरोकारवालाहरु तथा आयोजनाबारे जिज्ञासा राख्नु हुने प्रत्येक नागरिकलाई सहयोग हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा, यस निर्देशिकालाई अझ प्रभावकारी बनाउन सरोकारवाला तथा पाठकवर्गबाट सुझाव र प्रतिक्रियाको अपेक्षा गर्दै आयोजनाको दिगोपना तथा सफलताको कामना गर्दछु ।

Ramkumar

रामकुमार श्रेष्ठ
आयोजना निर्देशक
शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

## पद–सङ्केत (Abbreviation)

| | | |
|---|---|---|
| अ.से.क्षे.क. | – | अन्तरिम सेवा क्षेत्र कमिटि |
| आ.व. | – | आर्थिक वर्ष |
| आ.व्य.का. | – | आयोजना व्यवस्थापन कार्यालय |
| क्षे.आ.व्य.का. | – | क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय |
| ए.वि.वैंक. | – | एशियाली विकास वैंक |
| कि.मि. | – | किलोमिटर |
| को.ले.नि.का. | – | कोष तथा लेखा नियन्त्रकको कार्यालय |
| खा.पा.ढ.व्य.वि. | – | खानेपानी तथा ढल व्यवस्थापन विभाग |
| खा.पा.उ.सं./खा.पा.उ.स.स. | – | खानेपानी उपभोक्ता संस्था/खानेपानी उपभोक्ता तथा सरसफाइ समिति |
| गा.पा. | – | गाउँपालिका |
| न.पा. | – | नगरपालिका |
| जि.स.स | – | जिल्ला समन्वय समिति |
| स्था.स. | – | स्थानीय सरकार |
| जि.स्वा.का. | – | जिल्ला स्वास्थ्य कार्यालय |
| जि.शि.का. | – | जिल्ला शिक्षा कार्यालय |
| डि.सु.व्य.प | – | डिजाइन सुपरिव्यक्षण तथा व्यवस्थापन परामर्शदाता |
| डि.पु.प्रा.प | – | डिजाइन पुनरावलोकन तथा प्राविधिक परीक्षण |
| रा.खा.पा.स.प्र.के. | – | राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र |
| क्षे.क्ष.अ.इ. | – | क्षत्रगत क्षमता अभिवृद्धि इकाई |
| सं.से.प.ई.प. | – | संस्थागत सेवा र परामर्श इकाई परामर्शदाता |
| सा.प.शा. | – | सामुदायिक परिचालन शाखा |
| घ.मि. | – | घनमिटर |
| न.वि.को. | – | नगर विकास कोष |
| नि.व्य. | – | निर्माण व्यवसायी |
| म.ले.नि.का. | – | महालेखा नियन्त्रकको कार्यालय |
| मूल सम्झौता. | – | ए.वि.वैंक र नेपाल सरकारबीच सम्पन्न अनुदान सम्झौता |

| | | |
|---|---|---|
| लै.स.सा.स.का.यो. | – | लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना |
| लै.मू.सं.स. | – | लैङ्गिक मुलप्रवाहीकरण संयोजन समिति |
| सहायक ऋण सम्झौता | – | अर्थ मन्त्रालय र नगर विकास कोषबीच सम्पन्न ऋण सम्झौता |
| स्था.गै.स.सं. | – | स्थानीय गैरसरकारी संस्था |
| क्षे.अ.सु.का. | – | क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय |
| प्र.आ.अ.का | – | प्रतिफलमा आधारित अनुदान कार्यक्रम |
| आ.व्य.प | – | आयोजना व्यवस्थापन परामर्शदाता |
| श.खा.पा.स.क्षे.नी. | – | शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत नीति |
| ADB | – | Asian Development Bank |
| RRP | – | Report and Recommendation of the President |
| PAM | – | Project Administration Manual |
| UWSSSP | – | Urban Water Supply and Sanitation Sector Project |
| PPMS | – | Project Performance Monitoring System |
| CMS | – | Community Mobilization System |
| SEIU | – | Sector Efficiency Improvement |
| ISSAU | – | Institutional Support and Service Advisory Unit |
| DSMC | – | Design Supervision and Management Consultant |
| PMQAC | – | Project Management and Quality Assurance Consultant |
| PPME | – | Project Performance Monitoring and Evaluation |
| BME | – | Benefit Monitoring and Evaluation |
| OBA | – | Out-put Based Aid |
| QoL | – | Quality of Life |
| JMP | – | Joint Monitoring Program |
| MDG | – | Millennium Development Goal |
| ICG | – | Implementation Core Group |

**विषयसूची**

**(Table of Contents)**


| क.सं | शिर्षक विवरण | पृष्ठ |
|---|---|---|
| **१.** | **पृष्ठभूमि** | **१** |
| | १.१. आयोजनाको सान्दर्भिकता | २ |
| | १.२. क्षेत्रगत अवस्थाको विश्लेषण | २ |
| | १.३. पुर्व आयोजनाहरुबाट भएका लाभ तथा सिकाइ | २ |
| **२.** | **शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाका अवधारणा** | **३** |
| **३.** | **आयोजनाको नीति** | ४ |
| | ३.१. सहलगानी/लागत असुली तथा साझेदारी | ४ |
| | ३.२. लैङ्गिक सामनता र सामाजिक समावेशीकरण (Gender Equility & Social Inclusion-GESI) | ४ |
| | ३.३. प्रतिफलमा आधारित अनुदान (Out-put Based Aid) | ४ |
| | ३.४. वातावरणीय सुरक्षण (Environmental Safeguards) | ५ |
| | ३.५. सामाजिक सुरक्षण (Socal Safeguards) | ५ |
| | ३.६. जलवायु उत्थानसिल/अनुकुलित दृष्टिकोण (Climate -Resilient Approach) | ५ |
| | ३.७. स्मार्ट प्रविधिको प्रयोग (Smart Technology Application) | ५ |
| | ३.८. गुणस्तर सुनिश्चितता (Quality Assurance & Control) | ५ |
| | ३.९. पारदर्शिता र उत्तरदायित्व (Transparency & Accountability) | ५ |
| **४.** | **आयोजनाको लक्ष/उद्देश्य** | **६** |
| **५.** | **आयोजनाको कार्यक्षेत्र** | **६** |
| | ५.१. आयोजना क्षेत्रका गाउँपालिका/नगरपालिकामा खानेपानी तथा सरसफाइ पूर्वाधारको सुधार तथा विस्तर | ६ |
| | ५.२. संस्थागत तथा समुदायको क्षमता तथा सेवा प्रवाहमा सशक्तिकरण | ७ |
| **६.** | **आयोजनाको लागत तथा खर्च बेहोरिने स्रोत** | **७** |
| **७.** | **आयोजनाको लागत तथा खर्च बेहोरिने स्रोत र खर्चको जिम्मेवारी** | **९** |
| | ७.१. खानेपानी आयोजना निर्माण तर्फ | ९ |
| | ७.२. सरसफाइ तथा फोहोर व्यवस्थापन तर्फ | ९ |
| **८.** | **सेवाशुल्क निर्धारण तथा लागत असुली प्रक्रिया** | **१०** |
| **९.** | **कोष प्राप्त गर्ने प्रक्रिया र वित्तीय सम्भाव्यता** | **११** |
| **१०.** | **आयोजनाको पारदर्शिता र जवाफदेहिता** | **१२** |
| **११.** | **आयोजनामा संलग्न सरोकारवाला निकायहरुको जिम्मेवारी र भूमिका** | **१४** |
| | ११.१. खानेपानी मन्त्रालय (Ministry of Water Supply) | १४ |
| | ११.२. खानेपानी तथा ढल व्यवस्थापन विभाग (Department of Water Supply and Sewerage Managemnet) | १५ |
| | ११.३. आयोजना व्यवस्थापन कार्यालय (Project Management Office) | १५ |
| | ११.४. क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय (Regional Project Management Office) | १७ |
| | ११.५. नगर विकास कोष (Town Development Fund) | १८ |

११.६. नगरपालिका (Municipality) /गाउँपालिका (Rural Municipality) १९
११.७. नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (M-WASH-CC) २०
११.८. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समिति (Water Users' and Saniation Association/Committee) २०
११.९. एसियाली विकास वैंक (Asian Development Bank -ADB) २१
११.१०. निर्माण व्यवसमयी (Civil Works Contractor) २१
**१२. संस्थागत व्यवस्थापन (Institutional Arrangement) २२**
**१३. शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको कार्यप्रक्रिया २३**
१३.१. प्रथम चरण : निर्माण पूर्व आयोजना तर्जुमा र छनोट प्रक्रिया २३
१३.२. दोस्रो चरण : आयोजना कार्यान्वयन/निर्माण प्रक्रिया २५
१३.३. तेस्रो चरण : पानी संचालन र मर्मत संभार प्रक्रिया २६
**१४. आयोजना कार्यान्वयन व्यवस्था (Project Implementation Arrangement) २७**
**१५. आयोजना व्यवस्थापन तथा अनुगमन ढाँचा (Project Design & Monitoring Framework) २८**
**१६. शहरी आयोजनाको छनोट प्रक्रिया ३१**
**१७. आयोजनाको सामाजिक तथा वातावरणीय सुरक्षण र दिगोपन ३५**
१७.१. वातावरणीय सुरक्षण ३५
१७.२. सामाजिक सुरक्षण ३७
१७.३. गुनासो/दुखेसो निवारण संयन्त्र (Grievance Redress Mechanism) ३८
१७.४. लैङ्गिक सामानता र सामाजिक समावेशी कार्यक्रम ४२
१७.५. प्रतिफलमा आधारित अनुदान सहयोग तथा निशुल्क धारा जडान छनोट र कार्यान्वयन प्रक्रिया ४७
१७.६. स्मार्ट प्रविधिको प्रयोग (SCADA, Smart Technology Application) ४७
१७.७. गुणस्तर सुनिश्चितता र नियन्त्रण (Quality Assurance & Control) ४८
१७.८. आयोजनाको दिगोपनका सवालहरु ५०
१७.९. आयोजनाको संचार रणनीति ५१
**१८. आयोजनाको भ्रष्टचार विरुद्धको नीति ५२**
**१९. आयोजनाका सबल पक्ष, अवसर तथा जोखिमयुक्त पक्षहरु ५४**
१९.१. आयोजनाका सबल पक्षहरु (Strengths of Urban Project) ५४
१९.२. आयोजनाबाट प्रप्त हुने अवसरहरु (Opportunities) ५४
१९.३. आयोजनाका जोखिमहरु (Risks Factors) ५५

**तालिका**


| क.सं. | नाम | पेज.नं. |
|---|---|---|
| १ | आयोजनाको लागत अनुमान तथा स्रोत विवरण | ७ |
| २ | विस्तृत अनुमानित लागत खर्च | ८ |
| ३ | खानेपानी आयोजना निर्माणमा उपभोक्ताहरुको सहलगानी | ९ |
| ४ | खानेपानी आयोजना निर्माणमा सरकारद्वारा निकासा गरिने तरीका | ९ |

## प्रक्रिया चित्रहरु


| | | | | |
|---|---|---|---|---|
| १. | चित्र नं. १ | – | खानेपानी तथा सरसफाइ आयोजना कोष प्रवाह | १३ |
| २. | चित्र नं. २ | – | सरसफाइ आयोजनाहरुको कोष प्रवाह (बर्षातको पानी निकासी र विकेन्द्रिकृत फोहोर पानी प्रशोधन) | १४ |
| ३. | चित्र नं. ३ | – | आयोजना कार्यान्वयनको संगठनात्मक संरचना (Project Implementation Arrangement) चित्र | २८ |
| ४. | चित्र नं. ४ | – | गुनासो निवारण प्रक्रिया चित्र | ४१ |


## अनुसूचीहरु


| | | | | |
|---|---|---|---|---|
| अनुसूची | – | १ | आयोजना आवेदन फारम | ५७ |
| अनुसूची | – | २ | पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन फारम (Pre-feasibility Report Format) | ६२ |
| अनुसूची | – | ३ | शहर छनोट मापदण्ड (Town Selection Criteria) | ६७ |
| अनुसूची | – | ४ | शहरी आयोजना सहमति पत्र | ६८ |
| अनुसूची | – | ५ | आयोजनाको वित्तीय (त्रिपक्षीय) सम्झौता | ८० |
| अनुसूची | – | ६ | ऋण सम्झौता फारम (नगर विकास कोष र खा.पा.उ.स.स.बीच हुने) | ९७ |
| अनुसूची | – | ७ | आयोजना व्यवस्थापन समझौता पत्र | ११० |
| अनुसूची | – | ८ | खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिको नमुना विधान | १२९ |
| अनुसूची | – | ९ | लैङ्गिक समानता र सामाजिक समावेशी कार्ययोजना | १४१ |
| अनुसूची | – | १० | धारा जडानको दरखास्त नमुना | १४४ |
| अनुसूची | – | ११ | आयोजना सम्पन्न भएपछि आयोजनाले प्रदान गरेको लाभको अनुगमन तथा मूल्याङ्कन (Benefit Monitoring and Evaluation) | १४५ |
| अनुसूची | – | १२ | खानेपानी सेवाका स्तरहरु | १५५ |
| अनुसूची | – | १३ | शहरी खानेपानी तथा सरसफाइ आयोजनाको कार्यप्रक्रिया | १५६ |
| अनुसूची | – | १४ | संचार रणनीति | १५९ |
| अनुसूची | – | १५ | शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना क्षेत्र | १६३ |
| अनुसूची | – | १६ | भविष्यमा लगानीका लागि छनोट भएका शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरु | १६४ |


## परिशिष्ट


| | | | |
|---|---|---|---|
| परिशिष्ट | - | सरोकारवालाहरुको सहभागिता बारे जानाकारीमूलक टिप्पणी | १६५ |

# १. पृष्ठभूमि

नेपालको समग्र राष्ट्रिय विकासको प्रवाहसंगै नेपाली जनताको जीवनस्तरमा प्रशस्त परिवर्तन र गतिशीलता आएको छ। फलस्वरूप जिल्ला सदरमुकाम, राजमार्गहरू र सहायक राजमार्गरूका सङ्गम स्थलहरूमा बढ्दो जनसंख्या वृद्धिले गर्दा त्यहाँ अवस्थित बजारक्षेत्रहरू नगर/शहरहरूका रूपमा विकसित हुँदै गएका छन्। यी साना सहरहरू सहर तथा ग्रामीण क्षेत्रका बीचमा औद्योगिक तथा व्यापारिक क्रियाकलापहरूको सङ्गम स्थलका रूपमा परिवर्तित भई आर्थिक दृष्टिकोणले महत्वपूर्ण भूमिका खेलिरहेका छन्। समयको परिवर्तनसंगै क्रमिक रूपले ती क्षेत्रहरूमा विकासको अवसर र सम्भावना निरन्तर रूपले बढ्दै गईरहेको वास्तविकता हाम्रा सामु विद्यमान छ। यसरी बढ्दो जनसङ्ख्याको चापलाई मौजुदा खानेपानी र सरसफाइको सुविधा र गुणस्तर अपर्याप्त हुँदै गएका छन्।

खानेपानी तथा सरसफाइ क्षेत्र नेपाल सरकारको एक उच्च प्राथमिकता प्राप्त क्षेत्र हो। नेपालको संविधान, २०७२ ले खानेपानी तथा सरसफाइलाई जनताको मौलिक अधिकारका रुपमा परिभाषित गरेको छ। सबै जनतालाई सफा र स्वच्छ पिउने पानीको सहज व्यवस्था गर्ने तथा सफा र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको प्रत्याभुति पनि संविधानले गरेको छ। यसै अनुरुप नेपाल सरकारले खानेपानी तथा सरसफाइका क्षेत्रहरुमा प्राथमिकतासाथ कार्यक्रम संचालन गरिरहेको छ भने सोहि अनुरुप उपलब्धि पनि हासिल गरीरहेको छ।

नेपाल सरकारले हाल द्रुत गतिले विकसित हुँदै आएका नगर/सहरहरूमा गुणस्तरीय खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध गर्ने अभिप्रायले राष्ट्रिय शहरी नीतिका आधारमा अद्यावधिक पन्ध्र बर्षीय विकास योजना (सन् २०००-२०१५) ले साना शहरहरूको परिभाषालाई पुनः परिभाषित गरेको छ। साथै यस योजनाले कुल २६५ वटा संभावित साना सहरहरूको पहिचान गरेको थियो। शहरी खानेपानी तथा सरसफाइ नीति २०६६ ले तोकेको सेवास्तरको परिभाषा तथा नेपाल सरकारको अद्यावधिक १५ वर्षीय विकास कार्ययोजनामा सूचीकृत भएका पुनःपरिभाषित साना शहर/नगर क्षेत्रहरूमा साना शहरी खानेपानी तथा सरसफाइ आयोजना चरणबद्ध रूपले सञ्चालन गर्दै स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाइको सेवा सुविधा विस्तार गर्दै जाने लक्ष्य राखिऐको थियो। यस योजना अन्तर्गत नेपाल सरकारबाट एशियाली विकास बैंकको ऋण सहयोगमा पहिलो चरणमा २९ वटा साना शहरहरूमा पहिलो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (आ.व. २०५७/०५८ - २०६४/०६५) सञ्चालन भई तत्कालिन अवस्थामा ५ लाख ९३ हजार उपभोक्ता खानेपानी तथा सरसफाइको सेवासुविधाको विकासबाट लाभान्वित भइसकेका छन्। प्रथम चरणको सफलता पश्चात एशियाली विकास बैंकको अनुदान सहयोगमा नेपाल सरकारले दोस्रो चरणमा २१ वटा साना सहरहरूमा दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना आ.व. २०६६/०६७ – २०७१/०७२ सञ्चालन गरि आयोजना सम्पन्न हुँदा ३ लाख ५५ हजार जनसंख्या खानेपानी तथा सरसफाइको सुविधाबाट लाभान्वित भएको पाइन्छ।

दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना संचालन हुँदै गर्दा एशियाली विकास बैंकको ऋण सहयोगमा नेपाल सरकारले करीब २० वटा साना शहरहरुमा तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना आ.व. २०७१/७२ देखि २०७७/७८ सम्म कार्यान्वयन गरिरहेको छ। यस आयोजनाबाट करीब ३ लाख ९० हजार साना शहरी जनसंख्या खानेपानी तथा सरसफाइको सुविधाबाट लाभान्वित हुने अनुमान गरिएको छ। यसका साथै यस आयोजना अन्तर्गत प्रथम चरणमा सम्पन्न भएका नगर आयोजनाहरुको सुधारका लागि पनि आवश्यक व्यवस्था मिलाई सुधार कार्य समेत सम्पन्न भइसकेको छ।

हालसम्म पहिलो, दोस्रो तथा तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत आयोजनाहरुको सफल कार्यान्वयनबाट ७० वटा साना सहरहरुका १३,३८,३९६ उपभोक्तामा सुधारिएको खानेपानी सेवाको सुविधामा पहुंच पुगेको वा पुग्ने देखिन्छ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको कार्यान्वयन प्रशासनिक निर्देशिका PAM, सेप्टेम्बर 2019 ले साना शहरका रूपमा पहिचानका लागि निम्न आधारहरू तय गरेको छ ।

१) **जनसङ्ख्या** - जनसङ्ख्या ५,००० - ४०,००० सम्मका भएको ।

२) **औसत जनसंख्या घनत्व** - १० व्यक्ति प्रति हेक्टर भएको ।

३) एक स्थानीय सरकारको प्रशासनिक सिमाना भित्र रहेको (सकभर)।

४) सम्भावित उच्च बृद्धि क्षेत्र तथा रणनीतिक सडक संजालको नजिक र बाह्रै महिना मोटर चल्ने बाटोको सुविधा भएको, विजुली, संचार सुविधा भएको क्षेत्र ।

## १.१ आयोजनाको सान्दर्भिकता

नेपालमा हाल शहरीकरणको क्रम निरन्तर रुपमा द्रुततर गतिले बढिरहेको छ । नेपालको संविधान २०७२ लागु भई २९३ नगरपालिकाहरु (६ महानगरपालिका, ११ उपमहानगरपालिका र २७६ नगरपालिका) स्थापना भए पश्चात २ करोड ९० लाख जनसंख्या मध्ये ५८ % मानिसहरुको बसोवास शहरी क्षेत्रमा रहेको पाइन्छ । साथै नगर/शहरी क्षेत्रमा जनसंख्या निरन्तर वृद्धि हुने देखिन्छ । यस अवस्थामा देशको कूल गार्हस्थ्य उत्पादनमध्ये ६५ प्रतिशत उत्पादन यसै क्षेत्रबाट हुने भएतापनि अव्यवस्थित शहरीकरण, खानेपानी तथा सरसफाइ क्षेत्रमा सुधारको कमिले गर्दा वाताबरण विनास, सार्बजनिक स्वास्थ्यमा बढ्दो जोखिम, जलबायु परिबर्तन र प्राकृतिक प्रकोपबाट हुने असरबाट बढ्दो संकट तथा जोखिम बढिरहेको छ । साथै बढिरहेको शहरीकरणको तुलनामा आर्थिक अवसर तथा शहरी पुर्वाधारको विकास र शहरी सेवा सुविधाको यथेष्ठताको कमीले गर्दा गरिबीको अवस्था झन वृद्धि हुनुका साथै वातावरणीय ह्रास पनि हुनजाने देखिन्छ । शहरी क्षेत्रको गरिबी प्रतिशत सन् २००४ मा ९.२ प्रतिशत थियो भने सन् २०१५ सम्म आउँदा यसमा वृद्धि भई २३.८ प्रतिशत हुन पुगेको छ । नेपालको संविधान २०७२ को धारा ३५ (४) ले नेपाली जनतालाई सुनिश्चित गरेको “ सुरक्षित खानेपानी र सरसफाइमा प्रत्येक नागरिकको पहुँच हुनेछ” भन्ने मौलिक हकको प्रत्याभुतिका लागि पनि आयोजनाको सफल कार्यान्वयन आबश्यक देखिन्छ । तसर्थ, यी सबै चुनौती सामना गर्नका लागि शहरी क्षेत्रको सुविधा वृद्धि गर्नुपर्ने देखिन्छ ।

## १.२ क्षेत्रगत अवस्थाको विश्लेषण

सन् २०११ को तथ्याङ्क अनुसार देशको कूल जनसंख्याको ८५ प्रतिशत (८७% शहरी तथा ८४% ग्रामीण क्षेत्र) लाई सुधारिएको खानेपानी सेवा उपलब्ध थियो भने सरसफाइको सुविधा ६२ प्रतिशत (९१% शहरी तथा ५५% ग्रामीण क्षेत्र) जनतालाई उपलब्ध थियो । नेपालको कूल जनसंख्या मध्ये पाईप प्रणालीबाट ४७.७८%, ट्यूववेल/ हाते पम्पवाट ३५% र परम्परागत पानीका श्रोतहरु (कुवा, इनार, ढुङ्गेधारा आदि) वाट ७.१६% घरधुरीहरुमा बिभिन्न स्तरको खानेपानी सेवाको पहुँच पुगेको छ ।[1] साथै सेवाको पहुँच पुगेको मध्ये हालसम्म २०% जनसंख्यालाई मध्यम् तथा उच्च सेबास्तरको सुरक्षित खानेपानी सेवा पुगेको आँकडा छ ।[2] (स्रोत : १ राष्ट्रिय जनगणना २०६८ , २ : पन्ध्रौं योजनाको आधार पत्र २०७६-८१) पाइप प्रणालीबाट खानेपानी सेवा उपलब्ध गराइएका मध्ये पनि अनुमानित २० प्रतिशत जतिमा सेवाको निरन्तरता छैन भने धेरैजसो प्रणालीहरु पुनःनिर्माण गर्नुपर्ने अवस्थामा रहेका छन् । खानेपानीको सेवा पहुँच भएका क्षेत्रमा प्राकृतिक मूल अथवा स्यालो तथा हाते पम्पबाट पानीको प्रयोग गरिन्छ । वाटर एडले सन् २०१० मा अनुमान गरेअनुसार साना सहरहरुमा जम्मा ४५ प्रतिशत जनतालाई मात्र पाइप खानेपानीको सेवा उपलब्ध थियो भने सरसफाइतर्फ ३६ प्रतिशत जनतालाई मात्र यो सुविधा प्राप्त थियो । यसले गर्दा खुला रुपमा दिसा गर्नाले हुने पानी प्रदूषणले गर्दा जनस्वास्थ्यमा व्यापक नकारात्मक प्रभाव परेको देखिन्छ भने वर्षेनी ५ वर्षभन्दा मुनिका करीब १३ हजार बालबालिकाको मृत्यु हुने गर्दछ ।

## १.३ पूर्व आयोजनाहरुबाट भएका लाभ तथा सिकाई

एशियाली विकास बैंकले प्रथम चरणको साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाका लागि सन् २००० मा ३५ मिलियन अमेरिकी डलर बराबर ऋण सहयोग गरेको थियो । यस अन्तर्गत जम्मा २९ वटा नगर आयोजनाहरु सम्पन्न

भए भने यसबाट करीब ५ लाख ९३ हजार जनताले खानेपानी तथा सरसफाइको सुविधा प्राप्त गरे । यस आयोजनाबाट उपभोक्तासंगको सहलगानी पद्धति तथा आयोजना संचालनमा उपभोक्ता संस्था/स्थानीय तहको सहभागिताको शुरुवात गरियो । प्रथम चरणको आयोजना सन् २००९ मा सफल रुपमा सम्पन्न भयो, जसको मूल्यांकन एशियाली विकास बैंकबाट स्वतन्त्र रुपमा गरिएको अध्ययनबाट पुष्टि हुन्छ । यसको लगत्तै एशियाली विकास बैंकबाट सन् २००९ मा दोस्रो चरणको खानेपानी तथा सरसफाइ आयोजनाका लागि ४५.१ मिलियन अमेरिकी डलर बराबर अनुदान सहयोग प्राप्त भयो । यसबाट जम्मा २१ वटा स्थानमा नगर आयोजनाहरु निर्माण २०१६ मा सम्पन्न भई करीब ३ लाख ५५ हजार ३ सय ९६ उपभोक्ता खानेपानी तथा सरसफाइबाट लाभान्वित भएका छन । तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना आ.व. २०७१/७२ बाट आरम्भ भएर २०७७/७८ सम्ममा सम्पन्न भइसक्ने लक्ष्य राखिएको छ। हाल सम्ममा अधिकांश साना शहरी आयोजनाहरु सम्पन्न भइसकेका छन् । यस आयोजनाबाट करीब ३ लाख ९० हजार साना शहरी जनसंख्या खानेपानी तथा सरसफाइको सुविधाबाट लाभान्वित हुने अनुमान गरिएको छ । यसका साथै यस आयोजना अन्तर्गत प्रथम चरणमा सम्पन्न भएका २९ नगर आयोजनाहरुको सुधारका लागि पनि आवश्यक व्यवस्था गरिएको थियो र ति साना शहरी आयोजनाहरुको सुधार कार्य सम्पन्न पनि भइसकेको छ ।

प्रथम, दोस्रो तथा तेस्रो चरणका आयोजनाहरुको सफलता पश्चात् आयोजना संचालन तथा यसको दिगोपनका लागि केही पाठहरु सिकिएका छन् भने यसका लागि आयोजना सञ्चालन तथा नगर विकास कोषको क्षमताका साथै अनुदान तथा वित्तीय संरचनामा सुधार गर्न पनि आवश्यक देखिन्छ । प्रथम, द्वितीय तथा तेस्रो चरणका यिनै प्रमुख सिकाईहरुबाट पाठ सिकी २० वटा शहरहरुमा शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको २०१९-२०२४ संचालन गरिएको छ। यो आयोजनाले ३ लाख २० हजार शहरी जनसंख्यालाई सुधारिएको खानेपानी सेवा सुविधा तथा ६४ हजार शहरी जनसंख्यालाई सुधारिएको सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य रहेको छ ।

## २. शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको अवधारणा

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले आयोजना नगरपालिकाहरुमा जलवायु उत्थानशील तथा समाबेशी खानेपानी तथा सरसफाइका पुर्वाधारहरुको विकासमा सहयोग गरिरहेको छ । यस आयोजनाले आयोजना छनौट, आयोजनाको उपयुक्त डिजाइन, सबै प्रक्रियामा सहभागिता, सेवामा समान पहुँच र उपलब्धता, संस्थागत विकास र सामुदायिक क्षमता सबलिकरण तथा दिगोपनका लागि प्रभावकारी रुपमा कार्य गरिरहेको छ । आयोजनाले अबलम्बन गरेको मुख्य अवधारणाहरु निम्न रहेका छन् :

- नेपाल सरकार, उपभोक्ता वर्ग/स्थानीय सरकारको सहलगानी र लागत असुलीमा आधारित हुने,
- आयोजनाको निर्माण, सञ्चालन र सम्भारमा उपभोक्ता वर्गको स्वामित्व रहने गरी लैङ्गिक समानता र सामाजिक समावेशी सहभागिता रहने ।
- सेवाको गुणस्तर सुधार र सेवास्तरमा वृद्धि ल्याउने ।
- स्थानीय सरकार र उपभोक्ता समितिहरुको संस्थागत क्षमता विकास र
- जलबायु उत्थानशील दृष्टिकोण (तौर तरिका) र स्मार्ट प्रविधिको प्रयोग गरिने ।

यो आयोजना नेपाल सरकारको क्षेत्रगत नितिहरु, ए.डि.वि को शहरी तथा पानी संचालन योजना र सबैका लागि पानी नीति र दिगो विकास लक्ष्यको लक्ष्य ५ (लैङ्गिक समानता), लक्ष्य ६ (सुरक्षित खानेपानी र सरसफाइ) र लक्ष्य १३ (जलबायु परिबर्तन) अनुसार डिजाइन गरिएको छ ।

## ३. आयोजनाको नीति

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले अङ्गीकार गरेका मुख्य नीतिहरु निम्नअनुसार रहेका छन् :

### ३.१ सहलगानी/लागत असुली (Cost Sharing/Recovery) तथा साझेदारी

शहरी खानेपानी तथा सरसफाइ सेवा प्रणालीको दीर्घकालीन र दिगो उपयोगका लागि निर्मित प्रणालीको कार्यान्वयन र सञ्चालनमा लाग्ने खर्च उपभोक्ताबाट असुलउपर गर्नु आवश्यक हुन्छ। आयोजनाको निर्माणमा पुँजीगत लगानी स्वरूप खानेपानी संरचना निर्माणको कुल लागतमा उपभोक्ता संस्थाको समेत सहलगानी हुने नीति अबलम्बन गरिएको छ।

उपभोक्ताले गर्ने सहलगानीको अंश आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन अध्ययनपछि किटान हुने भए तापनि सहलगानी अंश खानेपानी निर्माण लागतको ३०% हुनेछ र सो ३०% मध्ये न्यूनतम ५% आयोजनाको सञ्चालनको प्रतिबद्धता स्वरूप सम्झौता अघि अग्रिम नगद जम्मा गर्नुपर्ने छ। यसरी जम्मा भएको योगदान रकमका आधारमा बाँकी २५% बराबर रकम जुटाउन उपभोक्ता संस्था/स्थानीय सरकारले नगर विकास कोषबाट ऋण माँग गर्न सक्ने प्रावधान रहेको छ। उक्त ऋण सहुलियत अवधि (grace period) ५ वर्ष सहित २५ वर्ष भित्र चुक्ता गर्नुपर्नेछ। यस अवधि भित्र पानी सेवाशुल्क वापत उपभोक्ताबाट असुल गरेको रकमबाट उपभोक्ता संस्थाले नगर विकास कोषलाई ऋण भुक्तानी गर्दै जानुपर्नेछ। सो ऋणको ब्याज ५% भन्दा बढी हुने छैन। सरसफाइ संरचनातर्फ उपभोक्ता संस्था/स्थानीय सरकारको सहलगानीको अंश १५% मात्र हुनेछ।

खानेपानीको आपूर्ति सेवा वापतको वित्तीय दिगोपनाको सुरक्षा गर्न उपभोक्ता वर्गबाट आयोजना सञ्चालन तथा मर्मत सम्भारको खर्च पूरै असुल गर्ने वित्तीय व्यवस्थापन नीति रहेको छ। उपभोक्ताहरूको सहलगानी र स्वामित्वपूर्ण सहभागिता/अगुवाईमा सञ्चालन हुने शहरी आयोजनाको तर्जुमा, निर्माण, सञ्चालन तथा मर्मत-सम्भार आदि समग्र कामको जिम्मेवारी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिमा रहेको छ। त्यसकारण यस आयोजनाले स्थानीय सरकारलाई खानेपानीको सेवा विकास, विस्तार र सुधारका लागि शासकीय क्षमता अभिवृद्धि गर्ने, सबै चरणमा उपभोक्ता वर्गको सहभागितालाई प्रोत्साहित गर्ने नीतिगत व्यवस्था गरेको छ।

### ३.२ लैङ्गिक समानता र सामाजिक समावेशीकरण (Gender Equality & Social Inclusion - GESI)

विकासका सबै प्रक्रियामा लैङ्गिक तथा लाभान्वित वर्ग/समुदायको समानुपातिक प्रतिनिधित्व र सहभागितालाई प्रोत्साहित गर्दै जाने नीति अबलम्बन गरेको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशीताका लागि विपन्न/गरिब, जोखिमयुक्त वर्ग, कमजोर तथा पछाडि परेका दलित, जनजाति/वर्ग/समुदायहरूलाई आयोजनाको सबै तह र चरणहरूमा समावेश गराउने प्रावधान राखिएको छ। आयोजनाका विभिन्न चरणहरु र विभिन्न क्रियाकलापहरुमा आयोजना व्यवस्थापन कार्यालय लगायत सम्बद्ध सरोकारवालाहरु मार्फत आयोजनाले लैङ्गिक समानता र सामाजिक समावेशी नीति कार्यान्वयन गर्नेछ।

### ३.३ प्रतिफलमा आधारित अनुदान (Output-Based Aid)

विपन्न/गरिब तथा जोखिममा परेका वर्ग/समूहहरूलाई खानेपानीको आपूर्ति तथा सरसफाइको सेवा सहज उपलब्ध गराउने उद्देश्यले शहरी खानेपानी तथा सरसफाइ आयोजनाले राहतस्वरूप अनुदान दिने रणनीति अपनाएको छ। यसका लागि सेवा प्रदायक संस्थाका रूपमा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई अनुदान रकम उपलब्ध हुनेछ। क्षेत्रीय डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताले तयार गरेको सामाजिक आर्थिक विवरणका आधार तथा निर्देशिकामा तोकिएको मापदण्डका आधारमा पहिचान भई छनोट हुने घरधुरीहरूमा निजी धारा जडान गर्न अनुदान सहयोग तथा चर्पी निर्माण भएको प्रमाणका आधारमा प्रतिफलमा आधारित अनुदान दिईने प्रावधान रहेको छ।

**३.४ वातावरणीय सुरक्षण (Environmental Safeguards) :** आयोजनाले वातावरणीय सुरक्षणलाई एक महत्वपुर्ण अंगका रुपमा लिएको छ । ए.डि.बि. तथा नेपाल सरकारले अबलम्बन गरेका वातावरणीय सुरक्षण नीति तथा नियमावली अनुसार आयोजनास्थलमा निर्माण कार्य गर्दा भरसक क्षति गर्दै नगर्ने र यदि क्षति हुने भएमा वातावरणीय क्षति न्युनिकरण गरेर मात्र निर्माण कार्य बढाइने नीति रहेको छ । प्रारम्भिक वातावरणीय परिक्षण अध्ययन र प्रतिवेदन तयार गरी संबन्धित निकायबाट सहमति लिएर मात्र आयोजना संचालन गर्ने प्रावधान रहेको छ ।

**३.५ सामाजिक सुरक्षण (Social Safeguards)** : ए.डि.बि. तथा नेपाल सरकारले अबलम्बन गरेका सामाजिक सुरक्षण नीति तथा नियमावलीलाई प्रभावकारी रुपमा अबलम्बन गर्ने नीति रहेको छ । आयोजनास्थलमा बसोबास भएका जात-जाति, जनजाति, आदिबासी तथा स्थानीय समुदायलाई आयोजनाको निर्माण गर्दा तिनीहरुको जीवन यापन, सामाजिक अबस्था तथा आर्थिक अबस्थालाई असर नपार्ने गरी कार्य गरिने छ । निर्माण कार्य गर्दा कुनै त्यस्तो क्षति हुने भएमा त्यसलाई न्युनिकरण गरी अन्य बैकल्पिक व्यवस्थापन समेत गरिने प्रावधान रहेको छ । आयोजना भित्रका सबै समुदायलाई सेवा सुविधामा बराबरी पहुँच पुर्‍याउने आयोजनको नीति समेत रहेको छ ।

**३.६ जलवायु उत्थानसिल/अनुकुलित दृष्टिकोण (Climate-Resilient Approach):** जलवायुमा आएको उतारचढावबाट जलस्रोतको क्षेत्रमा बर्षा (हिमपात) को समय, परिमाण तथा तिब्रतामा परिबर्तन आई तपशिलका असरहरु देखिन गएका छन्:

क) खडेरीको पुनराबृति तथा अबधि बढ्दो; जसको कारणबाट पानीका स्रोतहरुमा बहाव घट्न सक्ने, माग बढ्ने ।
ख) छोटो अबधिको अतिबृष्टिको सम्भावना बढ्दो; जसको कारणबाट बाढी, भुक्षय तथा पहिरोको घटना बढ्ने तथा पानीको गुणस्तरमा परिबर्तन हुने ।
ग) बहावमा परिबर्तन; जसको कारणबाट बेमौसमी बर्षातबाट पानीको स्रोतहरुमा बहावमा परिबर्तन आउने ।

माथिका विभिन्न कारणहरुबाट खानेपानी प्रणालीहरुको संचालनमा समस्या उत्पन्न भई सेवास्तर घट्न जाने सम्भावना बढीरहेको छ । यी समस्याहरुको न्युनिकरणका लागि यस आयोजनाले जलवायु उत्थानशिल दृष्टिकोण अपनाएको छ, जस अर्न्तगत पानीको समतामुलक वितरण, पानीका स्रोतहरुको विवेकपूर्ण उपयोग, जलबायु जोखिम तथा प्राकृतिक प्रकोपहरु जस्तै पहिरो र भूकम्पबाट प्रमुख सम्पतिहरु (Assets) सुरक्षित रहने गरी डिजाईन तथा निर्माण गरिने नीति रहेको छ ।

**३.७ स्मार्ट प्रविधिको प्रयोग (Smart Technology Application):** खानेपानी प्रणालीको प्रभावकारी संचालनका लागि आयोजनाले नविन उपयुक्त प्रविधिहरु जस्तै स्काडा (SCADA), स्मार्ट मिटरिङ्ग, स्मार्ट विलिङ्ग, पानी शुल्क र चुस्त ब्यवस्थापन प्रणालीमा जोड दिने नीति लिएको छ ।

**३.८ गुणस्तर सुनिश्चितता (Quality Assurance & Control):** सबै शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुमा प्राविधिक मजबुदता र डिजाईन तथा निर्माण कार्यको गुणस्तरको सुनिश्चितता कायम गरिने नीति रहेको छ । आयोजनाले ईन्जिनियरिङ्ग डिजाइन निर्देशिका तथा गुणस्तर सुनिश्चितता सम्बन्धी निर्देशिका तयार पारेको छ । सबै निर्माण व्यवसायी तथा सरोकारवालाहरुले यहि निर्देशिका बमोजिम गुणस्तरको सुनिश्चितता गर्नुपर्ने प्रावधान रहको छ ।

**३.९ पारदर्शिता र उत्तरदायित्व (Transparency & Accountability)**

आयोजनाका सबै क्रियाकलापहरूको पारदर्शिता, जनउत्तरदायित्वपूर्ण तथा जवाफदेहीताका लागि सम्बद्ध निकाय/ सरोकारवाला/समुदायहरू देखि सर्वसाधारणसम्म सबैलाई सुसूचित बनाउने तथा आवश्यक जानकारी र सुचनाहरुमा सहज पहुँचको व्यवस्था मिलाइएको छ । सूचना सम्प्रेषणका विभिन्न माध्यमहरू जस्तै विद्युतीय तथा वेब साइट, छापा माध्यमबाट सूचनामूलक प्रकाशनहरू तथा भेटघाट, छलफल अन्तक्रिया तथा सचेतना कार्यक्रमहरू मार्फत आयोजनाबारे जानकारी तथा आवश्यक सूचनाहरू सम्प्रेषण गरिने छ ।

## ४. आयोजनाको लक्ष्य/उद्देश्य

आयोजनाको उदेश्यहरु:

१. विगतमा ए.डि.वि को सहयोगमा ३ चरणमा संचालित आयोजनाहरुको अनुभव र सिकाईको आधारमा हाल आयोजना लागु भएका २० शहर/नगरपालिकाहरुको समुदायले व्यवस्थापन गर्ने गरी खानेपानी तथा सरसफाइमा पहुंच पुऱ्याउने ।

२. आयोजनाले जलवायु उत्थानशिल तथा समाबेशि खानेपानी तथा सरसफाइ संरचनाहरुमा, संस्थागत तथा समुदायको क्षमता सबलिकरण, दिगो सेवाको उपलब्धता र आयोजना विकासमा लगानी ।

दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धताबाट आयोजना क्षेत्रका उपभोक्ताहरुको साथसाथै गरीब, जोखिमयुक्त वर्ग तथा पिछडिएकाहरुको समेत जिवनस्तरमा सुधार ल्याउने शहरी खानेपानी तथा सरसफाइ आयोजनाको प्रमुख प्रभाव (Impact) रहने छ :

**प्रतिफल (Outcome)** : २०२४ सम्ममा गाउँपालिका/नगरपालिकाको आयोजना क्षेत्रमा समाबेशी तथा दिगो खानेपानी तथा सरसफाइ सेवामा पहुंच पुगेको हुनेछ ।

**नतिजा (Output)** : १. आयोजना क्षेत्रमा खानेपानी तथा सरसफाइ संरचनाहरुमा सुधार भएको हुनेछ ।
२. संस्थागत तथा समुदायको क्षमता ससक्तिकरण भएको हुनेछ ।

## ५. आयोजनाको कार्यक्षेत्र

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले क्षेत्रगत विकास, विस्तार तथा आयोजनाको उद्देश्य परिपूर्तिका लागि निम्न उल्लेखित दुई वटा कार्यक्षेत्रहरु अंगीकार गरेको छ :

### ५.१ आयोजना क्षेत्रका गाउँपालिका/नगरपालिकामा खानेपानी तथा सरसफाइ पूर्वाधारको सुधार तथा विस्तार :

यस अन्तर्गत करीब २० वटा शहरहरुका लागि स्वच्छ, सहज र पर्याप्त खानेपानी तथा सरसफाइ सेवा सुविधा उपलब्ध गराइने छ । यसका लागि यस अन्तर्गत निम्न कार्यहरु गरिने छन्:

- शहरी आयोजनाहरुमा खानेपानी संरचनाहरुको निर्माण तथा स्तरोन्नति गरिने ।
- खानेपानीको सेवाका लागि करीब १६०० किलोमीटर पाइपलाइन जडान तथा पुर्ननिर्माण गरिने ।
- करीब ६६ हजार नयाँ घरधुरीमा खानेपानीका लागि धारा जडान (करीब ८००० गरिब तथा २००० जोखिमयुक्त घरधुरीमा निःशुल्क समेत) गरिने ।
- १५ वटा पानी प्रशोधन संयन्त्रको निर्माण गरी करीब ९० हजार घनमीटर पानी प्रति दिन शुद्धिकरणका लागि प्रशोधन संयन्त्र निर्माण गरिने ।
- गरिबीको रेखामुनि तथा जोखिमयुक्त अबस्थामा रहेका करीब ८,००० घरधुरीमा प्रतिफलमा आधारित अनुदान कार्यक्रम (Output Based Aid) मार्फत निजी चर्पी निर्माण गरिने ।
- सेप्टिक ट्यांकी सहितका २० वटा लैङ्गिक तथा फरक क्षमतामैत्रि सार्बजनिक शौचालय निर्माण गरिने ।
- २ वटा आयोजनाहरुमा विकेन्द्रिकृत फोहोर पानी प्रशोधन व्यवस्थाका लागि प्रशोधन संयन्त्रको निर्माण गरिने ।
- बर्षातको पानी निकासका लागि ३० किमि ढल निर्माण गर्ने ।
- आयोजनाहरुको डिजाइनमा जलवायु तथा विपद् जोखिम क्रियाकलापहरु समाबेश गर्ने ।

### ५.२ संस्थागत तथा समुदायको क्षमता तथा सेवा प्रवाहमा सशक्तिकरण

यस कार्यक्षेत्र अन्तर्गत समग्र क्षेत्रगत विकास तथा सुधारका लागि निम्न कार्यहरु गरिने छन्:

- आयोजना क्षेत्रका गाउँ/नगरपालिकाहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार भई लगानी प्राथमिकता क्षेत्रहरु सम्बन्धित गाउँ/नगरपालिकाबाट स्विकृत भएको हुनेछ ।
- २० वटा उपभोक्ता संस्थाहरु दर्ता भई २० वटा खानेपानी उपभोक्ता तथा सरसफाइ समिति गठन भएको र प्रत्येक समितिमा कम्तिमा ३३ % महिला सहित एक जना महिला प्रमूख पदमा रहेको हुनेछ ।
- संस्थागत सहयोग र सेवा परामर्श इकाइ (ISSAU) र नगर विकास कोष (TDF) को सहयोगमा प्रत्येक आयोजना र गाउँ/नगरपालिकाको व्यवसायीक योजना (Bussiness Plan) र पानी शुल्क सम्बन्धी निर्देशिका तयार गर्ने ।
- भविष्यको लगानीका लागि कम्तिमा १५ वटा जलवायु उत्थानशिल आयोजनाहरु तयार भएको हुनेछ ।
- खानेपानी तथा ढल व्यवस्थापन विभाग, नगर विकास कोष, आयोजना उपभोक्ता संस्था र आयोजना गाउँ/नगरपालिकाका कम्तिमा २०० जना कर्मचारीहरु (कम्तिमा ६६ महिला) लाई Smart Utility Management मा उच्चतम प्राविधिक ज्ञान र नेतृत्व विकास अभिवृद्धि भएको हुनेछ ।
- पानी संरक्षण र दिगो स्वच्छता व्यवहार सम्बन्धी जनचेतनामुलक अभियान मार्फत कम्तिमा एक लाख उपभोक्ताहरु (कम्तिमा ५०% महिला) सम्म पहुँच पुगेको हुनेछ । यी मध्ये कम्तिमा ८० प्रतिशत उपभोक्ताहरुको चेतना उच्च स्तरमा अभिवृद्धि भएको हुनेछ ।

## ६. आयोजनाको लागत तथा खर्च बेहोरिने स्रोत

शहरी क्षेत्रहरूका बासिन्दाको सक्रिय सहभागितामा पर्याप्त खानेपानी र सरसफाइका सुविधा विस्तार गर्नेतर्फ आवश्यक तयारी गर्ने, तदनुसारको निर्माणको काम पूरा गर्ने र निर्माण सम्पन्न शहरी आयोजनाको सञ्चालन तथा मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी खा.पा.उ.स.स./स्थानीय सरकारले नै लिने गरी यस आयोजनाको तर्जुमा गरिएको छ । शहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगत २० वटा शहरी क्षेत्रको खानेपानी तथा सरसफाइ सुविधा विस्तार गर्न लक्षित आयोजनाका कार्यक्षेत्रहरू (Components) भित्र पर्ने सबै कार्यहरूमा कुल १७८.५० मिलियन अमेरिकी डलर बराबर रकम खर्च लाग्ने अनुमान गरिएको छ । नेपाल सरकार र ए.वि.बैंकसंग सम्पन्न ऋण सम्झौता अनुसार आयोजना अवधि जनवरी २०१९ देखि अक्टोबर २०२३ सम्म रहने छ। आयोजनाको लागत अनुमान तथा स्रोतगत विवरण तल **तालिका – १** मा दिइएको छ ।

**तालिका - १:** आयोजनाको लागत अनुमान तथा स्रोत विवरण (मिलियन अमेरिकी डलरमा)

| स्रोतहरू | लागत अनुमान | प्रतिशत |
|---|---|---|
| नेपाल सरकार (GON) | ३९.५० | २२.२० |
| एशियाली विकास बैङ्क (ADB) | १३० | ७२.८० |
| स्थानीय सरकार र उपभोक्तावर्ग | ९.०० | ५.०० |
| **जम्मा** | **१७८.५०** | **१००** |

तालिका २: विस्तृत अनुमानित लागत खर्च (अमेरिकि डलर, दस लाखमा)

| | विवरण | एडिबि | | नेपाल सरकार | | | उपभोक्ता/नगरपालिका | | जम्मा लागत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | कर रकम | गैर कर रकम | प्रतिशत | रकम | प्रतिशत | |
| क | **आधार लागत** | | | | | | | | |
| १ | **निर्माण कार्य** | **९४.२** | **७३.०** | **१२.२** | **१३.७** | **२०.१** | **९.०** | **६.९** | **१२९.०** |
| | खानेपानी | ७५.९ | ७३.० | ९.५ | १३.४ | २२.० | ५.२ | ५.० | १०४.० |
| | सरसफाइ | १८.३ | ७३.० | २.८ | ०.२ | १२.० | ३.८ | १५ | २५.० |
| २ | **औजार** | **६.३** | **८७.०** | **०.९** | **-** | **१३.०** | **-** | **०** | **७.२** |
| | स्वच्छ पानी व्यवस्थापन | ३.७ | ८७.० | ०.५ | - | १३.० | - | ० | ४.२ |
| | सवारी साधन तथा अन्य | २.२ | ८७.० | ०.३ | - | १३.० | - | ० | २.५ |
| | सेवा सुधारको लागि सामान र औजार | ०.४ | ८७.० | ०.१ | - | १३.० | - | ० | ०.५ |
| ३ | **आयोजना व्यवस्थापन र क्षमता विकास** | **१०.२** | **८७.०** | **१.५** | **-** | **१३.०** | **-** | **०** | **११.८** |
| | आयोजना डिजाइन र सर्वेक्षण | ८.५ | ८७.० | १.३ | - | १३.० | - | ० | ९.८ |
| | ISSAU को क्षमता विकास | ०.९ | ८७.० | ०.१ | - | १३.० | - | ० | १.० |
| | TDF को लागि क्षमता विकास | ०.४ | ८७.० | ०.१ | - | १३.० | - | ० | ०.५ |
| | उपभोक्ताका लागि क्षमता विकास | ०.४ | ८७.० | ०.१ | - | १३.० | - | ० | ०.५ |
| | **जम्मा (१)** | **११०.७** | **७४.८** | **१४.७** | **१३.७** | **१९.२** | **९.०** | **६.०** | **१४८.०** |
| ख | **आवर्ती लागत** | | | | | | | | |
| | वृद्धिशील प्रशाशनिक लागत | १.४ | ५७.० | १.० | ०.१ | ४३.० | - | ० | २.५ |
| | **जम्मा (२)** | **१.४** | **५७.०** | **१.०** | **०.१** | **४३.०** | **-** | **०** | **२.५** |
| | **कुल आधार लागत** | **११२.१** | **७४.५** | **१५.७** | **१३.७** | **१९.६** | **९.०** | **५.९** | **१५०.५** |
| ग | **कन्टेन्जेन्सी** | | | | | | | | |
| | भौतिक कन्टेन्जेन्सी | ७.२ | ७०.० | - | ३.१ | ३०.० | - | ० | १०.२ |
| | मूल्य कन्टेन्जेन्सी | ६.९ | ६८.० | - | ३.३ | ३२.० | - | ० | १०.२ |
| | **जम्मा (३)** | **१४.१** | **६९.०** | **-** | **६.३** | **३१.०** | **-** | **०** | **२०.४** |
| घ | **वित्तिय शुल्क** | | | | | | | | |
| १ | **निर्माण चरणको व्याज** | | | | | | | | |
| | सरकार तर्फ ऋण (TDF) | - | ० | - | ३.८ | १००.० | - | ० | ३.८ |
| | एडिबि सहुलियत ऋण | ३.८ | १००.० | - | - | ० | - | ० | ३.८ |
| | **जम्मा (४)** | **३.८** | **५०.०** | | **३.८** | **५०.०** | **-** | **०** | **७.६** |
| **आयोजनाको कुल लागत (क+ख+ग+घ)** | | **१३०.००** | **७२.८** | **१५.७** | **२३.९** | **२२.८** | **९.०** | **५.०** | **१७८.५** |

## ७. आयोजनाको लागत तथा खर्च बेहोरिने स्रोत र खर्चको जिम्मेवारी

### ७.१ खानेपानी आयोजना निर्माण तर्फ

यस आयोजनामा खानेपानी आयोजना निर्माणका लागि स्थानीय खा.पा.उ.स.को कुल निर्माण लागतको ३०% रकम सह-लगानी स्वरूप बेहोर्नुपर्ने प्रावधान रहेको छ । उक्त सह-लगानीको रकम कसरी सञ्चालन गर्ने भन्नेबारे निर्देशित तरीका **तालिका-३** मा उल्लेख गरिएको छ ।

तालिका - ३: खानेपानी आयोजना निर्माणमा उपभोक्ताहरूको सह–लगानी

| क्र.सं. | रकम बेहोर्ने तरिका | कुल खर्चको % | कैफियत |
|---|---|---|---|
| १ | अग्रिम नगद जम्मा गर्ने | ५% | ५% अनिवार्य अग्रिम रकम उपभोक्ताबाट जम्मा गर्नुपर्ने । |
| २ | नगर विकास कोष मार्फत प्राप्त गरिने ऋण रकम | २५% | वार्षिक ५% ब्याज सहित ५ वर्ष ग्रेस अवधि (सहुलियत समय) समेत गरी कुल २५ वर्ष भित्र साँवा ब्याज चुक्ता गर्नुपर्ने । |

माथि **तालिका-३** मा उल्लेखित रकमको अंश खा.पा.उ.स.स.बाट ३०% बेहोर्ने गरी बाँकी ७०% नेपाल सरकारले अनुदान स्वरूप बेहोर्नेछ । सरकारबाट बेहोर्ने हिस्साको रकम तल **तालिका-** ४ मा दिए बमोजिम निकासा हुनेछ ।

तालिका - ४: खानेपानी आयोजना निर्माणमा सरकारद्वारा निकासा गरिने तरिका

| क्र.स. | रकम बेहोर्ने तरिका | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | नेपाल सरकारको स्रोतबाट बेहोरिने रकम | २७ | नेपाल सरकारको आफ्नै स्रोतबाट निकासा गरिने (कर तथा अन्य) |
| २. | ए.वि.बैङ्कबाट सोधभर्ना प्राप्त गर्ने गरी आयोजनाको बजेटमा समावेश गरी निकासा गरिने | ७३ | सोधभर्ना हुने गरी निकासा दिइने रकम |

### ७.२. सरसफाइ तथा फोहर व्यवस्थापन तर्फ

सामुदायिक सरसफाइ सुविधाका संरचनाहरू जस्तै : सार्बजनिक शौचालय, विकेन्द्रिकृत फोहोर पानी प्रशोधन प्रणाली, मानव मलमुत्र व्यवस्थापन, बर्षातको पानी निकास प्रणाली निर्माणका लागि स्थानीय सरकारबाट निर्माणको कुल लागतको १५% बराबरको रकम बेहोर्नु पर्नेछ । सो रकम आ.व्य.का.ले तोकेको खातामा समयमा नै जम्मा गर्नु पर्नेछ । ए.वि.बैङ्कको ऋण स्रोतबाट ८५% रकम नेपाल सरकारबाट स्वीकृत वार्षिक कार्यक्रम र बजेटको परिधिभित्र रही निकासा गरिनेछ र यस्ता रकमहरू नेपाल सरकारलाई ए.वि.बैङ्कबाट सोधभर्ना प्राप्त हुने छ । यो रकममा नेपाल सरकारको २७ प्र.श र ए.वि.बैङ्कको ७३ प्र.श हिस्सा रहन्छ ।

## ८. सेवाशुल्क निर्धारण तथा लागत असुली प्रक्रिया

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना सामुदायिक मागमा समुदायमा आधारित आयोजना भएकाले खा.पा.उ.स.स.लाई पूर्णरूपले समावेश गरी आयोजनाको सबै चरणहरु : आयोजना छनोट, योजना तर्जुमा, कार्यान्वयन, सञ्चालन तथा सम्भार जस्तो कार्यको निर्णय गर्ने प्रक्रियामा आ.व्य.का./क्षे.आ.व्य.का. र खा.पा.उ.स.स./स्थानीय सरकारको संयुक्त जिम्मेवारी रहने गरी आयोजना डिजाइन गरिएको हुन्छ । शहरी आयोजना निर्माण भई संचालनको समयमा गरिने सम्पूर्ण निर्णय प्रक्रियामा खा.पा.उ.स.स./स्थानीय सरकारको सहभागिता रहने छ ।

खानेपानी क्षेत्रमा आयोजनाको लागत असुलीको सिद्धान्तलाई अबलम्बन गरी २५ वर्षभित्र ऋण चुक्ता गर्ने गरी आयोजनाको कुल लागतको २५% सम्म ऋणका रूपमा नगर विकास कोष (न.वि.को) बाट खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकालाई उपलब्ध हुनसक्ने प्रावधान गरिएको छ। सहुलियत अवधि न.वि.को. र खा.पा.उ.स./स्थानिय सरकारबीच ऋण सम्झौता भएको मितिबाट गणना हुनेछ र सहुलियत अवधिमा उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकाले खुद लिएको ऋण रकम मात्रको दिन गन्ती हिसाबले ब्याज गणना हुनेछ। सहुलियत अवधिको ब्याज उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकाले तिर्न चाहेमा प्रत्येक वर्षको असार मसान्तमा तिर्न सक्नेछन् तर तिर्न बाँकी रकम रहेमा सो साँवामा समावेश हुनेछ। आयोजना निर्माणका लागि ऋण लिएको मितिदेखि वार्षिक ५% ब्याजमा ( सहुलियत अवधि ५ वर्ष सहित) २५ वर्षभित्र चुक्ता गरिसक्नुपर्ने प्रावधान रहेको छ ।

आयोजनाको कुल लागतको ५% आयोजना कार्यान्वयन हुनुभन्दा पूर्व अग्रिम नगद जम्मा गर्नुपर्ने प्रावधान रहेको छ। अग्रिम रकम सङ्कलन न्यूनतम ५% अनिवार्य रुपमा आयोजनाबाट लाभान्वित हुने घरधुरीबाट उठाएको हुनु पर्नेछ। यसरी जनसहभागिता वापत उठाएको रकमको नाम नामेसी सहित ऋण माग गर्दा न.वि.को.मा विवरण पठाउनु पर्नेछ। सङ्कलित रकम र ऋण गरी उपभोक्ता वर्गको ३०% सहलगानी र नेपाल सरकारबाट बाँकी ७०% अनुदान स्वरूप व्यहोरिने छ ।

यसरी प्राप्त भएको रकमले आयोजना निर्माण भईसकेपछि सेवा सञ्चालन र सम्भार गर्न सेवा प्रदायकका रूपमा खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाको लागत असुलीको लागि मुख्य स्रोतका रूपमा खानेपानीको सेवा सुविधा उपभोग गरेवापत (उत्पादन, प्रशोधन, प्रसारण, वितरण र मर्मत सम्भार र सरसफाइ सेवा प्रणालीको सबै संचालन) न.वि.को.को ऋण तिर्न पर्याप्त रकम, थप सेवास्तर क्षेत्र विस्तार र आकस्मिक मर्मत सम्भार, प्रशासकीय खर्च, कार्यालय सञ्चालन लगायत चाहिने रकम जुट्ने गरी पानी सेवाशुल्क दर निर्धारण गर्नेछ। यसरी निर्धारण भएको सेवाशुल्क दर अनुसार नियमित रूपले मासिक सेवाशुल्क सङ्कलन गर्नुपर्नेछ । यसका लागि उपभोक्ताहरूको सेवाशुल्क तिर्न सक्ने क्षमता र तत्परतालाई विशेष ध्यान दिनुपर्नेछ ।

आयोजनाको निर्माण कार्य सम्पन्न भई खा.पा.उ.स.स./स्थानीय सरकारले आयोजना जिम्मा लिएपछि आफ्नो मातहतमा एउटा आयोजना सञ्चालन तथा सुपरिवेक्षण इकाई गठन गरी आयोजना सञ्चालनको अभिभारा वहन गर्नुपर्नेछ। यस इकाईले उपभोक्ता संस्था/स्थानीय सरकारको जिम्मामा आएको आयोजनाको सञ्चालन तथा मर्मत सम्भारको अभिभारा बोक्ने लगायत पानी सेवा शुल्क सङ्कलन, पानी सेवा शुल्क निरन्तर रूपमा उठेको छ-छैन, कर्मचारीहरूको सेवा शर्त, पारिश्रमिक तथा कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन गर्ने, चाहेका बखतमा संघीय तथा प्रादेशिक खानेपानी तथा सरसफाइ कार्यालयको प्राविधिक सहयोग लिने कार्यहरू गर्नेछ ।

## ९. कोष प्राप्त गर्ने प्रक्रिया र वित्तीय सम्भाव्यता

आयोजनाको बिस्तृत इन्जिनियरिङ्ग डिजाइन अनुरूपको निर्दिष्ट डिजाइन अवधि भित्र खानेपानी आपूर्ति व्यवस्थाको लागत असुली (Cost Recovery) गर्न सकिने भनी प्रत्याभूत हुनका लागि प्रस्तावित आयोजनाको वित्तीय सम्भाव्यता बारे यकिन गर्न यस आयोजनाबाट प्राप्त हुने वित्तीय लाभ र लागतको तुलना गर्नुपर्नेछ । साथै प्रस्तावित आयोजनाको सफल सञ्चालनबाट घरपरिवारहरूमा खानेपानी संकलनमा लाग्ने समयको बचत तथा खानेपानी र सरसफाइको सेवास्तर अभिवृद्धिबाट आयोजना क्षेत्रको आर्थिक उत्पादकत्वमा हुने सम्भावित वृद्धि समेतको आधारमा यसको अध्ययन गर्नुपर्नेछ। उपरोक्त अध्ययन क्रमशः आवश्यक खानेपानीको परिमाण तोक्ने, उचित मागको पहिचान, खानेपानीको लागि दिगो र विवादरहित उपयुक्त स्रोत चयन, सकेसम्म कम लागत पर्ने वैकल्पिक इन्जिनियरिङ डिजाइनहरूको प्रस्तुति तथा सबै वैकल्पिक डिजाइनहरूको विस्तृत ढाँचा तथा लागत अनुमान तयार गरिनेछ। यसका बाबजुद मागको किसिमका आधारमा खानेपानी सेवा शुल्क निर्धारण, वैकल्पिक डिजाइनहरूको लागत र लाभलाई वर्तमान मूल्य दरमा मूल्याङ्कन पनि गरिनेछ। सबभन्दा कम लागतमा बढी प्रतिफल पाइने डिजाइनलाई वित्तीय र आर्थिक लाभको आधारमा स्वीकृत गरिनेछ ।

यस काममा आ.व्य.का./क्षे.आ.व्य.का.बाट उपलब्ध हुने प्राविधिक मार्गदर्शन र मापदण्ड (Norms/guidelines) भित्र रही गुणस्तर कायम गर्नु पर्नेछ ।

**९.१** ए.वि.बैङ्कको ऋण सहयोग रकमबाट बेहोरिने गरी विदेशबाट आयात गरिने उपकरण वा सबारी साधनको हकमा ए.वि.बैङ्कबाट सीधै भुक्तानी गर्न नदिने प्रावधान रहेको छ। सेवा प्राप्ति, सामग्री खरिद वा निर्माण कार्यको बिल बमोजिमको खर्च आयोजना कार्यालयबाट भुक्तानी दिइसकेपछि नेपाल सरकार र ए.वि.बैङ्कका बीच सम्पन्न मूल सम्झौता बमोजिम उक्त ऋणबाट बेहोरिने खर्च अंश जति ए.वि.बैङ्कसँग माग गर्नुपर्छ ।

**९.२** प्रत्येक शहरी आयोजनाको लागि क्षे.आ.व्य.का.ले प्रत्येक महिनाको खर्चको स्रोतगत फाँटवारी सम्बन्धित को.ले.नि.का.मा पेस गर्ने र त्यहाँबाट रकमगत बजेट निकासा लिई बजेट निकासाको लागि सम्बन्धित क्षे.आ.व्य.का.बाट अख्तियारी सहित स्वीकृत वार्षिक कार्यक्रम को.ले.नि.का. मा पेस गर्नु पर्नेछ।

**९.३** क्षे.आ.व्य.का.ले स्रोतगत खर्चको फाँटवारी र भुक्तानी विवरण र तोकिए बमोजिमको बिल भर्पाइ सहित प्रत्येक महिनामा आ.व्य.का.मा पठाउनुपर्नेछ।

**९.४** फाँटवारी प्राप्त भएपछि आ.व्य.का.ले ए.वि.बैङ्कको ऋणबाट बेहोरिनुपर्ने रकम जति इम्प्रेस्ट डलर खाताबाट[१] खर्च लेखी नेपाल सरकारको तोकिए बमोजिमको खातामा जम्मा गरी त्यसको जानकारी म.ले.नि.का.लाई गराउंनु पर्दछ ।

**९.५** आ.व्य.का.बाट सञ्चालन हुने गरी आयोजनाको नाममा नेपाल राष्ट्र बैङ्कमा इम्प्रेस्ट खाता खोलिनेछ जुन खातामा ए.वि.बैङ्कले अमेरिकी डलर अग्रिम रुपमा जम्मा गरिदिनेछ। यसबाट ए.वि.बैङ्कको ऋण रकमहरू निर्देशित तरिकाबाट खर्च लेखिनेछ। यस खाताको कोषपूर्तिका लागि आ.व्य.का.ले ए.वि.बैङ्कमा कोष पूर्तिको लागि दरखास्त पेस गर्नुपर्नेछ ।

**९.६ अन्य स्रोत :** खानेपानी आयोजना निर्माणका लागि संरचना निर्माण तर्फ सम्झौता बमोजिम खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाको लगानी गर्नुपर्ने ३०% मध्ये आफ्नै स्रोतबाट बेहोर्नुपर्ने आयोजना लागतको ५% रकम स्रोत खाता खोली दाखिला गर्नुपर्नेछ। सो नगद रकम नगर विकास कोषको राय सुझावमा उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकालाई अधिकतम लाभ हुनसक्ने र संकलित रकम सुरक्षित रहन सक्ने अवस्थालाई समेत विचार गरी कुनै 'क' वर्गको बाणिज्य वैंकमा

---

[१] इम्प्रेस्ट डलर खाता भन्नाले ए.वि.बैङ्कले आ.व्य.का.बाट खाता सञ्चालन गर्ने गरी अग्रिम रुपमा रकम जम्मा गरिदिने नेपाल राष्ट्र बैङ्कस्थित इम्प्रेस्ट डलर खातालाई जनाउनेछ।

जम्मा गर्नुपर्नेछ। बाँकी २५% रकम निर्माण कामको बिल भुक्तानी गर्ने बखत न.वि.को.बाट ऋण प्राप्त गरी भुक्तानी गराइनेछ। यसरी न.वि.को.बाट लिएको ऋण बढीमा २५ वर्ष भित्र ५% ब्याज सहित चुक्ता गर्नुपर्नेछ। यस किसिमको ऋण प्रवाहित गराउने उद्देश्यले नेपाल सरकारले प्रत्येक आ.व.मा ऋण लगानी शीर्षक अन्तर्गत न.वि.को.लाई ऋण उपलब्ध गराउने छ र न.वि.को.ले यस ऋण रकम वार्षिक तोकिएका दरले नेपाल सरकारलाई ब्याज बुझाउनेछ र साँवा रकम २५ वर्ष भित्र चुक्ता गर्नेछ।

सम्झौता बमोजिम गाउँपालिका वा नगरपालिका र खा.पा.उ.स.स.ले सरसफाइ अर्न्तगत सार्वजनिक शौचालय, मानव मलमुत्र व्यवस्थापन, विकेन्द्रिकृत फोहोर पानी प्रशोधन प्रणाली, बर्षादको पानी निकास प्रणाली निर्माण लागतको १५% रकम संयुक्त रूपमा क्षे.आ.व्य.का.अन्तर्गतको अन्य स्रोत खातामा जम्मा गराई सोही खाताबाट भुक्तानी गरिनेछ।

तल निर्देशित तरिकाबाट स्रोतगत कोष प्राप्त गरी आयोजनाको खर्च भुक्तानी व्यवस्था गर्ने प्रक्रियालाई थप स्पष्ट गर्ने उद्देश्यले **कोष प्रवाह चित्र नं १ र २** तल दिइएको छ।

## १०. आयोजनाको पारदर्शिता र जवाफदेहिता

शहरी आयोजनाको क्रियाकलाप तथा कार्यान्वयनमा रहेका आयोजनाहरू सम्बन्धी उपयुक्त सूचना/जानकारीमूलक सन्देशहरू मार्फत सर्बसाधारण उपभोक्ताहरूलाई सुसूचित गर्न आयोजनाको डिजाइन, अनुमानित लागत, उपभोक्ता वर्गले गर्ने सहलगानीको अंश, निर्माण कार्यको प्रगति, आइपरेका चुनौती व्यवधान, धारा जडान लागत र जडान शुल्क, प्रतिफलमा आधारित अनुदान कार्यक्रम अन्तर्गत उपलब्ध हुने अनुदान रकम, किसिम, लक्षित वर्ग तथा कार्यप्रक्रिया, आयोजनाको वित्तीय अवस्था, वातावरणीय प्रभाव अध्ययन, जग्गाजमिन उपलब्धता आदि क्रियाकलाप साथै आयोजनाको अन्य पक्षहरूको सूचना प्रवाह गर्न सामुदायिक अन्तक्रिया, गोष्ठी तथा खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाको उपभोक्तावर्गको उपयुक्त अवसरहरू जस्तै आमभेला, खा.पा.उ.स.स.को साधारणसभा, बुलेटिन बोर्ड वा अन्य उपयुक्त माध्यमहरू मार्फत सुसूचित गराइनेछ।

क्षे.आ.व्य.का.ले आयोजना सम्बन्धी सूचना/सन्देशहरू नियमित रूपले छापा, विद्युतीय तथा भेटघाट, सम्वाद तथा वार्ताहरूका माध्यमबाट उपभोक्तावर्ग र आम नागरिकहरूलाई सुसूचित हुने अवसर प्रदान गर्न उचित समयमा सूचना प्रवाह गर्दै जानेछ। साथै उपभोक्ता वर्गबाट प्राप्त हुने उचित माग, सुझाव तथा गुनासोहरूलाई यथासम्भव स्थलगत रूपमा संकलन तथा सम्बोधन गरिनेछ।

चित्र नं. १: खानेपानी तथा सरसफाइ आयोजनामा कोष प्रवाह




कोष प्रवाह प्रतिवेदन

दृष्टव्यः
आ.व्य.का. = आयोजना व्यवस्थापन कार्यालय,
क्षे.आ.व्य.का.= क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय
न.वि.को = नगर विकास कोष,
खा.पा.ढ.व्य.वि. = खानेपानी तथा ढल व्यवस्थापन विभाग
खा.पा.उ.स.स = खानेपानी उपभोक्ता तथा सरसफाइ समिति

**चित्र नं. २: सरसफाइ आयोजनाहरुको कोष प्रवाह (बर्षातको पानी निकासी र विकेन्द्रिकृत फोहोर पानी प्रशोधन)**




## ११. आयोजनामा संलग्न सरोकारवाला निकायहरूको जिम्मेवारी र भूमिका

### ११.१ खानेपानी मन्त्रालय (Ministry of Water Supply )

यस मन्त्रालयले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको सञ्चालनको लागि कार्यकारी निकायको भूमिका निर्वाह गर्दछ र शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको बार्षिक बजेट र कार्यक्रम स्विकृत गर्ने तथा अन्तर मन्त्रालय स्तरको समन्वयका लागि सहजिकरण गर्ने गर्दछ ।

**केन्द्रीय तहमा समन्वय समिति :**

केन्द्रीय तहमा रहेको समन्वय समितिमा निम्नानुसार सदस्यहरू रहने व्यवस्था छ :

| | |
|---|---|
| सचिव, खानेपानी मन्त्रालय | अध्यक्ष |
| सहसचिव, खानेपानी मन्त्रालय | सदस्य |
| सहसचिव, वन तथा वाताबरण मन्त्रालय | सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोग | सदस्य |
| सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |

| | |
|---|---|
| वरिष्ठ प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| वरिष्ठ प्रतिनिधि, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग | सदस्य |
| महानिर्देशक, सडक विभाग | सदस्य |
| महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग | सदस्य |
| कार्यकारी निर्देशक, नगर विकास कोष | सदस्य |
| अध्यक्ष, खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ | सदस्य |
| अध्यक्ष, नेपाल नगरपालिका संघ | सदस्य |
| आयोजना निर्देशक, आयोजना व्यवस्थापन कार्यालय | सदस्य सचिव |

यस समितिले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको गतिशिलताका लागि कम्तिमा बर्षको २ पटक बैठक बस्ने गर्दछ ।

- प्रगति समीक्षा गर्ने र केन्द्रिय तहमा आइपर्ने गतिरोध अन्त्य गर्नका लागि छलफल गर्ने,
- आयोजनाका लागि आवश्यक मार्गदर्शनका साथै नीतिगत तहमा खा.पा तथा ढ.ब्य.वि र आ.ब्य.का लाई सुझाब दिने र सहयोग गर्ने ।
- अन्तर मन्त्रालयस्तरमा आयोजनाको प्रदर्शनको अनुगमन तथा समिक्षा गर्ने र नीतिगत कुराहरुमा छलफल गर्ने ।
- केन्द्रिय तहमा सरोकारवालाहरुसंग सहयोगको सुनिश्चित गर्ने ।

## ११.२ खानेपानी तथा ढल व्यवस्थापन विभाग (Department of Water Supply and Sewerage Management)

आयोजना कार्यान्वयनका चरणमा रहेका शहरी आयोजनालाई आवश्यक प्राविधिक सहयोग तथा सुपरिवेक्षण गर्ने निकायको रूपमा खानेपानी तथा ढल व्यवस्थापन विभागको भूमिका निम्न प्रकारको हुनेछ :

- आयोजना व्यवस्थापन कार्यालय, संस्थागत सहयोग तथा सेवा सुझाव इकाइ ( ISSAU) तथा क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयहरुको सशक्तिकरण गर्ने ।
- आयोजना व्यवस्थापन कार्यालय, संस्थागत सहयोग तथा सेवा सुझाब इकाइ तथा क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयहरुमा आवश्यक स्रोत साधनको व्यवस्था गर्ने ।
- आयोजना कार्यान्वयनका लागि आ.व्य.का., संस्थागत सहयोग तथा सेवा सुझाव इकाइ, क्षे.आ.व्य.का.लाई आवश्यक पर्ने कर्मचारीहरूको व्यवस्था मिलाउने ।
- आयोजनाको दिगो व्यवस्थापनको लागि उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकासंग आयोजना व्यवस्थापन सम्झौता (Project Management Agreement) सम्पन्न गर्ने ।
- आयोजना व्यवस्थापन कार्यालयका लागि आवश्यक बजेटको व्यवस्था गर्ने ।
- उपभोक्ता संस्था/समितिलाई आवश्यक पर्ने प्राविधिक, आर्थिक तथा संस्थागत सहयोग प्रदान गर्ने ।
- स्विकृत आयोजना छनोट मापदण्ड अनुसार नयाँ आयोजनाहरु छनोट गर्ने ।
- सरोकारवालाहरु र कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने ।

## ११.३ आयोजना व्यवस्थापन कार्यालय (Project Management Office)

आयोजना संचालनका लागि केन्द्रमा एउटा प्रमुख निकायका रूपमा आ.व्य.का.को स्थापना गरिएको छ । यस कार्यालयले आयोजना सम्बन्धी योजना तर्जुमा, ब्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा प्रतिबेदन कार्यहरु गर्दछ । यस कार्यालयको व्यवस्थापन र प्राविधिक पक्षमा सहयोग गर्न आयोजना व्यवस्थापन तथा गुणस्तर

सुनिश्चतता परामर्शदाता (PMQAC) को रूपमा एउटा परामर्शदाताको टोली कार्यरत रहने छ ।

आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चतता परामर्शदाता (PMQAC) टोलीमा टोली नेता लगायत डिजाइन पुनरावलोकन (समिक्षा) इञ्जिनियर, सामाजिक विकास विज्ञ (लैङ्गिक समानता तथा सामाजिक समावेशी), वातावरण सुरक्षण विज्ञ, सामाजिक सुरक्षण विज्ञ, आईटी तथा स्काडा विज्ञ, गुणस्तर सुनिश्चितता विज्ञ आदि विज्ञहरुको सहभागिता रहेको छ । आयोजना व्यवस्थापन कार्यालयलाई नियमित कार्यमा सहयोग गर्नुका साथै आवश्यक परेको विषयमा राय सुझाव दिई कायक्रमलाई समयतालिका भित्र प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि सहयोग गर्ने छ । साथै सबै सरोकारवालासँग नियमित सम्पर्क तथा समन्वय गरी आयोजना व्यवस्थापन कार्यालयलाई कार्यसंपादन गर्न सहयोग समेत गर्नेछ ।

आयोजना व्यवस्थापन कार्यालयले बागमती प्रदेश र गण्डकी प्रदेश अन्तर्गत पर्ने शहरी आयोजनाहरुको व्यवस्थापन तथा कार्यान्वयनमा क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयको  रुपमा समेत काम गर्नेछ ।

आयोजना व्यवस्थापन कार्यालयले मुख्यतया निम्न कार्यहरू गर्नेछ :

**क) प्रशासन तथा व्यवस्थापन:**

- आयोजना व्यवस्थापन, कार्यान्वयन तथा अनुगमनको पूर्ण जिम्मेवारी लिने ।
- आयोजना कार्यान्वयनका सिलसिलामा एशियाली विकास बैंक लगायत सम्बन्धित निकाय र सरोकारवालाहरूका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- आयोजनासंग सम्बन्धित आर्थिक क्रियाकलाप तथा विवरणको अनुगमन गर्ने तोकिएको समय सिमा भित्र आवश्यक लेखा परिक्षण गरिएको आर्थिक प्रतिवेदनहरु पेश गर्ने ।
- आयोजना छनोट मापदण्ड अनुसार सहरहरूको छनोट गरी शहरी आयोजना सम्भाब्यता अध्ययन गर्नमा नगरपालिकाहरुलाई सहयोग पुऱ्याउने ।
- आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चतता परामर्शदाता, संस्थागत सहयोग तथा सेवा सुझाव इकाइ परामर्शदाता तथा क्षे.आ.व्य.का.मा डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता (डि.सु.व्य.प.) परामर्शदाता नियुक्ति गर्नुका साथै उपकरण तथा सवारी साधनको व्यवस्था गर्ने ।
- आयोजनाका लागि बजेट तथा आर्थिक योजना बनाउने ।
- एशियाली विकास बैंकसँग समन्वय र सम्पर्क गरी समयमा नै आवश्यक प्रतिवेदनहरु पेश गर्ने ।
- आयोजनाको अग्रिम ऋण कोष स्थापना गर्ने ।
- नेपाल सरकारको कोष तथा एशियाली विकास बैंकको ऋणका लागि प्रोजेक्ट खाताको व्यवस्था गर्ने ।
- एशियाली विकास बैंकबाट रकम शोधभर्नाका लागि आवश्यक प्रक्रिया पूरा गर्ने ।
- आयोजनाको प्रगति प्रदर्शन र अनुगमन प्रणालीको स्थापना र अद्यावधिक गर्ने ।
- आयोजनासंग सम्बन्धित बैठकका लागि केन्द्रिय समन्वय समितिसंग समन्वय गर्ने ।
- परामर्शदाताहरुको सहयोगमा आयोजना सम्पन्न प्रतिबेदनहरु तयार गर्ने ।
- ए.वि.बैकको अनुगमन तथा मिशनहरुमा सहयोग गर्ने ।

**ख) खरिद तथा परामर्शदाताहरुको नियुक्ति**

- ड्राफ्ट टेण्डर कागजातहरु तयार गर्ने र ए.वि.बैंकको सुझाब पछि अन्तिम रुप दिने ।
- सबै आयोजनाको खरिद सुचना निकाल्ने । आयोजना निर्माण कार्यका लागि निर्माण व्यवसायीहरु छनोट गरि निर्माण कार्य अघि बढाउने ।
- सबै प्रकारका खरिद कार्य गर्ने ।

- सबै तहका परामर्शदाताहरुको नियुक्ति गर्ने र केन्द्रिय तहको अनुगमन तथा सुपरिबेक्षण गर्ने ।
- टेण्डर मुल्याकंन प्रतिबेदन ए.वि.बैंकमा पठाउने ।
- अद्यावधिक खरिद योजना ए.वि.बैंकमा समिक्षा र स्विकृतीका लागि पठाउने ।
- खरिद प्रकृयाको अनुगमन गर्ने ।

**ग) प्राविधिक सहयोग**

- विस्तृत डिजाइन ईस्टिमेटको गुणस्तर नियन्त्रण तथा निर्माण सुपरिबेक्षण गर्ने ।
- क्षे.आ.ब्य.का, उ.स र नगरपालिकाहरुलाई आबश्यक प्राविधिक सहयोग पुऱ्याउने ।
- विस्तृत ईन्जिनियरिङ्ग डिजाइन ईस्टिमेटको समिक्षा गरि स्विकृत गर्ने ।
- क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय अन्तर्गत कार्यान्वियन भएका शहरी आयोजनाहरुको अनुगमनका लागि मार्गदर्शन तथा सहयोग गर्ने ।

**घ) सुरक्षण कार्य**

- ए.वि.बैंकको नीति अनुरुप वाताबरणिय तथा सामाजिक सुरक्षण (Environmental and Social Safeguard) सम्बन्धित प्रतिबेदनहरु तयार गरी नेपाल सरकार वा ए.वि.बैंकको स्विकृती लिने, प्रक्रियाहरू लागु गर्ने र अनुगमन तथा सुनिश्चितता गर्ने ।
- क्षे.आ.ब्य.का र उ.स. हरुको सुरक्षण (Safeguard) प्रक्रिया सम्बन्धि क्षमता अभिबृद्धि गर्ने कार्यमा सहयोग गर्ने ।
- हरेक शहरी आयोजनाहरुमा पुनर्वास योजना (आबश्यकता अनुसार), लैङ्गिक समानता तथा सामाजिक समावेशी योजना, वातावरणीय परीक्षण, गुणस्तर सुनिश्चितता तथा नियन्त्रण निर्देशिकाको कार्यान्वयन तथा अनुगमन गरी सबै आयोजनाहरुमा भए नभएको सुनिश्चित गर्ने ।
- सहि बाटो पहिचानका लागि समन्वय गर्ने ।
- आयोजना सम्बन्धी सबै दस्तावेज लगायत बोलपत्र दस्तावेजहरुमा एकीकृत रुपमा वातावरणीय तथा सामाजिक सुरक्षण, जग्गा उपलब्धता तथा लैङ्गिक व्यवस्था सम्बन्धमा प्रावधान भए नभएको सुनिश्चित गर्ने ।
- त्रैमासिक तथा बार्षिक प्रगति प्रदिबेदनहरु तयार गरि ए.वि.बैंकमा पठाउने ।
- बाताबरणीय तथा सामाजिक सुरक्षण प्रकृया सम्बन्धि अर्ध-बार्षिक प्रगति प्रतिबेदनहरु ए.वि.बैंक मा बुझाउने ।
- गुनासो/दुखेसो सुनुवाई समितिहरु सबै तहहरुमा गठन भएको र क्रियाशिल रहेको सुनिश्चतता गर्ने र गुनासो/दुखेसो सुनुवाईहरु गर्ने ।

### ११.४ क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय (Regional Project Management Office)

आयोजना व्यवस्थापन कार्यालय अन्तर्गत क्षेत्रीय स्तरमा रहेका क्षे.आ.व्य.का. (संगठन तालिका यसै निर्देशिकाको संगठन **तालिका नं ६** बमोजिम रहेको छ)। क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयलाई आयोजना तयारी तथा निर्माणका लागि ब्यवस्थापन र प्राविधिक पक्षमा सहयोग गर्न डिजाइन सुपरिबेक्षण तथा ब्यवस्थापन परामर्शदाताको रूपमा एउटा परामर्शदाताको टोली कार्यरत रहने छ। यस कार्यालयले मुख्यतया निम्न कार्यहरु गर्ने छ।

- आफ्नो कार्य क्षेत्रभित्र पर्ने शहरी आयोजनाहरुको व्यवस्थापन तथा कार्यान्वयन गर्ने र हरेक शहरी आयोजनाहरुमा पुनर्वास योजना (आबश्यकता अनुसार), लैङ्गिक समानता तथा सामाजिक समावेशी

योजना, गुणस्तर सुनिश्चितता तथा नियन्त्रण योजना र वातावरणीय परीक्षणको कार्यान्वयन तथा अनुगमन गरी सबै आयोजनाहरुमा कार्यान्वयनको सुनिश्चितता गर्ने ।

- आयोजना कार्यान्वयन सम्बन्धी सम्पूर्ण कार्यहरुका लागि खा.पा. तथा ढ.व्य.वि.अन्तर्गतको सम्बन्धित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, गाउँपालिका वा नगरपालिका, नगर विकास कोष तथा खा.पा.उ.स.स. संग समन्वय सुनिश्चित गर्ने ।
- डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताको अनुगमन तथा सुपरिवेक्षण गर्ने ।
- आयोजनाको कार्यक्षेत्रभित्र पर्ने सम्पन्न क्रियाकलापहरुको भुक्तानी गर्ने तथा सार्वजनिक परीक्षण (Public Audit) गराउने ।
- आयोजना कार्यान्वयनको सिलशिलामा आ.ब्य.का संग समन्वय गर्ने ।
- विभिन्न प्रगति प्रतिबेदनहरु आ.ब्य.का मा तयार गरि पठाउने ।
- उपभोक्ता संस्थाहरुबाट सहलगानी वापतको रकम उठेको सुनिश्चितता गर्ने ।
- उपभोक्ता संस्थाहरुलाई सामुदायिक श्रमदान वा सहलगानीको छुट्टै खातापाता राख्न सहयोग गर्ने ।
- प्रत्येक  आयोजना क्षेत्रमा क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयको तर्फबाट आयोजना कार्यान्वयन मूल समूह (Project Implementation Core Group) को रुपमा इन्जिनियर १ जना, सामाजिक परिचालिका १ जना तथा कार्यालय सहयोगी १ जना कार्यरत रहने ब्यवस्था गर्ने ।

माथिका कार्यहरुको अलावा डिजाईन सुपरिबेक्षण तथा ब्यवस्थापन परामर्शदाताहरुले निम्न कार्यहरु समेत गर्नेछन् ।

शहरी आयोजनाको डिजाइन, सुपरिवेक्षण, गुणस्तर सुनिश्चतता तथा ब्यवस्थापन कार्यका लागि आ.व्य.का. बाट नियुक्त भई आउने डि.सु.व्य.प. ले निम्न कार्य गर्नेछ :

- समुदाय तथा खा.पा.उ.स.स./ गाउँपालिका वा नगरपालिका संग छलफल तथा आयोजना क्षेत्र भ्रमण तथा अध्ययन गरी  आयोजनाको क्षेत्र निर्धारण गरी सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने ।
- निर्धारित मापदण्ड अनुरूप  आयोजनाको सम्भाव्यता अध्ययन गरी विस्तृत ईन्जिनीयरिङ्ग डिजाइन प्रतिवेदन तयार गर्ने । यसरी तयार गर्दा भएका विकल्पहरू समेत प्रस्तुत गर्ने र समुदायबाट जुन अनुमोदन भएको छ त्यसैलाई अन्तिम प्रतिवेदनका रूपमा सामेल गर्ने ।
- आयोजना क्षेत्रको पुर्नस्थापना कार्य योजना (DDR), सामाजिक, आर्थिक प्रतिवेदन तयार गर्नुका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना तयार पार्ने ।
- विपन्न वर्गका लागि लक्षित प्रतिफलमा आधारित अनुदान (OBA) कार्यक्रम अर्न्तगत चर्पी निर्माण तथा धाराजडानका लागि प्रतिफलमा आधारित अनुदान पाउने घरधुरी छनोट, अनुदान वितरण तथा यस सम्बन्धी क्रियाकलापको कार्यान्वयन गराउन सहयोग गर्ने तथा  अनुगमन तथा सुपरिवेक्षण गर्ने ।
- संरचना निर्माण कार्यको सुपरिवेक्षण, गुणस्तर नियन्त्रण तथा ब्यवस्थापन गर्ने ।
- निर्धारित समय भित्र आयोजनाको निर्माण कार्य सम्पन्न गराउने ।
- आ.व्य.का./क्षे.आ.व्य.का. लाई सम्झौतामा उल्लेखित प्रतिबेदनहरु तथा आयोजना सम्पन्न प्रतिवेदन पेश गर्ने ।
- तोकिएको आयोजना क्षेत्रको गाउँपालिका वा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan), सरसफाइ योजना (Sanitation Plan) तथा ढल व्यवस्थापन गुरु योजना (Drainage Master Plan) तयार गर्ने ।

### ११.५ नगर विकास कोष (Town Development Fund)

नगरहरूको विकास कार्यमा सम्बद्ध निकायहरूलाई वित्तीय, प्राविधिक तथा संस्थागत सहयोग गर्ने सरकारी स्वामित्व रहेको स्वशासित संस्थाका रूपमा नगर विकास कोष ऐन २०५३ बमोजिम स्थापित नगर विकास

कोष (न.वि.को.) ले विधिवत दर्ता भएका खा.पा.उ.स.स. / नगरपालिकालाई शहरी खानेपानी तथा सरसफाइ आयोजना निर्माण गरी खानेपानी आपूर्ति व्यवस्था गर्न खा.पा.उ.स.स. / नगरपालिकाले गर्ने सहलगानीको अनुपातमा ऋण उपलब्ध गराउनेछ। आयोजनाको वित्तीय आर्थिक दिगोपनालाई दृष्टिगत गरी न.वि.को.को जिम्मेवारी निम्न प्रकार छन् :

- अर्थ मन्त्रालयसंग ऋण सम्झौता गर्ने ।
- आ.व्य.का. / क्षे.आ.व्य.का. तथा डि.सु.व्य.प.को समन्वयमा आयोजनाको लागत तथा खा.पा.उ.स.स. को ऋण तिर्न सक्ने क्षमताको अध्ययन गरी कुल निर्माण लागत (Total project cost for water supply components ) को २५% सम्म ऋण प्रवाह गर्ने ।
- खा.पा.उ.स.स., स्थानीय सरकारका पदाधिकारी / कर्मचारीलाई सेवाशुल्क निर्धारण, लेखा प्रणाली (Book Keeping) तथा लेखा र वित्तीय व्यवस्थापन सम्बन्धी तालिम उपलब्ध गराउने ।
- कोषद्वारा गरिएको आयोजना मूल्याङ्कन प्रतिवेदन (Project Appraisal Report) अनुरूप न.वि.कोष ऐन, २०५३ को व्यवस्था एवं कोषको ऋण लगानी नीति अनुरूप आवश्यक ऋण स्वीकृति गर्ने तथा सम्बन्धित नगरपालिकाको जमानत लिई सम्बन्धित उपभोक्ता संस्थासंग आवश्यक ऋण सम्झौता गर्ने ।
- संस्थागत विकास तथा कार्यान्वयन सहयोग परामर्शदाताहरुको व्यवस्थापन गर्ने ।
- आयोजनाहरुको बार्षिक बुलेटिन प्रकाशन गर्ने ।
- कोषद्वारा गरिने "आयोजना मुल्याङ्कन प्रतिवेदन (Projet Appraisal Document)" अनुरूप कोष एवं सम्बन्धित उपभोक्ता संस्थाबीच गरिने ऋण सम्झौताका प्रावधान अनुरूप जोखिम व्यवस्थापन, कानुनी व्यवस्था, संस्थागत व्यवस्था लगायतका पक्षहरूको उल्लेखित समयावधि भित्र सम्बन्धित पक्षहरूद्वारा कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गरी आवश्यक रायसुझाव उपलब्ध गराउने ।
- आयोजनाको निर्माण कार्य सम्पन्न भए पश्चात् आयोजना व्यवस्थापन कार्यालय / क्षे.आ.व्य.का. द्वारा उपलब्ध गराइएको "आयोजना सम्पन्न प्रतिवेदन (Project Completion Report) अनुरूप हुन आउने अन्तिम बिलका आधारमा "खानेपानी उपभोक्ता संस्था तथा गाउँपालिका वा नगरपालिका" लाई "ऋण चुक्ता तालिका (Loan Repayment Schedule)" उपलब्ध गराउने ।
- अन्य थप कुराहरु सम्झौतामा भए अनुसार हुने ।

**११.६ नगरपालिका (Municipality) / गाउँपालिका (Rural Municipality)**

- नगरपालिकाका मेयर / गाउँपालिका अध्यक्षले नियमित रुपमा आयोजना समन्वय समितिको बैठकको अध्यक्षता गरि उ.स. संग आयोजना सम्बन्धित क्रियाकलापहरुको जानकारी तथा छलफल गराउने ।
- नगरपालिका / गाउँपालिका स्तरिय WASH plan स्विकृत गर्ने र चालु शहरी आयोजना प्राथमिकतामा रहेको सुनिश्चित गर्ने । छनोट भएका उपयुक्त आयोजनाको आवेदनलाई नगर / गाउँ परिषद्बाट पारित गराउने ।
- विपन्न वर्गका लागि लक्षित प्रतिफलमा आधारित अनुदान (OBA) कार्यक्रमको कार्यान्वयनमा समितिलाई सहयोग गर्ने तथा अनुगमन गर्ने । चर्पी निर्माण तथा धारा जडानका लागि प्रतिफलमा आधारित अनुदान पाउने घरधुरीहरुको सुचि अनुमोदन गर्ने ।
- नगरपालिका / गाउँपालिकाको योजनामा प्रस्तावित शहरी आयोजना राख्न सहमत हुने ।

- आयोजना क्षेत्रभित्र सार्वजनिक सरसफाइ सुविधा अन्तर्गत निर्माण हुनसक्ने सार्वजनिक शौचालय, फोहरमैला व्यवस्थापन तथा वर्षातको पानीको व्यवस्थापन गर्न सार्वजनिक ढल आदि निर्माण गर्न स्थानीय सरकारले लगानी गर्नु पर्ने १५% रकम समयमा उपलब्ध गराउने ।

- गाउँपालिका वा नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan), सरसफाइ योजना (Sanitation Plan) तथा ढल व्यवस्थापन गुरु योजना (Drainage Master Plan) तयार गर्ने कार्यमा डि.सु.ब्य.प. टोलीलाई आबश्यक सहयोग गर्ने ।

### ११.७ नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (M-WASH-CC)

- स्थानीयस्तरमा आयोजना कार्यान्वयनमा सहयोग तथा समन्वयका लागि कार्यरत रहने ।

- आयोजना कार्यान्वयन चरणमा आइपर्ने समस्या समाधानका लागि पहल गर्ने तथा दुःख गुनासो न्यूनीकरण गर्ने ।

### ११.८ खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समिति (Water Users' and Sanitation Association /Committee)

उपभोक्ताहरूको सहलगानी र स्वामित्वपूर्ण अगुवाईमा सञ्चालन हुने यस आयोजनाको तर्जुमा, निर्माण, सञ्चालन तथा सम्भार आदि सम्पूर्ण कामको जिम्मेवारी खा.पा.उ.स.स मा रहेको छ । खा.पा.उ.स.स.मा लाभान्वित उपभोक्ताका सबै वर्ग, लिङ्ग, जातजाति, दलित, मुस्लिम तथा विपन्न/जोखिमयुक्त वर्गबाट समेत प्रतिनिधित्व हुने गरी ९ सदस्यीय (अध्यक्ष -१, उपाध्यक्ष-१, सचिव-१, कोषाध्यक्ष -१, तथा कार्यकारी सदस्य-५) संरचना गठन गर्नुपर्नेछ । नौ जना मध्ये कम्तीमा ३ जना महिला हुनुपर्नेछ। त्यसैगरी ३ जना महिलाहरू मध्ये कम्तीमा १ जना प्रमुख पदाधिकारी पदमा रहनुपर्नेछ। उपभोक्ता संस्था जलस्रोत ऐन २०४९ तथा खानेपानी नियमावली २०५५ बमोजिम जिल्ला जलस्रोत समितिमा दर्ता हुनुपर्नेछ । दर्ता भएको ६ महिना भित्र निर्वाचन प्रक्रियाबाट खा.पा.उ.स.स.को चयन गर्नुपर्नेछ । विधान बमोजिम वार्षिक साधारण सभा, पुनर्गठन, संस्था दर्ता नवीकरण, भावी योजना/कार्यक्रमहरूको तर्जुमा, खानेपानी र सरसफाइ पक्षमा देखिएका समस्याहरूलाई समाधान गर्ने गरी खा.पा.उ.स.स.ले निम्न कार्यहरू गर्नेछ :

- आयोजनाको प्रारम्भिक चरणमा हुने आयोजना सहमति पत्रमा हस्ताक्षर सम्पन्न गर्ने ।

- आयोजनामा उपभोक्ता संस्थाको लगानी वापत ५ % नगद रकम उठाई संयुक्त खातामा जम्मा गर्ने ।

- आयोजना निर्माणको कुल लागतको ३०% सम्म सहलगानीको प्रावधान अनुसार अग्रिम रकम सङ्कलनको आधारमा बाँकी हुन आउने २५% सम्मको रकम न.वि.को.संग ऋण माँग गर्ने र ऋण सम्झौतामा हस्ताक्षर गर्ने ।

- उपभोक्ताले तिर्नु पर्ने रकम समय मै व्यवस्थापन गर्ने ।

- स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग समन्वय र सहयोग गर्ने ।

- जग्गा उपलब्ध, पुनर्वास तथा आयोजनाको स्वामित्व सम्बन्धमा आयोजनाका अवयवहरू; पानीपोखरी, प्रशोधन प्रणाली आदि संरचनाहरू निर्माण गर्न आवश्यक पर्ने जग्गा उपलब्ध गराउने । यस्ता जग्गा/जमिन खा.पा.उ.स.स./**स्थानीय** सरकारको नाममा कानुनी रूपले दर्ता वा भोगाधिकार प्राप्त गरेको हुनुपर्नेछ । आयोजना क्षेत्र भित्रका सर्म्पूण भौतिक सम्पतिहरूको स्वामित्वको हकमा जग्गा जमिन उपभोक्ता संस्था/**स्थानीय** सरकारको हुने र सो जग्गामा निर्माण गरिएका भौतिक संरचनामा **स्थानीय** सरकारको स्वामित्व रहने ।

- आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइनलाई अन्तिम रुप दिन डि.सु.ब्य.प. टोलीसंग मिलेर काम गर्ने ।

- निर्माणकार्यका निमित्त अपनाइने बोलपत्र (Bid) मूल्यांकन प्रक्रियामा सहभागी हुने तथा सम्झौतापत्रमा साक्षीका रूपमा आफ्नो सहमति र सहभागिता जनाउने ।
- निर्माण कार्यको गुणस्तर अनुगमन तथा संरचना निर्माणको सुपरिवेक्षण गर्ने कार्यमा आ.व्य.का. ⁄क्षे.आ.व्य.का. का ईन्जिनियर र डि.सु.व्य.प.लाई सहयोग गर्ने ।
- पानीको सेवाशुल्क दर निर्धारण गर्दा न.वि.को.को आयोजना मूल्याकंनका आधारमा लगानी असुली, सञ्चालन तथा सम्भार लागत उठ्ती हुने गरी निश्चित स्तरमा सेवाशुल्क निर्धारणको प्रावधानको व्यवस्था गर्ने ।
- आयोजना क्षेत्रका सबैले आ-आफ्नो घरमा चर्पी तथा सरसफाइका सुविधाहरूको निर्माण वा विद्यमान संरचनाको प्रयोग र मर्मतसम्भार गरेको सुनिश्चित गर्ने ।
- आयोजना संचालनका लागि आवश्यक कर्मचारीको व्यवस्थापन गर्ने ।
- अन्य जिम्मेवारीहरु सम्झौता तथा उ.सं को बिधान अनुरुप हुने ।

### ११.९ एसियाली विकास बैंक (Asian Development bank - ADB)

शहरी खानेपानी तथा सरसफाइ (**क्षेत्रगत**) आयोजना एसियाली विकास बैंकको ऋण सहयोगमा संचालनमा रहेको छ । यस आयोजनामा ए.वि.बै. को जिम्मेबारी निम्नानुसार हुनेछ :

- आयोजनास्तरमा मिसनबाट स्थलगत पुनरावलोकन हुने, आयोजनाको मध्याबधि र सम्पन्न पुनरावलोकन कार्य सम्पन्न गरी आयोजना कार्यान्वयन अवस्थाबारे जानकारी लिने तथा ऋण सम्झौतामा उल्लेख भए अनुसारको कार्यको अनुगमन गर्ने ।
- विभिन्न आर्थिक प्रतिबेदनहरुको चेकजांच गर्ने, खर्चको विवरण परीक्षण गर्नुका साथै ऋण सम्झौतामा सहमति भए अनुसार ऋण रकम प्रवाह गर्ने ।
- आयोजना व्यवस्थापन कार्यालयले पेश गरेका वस्तु र सेवाको खरीद कार्य, निर्माण कार्य आदि सम्बन्धमा सुझाव तथा सहमति प्रदान गर्ने ।

### ११.१० निर्माण व्यवसायी (Civil Works Contractor)

- निर्माण कार्य सुरु गर्नु अगाडि सम्झौता बमोजिम आ.व्य.का. र निर्माण व्यवसायीको संयुक्त नाममा बीमा गराउने ।
- सम्झौता बमोजिम डिजाइन, नक्सा र स्पेसिफिकेशन अनुसार इन्जिनियरको निर्देशन तथा सुपरिवेक्षणमा निर्माण कार्य गर्ने ।
- निर्माण कार्यको थालनी देखि नै स्वीकृत कार्यतालिका अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्ने । सो का लागि आवश्यक पर्ने कामदार, निर्माण सामग्री, यन्त्र र उपकरण समयमै कार्यस्थलमा उपलब्ध गराई कार्य संचालनको व्यवस्था गर्ने ।
- स्थायी संरचना निर्माणका लागि प्रयोग गरिने सामग्रीहरूको गुणस्तर सुनिश्चित गर्न ती सामग्रीहरू निर्माण स्थलमा ल्याउनु अगाडि निरीक्षण र परीक्षण भएको प्रमाण (Inspection and Test Certificate) पेश गर्ने वा सम्झौतामा उल्लेख भए अनुसार तेस्रो पक्षबाट निरीक्षण गराउने व्यवस्था गर्ने । सो कार्यका लागि गुणस्तर सुनिश्चितता तथा नियन्त्रण कार्य योजना तयार गरि, डि.सु.व्य.प.बाट स्विकृत गराई लागु गर्ने ।
- आयोजना क्षेत्र भित्र उपलब्ध इच्छुक उपभोक्ताहरूलाई रोजगारी दिने हिसाबले दक्ष⁄अदक्ष कामदार (Skilled⁄Unskilled Labour) को रूपमा निर्माण कार्यमा प्रयोग गर्ने र महिलालाई प्राथमिकता दिने । कामदारको स्वास्थ्य र सुरक्षाको उचित व्यवस्था गर्ने ।
- निर्माण भएको संरचनाहरूको सञ्चालन परीक्षण (Commissioning & Testing) गर्ने । निर्माण व्यवसायीले आयोजना सम्पन्न भएपछि एक वर्षसम्म आयोजनाको मर्मत र सम्भार संचालनको जिम्मेवारी पूर्ण रूपमा

लिनुपर्नेछ । त्यस अवधिमा पानी पम्प गर्ने, प्रशोधन, वितरण आदि नियमित तवरमा गर्नुपर्दछ । यसका साथै नि.व्य.को दायित्व एक वर्षसम्म डिफेक्ट लायबिलिटीको अवधि रहेको हुँदा यस समयभित्र देखिएका त्रुटि र समस्याहरूलाई निराकरण गर्ने समेत दायित्व रहेको छ ।

- आयोजनाको कार्य लक्ष्य अनुरूप (Performance Target) पानीको गुणस्तर/राष्ट्रिय गुणस्तर मापदण्ड (National Drinking Water Quality Standards - NDWQS) अनुरूप वितरण भएको सुनिश्चित गर्ने ।
- पानी परीक्षणका लागि पानी परीक्षण प्रयोगशाला (Water Testing Laboratory) स्थापना, सञ्चालन र व्यवस्थित गर्ने कार्य समेत नि.व्य.ले गर्नुपर्ने ।
- आ.व्य.का./क्षे.आ.व्य.का., खा.पा.उ.स.स. र आयोजनाका सरोकारवालाहरुसंग समन्वय राखी कार्य संचालन गर्नुपर्ने ।
- सम्झौताअनुसार तोकिएको समयभित्र आयोजनाका सबै संरचनाहरूको गुणस्तरीय निर्माण गर्नुपर्ने ।
- आ.व्य.का./क्षे.आ.व्य.का. र खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाले तोकेको प्राविधिकको सहयोग लिएर काम गर्नुपर्ने ।
- नियमित रुपले प्रत्येक महिना वा आ.व्य.का./क्षे.आ.व्य.का.ले चाहेबमोजिम कामको प्रगति प्रतिवेदन उपलब्ध गराउने ।
- निर्माण कार्य गर्दा वातावरणीय प्रभावलाई ध्यानमा राखी स्थानिय वाताबरण व्यवस्थापन योजना (EMP) तयार गरी कार्य गर्ने र वाताबरण, स्वास्थ्य तथा सुरक्षा (EHS) व्यवस्थापक राख्ने ।
- सम्पन्न भइसकेका निर्माण कार्यमा त्रुटिहरू देखिएमा यथाशीघ्र सच्याउने ।
- निर्माण व्यवसायीले आयोजना संचालन निर्देशिका (म्यानुयल) बनाई पेश गर्ने ।
- सम्पन्न भएका निर्माण कार्यका सम्पूर्ण विवरण तथा नक्शाहरू (एजबिल्ट ड्रइङ्ग) आ.व्य.का./क्षे.आ.व्य.का. तथा खा.पा.उ.स./गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउने ।

## १२. संस्थागत व्यवस्थापन (Institutional Arrangement)

खानेपानी मन्त्रालयले खानेपानी तथा सरसफाइ क्षेत्रको सक्षमता, प्रभावकारी र जवाफदेहिता समेतका लागि खानेपानी तथा सरसफाइ क्षेत्रगत क्षमता अभिवृद्धि इकाई गठन गरेको छ। अर्कोतर्फ खानेपानी तथा सरसफाइ आयोजनाहरूको निर्माण कार्यान्वयनका लागि मातहतको खानेपानी तथा ढल व्यवस्थापन विभागमा केन्द्रीय तहको आ.व्य.का. को स्थापना गरेको छ भने पूर्वमा ईटहरी र पश्चिममा नेपालगन्ज क्षे.आ.व्य.का. हरुको स्थापना गरेको छ । आ.व्य.का.ले मध्य क्षेत्रीय आ.ब्य.का को भूमिका निर्वाह गर्ने काम समेत गर्ने गर्दछ । आ.व्य.का./क्षे.आ.व्य.का.ले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको कार्यान्वयन गर्ने निकायको भूमिका निर्वाह गर्ने निर्देशन गरेको छ । यसले आयोजना कार्यान्वयनका लागि साना शहरहरूको छनोट, आयोजनाका लागि आवश्यक वस्तु तथा सेवाको खरीद तथा व्यवस्थापन, निर्माण कार्यको सुपरिवेक्षण तथा सञ्चालन, समग्र आयोजनाको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन तथा आयोजनाको सहज कार्यान्वयनका लागि आवश्यक सरोकारवाला वर्ग/निकायहरूबीच समन्वय जस्ता केन्द्रीय तहका कार्यहरू गर्नेछ । यसका लागि केन्द्रीय तहमा आयोजना निर्देशक र तिन जना आयोजना उप-निर्देशकहरूका मातहत यसै निर्देशिकामा संलग्न **संगठन तालिका-३** अनुसार प्राविधिक, लेखा, प्रशासनिक, सामाजिक विकास आदि क्षेत्रगत कर्मचारीहरूको व्यवस्था गरिएको छ ।

क्षे.आ.व्य.का. हरूले क्षेत्र भरिका शहरी आयोजनाको समन्वय, कार्यान्वयन, व्यवस्थापन, सुपरिवेक्षण तथा अनुगमनको सम्पूर्ण अभिभारा पाएको छ ।

## १३. शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको कार्यप्रक्रिया

यस आयोजनाको कार्यप्रक्रियालाई तीन चरणमा विभाजन गरिएको छ। प्रत्येक चरणमा क्रमवद्ध रूपमा सम्पादन गर्नुपर्ने क्रियाकलापहरूको विवरण तल उल्लेख गरिएको छ। एउटा क्रियाकलाप समाप्त नभई अर्को क्रियाकलाप सुरु गर्न नमिल्ने भएको हुँदा अनिवार्य रूपले तोकिएका क्रियाकलापहरू समयमै सम्पन्न गर्दै अघि बढ्नुपर्ने यस आयोजनाको विशेषता हो । शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, अहिलेसम्म सञ्चालन भएका खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यक्रम भन्दा बिलकुलै भिन्न प्रकृतिको भएकाले यसमा संलग्न सबै सरोकारवाला पक्षहरूले आ-आफूले निर्वाह गर्नुपर्ने दायित्व तथा जिम्मेवारी/सेवा तोकिएको समयमा उपलब्ध हुन सक्नुमा सरोकारवाला पक्षहरूका बीचको आपसी समझदारी र समन्वयको फलस्वरूप आयोजनासंग आबद्ध सबै पक्षहरूको योगदान नै यस आयोजनाको सफलता मेरुदण्ड मानिने छ। आयोजनाको चरणबद्ध प्रक्रिया **कार्यप्रक्रिया अनुसूची १६** अनुसार हुनेछ।

### १३.१ प्रथम चरण: निर्माणपूर्व आयोजना तर्जुमा र छनोट प्रक्रिया

**१३.१.१** आयोजनाको सबैभन्दा सुरुआतको चरणमा आयोजनाका बारेमा शहरबासीहरूलाई आयोजनाबारे जानकारी गराउन आवश्यक प्रचारप्रसार गर्ने तथा इच्छुक समूह/संस्थासंग आयोजनाका लागि आ.व्य.का./क्षे.आ.व्य.का. ले सार्वजनिक सूचना आव्हान गर्नेछ। यसै निर्देशिकाको **अनुसूची -१** मा दिइएको नगर छनोट आवेदन फारामको नमुना आ.व्य.का./क्षे.आ.व्य.का. मार्फत आवेदन फाराम प्राप्त गर्न सकिनेछ। साथै सूचना प्रवाहका प्रभावकारी माध्यमका रूपमा वेबसाइट तथा राष्ट्रिय/स्थानीय पत्रपत्रिका मार्फत सूचना प्रवाह गरिनेछ।

**१३.१.२** आयोजनाका लागि आ.व्य.का./क्षे.आ.व्य.का. द्वारा तयार पारिएको आवेदन फाराम बमोजिम सूचनाहरू उपलब्ध गराउने र उल्लिखित शर्तहरूको पालना गर्ने कबोल गरीएका आवेदनहरू विधिवत् आ.व्य.का./क्षे.आ.व्य.का. मा पेश गर्न सकिनेछ।

**१३.१.३** आयोजना मागका आवेदनहरु पूर्व निर्धारित मापदण्डहरुको आधारमा मुल्यांकन गरी उच्च नम्बर पाउने आबेदनहरु मध्येबाट छनोट गरीनेछ । यो प्रकृया अनुसार सफल शहरी आयोजनाहरुलाई भविष्यमा लगानी गर्ने गरि सुचिकृत गरिनेछ। सो सुचि ए.वि.बैंकमा सहमतिका लागि पठाइनेछ।

डि.सु.ब्य.प. टोलीले छनोटमा पर्न सफल आवेदनमा उल्लिखित विवरणहरूबारे पूर्वसम्भाव्यता (Pre-feasibility) तथा सम्भाब्यता अध्ययन सहभागित्माक तरिकाबाट प्राविधिक तथा आर्थिक सामाजिक सर्भेक्षण गर्नेछ। अध्ययनको कममा निम्न कुराहरुको उपभोक्ता वा स्थानीय सरकार बाट सुनिश्चितता पनि गर्नेछ।

- डिजाईन र ईष्टिमेटमा सहमतीका साथै मर्मत संभारको जिम्मेवारी।
- आयोजना संचालन कार्यका लागि न्युनतम कर्मचारीहरुको व्यवस्थापन (तथा खा.पा तथा ढ.ब्य.वि संगको समझदारी)।
- आयोजना माग गर्दा कम्तिमा ३३ प्रतिशत महिला आबेदकहरु र आयोजना पहिचानका बेला महिला, गरीब तथा जोखिमयुक्त वर्गहरुको सहभागिता।
- आन्तरिक लगानीको दर फिर्ता कम्तिमा ९ प्रतिशत वा बढी हुनु पर्नेछ।
- आयोजनाले सबै सरकारी नियम कानुन पुरा गरेको हुनु पर्नेछ।
- संरचनाहरु तथा सुविधाहरु आ.ब्य.का/खा.पा तथा ढ.ब्य.वि.को ईन्जिनियरिङ्ग डिजाईन मापदण्ड अनुसार हुनेछ।

- सबै प्रकारका समभ्रुदारीहरुमा उपभोक्ता संस्था वा **स्थानीय** सरकार बाट हस्ताक्षर भएको हुनुपर्ने छ ।

  साथै उपयुक्त देखिएका आयोजनाहरूको अनुमोदन नगर परिषद्बाट गराउने प्रावधान भएकाले सो सम्बन्धी सहमतिपत्र स्थानीय **सरकार** ले प्रदान गर्नुपर्नेछ । पूर्ब सम्भाब्यता अध्ययन (Pre-feasibility Report) को ढाँचाबारे **अनुसूची - २** अनुसार हुनेछ ।

**१३.१.४** पूर्व-सम्भाव्यता अध्ययन पश्चात् सम्भाव्य आयोजनाहरूका लागि आ.व्य.का. ⁄ क्षे.आ.व्य.का.ले डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरूको छनोट गरी सो संस्थामार्फत आयोजनाको सम्भाव्यता अध्ययन र जनचेतना अभिवृद्धि अभियान कार्यक्रम सञ्चालन गरिनेछन् । जनचेतना अभिवृद्धि अभियानले सम्बन्धित खा.पा.उ.स.स. ⁄ स्थानीय **सरकार** लाई आयोजनाका बारेमा विस्तृत जानकारी गराई आयोजनाप्रतिको जिम्मेवारी तथा आयोजनाका विभिन्न चरणहरूमा पूरा गर्नुपर्ने शर्तहरूबारे जानकारी दिनेछ । जनचेतना अभिवृद्धि अभियानको उद्देश्य आयोजना सम्पन्न गर्न उपभोक्ताहरूले वहन गर्नुपर्ने जिम्मेवारी बारे अवगत गराई सामाजिक तयारी स्वरूप नैतिक, आर्थिक र भौतिक रूपले उनीहरूलाई तयार गर्नु पनि हो । साथै, आयोजना प्राविधिक दृष्टिकोणले सम्भाव्य छ ⁄ छैन अध्ययन गरी प्रतिवेदन तयार गरिनेछ । त्यसैगरी, खा.पा.उ.स.स.को गठन तथा दर्ताको प्रक्रिया पनि आरम्भ हुनेछ ।

**१३.१.५** सम्भाव्यता अध्ययनको परिणाम अनुसार आयोजना प्राविधिक, आर्थिक, सामाजिक दृष्टिकोणले सम्भाव्य देखिएमा खा.पा.उ.स.स. ⁄ स्थानीय **सरकार** को सहमति पश्चात् मात्रै आयोजनाको अरू काम कार्यवाही अघि बढाइनेछ ।

**१३.१.६** आयोजनाको सम्भाव्यता अध्ययन पश्चात खा.पा.उ.स.स. ⁄ गाउँपालिका वा नगरपालिकाले आयोजनाबारे सबै जानकारी हासिल गरेपछि भविष्यमा पूरागर्नु पर्ने शर्त तथा जिम्मेवारीहरू पूरा गर्न प्रारम्भिक चरणमा आयोजना सहमति पत्र (Memorandum of Understanding) गरिनेछ । यस सहमतिपत्रको नमूना ढाँचा **अनुसूची-४** अनुसारको हुनेछ । न.वि.को., खा.पा.उ.स.स. ⁄ स्थानिय सरकार तथा आ.व्य.का. ⁄ क्षे.आ.व्य.का. का प्रतिनिधिबाट हस्ताक्षर गरिने यस सम्झौतापत्रलाई आयोजनाप्रति खा.पा.उ.स.स. ⁄ स्थानीय **सरकार** को प्रतिबद्धता मानिनेछ ।

**१३.१.७** आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन तथा लागत अनुमान (Cost Estimate) तयार भएपछि निर्माण प्रक्रियालाई अगाडि बढाउन आ.व्य.का.ले आयोजना सञ्चालन गर्ने अभिभारा क्षे.आ.व्य.का.लाई दिनेछ । साथै खा.पा.उ.स.स. ⁄ स्थानीय **सरकार** बाट शहर आयोजनाको क्रियाकलाप र व्यवस्थापन पक्षको जानकारी लिन दुई जना सदस्य प्रतिनिधि (प्रविधिक र लेखा) छनौट गर्नु पर्नेछ ।

**१३.१.८** आयोजना प्राविधिक दृष्टिले उपयुक्त छ ⁄ छैन तथा उपभोक्ताको सेवाशुल्क तिर्ने इच्छा (Willingness to pay) तथा उनीहरूको खर्च धान्न सक्ने क्षमता (Affordability) को जानकारी लिन शहरी आयोजना क्षेत्रको विस्तृत सामाजिक आर्थिक सर्भेक्षण गरिनेछ । यस अध्ययन कार्यका लागि आ.व्य.का. ⁄ क्षे.आ.व्य.का.ले डि.सु.व्य.प. मार्फत सामाजिक एवम् आर्थिक विवरण (Socio-economic Profile) तथा प्राविधिक सम्भाव्यता अध्ययन कार्य गराइनेछ । यस अध्ययनका लागि खा.पा.उ.स.स. ⁄ गाउँपालिका वा नगरपालिकाको आवश्यक सूचना ⁄ जानकारी दिई सहयोग गर्नेछ ।

**१३.१.९** सम्भाव्यता अध्ययनबाट आयोजना सम्भाव्य देखिएमा मात्र खा.पा.उ.स.स. ⁄ स्थानीय **सरकार** को सहमति पश्चात् आयोजनाको विस्तृत प्राविधिक ढाँचा र लागत अनुमान तयार गरिनेछ । यसमा संरचना निर्माण गर्दा लाग्ने खर्च, निर्माण सामग्री खरिद गर्ने खर्च, इञ्जिनियरिङ्ग डिजाइन तथा सम्पूर्ण कार्यहरू डि.सु.व्य.प.ले तयार गर्नेछ । यदि आयोजना सम्भव नदेखिएमा आयोजनाका सम्पूर्ण कामहरू रोकिनेछन् भने आयोजना सम्भव भएमा विस्तृत प्राविधिक ढाँचा र लागत अनुमानको अध्ययन

प्रतिवेदन तयार पारिनेछ।

**१३.१.१०** खानेपानी आपूर्ति व्यवस्थाको कुल निर्माण लागतमा सह–लगानी स्वरूप उपभोक्ताबाट व्यहोर्नु पर्ने ३०% मध्ये अनिवार्य रूपले अग्रिम ५% रकम आयोजनाको लागि तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। रकम जम्मा गरेको निस्सा स्वरूप बैङ्क भौचर पेश गरेपछि आ.व्य.का./क्षे.आ.व्य.का, खा.पा.उ.स.स/स्थानीय **सरकार** तथा न.वि.को.का बीचमा त्रिपक्षीय वित्तीय सम्झौता गरिनेछ। यस सम्झौतामा शहरी आयोजनाका लागि सम्बन्धित सरोकारवालाहरूबाट हुने योगदान, आयोजनाको लागत, निर्माण हुने संरचनाहरू आदिबारे उल्लेख गरी सम्झौता गरिनेछ। वित्तीय सम्झौता ( त्रिपक्षीय सम्झौता) को ढाँचा **अनुसूची -५** अनुसार हुनेछ।

**१३.१.११** वित्तीय सम्झौता सम्पन्न भएपछि आयोजना कार्यान्वयनका लागि खा.पा.उ.स.स./स्थानीय **सरकार** का तर्फबाट न.वि.को.सित ऋण लिनेतर्फ कार्यवाही अगाडि बढ्नेछ। न.वि.को.ले आयोजनाको वित्तीय मूल्यांकनको आधारमा न.वि.को. तथा खा.पा.उ.स.स.बीच २५% सम्म रकमका लागि ऋण सम्झौता (Sub-Loan Agreement) गर्नेछ। न.वि.को.ले खा.पा.उ.स.स.लाई कति प्रतिशतसम्म रकम ऋण रकम प्रवाह गर्ने हो सो आधार भने वित्तीय मूल्यांकन अनुसार तय हुनेछ। यस सम्झौताको ढाँचा **अनुसूची -७** बमोजिम हुनेछ। ऋण रकम आयोजनाको निर्माणकार्य सुरु भएपछि क्रमिक रूपले न.वि.को.ले रकम प्रवाह गर्दै जानेछ। यस चरण अन्तर्गत तोकिएका कामहरू पूरा गर्न लगभग एक वर्ष लाग्नेछ।

## १३.२ दोस्रो चरण: आयोजना कार्यान्वयन/निर्माण प्रक्रिया

आयोजना निर्माण प्रक्रिया अन्तर्गतका क्रियाकलापहरूलाई पूरा गर्न बढीमा दुई वर्षको समय अनुमान गरिएको छ र जुन अवधिमा निम्न कार्यहरू हुनेछन् :

**१३.२.१** आयोजना निर्माण प्रक्रिया अगाडि बढाउन निर्माणको काम गर्नका लागि निर्माण व्यवसायीले गर्ने कामको बोलपत्र (Bid Document) क्षे.आ.व्य.का.अन्तर्गतको परामर्शदाताले तयार गर्नेछ र यसमा खा.पा.उ.स.स./स्थानीय **सरकार** को सहमति प्राप्त भएपछि बोलपत्र आव्हान गरिनेछ। पेश हुन आएका बोलपत्रदाताहरू मध्येबाट खा.पा.उ.स.स./स्थानीय **सरकार**, न.वि.को. र आ.व्य.का./क्षे.आ.व्य.का. को सहमतिमा उपयुक्त मुल्याकंन प्रद्धतिबाट निर्माण व्यवसायीको छनोट गरी निर्माण कार्यका लागि परिचालन गरिनेछ।

**१३.२.२** आयोजनाको निर्माण कार्यको अनुगमन, सुपरिबेक्षण र निरीक्षण डि.सु.व्य.प.ले गर्नेछ। निरीक्षण, सुपरिबेक्षण र अनुगमन गर्दा निर्माण सामग्री तथा निर्माण भएका संरचनाको गुणस्तर बारे डि.सु.व्य.प.ले विशेष ध्यान दिनेछ। साथै आयोजनाको निर्माण कार्यको अनुगमन तथा निरीक्षण आ.ब्य.का/आ.ब्य.गु.सु.प, क्षे.आ.व्य.का. तथा खा.पा.उ.स.स/स्थानीय **सरकार** आदिले पनि गर्नेछन्।

**१३.२.३** आयोजनाको निर्माण कार्यसँगै डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदातृ संस्थाले सरसफाइका कार्यक्रमहरू, सामुदायिक परिचालन, स्वास्थ्य र सरसफाइ सम्बन्धी व्यवहार परिवर्तन गर्न जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछन्। साथै, खा.पा.उ.स.स./स्थानीय सरकारका पदाधिकारीहरूका लागि व्यवस्थापन, आर्थिक तथा प्राविधिक पक्षमा तालिमहरू क्षे.आ.व्य.का., न.वि.को., आ.व्य.का., रा.खा.पा. तथा स.स. प्रशिक्षण केन्द्र आदिबाट समन्वयात्मक ढंगले सञ्चालन हुनेछ। प्रतिफलमा आधारित कार्याक्रमबाट छनौट भएका घरधुरीहरुमा निजी चर्पी निर्माण गरिने छ। फोहरमैला व्यवस्थापन, ढल निकास, सामुदायिक शौचालय, फोहर पानी व्यवस्थापन आदि संरचना निर्माणका लागि १५% रकम गाउँपालिका वा नगरपालिकाले बेहोर्नुपर्नेछ। बाँकी ८५% लगानी भने आयोजनाको तर्फबाट हुने छ।

**१३.२.४** निर्माण कार्यको लागि खा.पा.उ.स.स.बाट उपलब्ध गराइएका रकमहरूको हरहिसाब खा.पा.उ.स.स बाट खटी आएका लेखा कर्मचारीले अभिलेख राख्नेछ।

१३.२.५ सम्पन्न कामको भुक्तानी गर्न नि.व्य.ले पेश गरेको बिल डि.सु.व्य.प.ले चेकजाँच गर्ने र खा.पा.उ.स.स.बाट सिफारिस भएको हुनु पर्नेछ र बिलको भुक्तानी क्षे.आ.व्य.का.ले गर्नेछ । न.वि.को.बाट ऋण प्राप्त गरी भुक्तानी गरिने अंशका हकमा खा.पा.उ.स.स.को सिफारिस प्राप्त भएपछि मात्र भुक्तानी हुनेछ ।

१३.२.६ निर्माण व्यवसायीले आयोजनाको निर्माण भएको संरचनाहरूको सञ्चालन परीक्षण (Commissioning & Testing) गर्नु पर्नेछ । साथै निर्माण व्यवसायीले आयोजना सम्पन्न भएपछि एक वर्षसम्म आयोजनाको मर्मत र सम्भार संचालनको जिम्मेवारी पूर्ण रूपमा लिनुपर्नेछ ।

१३.२.७ निर्माण व्यवसायीले आयोजनाको निर्माण भएका संरचनाहरूको एज बिल्ट ड्रइङ्ग (As Built Drawings) का साथै मर्मतसम्भार पुस्तिका (O & M Manual) पनि उपलब्ध गराउनु पर्नेछ ।

१३.२.८ आयोजना सम्पन्न भएको प्रतिवेदन एक/एक प्रति खा.पा.उ.स.स, स्थानीय **सरकार** र क्षे.आ.व्य.का. सित रहने छ । त्यस्तै, आयोजनाको सम्भाव्यता अध्ययन तथा डिजाइन सम्बन्धी सबै अभिलेखहरू खा.पा.उ.स.स.लाई उपलब्ध गराउनेछ । त्यस पछि आयोजना सम्बन्धी काम कार्यवाही तामेल भएको मानिनेछ ।

१३.२.९ यसै अबधिमा पानीको गुणस्तर जाँच गर्न पानी परिक्षण प्रयोगशालाको स्थापना गरिनेछ ।

### १३.३ तेस्रो चरण: पानी सञ्चालन र मर्मतसम्भार प्रक्रिया

### प्रथम वर्ष:

१३.३.१ निर्माण व्यवसायीले निर्माण सम्पन्न भएको एक वर्षसम्म आयोजनाको डिजाइन अनुसार खानेपानी सञ्चालन, रेखदेख तथा मर्मतसम्भारको जिम्मेवारी पूर्ण रूपमा लिनुपर्नेछ । त्यस अवधिमा पानी पम्प गर्ने, प्रशोधन, वितरण आदि नियमित रूपमा गर्नुपर्नेछ ।

१३.३.२ आयोजना निर्माण सम्पन्न भएको एक वर्षसम्म डिफेक्ट लायबिलिटीको अवधि पनि रहेको हुँदा यस समयभित्र आयोजना सञ्चालनमा देखिएका त्रुटि र समस्याहरूलाई निराकरण गर्ने दायित्व समेत नि.व्य.को रहेको छ ।

१३.३.३ आयोजनाको लक्ष्यअनुरूप (Performance Target) पानीको मात्रा र गुणस्तर आयोजनाको डिजाइन अनुरूप वितरण हुनुपर्नेछ । पानीको गुणस्तर परीक्षणका लागि उचित प्रक्रिया अपनाई आवश्यकता अनुसार परीक्षण कार्य समेत नि.व्य.ले गर्नुपर्नेछ ।

१३.३.४ नि.व्य.ले एक वर्ष पानी सञ्चालन र मर्मत सम्भार अवधिमा खानेपानी संस्था/गाउँपालिका वा नगरपालिकाले छनोट गरेको प्राविधिकलाई On The Job Training (OJT) मा सहभागिता गराउनुपर्छ । साथै, नियमित रूपमा खानेपानी प्रणाली संचालनको अनुगमन पनि गर्नुपर्नेछ ।

१३.३.५ यस अवधिभर नि.व्य.ले नियमित रूपमा मासिक प्रतिवेदन बुझाउनु पर्नेछ । सो प्रतिवेदनबाट आवश्यक तथ्यांक, सूचना र आयोजनाको कार्यक्षमताको अनुगमन हुनुको साथै मर्मतसम्भारको कार्यमा सहजीकरण समेत गर्न आयोजना व्यवस्थापन कार्यालय/क्षे.आ.व्य.का.लाई सहज हुनेछ ।

### प्रथम वर्ष पश्चात :

१३.३.६ आयोजना निर्माण सम्पन्न भई निर्माण व्यवसायीले परीक्षण सञ्चालन गरेको एक वर्षपछि खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाको शहरी आयोजना सञ्चालन तथा सुपरिवेक्षण इकाईबाट सुपरिवेक्षण र अनुगमन गर्ने गरी निम्न ३ विकल्पहरूमध्ये एउटा छनोट गरि शहरी आयोजना सञ्चालन गर्नुपर्नेछ ।

क) आयोजना सञ्चालन तथा सुपरिवेक्षण इकाईले सुपरिवेक्षण र अनुगमन गर्ने गरी संरचना निर्माण गरेका नि.व्य.लाई शुल्क तिरी आयोजना सञ्चालन गराउने,

ख)	प्रतिस्पर्धात्मक विधिले छुट्टै सञ्चालक नियुक्त गरी सो इकाईको सुपरिवेक्षणमा सञ्चालन गराउने,

ग)	आयोजना सञ्चालन तथा सुपरिवेक्षण इकाई मार्फत खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकोे आयोजना आफैँले सञ्चालन गर्ने ।

**१३.३.७** आयोजना सञ्चालन तथा सुपरिवेक्षण इकाईले प्रणाली सञ्चालन/सम्भार, पानी सेवाशुल्क सङ्कलन गर्न र सरसफाइ कार्यक्रमलाई निरन्तरता दिन आवश्यक कर्मचारीहरूको व्यवस्था गर्नेछ ।

**१३.३.८** आयोजनामा संलग्न कर्मचारीहरूलाई वितरण प्रणाली तथा प्रशोधन केन्द्रको सञ्चालन आदि विषयमा तालिम दिइनेछ । यस प्रकारका तालिम निर्माण व्यवसायी, क्षे.आ.व्य.का., डि.सु.व्य.प. तथा रा.खा.तथा स.स. प्रशिक्षण केन्द्र आदिबाट सञ्चालन हुनेछ । खा.पा.उ.स.स./स्थानीय सरकारका पदाधिकारीहरूको समन्वयमा तालिम कार्यक्रम सञ्चालन हुनेछ । यसबाट कार्यगत अनुभवका आधारमा ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्न मद्दत पुग्नेछ । साथै, आवश्यकता अनुसार क्षे.आ.व्य.का./सम्बन्धित संघीय  खानेपानी तथा ढल व्यवस्थापन  आयोजना तथा प्रादेशिक खानेपानी तथा सरसफाइ कार्यालयले प्राविधिक विषयमा खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकालाई आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

**१३.३.९** आयोजनाको प्राविधिक तथा वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा उपलब्ध गराउने सेवा सुविधा दिगो राख्न क्षे.आ.व्य.का.बाट नियमित अनुगमनका साथै थप तालिम तथा प्राविधिक सहयोग प्रदान गरिदै जानेछ ।

**१३.३.१०** खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाको आयोजनाको स्थिति र प्रगतिबारे नियमित बैठक बसी समीक्षा गर्ने, सबल पक्षलाई दिगो बनाउन प्रयास गर्ने, कमीकमजोरी देखिएमा तत्काल समाधान गर्ने र कुनै ठूलो क्षति/दुर्घटना भएमा आवश्यक सहयोग र सल्लाह लिई मर्मतसम्भार गर्ने छ ।

**१३.३.११** न.वि.को.को ऋणको साँवा तथा ब्याज सहुलियत अवधि पाँच वर्षपछि तिर्नुपर्ने हुँदा शहरी आयोजना सञ्चालन पछि पानी शुल्क उठाउन आरम्भ गर्नुका साथै आयोजनालाई दिगो बनाउन नियमित रूपमा बैठक/छलफल आदि सञ्चालन गर्नेछ ।

**१३.३.१२** आ.व्य.का./क्षे.आ.व्य.का. तथा अन्य निकायबाट आयोजना सम्पन्न भएको कम्तीमा एक वर्षपछि आयोजनाबाट प्राप्त भएका लाभहरूका सम्बन्धमा आबश्यकता अनुसार लाभ अनुगमन तथा मूल्याङ्कन (Benefit Monitoring Evaluation - BME) कार्य गरिने छ । यस सम्बन्धमा विस्तृत बेहोरा **अनुसूची ११** बाट प्राप्त गर्न सकिनेछ ।

## १४.	आयोजना कार्यान्वयनको व्यवस्था (Project Implementation Arrangement)

यस आयोजनाको कार्यान्वयनमा सम्बद्ध निकायहरूको समन्वयात्मक सहभागिता र आयोजना कार्यान्वयन व्यवस्था तल **चित्र ३** अनुसार रहेको छ ।

चित्र-३ : आयोजना कार्यान्वयनको संगठनात्मक संरचना चित्र




## १५. आयोजना व्यवस्थापन तथा अनुगमन ढाँचा (Project Design & Monitoring Framework)

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको समग्र आयोजना व्यवस्थापन तथा अनुगमन ढाँचाले आयोजनाको डिजाइन, लक्ष्य, सूचकहरु तथा चुनौती समेत बोध गर्न सहज हुनेछ। आयोजनाको डिजाइन, आयोजनाको लक्ष्य, समयसीमा, अनुगमनको माध्यमका साथै आयोजनाप्रतिको पुर्वधारणा एवं चुनौती समेत तलको तालिकामा प्रस्तुत गरिएको छ :

| डिजाइनको सारांश | आयोजनाको लक्ष्य/सूचकहरू | तथ्यांक स्रोत तथा माध्यम | जोखिमहरु |
|---|---|---|---|
| **प्रभाव (Impact):** दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धताबाट आयोजना क्षेत्रका उपभोक्ताहरुको साथसाथै गरीब तथा पिछडिएकाहरुको समेत जिवन स्तरमा सुधार ल्याउने । | | | |
| **प्रतिफल (Outcome)** आयोजना क्षेत्रका उपभोक्ताहरुलाई समाबेशि तथा दिगो खानेपानी र सरसफाइ सेवामा पहुँच भएको हुनेछ । | सन् २०२४ सम्ममा<br>● ३२०,००० जनतालाई २४ सै घण्टा प्रति व्यक्ति १०० लिटर प्रति दिन, गुणस्तर मापदण्ड अनुसारको खानेपानीमा | (सबै सूचकका लागि)<br>● राष्ट्रिय जनगणना, आ.ब्य.का र उ.सं. को बार्षिक तथा त्रैमाशिक प्रगति प्रतिबेदनहरु, | **पूर्वधारणा**<br>● जलवायु परिबर्तन र चरम अबस्थाका (Extreme events) कारणबाट संरचना तथा सुविधाहरुको संचालनमा अबरोध |

| | | | |
|---|---|---|---|
| | पहुँच हुनेछ ।<br>● ६४,००० जनतालाई सुधारिएको सरसफाईमा पहुँच हुनेछ ।<br>● खानेपानी तथा सरसफाइका सुविधाहरु पुर्ण क्षमतामा संचालन भएको हुनेछन् ।<br>● आयोजना संचालन तथा मर्मत संभार खर्च पानी शुल्कबाट पुर्णरुपमा चलेको हुनेछ ।<br>● महिलाहरुको प्रति दिन पानी संकलन गर्ने औषत समय शुन्यमा झरेको हुनेछ । | ● आयोजना बन्नु पहिले र सम्पन्न भएपछिको सामाजिक आर्थिक सर्भेषण तथा तथ्यांक<br>● नगर विकास कोषको बार्षिक प्रगति प्रतिबेदनहरु | हुनसक्ने । |
| नतिजा <u>(Output)</u><br>१. आयोजना नगरपालिकाहरुमा खानेपानी तथा सरसफाइ पुर्वाधारमा सुधार भएको हुनेछ । | <u>सन् २०२३ सम्म आयोजना क्षेत्रमा</u><br>● करीब १,६०० किलोमिटर पाइपलाइन जडान वा पुर्नस्थापना हुने ।<br>● ६६,००० अतिरिक्त घरधुरीमा धारा जडान हुने (करीब ८००० गरिब तथा २००० जोखिमयुक्त घरधुरीमा निःशुल्क समेत) ।<br>● १५ वटा पानी प्रशोधन संयन्त्र निर्माण गरी ९० लाख लिटर पानी प्रतिदिन शुद्धीकरण गर्ने ।<br>● ८,००० निजी चर्पी (गरिबीको रेखामुनि रहेका जनताका लागि) निर्माण हुनुका साथै २० वटा सेप्टिक ट्यांकी सहितका सार्वजनिक शौचालय निर्माण हुने ।<br>● २ वटा विकेन्द्रिकृत फोहोर पानी प्रशोधन | (सबै सूचकका लागि)<br>● आ.ब्य.का र उ.सं. को बार्षिक तथा त्रैमाशिक प्रगति प्रतिबेदनहरु,<br>● खानेपानी मन्त्रालयद्वारा अद्याबधिक गरिएका प्रतिबेदनहरु । | ● सरकारी संयन्त्रमा हुनसक्ने परिबर्तनले संस्थागत आयोजना कार्यान्वयन संयन्त्रमा प्रभाव परि कार्यान्वयन पक्षमा जोखिम बढ्न सक्ने । |

| | | | |
|---|---|---|---|
| | संयन्त्र निर्माण भई संचालन हुने<br>● ३० कि.मि.बर्षातको पानी निकासका लागि सतही ढल निर्माण हुने ।<br>● सबै प्रकारका आयोजनाको डिजाइनमा जलवायु तथा विपद जोखिम समाबेश भएको | | |
| २) संस्थागत तथा सामुदायिक क्षमता सशक्तिकरण | <u>सन् २०२३ सम्ममा</u><br>● २० आयोजना नगरपालिकाहरुको लगानी प्राथमिकता सहितको वास (WASH Plan) योजना तयार भई तथा अनुमोदन भएको हुनेछ ।<br>● २० वटा खानेपानी उपभोक्ता संस्था दर्ता भई २० वटा खा.पा.उ.स.स गठन भएको र समितिमा कम्तिमा ३३% महिलासहित १ जना महिला कार्यकारी पदमा भएको हुनेछ र<br>● संस्थागत सहयोग तथा सेवापरामर्श इकाइ (ISSAU) र नगर विकास कोषको सहयोगमा खानेपानी उपभोक्ता संस्था र नगरपालिकाका लाागि व्यवसायिक योजना र पानी शुल्क निर्धारण निर्देशिका तयार भएको हुनेछ ।<br>● कम्तिमा १५ वटा भविष्यमा लगानी हुने गरी जलवायु उत्थानशिल खानेपानी आयोजनाहरु छनोट | (सबै सूचकका लागि)<br>● आ.ब्य.का त्रैमाशिक प्रगति प्रतिबेदनहरु,<br>● नगर विकास कोषको बार्षिक प्रगति प्रतिबेदनहरु<br>● नमूना सर्भेक्षणहरु | ● सरकारी संयन्त्रमा हुनसक्ने परिबर्तनले संस्थागत आयोजना कार्यान्वयन संयन्त्रमा प्रभाव परि कार्यान्वयन पक्षमा जोखिम बढ्न सक्ने । |

| | | | |
|---|---|---|---|
| | भएको हुनेछ । <br>● खा.पा.तथा ढ.ब्य.वि, खा.पा.उ.सं, न.वि.को र नगरपालिकाका कम्तिमा २०० जना कर्मचारीहरु प्राविधिकरुपमा स्मार्ट संयन्त्रको व्यवस्थापन तथा नेतृत्वमा दक्ष हुने (६६ महिला कर्मचारी) <br>● पानी संरक्षण र दिगो स्वच्छता व्यवहार सम्बन्धि जनचेतनामुलक अभियानहरुबाट कम्तिमा १००,००० जनताहरु (कम्तिमा ५० % महिला) मा पहुँच पुगेको हुनेछ । यी मध्ये कम्तिमा ८० प्रतिशत उपभोक्ताहरुले चेतना बढेको उल्लेख गरेको हुनेछन् । | | |

## १६. शहरी आयोजनाको छनोट प्रक्रिया

शहरी क्षेत्रको परिभाषाभित्र परेका वा नेपाल सरकारको अद्यावधिक १५ वर्षे कार्ययोजनामा सूचीकृत भएका २६५ वटा साना शहर/नगरोन्मूख क्षेत्रहरूमा नेपाल सरकारले चरणबद्ध ढंगले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना सञ्चालन गर्दै जाने लक्ष्य लिएको छ । यस निर्देशिकाको पहिलो पृष्ठमा उल्लेख भएका परिभाषा र मापदण्ड भित्र परेका शहरहरूलाई उम्मेदवार शहर (Candidate towns) को रूपमा पहिचान गरिनेछ । शहर छनोट गर्ने मुख्य मापदण्डहरुमा विद्यमान खानेपानीको समस्या, पटके प्रणाली र दैनिक १० घण्टा भन्दा कम पानी उपलब्ध हुने सहर, चर्पी नभएको घरधुरीको लगत, ढल निकास र ढल प्रशोधनको व्यवस्था नभएको र सामुदायिक भेलाहरूमा समुदायले आयोजनाको आवश्यकता प्रति देखाएको इच्छा, सहभागिता, आयोजनाको तयारीपन, जनसंख्याको वृद्धिदर, उपलब्ध पानीको गुणस्तरको आधार आदि रहेकाछन् ।

यसरी आयोजनाका लागि शहर छनोट गर्दा सहरहरूको परिमार्जित परिभाषा भित्र परेको, १५ वर्षीय विकास योजनामा सूचीकृत नगर लगायत मापदण्ड अनुसार माग गर्ने खा.पा.स.स.स/नगरपालिकाहरु समेत सम्भाव्य सुचीमा राखिने छ । नेपाल सरकार र एसियाली विकास वैङ्कको सहमतिमा तय भएको निम्नलिखित ६ वटा आधारहरूलाई दिइएको अंकभारका आधारमा प्राथमिकता तोकिएको छ :

- गरिबीको स्थिति
- खानेपानीको स्थिति
- सरसफाइको स्थिति
- समुदायको इच्छा
- आयोजना तथा समुदायको तयारीपन

- शहरीकरण र वृद्धिको सम्भावना

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना सञ्चालन गर्न इच्छुक उपभोक्तावर्ग, खा.पा.उ.स./स्थानीय सरकार (गाउँपालिका/नगरपालिका) ले संयुक्त रूपमा उपलब्ध ढाँचामा आवेदन भरी सम्बन्धित नगर परिषद्बाट पारित गराउनुपर्नेछ। त्यसरी पारित भएको आवेदनपत्र क्षे.आ.व्य.का. वा केन्द्रमा रहेको आ.व्य.का.मा उपलब्ध गराउन सकिनेछ। शहरी आयोजनाका लागि सहरहरु छनोट सम्बन्धी सूचना आ.व्य.का.ले समय समयमा सार्वजनिक सूचनामार्फत आवेदन आव्हान गर्नेछ वा आयोजनाको वेब पेजबाट पनि फाराम लिई पेश गर्न सकिनेछ। त्यसरी उपलब्ध हुने शहरी आयोजना मागका प्राप्त आवेदनहरूको मूल्याङ्कन गर्न छनोट प्रक्रियाका आधारहरू तय गरिएका छन्। शहरी आयोजना कार्यान्वयन हुनुपूर्व क्षे.आ.व्य.का/आ.व्य.का.ले **अनुसूची ३** बमोजिमका मापदण्ड अनुसार शहर छनोट गर्नेछ।

छनोट प्रक्रियाका मापदण्डका आधारमा न्युनतम १५ वटा शहरहरूको छनोट गरिनेछ। छनोटमा परेका शहरहरूको स्थलगत नक्सा तथा उपआयोजनाहरूको विशेषताहरू र शहरहरु छनोटको आवेदन पत्रहरूको मुल्याङ्कन प्रतिवेदन, नक्सा तथा ती शहरी आयोजनाहरूका विशेषताहरू समेतको प्रतिवेदन उपर एशियाली विकास बैङ्कको सहमति प्राप्त गर्नु पर्नेछ।

**१६.१** शहरी आयोजनाहरूको चयन, डिजाइन, पूर्वसम्भाव्यता, सम्भाव्यत्ता तथा विस्तृत डिजाइन प्रक्रियाहरू सहभागितामूलक विधिअनुसार हुनेछ।

**१६.२** शहरी आयोजनाहरूको डिजाइन गर्दा जलवायु परिबर्तनका असरहरुलाइ समेत मध्येनजर गरि आयोजनाको सबै आवश्यकता र उद्देश्य समेट्ने गरी आयोजना सञ्चालन तथा मर्मतसम्भार खर्च कम हुने विषयमा ध्यान दिइनेछ।

**१६.३** शहरी आयोजनाहरूको वातावरण, पुनर्वास लगायतका सबै राष्ट्रिय कानुन, नियम, नीति तथा ए.वि.बैंङ्कको वातावरण नीति २००२, सुरक्षण नीति कथन, २००९ तथा आदिवासी जनजाति सम्बन्धी नीति १९९८ आदिले निर्दिष्ट गरेको नीति र प्रावधानलाई समेटेको हुनुपर्नेछ।

**१६.४** वातावरण संरक्षण नियमावली २०७७ अनुसार प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव अध्ययनको आधारमा वातावरणीय प्रक्रिया तथा पुनर्वास फ्रेमवर्कका आधारमा शहरी आयोजनाहरूको तर्जुमा गरिनेछ।

**१६.५** शहरी आयोजना अन्तर्गतका सुविधाहरूको डिजाइन गर्दा नेपाल सरकारको मापदण्ड र निर्देशिकाहरूको अधीनमा रही तयार गरिनेछ।

**१६.६** खा.पा.उ.स.स./नगरपालिका, आ.व्य.का./क्षे.आ.व्य.का. तथा न.वि.को.बीच खानेपानी तथा सरसफाइ सुविधाका लागि हुने सहलगानीको अंश, खानेपानी/सरसफाइको एकीकृत अवधारणा, सेवाशुल्क निर्धारण, सङ्कलन, अनुदान जस्ता विषयमा आ-आफ्नो दायित्व र जिम्मेवारीबारे प्रतिवद्धता स्वरूप आयोजना सहमतिपत्र (MOU) हस्ताक्षर गरी जनाउनु पर्नेछ। सहमतिपत्र सम्पन्न भएपछि मात्र विस्तृत डिजाइन कार्यको थालनी हुनेछ।

**१६.७** निर्माण कार्यको सम्झौता हुनु अगावै उपरोक्त त्रिपक्ष बीच हुने सम्झौतामा निम्न बुंदाहरू समावेश हुने छन् :

- सरोकारवाला सबै पक्षले गर्नुपर्ने योगदानको अंश
- खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाको सङ्कलन गर्नु पर्ने महशुल दर

- खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाको न.वि.को.बाट लिने ऋण चुक्ता गर्ने प्रतिबद्धता, शहरी खानेपानी तथा सरसफाइ नीति अनुरूप सञ्चालनमा रहेका सेवाप्रणालीको नियमित सञ्चालन तथा सम्भार लगायत थप सेवा विस्तार गर्ने
- प्रतिफलमा आधारित अनुदान सहयोग अन्तर्गत दिने अनुदानको स्तर र लक्षितवर्गको पहिचान खुलेको हुनुपर्ने ।

  माथि उल्लेखित बाहेक खानेपानी आयोजना निर्माणका लागि केही विशेष आधारहरू तपसिल बमोजिम तय रहेका छन् :

१) **खानेपानी आयोजना** निर्माणका लागि उपभोक्ता वर्गबाट हुने सहलगानी कुल निर्माण लागतको अनिवार्य अग्रिम नगद सङ्कलन ५% समेत गरी उपभोक्ताले मासिक रूपमा तिर्ने सेवाशुल्क रकमबाट ऋणको साँवा तथा ब्याज तिर्न र शहरी खानेपानी तथा सरसफाइ क्षेत्रगत नीति अनुरूप प्रणालीको नियमित सञ्चालन-सम्भार, थप सेवा विस्तार लगायतका रकम सङ्कलन गर्न उपभोक्ताको महशुल तिर्ने क्षमताको अध्ययन गरी सबै उपभोक्ताहरूसित तिर्न सक्ने क्षमताभित्र रहेको प्रमाणित हुनुपर्नेछ ।

- ○ आयोजनाको आर्थिक प्रतिफल दर ९ % वा सोभन्दा वढी हुनुपर्नेछ ।
- ○ सतही स्रोतबाट अप्रशोधित पानी दोहन गर्नुपूर्व प्रचलित नेपाल कानुन तथा निर्देशिका अनुरूप स्वीकृति वा सम्झौता गरिनुपर्नेछ ।
- ○ प्रस्तावित स्रोतहरु राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड अनुसार हुनु पर्ने, पानीको गुणस्तरले संरचनालाई असर नगर्ने, असुरक्षित सरसफाइका सुविधाहरुबाट कम्तिमा ३० मि (टाढा) माथि र कम्तिमा १०० लि/व्यक्ति/दिन पानी उपलब्ध हुने हुनुपर्ने छ तथा सो सम्बन्धि विस्तृत अन्वेषण तथा अध्ययन गरिनेछ ।
- ○ पानी सुरक्षा योजना आयोजना डिजाइनको अन्तरंग पाटो हुनेछ र संचालन तथा मर्मत संभार चरण भरि कार्यान्वयन हुनेछ ।
- ○ आयोजानको वितरण प्रणाली मिटरिङ्ग क्षेत्र (District Metering Area (DMA)) र Supervisory Control and Data Acquisition (SCADA) को सिद्धान्तमा हुनेछ ।
- ○ कुनै पनि महत्वपुर्ण संरचनाहरु जोखिम युक्त स्थानमा अवस्थित गरिने छैन र सबै पाइपहरु जमिन भित्र गाडिएको हुनेछ ।

खानेपानी उपभोक्ता संस्था वा नगरपालिका सुचिकृत गरीब परिबार, गरीब महिला घर मुली भएको घर र जोखिमयुक्त घरधुरीहरुलाई निशुल्क धारा लाईन जडान गर्ने कुरामा प्रतिबद्ध हुनेछ । नेपाल सरकारले उल्लेखित घरधुरीहरुलाई धारा जडानमा शतप्रतिशत अनुदान उपलब्ध गराउनेछ ।

२) **घरायसी सरसफाइः** तल उल्लेखित केही विशेष आधारहरू तय गरिएका छन् :

क) खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिका प्रतिफलमा आधारित अनुदानको प्रकृयाबाट पहिचान भएका गरीब, महिला मुली तथा जोखिमयुक्त अबस्थाका घरधुरीहरुमा घरायसी शौचालय निर्माणमा सहयोग स्वरुप रु. दस हजार मात्र किस्ताबन्दिमा उपलब्ध गराईनेछ ।

ख) शौचालयहरु खानेपानीको स्रोतहरु देखि कम्तिमा ३० मिटर तल र राष्ट्रिय सरसफाइ गुरु योजना २०६८ मा उल्लेखित "पक्कि चर्पी" को परिभाषा अनुसार निर्माण हुनेछन । चर्पी बाढी वा डुवान क्षेत्रमा बनाइने छैन ।

ग) निर्माण हुने प्रणालीगत संरचनाहरूमा महिला, बालबालिका र भिन्न शारिरिक क्षमता भएका समेतको सरल पहुँच पुग्ने र प्रयोग गर्न मिल्ने खालको हुनुपर्नेछ ।

घ) दिसाजन्य लेदोको सुरक्षित निकास र विशर्जन सहितको मर्मत संभार योजना बनाइनेछ ।

ङ) स्वच्छता अभिबृद्धिका लागि तयार योजना उपभोक्ता संस्था र नगरपालिका लागु गर्न राजी हुनेछन ।

३) **सार्बजनिक शौचालयः** तल उल्लेखित केही विशेष आधारहरू तय गरिएका छन् :

क) प्रस्तावित शौचालय सार्बजनिक स्थानमा हुनुपर्ने छ र पुर्नवास/सामाजिक असर हुनुहुने छैन ।

ख) खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिकाले सार्वजनिक शौचालय निर्माण गर्न संयुक्त रूपमा लागतको १५% नगद योगदान गर्न तयार हुनुपर्नेछ र शौचालयको नियमित सञ्चालन/सम्भार खर्चको शतप्रतिशत बेहोर्नु पर्नेछ ।

ग) राष्ट्रिय मापदण्ड अनुसारको सेफ्टि टंकी सहितको शौचालय निर्माण हुनेछ ।

घ) खण्ड (२) को बुंदा (ख) देखि (ङ) सम्मका शर्तहरु लागु हुनेछन ।

४) **दिसाजन्य लेदो ब्यवस्थापनः** तल उल्लेखित केही विशेष आधारहरू तय गरिएका छन् :

क) खा.पा.उ.स.स./गाउँपालिका वा नगरपालिका लेदो ब्यवस्थापन संयन्त्र निर्माण गर्न संयुक्तरूपमा लागतको १५% नगद योगदान गर्न तयार हुनुपर्नेछ र त्यसको नियमित सञ्चालन सम्भार खर्चको शतप्रतिशत बेहोर्नु पर्नेछ । प्रस्तावित स्थान सार्बजनिक स्थानमा हुनुपर्ने छ र पुर्नवास/सामाजिक असर हुनुहुने छैन ।

ख) दिसाजन्य लेदो ब्यवस्थापन क्षेत्र नजिकको आवास क्षेत्रबाट कम्तिमा ३०० मिटर टाढा, खानेपानीको स्रोतबाट कम्तिमा ३० मिटर तल तिर, संरक्षित तथा धार्मिक क्षेत्र बाहिर, खाद्यान्न बाली नरोपिने जग्गा र समथल जमिनमा हुनुपर्नेछ तथा जमिनको ढलान ८% बन्दा बढी हुनुहुने छैन ।

५) **विकेन्द्रित फोहोर पानी प्रशोधन प्रणालीः**

क) आयोजना खानेपानी सेवा सहितको घना आवासिय क्षेत्रका लागि डिजाइन गरिनेछ । उक्त क्षेत्रमा चालु खानेपानी प्रणाली संचालनमा रहेको हुनुपर्दछ । खानेपानी आयोजना सम्पन्न नभई यो प्रविधिमा आधारित योजना लागु गरिने छैन ।

ख) गाउँपालिका वा नगरपालिका निर्माण लागतको १५% नगद योगदान गर्न तयार हुनुपर्नेछ र सो को नियमित सञ्चालन/सम्भार  खर्चको शतप्रतिशत बेहोर्नु पर्नेछ ।

ग) आयोजनाका लागि सार्बजनिक वा खानेपानी उपभोक्ता संस्थाको जमिन उपलब्ध हनुपर्नेछ वा पुर्नवासको न्यूनतम प्रभाव भएको हुनुपर्नेछ ।

घ) प्रस्तावित आयोजना क्षेत्रको जनघनत्व २०१७ मा कम्तिमा १०० प्रति हेक्टर हुनुपर्ने छ ।

६) **बर्षातको पानीको ढल आयोजनाः** पानी परेको बेला समस्यागत हुने क्षेत्र

क) बर्षातको पानी निकास गुरु योजना तयार भई नगरपालिकाले अनुमोदन गरेको हुनुपर्नेछ ।

ख) गाउँपालिका वा नगरपालिका ढलको व्यवस्थापन गर्न सक्षम हुनुपर्ने छ ।

ग) गाउँपालिका वा नगरपालिका निर्माण लागतको १५% नगद योगदान गर्न तयार हुनुपर्नेछ र सो को नियमित सञ्चालन/सम्भार  खर्चको शतप्रतिशत बेहोर्नु पर्नेछ ।

घ) ५० बर्षको बाढी प्रक्षेपणको आधारमा प्रणाली डिजाइन गरिने छ । पुर्नवासको न्यूनतम प्रभाव रहने गरि सकभर सडक वा पानी निकास ढलको क्षेत्रबाट पानी ढल निर्माण गर्ने गरि डिजाइन गरिनेछ ।

ङ) संरक्षित तथा संबेदनसिल क्षेत्रमा तोकिएको सिमा भित्र ढल निर्माण गरिनेछैन ।

१६.८ शहरी आयोजनाहरूको कार्यान्वयन हुनु अगाडि आ.व्य.का.ले तपसिलका विषयमा ए.वि.बैङ्कको समीक्षा र सहमति प्राप्त गर्नुपर्नेछ ।

- शहरी आयोजना छनोटको आधारहरू पूरा भएको छोटो विवरण
- प्रत्येक शहरी आयोजनाहरूको विवरण- शहरी आयोजनाहरूको लागि जग्गा जमीन प्राप्त गर्नुपर्ने भएमा जग्गा प्राप्ति वा पुर्नवास योजना र ए.वि.बैङ्कबाट थप माग भई आएको अवस्थामा आयोजनाका अन्य वातावरणीय तथा सामाजिक सुरक्षणसम्बन्धी अभिलेखहरू सहित सम्भाव्यता अध्ययन तथा विस्तृत डिजाइन प्रतिवेदनहरू ।

माथिको प्रकृयाबाट छनोट भएका भविष्यमा प्रस्तावित शहरी आयोजनास्थल **अनुसुचि १६** मा संलग्न छ ।

## १७. आयोजनाको सामाजिक तथा वातावरणीय सुरक्षण र दिगोपन

### १७.१ वातावरणीय सुरक्षण

शहरी आयोजनाहरूको वातावरणीय सुरक्षण सवालहरुका लागि वातावरण संरक्षण नियमावली २०७७ (वा अधिका), राष्ट्रिय कानुन, नियम, नीति तथा ए.बि.बैंङ्कको सुरक्षण नीति कथन, २००९ आदिले निर्दिष्ट गरेको नीति र प्रावधानलाई समेटेको हुनुपर्नेछ । प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव अध्ययनको क्रममा वातावरणमा पर्ने सकारात्मक तथा नकारात्मक प्रभावहरुको आधारमा आयोजनाका वातावरणीय व्यवस्थापन योजना तर्जुमा गरिनेछ ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, ए.डि.बि. सुरक्षण नीति (एस पी एस) २००९ अनुसार वातावरणीय सुरक्षाको लागि “बी” श्रेणीमा वर्गीकृत गरिएको छ । धेरै जसो सम्भावित प्रभावहरू परियोजना क्षेत्रहरूमा निर्माणका कारण प्रकृतिमा अस्थायी हुन्छ र सरलीकरण र प्रमाणित उपायहरू द्वारा कम गर्न सकिन्छ । कुनै “ए” श्रेर्णीमा पर्ने कार्यहरूको प्रकार ( अपरिवर्तनीय, विविध वा अभूतपूर्व प्रभावहरूका) यस परियोजनामा हुने छैनन । सम्भावित रूपमा महत्वपूर्ण प्रतिकूल वातावरणीय प्रभाव हुने अनुमान गरिएको उपआयोजनाहरू “ए” को रूपमा वर्गीकृत परियोजना अन्तर्गत कार्यान्वयनका लागि विचार गरिने छैन ।

ए.वि.बैङ्कको र वातावरण संरक्षण नियमावलीका अवधारणा अनुरूप आयोजनाको वातावरणीय मुल्याङ्कन, जैविक र प्राकृतिक स्रोत व्यवस्थापन, पेशागत तथा सामुदायिक स्वास्थ्य र सुरक्षा, भौतिक सांस्कृतिक स्रोत र प्राकृतिक तथा सामाजिक प्रदूषणको नियन्त्रण जस्ता विषयहरू प्रति गम्भीर रहने छ ।

यस परियोजना निर्माण गर्दा पर्न सक्ने वातावरणीय प्रभावहरुलाई न्युनीकरण गर्न अपनाउन पर्ने उपायहरुको विस्तृत विवरण उल्लेख गरि, अपनाउनु पर्ने विधि, जिम्मेवार पक्षहरु, वातावरणीय अनुगमन र वातावरणीय लेखा परिक्षणका जिम्मेवार निकाय र अनुमानित लागत समेत उल्लेख गरि ***वातावरण ब्यबस्थापन कार्ययोजना*** निर्माण गरि प्रारम्भिक वातावरणीय मूल्याङ्कन प्रतिवेदनमा समावेश गरिएको हुनेछ । यस वातावरण ब्यबस्थापन योजना, निमार्ण सम्झौता पत्रको अंगको रुपमा पनि समावेश गरिनेछ र निमार्णको जिम्मा लिने निमार्ण कम्पनीलाई वाध्यात्मकारी शर्तको रुपमा रहने छ ।

- वातावरण ब्यबस्थापन कार्ययोजनामा उल्लेखीत व्यवस्था अनुसार सम्बन्धित निकाय वा विभागले देहाय अनुसारको अनुगमन गर्नु पर्ने छ ।
- अनुगमन तथा निरीक्षण गर्दा, प्रस्ताव स्वीकृत हुँदा बखतको वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित प्रभावभन्दा बदी प्रभाव देखिएमा सम्बन्धित निकाय वा विभागले सोको प्रभाव हटाउने क्रियाकलापहरु अबलम्बन गर्नु पर्नेछ ।
- प्रस्तावकले प्रस्तावको निर्माण तथा सञ्चालन गर्ने चरणहरुमा प्रत्येक छ, छ महिनामा अनुगमन गर्नु पर्नेछ र सो अनुगमनको प्रतिवेदन सम्बन्धित निकाय वा विभागमा पेश गर्नु पर्नेछ ।

**चरण १ शहरी आयोजनाको वातावरणीय मूल्याङ्कन**

ए.डि.बि को एस पी एस २००९ र नेपाल सरकारको वातावरणीय कानून र विनियमानुसार वातावरणीय मूल्याङ्कन समीक्षा खाका (EARF) विकसित गरी उपआयोजनाहरू छनोट, स्क्रीनिंग र वर्गीकरण, वातावरणीय मूल्याङ्कन, र उप आयोजनाको सुरक्षण कार्ययोजना तयारी र कार्यान्वयनको मार्गनिर्देशन गर्न सहयोग पुऱ्याएको छ ।

वातावरणीय मूल्याङ्कन समीक्षा खाका (EARF) मा समावेस गरीएका बुदाहरु निम्नप्रकार छन्

- प्रस्तावित उपआयोजना छनोट गर्न वातावरणीय सुरक्षण मापदण्डहरू तयार गर्न प्रयोग गर्न सकिन्छ ।
- सुरक्षा क्षेत्र मापदण्डहरू सहित शहरी उप आयोजनाहरू र त्यसका खण्डहरू छनौट गर्न प्रयोग गर्न सकिन्छ ।
- शहरी उप आयोजनाहरूको सामान्य अनुमानित वातावरणीय प्रभावहरूको वर्णन गर्दछ ।
- शहरी उप आयोजनाहरूका छनोट र वगीकरण, मूल्याङ्कन, र आयोजना कार्यान्वयन गर्दा आवश्यक योजना बनाउँदा आवश्यक निर्देशीका निर्दिष्ट गर्दछ ।
- प्रभावित व्यक्ति र अन्य सरोकारवालाहरू संग जानकारीपुर्ण परामर्श गर्नको लागि आवश्यक वातावरण तयार गरी आवश्यक सुचनाहरु खुलासा गर्दछ ।
- आयोजना व्यवस्थापन कार्यालयको क्षमता अभिबृद्धी गर्दै राष्ट्रिय कानून र एडीबीको आवश्यक नीतिको कार्यान्वयन गर्न ।
- तोकिएको कार्ययोजना र संस्थागत व्यवस्था ।
- अनुगमन र प्रतिबेदन तयार गर्न आवश्यक निर्देशिका निर्दिष्ट गर्दछ र
- आयोजना अनुगमन कार्यालय र एडीबीको जिम्मेवारी वहन गर्दै वातावरण संरक्षणको तयारी, कार्यान्वयन, र आयोजना सुरक्षा पुनरावलोकन गरिनेछ ।

आवश्यकतानुसार वातावरणीय मूल्याङ्कन समीक्षा खाका कार्यान्वयनको समयमा परीमार्जन हुने, यदि प्रभावहरूको अप्रत्याशित नयाँ प्रकारहरू भएमा वा कानूनी र नियामक संरचनामा कुनै परिवर्तन आएमा नियमित रूपमा समीक्षा हुनेछ । वातावरणीय मुल्याङ्कन समीक्षा खाका परिमार्जन भएमा प्रावधानहरुलाई यसका पछिका संशोधन र अद्यावधिकहरूमा केही लचकता वा कम गरिने छ ।

महत्वपूर्ण अनुपालना गर्नुपर्ने आवश्यक बुँदाहरु यसप्रकार छन् :

- शहरी उप आयोजना चयन मापदण्डको पालना ।
- अर्थपूर्ण परामर्श र आवश्यक जानकारी सुसुचित गराउने ।
- बोलपत्र प्रकासन गर्नु अगाबै प्रारम्भिक वातावरणीय परीक्षण (IEE)ʼ प्रतिबेदन एडिबीबाट स्वीकृत हुनुपर्ने छ र
- सबै आवश्यक नियामक निकायहरूवाट लिनुपर्ने स्वीकृती र अनुमोदनहरू सम्झौता अघि प्राप्त गर्नुपर्ने छ ।

**चरण २ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय व्यवस्थापन योजनाहरू**

प्रारम्भिक वातावरणीय परीक्षणको साथ वातावरणीय व्यवस्थापन योजना प्रत्येक शहरी उप-आयोजनाको तयारी चरणमा गरिनेछ जुन एडीबी सुरक्षण नीति (SPS 2009) २००९ र वातावरणीय मुल्याङ्कन समीक्षा खाकाका आधारमा हुने छ । एडीबी एसपीएस, २००९ अनुसार वातावरणीय मुल्याङ्कन समीक्षा खाका प्रत्येक शहरी उप आयोजनाको लागि तयार गरिनेछ । साथै संचालनका रहेका चालु भैरहेका सुविधाहरूको वातावरणीय अनुपालन लेखा परीक्षण पनि गर्ने छ जुन आयोजनाको पुर्नस्थापना वा विस्तार गर्दा गरिनेछ । प्रारम्भिक वातावरणीय परीक्षण बोलपत्रहरुको अंश बन्नेछ । कुनै प्रारम्भिक वातावरणीय परीक्षण ए.बि.बैंक बाट स्वीकृत नभएसम्म, केहि परीमार्जन गर्नुपर्ने भएमा एडिबीबाट पुनरावलोकन हुन जरुरी भएमा एडीबी द्वारा अनुमोदित नभएसम्म कुनै पनि काम सुरु गर्न सकिदैन, र यदि आवश्यक भएमा कार्यान्वयनको क्रममा एडीबीको समीक्षाको लागि थप अद्यावधिक हुनेछ । आयोजना कार्यान्वयनको समयमा डिजाईन परिवर्तन सहित वा अप्रत्याशित प्रभावको स्थितिमा, प्रारम्भिक वातावरणीय परीक्षण परिमार्जन हुनेछ, सुधारिएका

कार्यहरुसंग संबन्धित लागत, कार्यान्वयन तालिका सहितको प्रारम्भिक वातावरणीय परीक्षण, अन्य कार्यान्वयन गर्ने निकायको Website मा प्रकाशित गरिने छ । सुधारको कार्यहरू, संबन्धित लागत र तालिका समावेश गर्न सबै प्रारम्भिक वातावरणीय परीक्षणहरू एडीबी र अन्य कार्यान्वयन गर्ने संस्थाहरूका वेबसाइटहरूमा खुलासा हुनेछ ।

**चरण ३ वातावरण सुरक्षा निर्माणको क्रममा**

सबै निर्माण कार्यका लागि तयार पारीएका वातावरणीय व्यवस्थापन योजना हरेक बोलपत्र र ठेक्का सम्झौता पत्रमा समाहित हुनेछ, जुन आयोजना ब्यवस्थापन कार्यालय र एडीबीद्वारा समीक्षा गरी प्रमाणित गरेको हुनेछ । निर्माण ब्यबसायीले निर्माण कार्यको क्रममा वातावरणीय व्यवस्थापन योजनाको कार्यान्वयन सुनिश्चित गर्न वातावरण सुपरीब्यक्षक नियुक्त गर्नुपर्ने छ । निर्माण ब्यबसायीले उनीहरूको सम्झौता पत्रमा उल्लेखित सबै वातावरणीय सुधार र अनुगमन उपायहरू गर्नु पर्नेछ । सरकारले सुनिश्चित गरेका निर्माण ब्यबसायीले पालना गर्नुपर्ने आवश्यक प्रावधानहरू निर्माण सम्झौतामा समावेस गरीएको हुनेछ ।

**चरण ४ हाल चालु अवस्थामा रहेका सुविधाहरूको वातावरणीय अडिट**

सुविधाहरू समावेश गर्ने शहरी उप आयोजनाहरूको लागि जुन हाल आयोजना स्थलमा रहेका वा निर्माणाधीन वा प्रस्तावित छन्, तिनिहरुको वातावरणीय अनुपालन लेखापरिक्षण हुनेछ । वातावरणीय लेखापरिक्षणले पूर्व वा वर्तमान वातावरणीय सरोकारहरू पहिचान गर्न निर्माण स्थल मुल्याङ्कन प्रतिबेदन तयार पारीने छ जुन एडीबीको वातावरण सुरक्षा नीति अनुसार गरीने छ । प्रारम्भिक वातावरणीय परिक्षण ( IEE) ले  सुधारात्मक कार्ययोजनामा एडीबी र आयोजना अनुगमन कार्यालयले सहमति जनाउनेछ । आयोजनाले आवश्यक उपचारात्मक कार्यहरू सहित कार्यान्वयन गर्नको लागि बजेट, अनुपालना र समाधानका लागि समय सिमा तोकिएको हुनेछ । वातावरणीय लेखा परिक्षण प्रतिबेदन कार्ययोजना सहित ( यदि कुनै सुधारात्मक कार्य योजना भएमा) सार्वजनिक रूपमा ए.बि.बैंक को एसपीएस, २००९ अनुसार सर्बसाधारणलाई  उपलब्ध गराइने छ । यदि कुनै शहरी उप आयोजनामा अवस्थित सुविधाहरूको स्तरवृद्धि वा विस्तार समावेश हुदा अन्य सम्भावित वातावरण प्रभावहरू देखिएमा, अनुपालन लेखापरिक्षण साथै थप वातावरणीय मूल्याङ्कन र वातावरणीय मूल्याङ्कन खाकामा निर्दिष्ट गरीएका कार्ययोजनाहरु लागू हुनेछन् ।

**१७.२ सामाजिक सुरक्षण**

ए.वि.बैङ्कको SPS 2009 अनुसार वातावरण र सामाजिक सुरक्षाका अवधारणा अनुरूप आयोजनाको वातावरणीय मुल्याङ्कन, जैविक र प्राकृतिक स्रोत व्यवस्थापन, पेशागत तथा सामुदायिक स्वास्थ्य र सुरक्षा, भौतिक सांस्कृतिक स्रोत र प्राकृतिक तथा सामाजिक प्रदूषणको नियन्त्रण जस्ता विषयहरू प्रति गम्भीर रहेको छ ।

विगतमा नेपाल सरकारबाट जग्गा प्राप्ति र पुनर्वास/पुनःस्थापन सम्बन्धी नमुना अध्ययन गराइएका शहरहरूको अध्ययनबाट शहरी आयोजनाहरूको सरसफाइका संरचना तथा पानीपोखरी जस्ताको भौतिक संरचना निर्माण हुनका लागि थोरै मात्रामा जग्गा प्राप्त गर्नुपर्ने पाइएको छ । तर आयोजना विशेषको विस्तृत डिजाइन कार्यान्वयनमा जग्गा प्राप्त गर्नुपर्ने भएमा पुनर्वास कार्ययोजनाले खास गरी आयोजना प्रभावित स्थानीय वासीहरूको सम्पति, जीविकोपार्जन तथा आयमा पर्न गएको हानि नोक्सानीको क्षतिपूर्ति, पुनर्वासका लागि उपयुक्त स्थानको खोजी र सुविधाको बन्दोबस्त सहितको सहयोग तथा त्यसरी स्थानान्तरणका लागि प्रस्तावित स्थानमा बसोवास गराउँदा कमसेकम साबिकको जीवनस्तरमा जीवन निर्वाह गर्न सक्ने गरी पुनर्स्थापनाको व्यवस्थालाई समेटिएको छ ।

सामाजिक सुरक्षणका सम्बन्धमा प्रस्तावित आयोजनाका कृयाकलापहरूले सामाजिक वातावरणमा “कुनै हानि नगर्ने” अवधारणाले हेरिएको छ । लाभान्वित वर्ग समुदायको आशा-आकाङ्क्षामा सकारात्मक परिवर्तन ल्याउने माध्यमका रूपमा सामाजिक तथा वातावरणीय पक्षलाई समग्रतामा गरिबी न्यूनीकरण गरी लक्षित वर्गलाई आर्थिक विकासको मूलधारमा ल्याउने, जीवनयापन प्रणालीलाई स्थायित्व दिने, समता र समावेशी विकासका लागि साझेदारिताको विकास अवधारणाले एकीकृत सामाजिक तथा वातावरणीय सुरक्षाका

विषयहरू समावेश भएका छन्। यसका लागि जोखिमयुक्त लैङ्गिक, विपन्न वर्ग, अल्पसंख्यक तथा सीमान्तकृत जातजाति, दलित तथा अपाङ्गहरूलाई समावेशिताको आधारमा सुसूचित हुने, सहमत हुने, र पहुँचमा सहभागिता सहित स्थानीय स्तरमा रोजगारीको अवसर तथा महिला र पुरुषको समान ज्याला समान मूल्यांकन अवधारणा महिलाका सवालमा विशेष संवेदनशील पक्ष दृष्टिगत गरी यस आयोजनाले मूलरूपमा ध्यान दिएको छ।

सो दस्तावेज अनुसार, आयोजनाको प्रकृति अनुसार श्रेणी विभाजन गरिएको छ।

**श्रेणी - A** : यस श्रेणीमा परेका आयोजनामा पुर्नवास सम्बन्धी असरहरु देखिनेछन् जसको लागि पुर्नवास प्रतिवेदन तयार पारिने छ -जसमा आयोजनाले असर पर्ने घर परिवारको जग्गा जमिन, घर संरचनाहरुको मुल्याङ्कन गरी प्रतिवेदन तयार पारिने छ।

**श्रेणी - B** : यस श्रेणीमा परेका आयोजनामा पुर्नवास सम्बन्धी असरहरु देखिनेछन् जसको लागि पुनर्वास प्रतिवेदन तयार पारिने छ। जुन नेपाल सरकारको विधमान कानुन र ए.बि.बैंकको SPS -2009 अनुसार हुनेछ।

**श्रेणी - C** : यस श्रेणीका आयोजनाहरुमा पुर्नवास संबन्धी असरहरु देखिने छैन आयोजना माथि उल्लेखित असरहरु नपरेता पनि भोलि हुने सामान्य क्षतिले गर्दा कोहि कसैको जनजीवनमा असर पर्न सक्छ भनेर अग्रीम सतर्कता सहितको प्रतिवेदन तयार पारिन्छ (Due Diligence Report, DDR)।

**पुनर्वास योजना (Ressettlement Plan):**

श्रेणी - A मा पर्ने २०० भन्दामाथि जनसंख्यालाई असर पर्ने देखिएमा १) जस्तै-उनीहरुको घरवार वा जग्गाजमिनलाई आयोजनाले असर पुर्‍याएको कारणले उनीहरु आफ्नो बासस्थान छोडेर अन्तै वसोवास सर्नु परेको खण्डमा २) उनीहरुको आफ्नो उत्पादन दिने सम्पतीमा १०% भन्दा बढी क्षति हुने भएमा पुनर्वास योजना प्रतिवेदन तयार पारिने छ।

**Due Diligence Report (DDR)** : आयोजनामा माथि उल्लेखित जस्तै असरहरु नपरेता पनि भोलि सामान्य क्षतिले गर्दा कोहि कसैको जनजीवनमा असर पर्न सक्छ भनेर अग्रिम सतर्कता सहितको प्रतिवेदन तयार पारिन्छ।

पुर्नवास प्रतिवेदन र **DDR प्रतिवेदन** तयार पार्दा स्थानीय स्तरका सरोकारवालाहरु संग पूर्णरुपमा अर्थपूर्ण परामर्श गरिएको हुनेछ। आयोजनालाई भौतिक संरचना निर्माण गर्न चाहिने आवश्यक जग्गा प्राप्तिको लागि स्थानीयस्तरका नगरपालिका/गाउंपालिका, खानेपानी उपभोक्ता संस्थाका प्रतिनिधिहरुसंग परामर्श गरिने छ र साथै आयोजनाको वारेमा प्रस्ट पारिएको हुनुपर्ने छ। जसले गर्दा स्थानीय खानेपानीका श्रोत प्रयोग गर्दा भोली आयोजना निर्माण चरणमा विवाद नरहने गरी संपूर्ण वस्तु स्थिति प्रस्ट पारिएको हुनुपर्ने छ। स्थानीय स्तरका मुल, खोला प्रयोग गरी आयोजनालाई चाहिने पानीको मात्रा प्रस्ट खोली स्थानीयसंग गरिएको परामर्शको माईनुट उतारीएको हुनपर्ने छ। स्थानीय स्तरका गाँउपालिका/नगरपालिकाबाट कानुनि प्रकृया पुरा गरी मुहान दर्ता सहितको अनुमतिपत्र प्राप्त गर्नुपर्ने छ। सरसफाइतर्फ सार्वजनिक सौचालय, मानव मलमुत्र प्रशोधन केन्द्र निर्माण हुने स्थान वरपरका उपभोक्ता वा स्थानीयसंग अर्थपुर्ण सहभागीतामा (नगर प्रमुख, नगर उप- प्रमुख, खानेपानी समितिका पदाधिकारी आदि) परामर्श गरिएको हुनुपर्ने छ।

## १७.३ गुनासो/दुःखेसो निवारण संयन्त्र (Grievance Redress Mechanism-GRM)

१. शहरी उप आयोजनास्तरमा आएका गुनासो/दुःखेसो निश्चित समय सीमाभित्र निवारण गर्नका लागि एउटा गुनासो निवारण संयन्त्रको निर्माण गरिएको हुन्छ जसले व्यक्ति, समाज, वातावरणीय तथा आयोजना सम्बन्धी अन्य गुनासो सुन्ने, विश्लेषण गर्ने, सहजीकरण तथा निराकरण गर्ने कार्य गर्दछ।

२. गुनासो निवारण सम्बन्धमा आयोजनाले नमूनाको रुपमा गुनासो दर्ता फाराम आफ्नो वेवसाइटमा राख्नुका साथै स्थानीय भाषामा प्रकाशन गरी प्रत्येक उपभोक्ता संस्था/स्थानिय सरकार, कार्यालयमा

होर्डिङ बोर्ड सहित राख्ने व्यवस्था गर्नुपर्दछ। आयोजना व्यवस्थापन कार्यालयमा कार्यरत वातावरणीय तथा सामाजिक सुरक्षण अधिकारी (ESO/SSO) वातावरणीय तथा सामाजिक सुरक्षण सम्बन्धी गुनासो समयमै निवारणका लागि जिम्मेवार रहनेछन्। क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयमा कार्यरत सामाजिक विकास अधिकृत स्थानीय स्तरको गुनासो निवारण सहजीकरणका लागि फोकल व्यक्ति रहनेछन्।

३. आयोजना कार्यान्वयन लगायत गुनासो/दु:खेसो निवारण सम्बन्धी जनचेतना कार्यक्रम आयोजना स्थलमा नियमित रुपमा संचार तथा जनसाझेदारी योजना अन्तर्गत संचालन हुनुपर्नेछ। आयोजना अन्तर्गत व्यवस्था तथा गुनासो निवारण सम्बन्धमा सरोकारवालाका साथै गरीब तथा जोखिममा रहेका वर्ग समुदाय सचेत हुन् भन्नका लागि आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चतता परामर्शदाता (PMQAC), तथा डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता (DSMC) मा कार्यरत सामाजिक तथा वातावरणीय सुरक्षण विज्ञले सहजिकरण गर्ने, सुसुचित गर्ने व्यवस्था गरिएको छ।

४. उपभोक्ता संस्था स्तरमा गठन हुने गुनासो/दु:खेसो निवारण समिति (GRC) मा उपभोक्ता समितिका अध्यक्षले अध्यक्षता गर्ने र अन्य सदस्यहरुमा फिल्ड ईन्जिनियर, क्षे.आ.व्य.का सुपरिबेक्षण अधिकारीहरु, निर्माण व्यवसायी, डि.स.व्य.प का कर्मचारीहरु, सामाजिक परिचालकहरु र गुनासो गर्ने पक्षबाट रहने छन्।

गाउँ/नगर पालिका स्तरमा गठन हुने गुनासो/दु:खेसो निवारण समिति (GRC) मा गाउॅपालिका अध्यक्ष वा नगरपालिकाको मेयरले नै अध्यक्षता ग्रहण गर्ने र सम्बन्धित क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयका आयोजना प्रमुखले सचिवको रुपमा कार्य गर्ने व्यवस्था छ । सदस्यको रुपमा (क) खा.पा.उ.स.स को सचिब (ख) क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयका ईन्जिनियर (ग) क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयका सामाजिक विकास अधिकारी/ वातावरणीय अधिकारी (घ) प्रभावित व्यक्तिहरुको प्रतिनिधि (ङ) डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदातृ संस्थाका सामाजिक / वातावरणीय सुरक्षणविज्ञ च) आयोजना क्षेत्रमा कार्यरत प्रतिष्ठित सामुदायिक संघसंस्थाका प्रतिनिधि (आमन्त्रित) (छ) आयोजना निर्माण व्यवसायीको प्रतिनिधि रहनेछन्। गुनासो निवारण समितिको मिटिङ तथा माइन्यूटका लागि यसै समितिका सचिवको जिम्मेवारी रहनेछ। गुनासो निवारण समितिमा दुईजना महिला सदस्य हुन अनिवार्य छ भने नागरिक समाज तथा अन्य सम्बन्धित निकायबाट पर्यवेक्षकको रुपमा पनि आमन्त्रण गर्न सकिने छ। स्थानीय आदिबासीहरुमा असर पर्ने भएमा कम्तिमा १ जना आदिबासी महिला सहितको प्रतिनिधि हुनुपर्नेछ।

५. **स्थानीय गुनासो/ दु:खेसो निवारण समिति (GRC) का प्रमुख कार्यहरु निम्न छन् :**

- प्रभावित व्यक्तिलाई परेको समस्या न्यूनिकरण गर्न या समाधान गर्न सघाउने तथा क्षतिपूर्तिको व्यवस्था गर्ने।
- प्रभावित व्यक्तिको नामावली संकलन गरी प्राथमिकताका आधारमा त्यसको समाधान १५ दिनभित्र हुनेगरी कार्यान्वयन गर्ने।
- आफूले गरेका निर्णय तथा निवारण सम्बन्धमा प्रभावित व्यक्तिहरुका सुझाव सल्लाह लिई सुनिश्चितता गर्ने।

६. **गुनासो/दु:खेसो निवारणका तहहरु:**

- **प्रथम तह (खानेपानी उपभोक्ता संस्था तह)** : प्रथम तहको दु:खेसो निवारणको यो चरणमा सबैभन्दा पहिले उपभोक्ता संस्थामा यथासम्भव छिटो गुनासो सम्बन्धी सूचना दिनुपर्दछ। यसका साथै प्रभावित पक्षका तर्फबाट क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयको आयोजना स्थलमा कार्यरत फिल्ड अफिसमा यसको लिखित जानकारी दिने। फिल्ड अफिसले गुनासोको जानकारी प्राप्त भएको २४ घण्टाभित्र त्यसको रेकर्ड राखी उपभोक्ता संस्थालाई जानकारी दिने। उपभोक्ता संस्था/गाउॅपालिका वा नगरपालिकाको समस्याको निराकरणका लागि निर्माण व्यवसायी, क्षे.आ.व्य.का.का निरीक्षण अधिकारी, डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्श संस्थाका इन्जिनियरसंग समन्वय गरी

गुनासो सम्बन्धी जानकारी पाएको पाँच दिनभित्र त्यसको निवारण गर्ने । डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदातामा कार्यरत सामाजिक परिचालिकाले यसकार्यको जानकारी र दस्ताबेज राख्नु पर्ने हुन्छ जसमा (क) प्रभावित व्यक्तिको नाम, ख) उजुरी प्राप्त मिति, (ग) उजुरीको प्रकृति, (घ) स्थान, (ङ) गुनासो कसरी निवारण गरियो तर यदि गुनासो स्थानीय स्तरबाट ५ दिनभित्रमा निवारण हुन सकेन भने खानेपानी उपभोक्ता संस्थाले उक्त गुनासो सम्बन्धित गाउँ/नगर पालिकामा पठाउनु पर्छ जहाँ दोस्रो तहको गुनासो/दु:खेसो निवारण समितिले त्यसको टुंगो लगाउनेछ ।

- **दोस्रो तह (गाउँपालिका/नगरपालिका):** खानेपानी उपभोक्ता संस्थाले निवारणका लागि पठाएको गुनासो उपर गाउँ/नगरस्तरीय गुनासो निवारण समितिले मिटिङ आयोजना गरी स्थानीय स्तरमा गुनासो प्राप्त भएको १० दिनभित्र गुनासो निवारण गर्नुपर्दछ । यदि १० दिनभित्र पनि गुनासो निराकरण नभएमा यसलाई तेस्रो तहमा पठाउनुपर्दछ । गाउँ वा नगरपालिका प्रमुखको अध्यक्षतामा यो दोस्रो तहको समिति गठन भएको हुन्छ ।
- **तेस्रो तह (आयोजना व्यवस्थापन कार्यालय):** गाउँपालिका वा नगरपालिका स्तरमा निराकरण गर्न नसकिएका समस्या अन्तिम समाधानका लागि आयोजना व्यवस्थापन कार्यालयमा आउँछन् । आयोजना व्यवस्थापन कार्यालयमा आएका समस्याउपर आयोजना निर्देशक, नेपाल आदिबासी जनजाति महासंघका प्रतिनिधि, सम्बन्धित उप-आयोजना निर्देशक, बातावरण तथा सामाजिक विकास अधिकृत बसी समस्याको निवारण गर्नेछन् । यसप्रकारको समस्या निवारण गर्ने समय स्थानीय तहमा उजुरी प्राप्त भएको १५ दिनभित्र हुनुपर्नेछ । आ.व्य.का.मा कार्यरत सामाजिक सुरक्षण अधिकृतले आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता (PMQAC) टोलीका वातावरणीय तथा सामाजिक सुरक्षण विज्ञको सहयोग लिई गुनासो निवारणको अन्तिम निर्णय गुनासोकर्ता समक्ष पुऱ्याउनु पर्दछ ।

गुनासो/दु:खेसो निवारण संयन्त्र चित्र नं ४ मा प्रस्तुत गरिएको छ ।

**चित्र नं. – ४**
**गुनासो निवारण प्रक्रिया**




- गुनासो/ दुःखेसो निवारण समितिको साथसाथै गुनासोकर्ता राज्यको कानुनी निकाय समक्ष कुनै पनि समयमा आफ्नो गुनासो राख्न सक्नेछन् । दुबैको काम कारबाही संगसंगै जान सक्दछ ।
- यदि आयोजनाको गुनासो/दुःखेसो निवारण संयन्त्रबाट गुनासोको निवारण हुन नसकेमा गुनासोकर्ता ए.वि.बैंकको उत्तरदायीत्व संयन्त्र (Accountability Mechanism) मार्फत आफ्नो गुनासो पुऱ्याउन सक्नेछन ।
- आ.ब्य.का का सामाजिक सुरक्षण अधिकारीले बेला बेलामा गुनासो/दुःखेसो निवारण समितिबाट भए गरेका कार्यहरुको प्रभावकारीता सम्बन्धमा पुनराबलोकन गर्नेछन् । प्रत्येक मासिक तथा त्रैमाशिक प्रगति प्रतिबेदनमा गुनासोहरुको अबस्था उल्लेख गरेको हुनुपर्नेछ ।
- गुनासो/ दुःखेसो निवारण कार्यमा हुन आउने खर्च (मिटिङ्ग, छलफल, संचार, सुचना आदि) स्थानीय स्तरमा उपभोक्ता संस्था, नगरपालिका स्तरमा नगरपालिका र केन्द्रियस्तरमा आ.ब्य.का बाट ब्यहोर्नेछन् ।

## १७.४ लैङ्गिक समानता र सामाजिक समावेशी कार्यक्रम

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले लैङ्गिक समानता र सामाजिक समावेशी कार्यक्रमलाई एउटा महत्वपुर्ण अङ्गको रुपमा समावेश गरेको छ । लैङ्गिक समानता र सामाजिक समावेशी कार्ययोजना भित्र विभिन्न क्रियाकलापहरु, सुचक, परिणाम, समयावधि आदि समेत उल्लेख गरिएको छ ।

आयोजनाको अवधारणा तथा संलग्नता प्रत्यक्ष रुपमा दीगो तथा सुधारिएको खानेपानी तथा सरसफाइमा केन्द्रित रहेको छ । साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई अवलम्बन गरेर दीगोपन तथा सबै वर्गलाई सेवा पहुँचको सुनिश्चितता पनि गर्दछ । खानेपानी आपुर्ति तथा सुधारिएको सरसफाइ पुर्वाधारमा सबै वर्गको सहभागिता तथा समान पहुँच प्रदान गर्दछ । आयोजना क्षेत्रभित्रका सबै गरिब, जोखिमयुक्त वर्ग, एकल महिला, दलित, आदीबासीहरु तथा अल्पसंख्यक वर्गहरु सेवाबाट नछुटुन र लाभान्वित हुन सकुन भन्ने उद्देश्य साथ सरसफाइको पहुँचको लागि प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रम संचालन हुनेछ भने छनौट भएका त्यस्ता वर्गलाई निशुल्क धारा जडानको व्यवस्था रहेको छ । बिषेश गरी महिलाहरुले पानी संकलन र व्यवस्थापन गर्दा र सरसफाइ सुविधामा प्रतिदिन लाग्ने औषत् समय घट्न गई लाभान्वित हुनेछन् भन्ने विश्वास लिइएको छ ।

यस आयोजनाले सबै गरिब, महिला र जोखिमयुक्त वर्गहरुलाई आयोजना संबन्धी छलफल, परामर्श तथा अभिमुखिकरण तालिम आदिमा अनिवार्य रुपमा समावेश गर्ने प्रावधान विकास गरेको छ । यस्ता कार्यक्रममा प्रभावकारी रुपमा आयोजनाको बारेमा जानकारी, सहभागिता, सेवाको स्तर, निर्माण कार्यमा त्यस्ता वर्गको सहभागिता सुनिश्चितता, स्रोत संरक्षण  तथा स्वास्थ्य र सरसफाइ संबन्धी व्यवहार परिवर्तन आदि विषयमा सुसुचित गराइ जनचेतना अभिवृद्धि गरी दीगोपनको लागि कार्यहरु अगाडि बढाइएको छ ।

महिला सशक्तिकरणका लागि प्रत्येक शहरी आयोजनाबाट दुई जना समितिका कार्यकारी सदस्यहरुलाई नेतृत्व विकास र  वाश (खानेपानी, स्वास्थ्य र सरसफाइ) क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशी बारेमा तालिम प्रदान गरिने प्रावधान रहेको छ । विद्यालय स्तरमा छात्राहरुको महिनावारी स्वच्छता बारेमा अभिमुखिकरण तालिम गोष्ठी समेत कार्यक्रमका समेटिएको छ ।

आयोजनाले प्रत्येक शहरी आयोजनाको सामाजिक आर्थिक सर्वेक्षण मार्फत आधारभुत तथ्यांकहरु संकलन गर्ने छ । जात/जाति, जनजाति, दलित, आदीबासी लगायत महिला, गरिब, पिछडिएको वर्ग, सामाजिक रुपले वहिस्कृत वर्ग, एकल महिला, अल्पसंख्यक वर्ग आदिको खण्डीकृत तथ्यांक संकलन गरिने छ । यी तथ्यांकहरु आयोजनाको मध्यावधिक तथा सम्पन्न भए पश्चात परिणामहरुको जानकारी हासिल गर्न तथा अनुगमन गर्न प्रयोग गरिनेछन् । शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले लैङ्गिक समानता र सामाजिक समावेशी कार्ययोजना विशेष लक्ष्य तथा सुचक सहित समावेश गरेको छ । यसबाट गरिब वर्ग, महिला, पिछडिएको वर्ग, जोखिममा पर्नसक्ने वर्ग आदि लाभान्वित हुनेछन् भन्ने आशा गरिएको छ । यस्ता कार्यक्रमहरुको केन्द्रबाट आयोजना व्यवस्थापन कार्यालय र आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता (PMQAC) ले कार्यान्वयनको सुनिश्चितता गर्नेछन् भने क्षेत्रीय तहमा भने क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय सँगै क्षेत्रीय परामर्शदाताले गर्नेछन् ।

**क. महत्व र आवश्यकता :** कुनै पनि विकास निर्माण आयोजनाहरू जनहितका लागि परिलक्षित हुनुका साथै परिवर्तन तथा सुधारका आधार पनि हुन् । सबै वर्गको समान तथा समानुपातिक सहभागिताबाट आयोजनाको प्रभावकारी कार्यान्वयन, संचालन, अपनत्व, मर्मतसम्भार लगायत लाभमा समान वितरण र पहुँच  आदि दिगोपनाका आधार हुन् ।

विकासका परिवर्तनकारी प्रक्रियाहरू संगसंगै महिला तथा जनजाति, दलित, अल्पसङ्ख्यक तथा विपन्नवर्ग, जोखिमयुक्त वर्गहरूको न्यायोचित सहभागितालाई आयोजनाले महत्व दिएर अपनत्व तथा दीगोपनको लागि आधार मानेको छ । ती वर्गहरूलाई सशक्तीकरण गरी अधिकार सम्पन्न बनाउनका लागि पारस्परिक सहयोग र सहमति, छलफल तथा निर्णय प्रक्रिया लगायत विकास निर्माणमा सहभागिता आदिले सरकारी योजना र

रणनीतिलाई टेवा पुग्नेछ। समानता र समानुपातिक आधारमा विकास निर्माणका विकल्प छनोट र तर्जुमा, कार्यान्वयन, मर्मतसम्भार आदि सबै चरण र प्रक्रियामा लिङ्ग, जातजाति, दलित, धार्मिक अल्पसङ्ख्यक, जोखिमयुक्त तथा विपन्न वर्गहरूलाई समानुपातिक आधारमा सहभागी गराउनु आयोजनाको उदेश्य रहेको छ।

नेपाल सरकार तथा साझेदार एशियाली विकास बैङ्कले लैङ्गिक समानता तथा सामाजिक समावेशी अवधारणालाई महत्वपुर्ण तथा अनिवार्य आवश्यकताका रुपमा आयोजनाको आरम्भबाट नै अबलम्बन गर्ने नीति लिएको छ।

**ख. महिला र खानेपानी तथा सरसफाइ अन्तर्सम्बन्धको विश्लेषण:** हाम्रो समाजमा बिशेष गरी पानी र सरसफाइका क्रियाकलापसँग महिलाको अन्योन्यास्रित सम्बन्ध रहेको पाइन्छ। महिलाले पानी भरेर, बोकेर ल्याउने, उचित प्रयोग, व्यवस्थापन, भण्डारणमा समेत भुमिका रहेको छ। यस्ता कार्यबाट दैनिक धेरै समय खर्च हुने तथा आर्थिक-सामाजिक क्रियाकलापमा समेत असर गर्ने भएकाले बिषेशतः महिला तथा केटाकेटीहरु बढी प्रभावित भएका पाईन्छन्।

परिवारका सदस्यहरूको स्वास्थ्य र सरसफाइ लगायत पकाउने तुल्याउने, साना केटाकेटीहरूलाई खुवाउने, पानीको प्रयोग गरी सरसफाइ आदि काममा ध्यान दिने भएकाले यस आयोजनाले लैङ्गिक विश्लेषण गरी महिलावर्गको सहभागितालाई महत्व दिएको छ। साथै समुदायमा विद्यमान श्रम र समय विभाजन, स्रोतसाधनको उपलब्धता, परिचालन, नियन्त्रणमा पहुँच र नियन्त्रणको अधिकार, निर्णय प्रक्रियामा महिलाको भुमिका, लाभान्वित वर्ग आदि विषयमा समेत विश्लेषण गरी आवश्यक कार्यक्रम संचालन गरिने छ।

सामाजिक आर्थिक विवरणबाट आयोजना क्षेत्रका उपभोक्ताहरूको सामाजिक आर्थिक स्थिति, महिलाको आवश्यकता, सोच र निर्णय प्रक्रियामा पहुँच र सहभागिता, स्वास्थ्य र सरसफाइको स्थिति, खानेपानीको मौजुदा अवस्था, उपभोक्ताहरूको चाहना, क्षमता र सामर्थ्य आदि क्षेत्रहरू समेटिएको लैङ्गिक तथा सामाजिक समावेशी आधारमा खण्डीकृत (Disaggregated) सूचनाहरू संकलन गरीने छ। साथै प्राप्त तथ्यांकको आधारमा लैङ्गिक तथा सामाजिक समावेशी बारेमा विश्लेषण समेत गरिने छ।

खानेपानी तथा सरसफाइबाट हुने आर्थिक अवस्था र सामाजिक स्तर सुधारमा आयोजनाले प्रत्यक्ष वा परोक्ष प्रभाव पार्ने भएकाले महिला तथा केटाकेटीको जीवनमा समेत आयोजनाले सकारात्मक परिणाम ल्याउने अपेक्षा गरिएको छ।

**ग. महिला तथा पिछडिएका वर्गको प्रतिनिधित्व सम्बन्धी प्रावधान :** खानेपानी तथा सरसफाइ क्षेत्र महिलाहरूको लागि विशेष सरोकारको क्षेत्र भएकाले उपभोक्ता समितिमा कम्तीमा ३३ प्रतिशत प्रतिनिधित्व गराउने प्रावधान रहेको छ। साथै कम्तिमा एकजना महिला अनिवार्य पदाधिकारी पदमा राख्नुपर्ने प्रावधान राखिएको छ। यसरी प्रतिनिधित्व गराउँदा पिछडिएको, जोखिमयुक्त तथा दलित वर्ग आदिलाई पनि विशेष ध्यान दिइने व्यवस्था गरिएको छ। साथै आरम्भदेखि नै हरेक चरणमा महिला तथा गरिब र पिछडिएको वर्गको सहभागिता अर्थपूर्ण र प्रभावकारी बनाउन अनुकूल वातावरण तयार गरी सकारात्मक परिवर्तनका लागि संबन्धित सरोकारवालाहरु समन्वय हुन आवश्यक रहेको छ। आयोजना छनौट, निर्माण, संचालन तथा मर्मत संभार लगायत विभिन्न छलफल, गोष्ठी, तालिम, जनचेतना अभियान आदिमा अनिवार्य रुपमा महिला, पिछडिएको, जोखिमयुक्त, दलित वर्ग आदिको सहभागिता र सक्रियतालाई बढाई सक्रिय बनाउने आयोजनाले नीति रहेको छ।

**घ. लैङ्गिक तथा सामाजिक समावेशी सहभागिताका लागि अबलम्बन रणनीति तथा गर्नुपर्ने क्रियाकलापहरु :**

आयोजनाले लिएको लैङ्गिक समानता तथा सामाजिक समावेशी रणनीति अनुसार विभिन्न क्रियाकलापहरु संचालन गरिने छ। आयोजनाले लैङ्गिक समानता तथा सामाजिक समावेशी आधारमा जातजाति र जनजातिहरू, दलित, विपन्न, जोखिमोन्मुख वर्ग तथा धार्मिक अल्पसङ्ख्यक र सीमान्तकृत तथा जोखिममा रहेका वर्ग-समुदाय, महिला वर्ग समेतलाई सक्रिय रुपमा मुख्य निम्न क्रियाकलापहरुमा सग्लग्न गर्ने रणनीति लिएको छ।

- छलफल र निर्णय प्रक्रियामा सहभागिताः आयोजनाको सबै चक्रहरुमा, प्रारम्भिक चरण, आयोजना छनोट, तर्जुमा, निर्माण, संचालन र मर्मत सम्भार आदिमा सहभागिता रहने छ ।
- उपभोक्ताका तर्फबाट हुनुपर्ने योगदान, सहभागिता, पानीको सेवा महसुल निर्धारण तथा जरिवाना तोक्ने लगायत अनुदान प्राप्त गर्ने आधार जस्ता महत्वपुर्ण विषयहरूको छलफल तथा निर्णयहरूमा महिला तथा पिछडिएको वर्गको प्रतिनिधित्व र सहमति आवश्यक रहने छ ।
- छलफल, परामर्श, अभिमुखिकरण/तालिममा सहभागिताः विभिन्न तालिम तथा अभिमुखीकरण गोष्ठीमा सहभागिता अनिवार्य रुपमा गराउने छ ।
- प्रतिफलमा आधारित अनुदान सहयोग तथा निशुल्क धारा जडान कार्यक्रममा सहभागिता : प्रतिफलमा आधारित अनुदान सहयोग तथा निशुल्क धारा जडान कार्यका लागि छलफल, छनोट, मोडालिटी तय तथा निर्माणमा समेत सक्रिय सहभागिता गराइने छ ।
- निर्माण कार्यमा स्थानीयलाई रोजगारीको अवसरः स्थानीय महिला तथा पिछडिएका.वर्गहरुलाई रोजगारीको अबसर दिइने छ ।
- खानेपानी उपभोक्ता तथा सरसफाइ समिति ९ जनाको हुने र सो मध्ये कम्तिमा ३ जना महिला सदस्यहरु रहने प्राबधान रहेको छ । महिला सदस्यहरु मध्येबाट कम्तिमा १ जना सदस्य प्रमुख पदाधिकारी पदमा रहने छन् । संस्था/समितिको क्षमता विकासमा सहयोग गरी अझ सक्रिय र सक्षम बनाइने छ । विभिन्न क्षमता विकास, शीप विकास आदि तालिमहरुका सहभागिता गराइने छ ।
- खानेपानी, सरसफाइ र स्वास्थ्य जनचेतना, स्वास्थ्य आचरण परिवर्तन आदि बारे जनचेतना अभियानमा सहयोग र सहभागिता रहने छ ।
- आयोजनाको सञ्चालन तथा मर्मतसम्भारका लागि चाहिने प्राविधिक जनशक्तिहरूः जस्तै पम्प अप्रेटर, मिटर रिडर, मर्मतसम्भारकर्ता जस्ता पदका लागि सकेसम्म महिला, जोखिममा परेका वर्गहरू, दलित, विपन्नवर्ग, धार्मिक अल्पसङ्ख्यक आदिबाट प्राथमिकता दिइने छ ।

**ङ. लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना अनुसार प्रस्तावित क्रियाकलापहरुः**

आयोजनाले लिएको लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना अनुसार विभिन्न क्रियाकलापहरु तर्जुमा गरिएका हुन्छन् । पछाडि परिशिष्टमा लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना **(GESI Action Plan, GESI AP)** राखिएको छ जसमा विस्तृत क्रियाकलापहरु, सुचक, समयतालिका, सरोकारवालाहरु तथा समयाबधि समेत दिइएको छ ।

(क) **तालिम, अभिमुखिकरण, छलफल तथा परामर्श क्रियाकलापहरुः**

**१. आयोजना सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा परामर्श कार्यक्रम संचालन** : हरेक शहरी आयोजनाहरुमा आयोजना संबन्धी अभिमुखिकरण तथा परामर्श छलफलहरुमा स्थानिय समुदायको सहभागिता गराइने छ । कम्तिमा ३३% महिला र २५% पिछडिएका र जोखिमयुक्त वर्गहरु अनिवार्य रुपमा सामेल गर्नुपर्ने छ । आयोजनाको बारेमा विभिन्न जानकारी, सुचना साथै सामाजिक र वातावरणीय, पुनर्वास, धारा जडान लागत, महशुल निर्धारण र गरिब घरधुरीहरु लागि सहयोग लगायत बिषयका परामर्श तथा छलफलमा सहभागिता गराइने छ ।

**२. राष्ट्रिय Core Labor Standards (CLS) तथा कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा सम्बन्धी (Occupational Health & Safety Standards) अभिमुखिकरणः** प्रत्येक शहरी आयोजनाहरुमा राष्ट्रिय कोर लेबर स्टाण्डर्ड (CLS), ज्यालामा लैङ्गिक समानता, लैङ्गिकताको आधारमा हिंसा (यौनिक हिंसा तथा मानब बेचबिखन), आदि बारेमा सबै निर्माण व्यवसायी तथा श्रमिकहरुलाई अभिमुखिकरण प्रदान गरीने छ । साथै सरोकारवालाहरु पनि कार्यक्रममा समावेश गरिने छ ।

**३. स्वास्थ्य र सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि अभियान (PAC)** : आयोजनाक्षेत्रका जनताहरूको चेतना र ज्ञान अभिवृद्धिका लागि स्वास्थ्य र सरसफाइ सम्बन्धी विभिन्न जानकारी तथा सुचनाहरूको प्रभावकारी प्रचारप्रसार अत्यावश्यक रहेको छ । यही आवश्यकता परिपूर्तिका लागि तोकिएको डिजाइन सुपरिवेक्षण तथा

व्यवस्थापन परामर्शदातृ संस्थाले स्थानीय महिला तथा युवा क्लबका सदस्य, आमा समुह, सामुदायिक बन समुह, सामाजिक कार्यकर्ता, शिक्षक तथा स्वयम्सेवकहरूलाई समेत परिचालन गरी जनचेतना अभियान सञ्चालन गर्नेछन् । स्थानीय सरकार/खा.पा.उ.स.स.संग समेत प्रभावकारी समन्वय गरी अभियानहरू सञ्चालन गरीने छ । पानीको उचित संरक्षण, दीगो स्वास्थ्य र सरसफाइ व्यवहारका अभ्यासहरू बारे चेतना अभिवृद्धि गरिने छ । पानीजन्य र सरसफाइको अभावमा लाग्ने सरुवा रोगहरू (झाडापखाला, आउँरगत, म्यादेज्वरो आदि), रोग सर्ने माध्यम र रोकथाम गर्ने उपायहरू, चर्पीको महत्व र आवश्यकता, व्यक्तिगत-वातावरणीय-घरायसी आदि सरसफाइ आदि स्वास्थ्य र सरसफाइका विषयहरूमा व्यापक रुपमा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरिनेछन् ।

अभियानकार्यहरूले घरभेट, समूह बैठक, सडक नाटक, र्‍याली, अभियान, पोस्टर, ब्यानर, निबन्ध प्रतियोगिता, भिडियो प्रदर्शन, नगर, टोल, कार्यालय तथा विद्यालयहरूमा सरसफाइ गर्नेजस्ता कार्यहरू गरी स्वास्थ्य र सरसफाइ सम्बन्धी विभिन्न उपयुक्त सन्देश, पम्प्लेट, बुकलेट, पुस्तिका आदि वितरण तथा प्रचारप्रसार गरिने छ । आयोजनाले कम्तिमा पनि १ लाख जनसमुदाय माझ जनचेतना अभियानको पहुँच पुर्‍याउने लक्ष्य राखेको छ । साथै यस्ता कार्यक्रमहरुमा महिलाको सहभागिता न्युनतम पनि ५०% हुनुपर्ने कार्ययोजनामा रहेको छ ।

यस्ता कार्यक्रमहरु विश्व पानी दिवस, विश्व चर्पि दिवस, विश्व वातावरण दिवस तथा यस्तै विविध उपयुक्त अवसरमा संचालन गरेर जनचेतनामुलक अभियानको प्रभावकारीता अझ अभिवृद्धि गर्न सकिन्छ । यो कार्यक्रम नियमित रुपमा संचालन हुने छ ।

**४. खानेपानी, सरसफाइ स्वच्छता (WASH) लगायत महिनावारी स्वच्छता सम्बन्धी अभिमुखिकरण तालिमः** पानी, स्वास्थ्य तथा सरसफाइ र किशोरीहरुको महिनावारी स्वच्छता सम्बन्धी सुसुचित गराउन सार्वजनकि प्राथमिक विधालय तथा माध्यमिक विधालयमा तहमा संचालन गरिने छ । हरेक शहरी आयोजनामा कमसेकम २ विधालयमा सो कार्यक्रममा संचालन गरिने छ ।

**५. WASH क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता (GESI) प्रावधान तथा नेतृत्व विकास तालिम (GESI in WASH & Leadership)** : प्रत्येक शहरी आयोजनाका उपभोक्ता समितिबाट २ जनाका दरले महिला सदस्यहरुलाई पानी, स्वास्थ्य तथा सरसफाइ सहित नेतृत्व तथा क्षमता विकासका लागि तालिम प्रदान गरिने छ । लैङ्गिक समानता र सामाजिक समावेशी लाई कसरी खानेपानी, स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा अबलम्बन गरिएको छ ? कसरी क्षमता विकास गर्न सकिन्छ ? आदि तालिमको मुल उदेश्य रहेको छ ।

**६. शीप विकास तालिम तथा रोजगारीको व्यवस्था :** हरेक शहरी आयोजनाहरुबाट कम्तिमा १ महिला र जोखिमयुक्त वर्गबाट १ जनालाई CTEVT अन्तर्गत प्रथम तहको Plumbing Training मा सामेल गराउने छ । National Skill Testing Board (NSTB) or CTEVT बाट सीप परिक्षण गरीने छ । सीप परिक्षण सफल भएपछि रोजगारीको लागि कमसेकम १ जनालाई निर्माणाधिन आयोजनामा मौका दिइने छ । आयोजना निर्माण पश्चात नियमित रुपमा त्यहिनै जागिरको व्यवस्थापन गरिने प्रावधान रहेको छ ।

**७. Smart Utility Management & Leadership तालिम :** प्राविधिक तथा व्यवस्थापकीय हिसाबले बदलिदो प्रविधि र परिवर्तित अबस्थामा समयानुकुल व्यवस्थापन तथा सक्षम नेतृत्व प्रदान गर्नका लागि यो तालिम महत्वपुर्ण रहेको छ । सबै सरोकारवालाहरु एकै मञ्चमा रहदा अझ कार्यशैलीमा एकरुपता, अपनत्वपन, जवाफदेहिता तथा पारदर्शिता बढने भएकोले पनि यो तालिमको प्रावधान राखिएको हो । खानेपानी तथा ढल व्यवस्थापन विभाग, नगर विकास कोष, शहरी आयोजनाका खानेपानी तथा सरसफाइ समितिहरु, नगरपालिका आदिका कम्तिमा ६६ जना महिला कर्मचारीहरुलाई Smart Utility Management & Leadership विषयको तालिममा सहभागि गराइने छ । हरेक शहरी आयोजनाहरुबाट कम्तिमा १ महिला र जोखिमयुक्त वर्गबाट १ जनालाई समेत समेटिने प्रावधान रहेको छ ।

**(ख) सेवा वितरण तथा सार्वजनिक शौचालय निर्माण :**

१. प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रम र निशुल्क धारा जडान : सुचक अनुसार छनौट भएका ८,००० घरधुरीमा चर्पि निर्माण गरिने छ भने १०,००० घरधुरीमा धारा जडान निर्माण गरीने छ; जसमा १००% गरिब तथा जोखिमयुक्त महिला घरमुली भएका घरधुरी समावेश गरिने प्रावधान रहेको छ । साथै आयोजनाको सेवाक्षेत्र भित्रका प्रति महिलाले प्रति दिन औषत् पानी संकलन गर्न लाग्ने समय घटाएर शुन्यमा ल्याउने समेत लक्ष्य राखिएको छ ।

२. २० वटा सार्वजनिक शौचालय निर्माण : २० वटा सार्वजनिक शौचालय प्रशस्त ठाउँ सहितको लैङ्गिक आधारमा फरक फरक (Sex segregated) निर्माण गरीने छ । शहरी आयोजनाहरुमा सार्वजनिक स्थानमा बन्ने वाश (WASH) संरचनाहरुको डिजाइन शारिरिक असक्त व्यक्तिहरुको (Differently-abled) लागि उपयुक्त तथा सहज हुने किसिमको बनाइने छ ।

**(ग) संस्थागन सहयोग तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीता :**

१. वाश योजना (WASH Plan) लगायत लगानीका लागि प्राथमिकिकरण : २० वटा शहरी आयोजनाहरु समाबेश भएको गाँउ/नगरपालिकाको वाश योजना (WASH Plan) र लगानीका प्राथमिकिकरण गरेका सबै क्षेत्रमा GESI अबधारणा (Approaches) अनुसार लैङ्गिक समानता र सामाजिक समावेशीता अपनाइने छ ।

२. समावेशी रुपमा उपभोक्ता समिति गठन : खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका सदस्यहरुमा ३३% महिलाको प्रतिनिधित्व रहने साथै पिछडिएको वर्ग, जोखिमयुक्त वर्गको समेत प्रतिनिधित्व रहने व्यवस्था रहेको छ । अनिवार्य रुपमा ३३% महिला सदस्यहरु र त्यस मध्ये कम्तिमा पनि १ जना पदाधिकारीमा रहने प्रावधान रहेको छ ।

३. भविष्यमा लगानीका लागि जलवायु उत्थानशील (Climate Resillient) आयोजना तयारी : लैङ्गिक समानता र सामाजिक समाबेशी अवधारणा (GESI Approach) लाई भविष्यमा लगानीका लागि तयारी गरिने कम्तिमा १५ वटा जलवायु उत्थानशील आयोजनाहरुमा समाबेश गरीने छ । आयोजनाहरुको प्रभावकारी कायान्वयान तथा दीगोपनका लागि तयारी अवस्थामा नै विशेष ध्यान दिएर यो अवधारणालाई अबलम्बन गर्ने प्रावधान राखिएको छ ।

**(घ) निर्माण कार्यमा रोजगारीको अबसर:**

गरिव तथा महिला/पुरुषलाई रोजगारीको समान अवसर प्रदान गर्न निर्माण कार्य कार्यान्वयन गर्दा निर्माण व्यवसायीले कम्तिमा पनि श्रमिक मध्येमा १५% महिलाहरुलाई निर्माण कार्यमा लगाइ रोजगारी दिनुपर्ने प्रावधान रहेको छ । गरिव, जोखिमयुक्त वर्ग तथा महिला/पुरुषलाई रोजगारीको समान अवसर प्रदान गर्नु पर्नेछ । साथै समान कामको लागि महिला/पुरुषले समान ज्याला उपलब्ध गराउनु पर्ने प्रावधान राखिएको छ ।

साथै कामगर्ने कार्यस्थलको सुरक्षामा विशेष ध्यान दिनुपर्ने छ । खानेपानीको व्यवस्था, महिला र पुरुषको फरक फरक चर्पि, कामदारका लागि सुरक्षित र सुविधायुक्त क्याम्प, कामगर्दा प्रयोग गर्ने व्यक्तिगत सुरक्षाका सामानहरु (बुट, पञ्जा, हेलमेट आदि) को उचित व्यवस्था समेत भएको हुनुपर्ने छ ।

**(ङ) खण्डिकृत तथ्याङ्क संकलन तथा व्यवस्थापन:** सामाजिक आर्थिक सर्वेक्षणबाट शहरी आयोजनामा लैङ्गिक, जाति–जनजाति, गरिब, जोखिमयुक्त, अल्पसख्यक वर्गको पहिचान गर्ने, घरमुली आदि लगायतको खण्डिकृत तथ्यांक व्यवस्थित गर्ने प्रावधान रहेको छ । साथै वर्तमान खानेपानीको अवस्था, स्वास्थ्य र सरसफाइको स्थिति, पानीजन्य तथा अन्य रोगहरुको स्थिति लगायतको समेत तथ्यांक व्यवस्थित गरीने छ । आयोजनाको बेसलाईन तथ्यांकको आधारमा मध्यकालिन तथा आयोजनाको निर्माण पश्चात लाभान्वितहरुको अध्ययन गर्न सहयोग पुग्ने छ । साथै को-को लाभान्वित भए ? लक्ष्य अनुसार परिणाम प्राप्त भयो भएन ? आदि प्रश्नहरुको जवाफ समेत यसबाट प्राप्त गर्न सकिने छ । त्यसकारण नियमित तथा निरन्तर रुपमा रुपमा तथ्याङ्क संकलन तथा व्यवस्थापनको कार्य भइरहने छ ।

**१७.५ प्रतिफलमा आधारित अनुदान सहयोग तथा निशुल्क धारा जडान छनोट र कार्यान्वयन प्रक्रिया** : गरिब, पिछडिएको वर्ग, जोखिमयुक्त वर्ग, एकल महिला, दलित आदिलाई सेवाबाट बञ्चित हुनु नपरोस् भन्ने उदेश्यले प्रतिफलमा आधारित सहयोग कार्यक्रम अन्तर्गत निशुल्क धारा जडान कार्यक्रम समावेश गरिएको छ साथै सरसफाइ सुविधा अर्न्तगत घरायसी चर्पि निर्माणमा अनुदान सहयोग हुनेछ । तर निश्चित मापदण्ड र प्रक्रिया अनुसार छनोट भएका घरधुरीहरुले मात्र सो प्रकारको सेवा प्राप्त गर्नेछन् ।

▶ **सरससफाइ सुविधा अभिवृद्धि (स्थायी चर्पी निर्माण)** : प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रमको निर्देशिकामा भएको मापदण्ड र सुचक अनुसार छनोट भएका घरधुरीहरुलाई चर्पि निर्माणमा अनुदान सहयोग दिइनेछ । प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रम अर्न्तगत निर्माण गर्नको लागि अनुदान सहयोग रु.१०,००० (दश हजार मात्र) उपलब्ध हुनेछ। चर्पीको प्यानको लेभलसम्म (सब-स्ट्रकचरसम्म) स्थायी संरचना निर्माणका लागि अधिकतम रु ९००० ( नौ हजार मात्र) बराबरको निर्माण सामग्री लगायत दक्ष कामदारको ज्याला र चर्पीघर (सुपर-स्ट्रकचर) का लागि रु १००० (रु.एक हजार मात्र) उपलब्ध गराइने छ । अन्य आवश्यक लागत स्वयंम् घरधुरी र समिति/संस्थाले व्यवस्थापन गर्नु पर्ने छ ।

▶ **निशुल्क खानेपानीको धारा जडान** : तयार भएको मापदण्ड र सुचक अनुसार छनोट भएका गरिब, जोखिमयुक्त, घरधुरीहरुलाई खानेपानीको धारा जडानमा सहयोग दिइनेछ । खानेपानीको धारा जडान कार्य निर्माण व्यवसायी मार्फत सम्पन्न गरिने छ । अग्रिम रकम संकलन बापत सकलन हुने ५% रकमको कुल घरधुरी दामाशाहीले पर्न आउने प्रतिघर बराबर रकम धारा जडानका लागि छनौट भएका घरधुरीहरुका लागि अनुदान रकम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति / संस्थालाई उपलब्ध गराइने छ ।

▶ यस सम्बन्धी छनोट प्रक्रिया, छनोटका मुख्य सुचकहरु, कार्यान्वयनका चरण, अनुगमन, प्रमाणिकरण, शोधभर्ना आदि सम्पुण मोडालिटीको साथै विभिन्न सरोकारवालाहरुको भुमिका र दायित्वका बारेमा समेत बिस्तृत विवरण **प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रक निर्देशिकामा** उल्लेख गरिएको छ ।

## १७.६ स्मार्ट प्रविधिको प्रयोग (SCADA, Smart Technology Application)

पानी संरक्षणका लागि पानी व्यवस्थापन एउटा अत्यावश्यक तथा महत्वपुर्ण पक्ष हो । विशेषगरी शहरी क्षेत्रहरुमा पानी चुहावट र उपभोगको अभिलेख राख्नु अत्यन्तै चुनौतीपूर्ण छ । प्रकृतिले तल्लो उचाईमा रहेका पानी जडानका संयन्त्रहरुमा अधिक बहावको सेवा दिन्छ । त्यसकारण सातै दिन चौविसै घण्टा (२४ * ७) नियमित र बहावमा समानता सहितको पानी वितरण चुनौतिपूर्ण मुद्दा भएको छ । यस समस्यालाई न्युनिकरण तथा समाधान गर्न SCADA प्रणालीको प्रयोग मार्फत स्वच्छ पानी व्यवस्थापन गर्ने गरिन्छ जसले अभिलेख नहुने पानी चुहावट र पानी खपतको अभिलेख राख्न मद्दत गर्दछ ।

अतः स्काडा (SCADA) प्रणालीले पानीको भण्डारण, प्रसारण र वितरणको बारेमा अभिलेख राख्न मद्दत पुऱ्याउने प्रविधिलाई तथा स्वच्छ पानी व्यवस्थापनलाई बुझाउंछ । SCADA प्रणाली हार्डवेयर र सफ्टवेयरको संयोजन हो । यो एक कम्प्युटर प्रणाली हो जुन खानेपानी प्रणालीको कार्य प्रकृया र व्यवस्थापनका लागि अनुगमन र स्वचालनद्वारा प्रयोग गरिन्छ । यस प्रणालीले निम्न प्रणालीहरुमा व्यवस्थापन र नियन्त्रण गर्न मद्दत गर्दछ ।

१) क्षेत्र/DMA अनुसार नियन्त्रण
२) समय अनुसार नियन्त्रण
३) गुरुत्वाकर्षण (Gravity) अनुसार नियन्त्रण
४) पम्पिङ्ग नियन्त्रण र
५) माथिका कम्तिमा कुनै २ को संयोजन

**SCADA प्रणालीको महत्व :**

- सुरक्षा उपायहरुका साथ संचालन प्रकृया समन्वय गर्ने ।
- मानविय गल्तीहरु कम वा अन्त्य गर्ने; निरन्तर अनुगमन प्रदान गर्ने ।
- सुचना (अलार्म) र घटनाहरुको अभिलेख राख्ने ।

- सुचना (अलार्म) र घटनाहरुमा स्वत आपतकालिन वन्द वा अन्य कार्यहरु गर्ने ।
- सामान्य रुपमा थप इनपुट-आउटपुट विन्दुहरु, RTU उपकरणहरु र नेटवर्क लिंकहरु मार्फत सजिलैसंग विस्तार गर्न सकिने ।

SCADA संचार नेटवर्क पानी वितरण प्रणालीभर फैलिएको हुन्छ । कार्यस्थान जुन सामान्यतया कम्प्युटरमा आधारित र नियन्त्रण कोठामा अवस्थित हुन्छ, अपरेटरहरुलाई सम्पूर्ण प्रकृया हेर्न र नियन्त्रण कार्यहरु गर्न अनुमति दिन्छ । नेटवर्क भित्र, प्रकृया नियन्त्रक (RTU) वा कार्यक्रम योग्य तर्क नियन्त्रक Programmable Logic Controllers (PLC) इकाई प्रकृयाहरुको निरीक्षण गर्दछ जस्तै : पम्पिङ्ग, रसायनिक प्रशोधन र फिल्टरहरु, चुहावट आदि । रिमोर्ट टर्मिनल इकाईहरु Remote Terminal Units (RTU) दुर्गम साइटहरुमा प्रयोग गरिन्छ र सामान्य रुपमा कमजोर क्षेत्रहरुमा अवस्थित हुन्छन, जस्तै : पम्प स्टेशनहरु, ट्यांकहरु, भल्भस्, बहाव, प्रेशर, प्रशोधन सुविधा र पानीको गुणस्तर अनुगमन केन्द्र । स्थानीय क्षेत्र अवयवहरु (Components), जस्तै : भल्ब, मीटर, र सेन्सर लिंकहरु नियन्त्रणकर्तासंग र नियन्त्रणकर्ताहरु मास्टर कन्ट्रोल सर्भर /SCADA संग जडित छन् ।

क्षेत्र-आधारित SCADA अवयवहरु (Components) लाई बिजुली आपूर्तिको भईरहन आवश्यक छैन । यस उपकरणले सौर्य उर्जालाई पावर इनपुटको रुपमा प्रयोग गर्दछ । यो प्रणाली वातावरण र जलवायु लचिलो (Climate Resilience) अवस्थाका लागि राम्रो मानिन्छ ।




## १७.७ गुणस्तर सुनिश्चितता र नियन्त्रण (Quality Assurance & Control):

आयोजनाले मापदण्ड अनुसार गुणस्तर कायम गर्न छुट्टै एउटा गुणस्तर सम्बन्धी निर्देशिका तयार गरेको छ । जसमा निर्माण कार्यलाई कसरी गुणस्तरीय बनाउने र कार्य क्षेत्रमा कसरी लागू गर्ने गराउने भन्ने उल्लेख गरेको छ । निर्माण व्यवसायीले काम शुरु गर्नु भन्दा पहिला यो निर्देशिकाको आधारमा एउटा छुट्टै आफूले गर्ने कामहरुको गुणस्तर सम्बन्धी निर्देशिका बनाउनु पर्छ र क्षेत्रीय डिजाइन सुपरिबेक्षण तथा व्यवस्थापन परामर्शदातासंग स्वीकृत गराउनुपर्छ । निर्माण व्यवसायी र क्षेत्रीय डिजाइन सुपरिबेक्षण तथा व्यवस्थापन परामर्शदाताले स्वीकृत निर्देशिका अनुसारको काम गर्नु र गराउनु पर्छ । यो निर्देशिकाको दुई पाटा हुन्छ । एउटामा गुणस्तरीय कार्य गराउने योजना हुन्छ भने अर्को पाटोमा त्यो योजना अनुसारको कार्यहरु गर्नुपर्ने हुन्छ र गराउने विधिहरु पनि यसैमा समावेश गरिएको हुन्छ । गुणस्तर सम्बन्धी निर्देशिकाले गुणस्तरीय काम गर्नको लागि आत्मवल दिन्छ र गुणस्तरमा हुने कमी कमजोरीलाई निर्मूल पार्ने वा कमी ल्याउने काम गर्दछ । विस्तृत जानकारीको लागि गुणस्तर सम्बन्धी निर्देशिका अध्ययन गर्नुपर्ने हुन्छ ।

परामर्शदाताको निर्देशन एवं सुपरिवेक्षण र निर्माण व्यवसायीको दक्ष कार्यसम्पादन को प्रतिफल नै गुणस्तरीय कार्ययोजना हो गुणस्तरीय कार्य सम्पन्न गर्न परामर्शदाता र निर्माण व्यवसायी दुवै पक्षको अहम् जिम्मेवारी र समन्वयको महत्वपूर्ण भूमिका रहन्छ यस कार्यमा सर्वप्रथम निर्माण व्यवसायीले कार्य थालनी गर्नु अगावै गुणस्तर सम्बन्धी निर्देशिका बनाई सम्बन्धित क्षेत्रीय परामर्शदाताको स्वीकृति प्राप्त गर्नुपर्दछ र

सोही निर्देशिकाको आधारमा परामर्श दाताको सुपरिवेक्षणमा कार्य थालनी हुनछ निर्माण व्यवसायीले शहरी खानेपानी आयोजनाको गुणस्तर सम्बन्धी निर्देशिकाको आधारमा कार्यनिर्देशिका तयार गर्नुपर्दछ ।

गुणस्तर सम्बन्धी काम गर्नको लागि निम्न (Arrangement) बुँदाहरुमा ध्यान दिनुपर्ने हुन्छ जस्तै :

१. निर्माण स्थलमा गुणस्तर सम्बन्धी कागजातहरु (Code of Conduct, Contract Document, Quality Assurance and Quality Control Manual etc) हुनु पर्छ ।

२. निर्माण स्थल र विभागमा प्रयोगशालाको व्यवस्था हुनुपर्छ ।

३. गुणस्तर सम्बन्धी निरीक्षण र अनुगमनको व्यवस्था हुनुपर्छ ।

४. निर्माण पश्चात पनि गुणस्तर सम्बन्धी चेकजाँचको व्यवस्था हुनुपर्छ ।

माथि उल्लेखित बुँदाहरु शहरी खानेपानीको निर्देशिकामा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

गुणस्तर सम्बन्धी, खाका, चेक जाँच गर्ने तरीका सरोकारवालाहरुको गुणस्तर सम्बन्धी चेक जाँचमा दायित्व (Role and Responsibility) को बारेमा शहरी खानेपानीको निर्देशिकामा विस्तृत रुपमा उल्लेख गरिएको छ ।

निर्माणमा लाग्ने सामग्रीहरु दुई किसिमका हुन्छ ।

- स्थानीय सामग्री (ढुङ्गा, वालुवा, गिट्टी, ईट्टा, काठ, सिमेन्ट, छड इत्यादी )
- औद्योगीक उत्पादित सामाग्रीहरु (pipes, fittings, electrical and electromechanical equipment's etc)

**स्थानीय सामग्री** : सर्वप्रथम निर्माण व्यवसायीले स्थानीय सामग्रीको लागि स्रोतको छनौट गुर्नुपर्ने हुन्छ । स्रोत छनौट पछि सबै सरोकारवालाको उपस्थितिमा नमुना संकलन गरी चेकजाँचको लागि प्रयोगशालामा परिक्षण गराउनु पर्छ र आयोजनाको मापडण्ड अनुसार सिफारीस भएपछि मात्र निर्माण कार्यको लागि संकलन र कार्यक्षेत्रमा ढुवानी गर्नुपर्छ ।

**औद्योगिक उत्पादित सामग्री** : सर्वप्रथम परामर्शदातासंग कुन सामान ल्याउने हो सो उद्योगले उपलब्ध गराएको क्यू.ए.पी स्वीकृत गराई सामानको उत्पादनको लागि अनुमति दिनुपर्छ र तेस्रो पक्षको निरीक्षण पश्चात निर्माण स्थलमा पठाउनु पर्ने हुन्छ । यसरी निर्माण स्थलमा आईसकेपछि पनि केहि नमूनाहरु लिई सबै सरोकारवालाको उपस्थितिमा परिक्षण गर्नको लागि पठाउनु पर्छ वा निर्माण स्थलमानै परिक्षण गर्नु पर्छ । यसरी सम्पूर्ण चेकजाँच पछि निर्माण कार्यमा प्रयोग गर्नुपर्छ ।

**घ) जलबायु उत्थानशिल/अनुकुलित (Climate Resilient) कार्यहरु:**

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना जलवायु परिबर्तनको असरबाट टाढा रहन सक्दैन । यस आयोजनामा जलवायुजन्य जोखिम न्युनस्तर देखि उच्चस्तरसम्म आकंलन गरिएकोछ । प्रमुख जोखिम कारणहरुमा १) बढ्दो तापक्रम २) बढ्दो अतिबृष्टि तथा आंधीब्यरी ३) लामो खडेरी ४) बाढी ५) बर्षा उत्पन्न पहिरो रहेकाछन् । आयोजनाले भूकम्पलाई पनि प्रकोपको रुपमा लिएको छ तर यो प्रकोप जलवायु उत्पन्न भने होइन ।

**नतिजा १** का कार्यहरु माथि उल्लेखित जोखिमहरुबाट आयोजनाका संरचनाहरुको सुरक्षा तथा असर न्युनिकरणका लागि आयोजनाले प्राविधिक तौर तरिकाहरु डिजाइन तथा निर्माणमा समाबेश गरेको छ ।

- जमिन भित्रको बढी गहिराईको पानी प्रयोग गर्ने । यसबाट बर्षामा परिबर्तन भए पनि पानी उत्पादनमा केहि असर हुर्दैन । यो कार्यबाट पानी प्रदुषण हुने सम्भाबना पनि कम हुन्छ ।
- बाढीको असरबाट पाइपहरुलाई बचाउन जमिन मुनिबाट लिएर जाने ।

- पानीका स्रोत तथा संरचनाहरुलाई भूक्षय, बाढी, भूकम्प आदिबाट बचाउन उपयुक्त उपाय अपनाउने ।
- पानी ढुवानी तथा संचय गर्ने संरचनाहरुमा थप फ्रिबोर्ड (Free Board) तथा बढी क्षमताको डिजाइन गर्ने ।
- निर्माण सामाग्री तथा प्रकृयाहरुको संरचनाको दिगोपनमा पुनराबलोकन गर्ने ।
- पानी ढुवानी तथा संचय गर्ने संरचनाहरुमा थप १० प्रतिशतले क्षमता बृद्धि गरि डिजाइन गर्ने ।
- सेवा संचालनका लागी Energy Back Up का लागि जेनेरेटरहरुको व्यवस्था गर्ने ।

माथि उल्लेखित कार्यहरुका साथसाथै तपशिलका अनुकुलनका विधिहरु पनि समाबेश गर्ने:

- वन क्षेत्र तथा पहिरोजन्य क्षेत्रहरुको सुरक्षा तथा संरक्षणका लागि वायो-ईन्जिनियरिङ्ग कार्य गर्ने ।
- बाढीको पानी निकासको व्यवस्था गर्ने ।
- खडेरी तथा अनाबृष्टि अबधिका लागि स्मार्ट पानी व्यवस्थापन विधि लागु गरि प्रणालीको लचिलोपनमा सुधार ल्याउने ।
- खानेपानी तथा सरसफाइ र प्रशोधन प्रणालिहरुलाई जलवायु उत्थानशिल वनाउने ।
- स्मार्ट पानी व्यवस्थापन लागु गर्ने ।

डि.सु.ब्य.प.ले नयाँ आयोजनाहरु डिजाइन गर्दा जलबायु उत्थानशिल तथा लचकतालाई ध्यान दिने ।
**नतिजा २** मा भएका कृयाकलापहरु अन्तर्गत सरोकारवालाहरुलाई जलवायु परिबर्तन, न्युनिकरण तथा अनुकुलन सम्बन्धमा क्षमता अभिबृद्धि गर्ने । आयोजनाको नियमित रेखदेख गर्ने र आबश्यक मर्मत संभार गरि सेवा प्रवाहलाई सुचारु गर्ने । आयोजना क्षेत्र भित्र पानी संरक्षण, व्यवस्थापन, स्वच्छता सम्बन्धमा जानकारीमुलक सन्देश तथा कार्यक्रमहरु संचालन गरि जलबायु परिबर्तनको प्रभावहरु कम गर्ने ।

## १७.८ आयोजनाको दिगोपनका सवालहरू

### क) प्राविधिक पक्ष

उपभोक्ता वर्गको चाहना र आ.व्य.का./क्षे.आ.व्य.का.को प्राविधिक निर्देशिका तथा सल्लाह बमोजिम स्थानीय आधारमा उपयुक्त प्रविधिको प्रयोग गरी आयोजना निर्माणलाई दिगो बनाउन प्रभावकारी कदमहरु अबलम्बन गरिएको छ ।
नयाँ प्रविधि स्काडाको उपयोग, जलवायु उत्थानशिल क्रियाकलापहरु गुणस्तर सुनिश्चितता सम्बन्धी निर्देशिका, तथा स्थान विशेषको आवश्यकता अनुसार उपयुक्त प्राविधिक डिजाइन आदि आयोजनाका सवल पक्षहरु हुन् ।

### ख) आर्थिक पक्ष

आयोजना निर्माणका लागि आवश्यक स्रोत जुटाउन निश्चित प्रक्रिया विकास भई सकेकाले समयमै आयोजना सम्पन्न गर्न सकिने र प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यान्वयनले आयोजना क्षेत्रका विपन्न वर्गलाई समेट्ने छ । साथै समग्रतामा खानेपानी तथा सरसफाइजन्य सङ्क्रमणका घटनाहरूमा कमी आउने र जनस्वास्थ्यमा सकारात्मक प्रभाव परी आयोजना क्षेत्रका जनताको सामाजिक आर्थिक विकास अभिवृद्धि हुनुका साथै गरिबी न्यूनीकरणमा राष्ट्रिय कार्यक्रमलाई समेत टेवा पुग्नेछ । करीब ३ लाख २० हजार जनसंख्याले प्रशोधित खानेपानी र करीब ६४ हजार जनसंख्याले सुधारिएको सरसफाइ सुविधामा पहुँच पाउने तथा यस आयोजनामा एकीकृत रूपमा स्वच्छता र सरसफाइ संबन्धि जनचेतना अभिवृद्धि अभियानका माध्यमहरूले आयोजनाबाट प्रत्यक्ष रूपमा स्वास्थ्यमा सुधार हुने र पानीजन्य रोगव्याधिहरूमा कमी आई उपभोक्ताहरूको आर्थिक सामाजिक र भौतिक/मानसिक तनाव कम भई अप्रत्यक्ष रूपले उनीहरूको जीवनस्तर (Living Standard) मा अभिवृद्धि आउने छ । उपभोक्ताको आफ्नो लगानी गर्नुपर्ने कारणबाट आयोजनाको कार्य तथा संचालन र मर्मत संभारमा अपनत्वको बृद्धि भई दिगोपना कायम हुनेछ ।

### ग)　तालिम, क्षमता अभिवृद्धि तथा सामाजिक समावेशिता

खा.पा.उ.स.स./स्थानीय सरकारहरूलाई आयोजना निर्माण सम्पन्न पश्चात् प्राविधिक तथा वित्तीय व्यवस्थापन सहयोग उपलब्ध गराउन आवश्यक देखिएको र त्यस्ता तालिम सहयोगहरू निरन्तर रूपले आवश्यकता अनुसार उपलब्ध गराइने छ । शहरी आयोजनाहरूको सञ्चालन तहमा आईपर्ने प्राविधिक समस्याहरूको समाधानका लागि स्थानीय कर्मचारीहरूलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धिका तालिमहरू उपलब्ध गराइने छ । त्यसैले आयोजना संचालनमा कम समस्या आउने देखिन्छ। शहरहरूमा गुणस्तरीय खानेपानी तथा सरसफाइको सेवा सुविधा उपलब्ध भई जनताको जीवनस्तर उत्थान हुनेछ। आयोजना अवधिमा उपभोक्ता समितिहरूलाई दिइने तालिमहरूको प्रभावकारिता आ.व्य.का./क्षे.आ.व्य.का.बाट निरन्तर अनुगमन हुने र आयोजना सम्पन्न भई सकेपछि समेत आर्थिक, प्राविधिक तथा व्यवस्थापन विषयहरूमा क्षमता अभिवृद्धि तालिमद्वारा दक्ष जनशक्ति उत्पादन गर्दै जाने अवसर प्राप्त हुनेछ।  आयोजना सम्पन्न भई सकेपछि समेत स्वस्थ र दक्ष जनशक्ति तयार भई अन्य विकास निर्माणका क्रियाकलापहरूमा समावेशिताका अभ्यासमा टेवा पुग्ने अपेक्षा रहेको छ ।

लै.स.सा.स. कार्ययोजनाले अङ्गीकार गर्ने लिङ्ग, जातजाति तथा विपन्न/पछाडि पारिएका, जोखिमयुक्त वर्गहरूको क्षमता अभिवृद्धिको यथेष्ट अवसर प्राप्त हुनेछ।  आयोजनाबाट पाउने लाभको बाँडफाँडमा सबै जोखिमयुक्त वर्ग समुदाय,  लैङ्गिक, जातजातिका विपन्न देखि सम्पन्न सबैले समावेशी तवरले लाभान्वित हुने अवसर प्राप्त हुने छ । आयोजना सञ्चालनपछि महिलाहरूको पानी सङ्कलनमा हुने समयको खर्चमा कटौती हुने र त्यसरी बचत भएको समयमा अन्य आर्थिक लाभ हुने काममा समय दिन सक्ने हुनाले लैङ्गिक समानतामा अभिवृद्धि हुने अवसर प्राप्त हुनेछ । त्यसैगरी  जोखिमयुक्त, सीमान्तकृत विपन्न तथा अल्पसंख्यकहरूको समावेशी सहभागिताले आयोजना प्रति अपनत्व विकास भई  आयोजनालाई दिगो बनाउन मद्दत पुग्नेछ। आयोजना सम्पन्न भई सकेपछि समेत स्वस्थ र दक्ष जनशक्ति तयार भई अन्य विकास निर्माणका क्रियाकलापहरूमा समावेशिताको अभ्यासमा टेवा पुग्ने अपेक्षा रहेको छ ।

### घ) उपभोक्ताको सहभागिता र स्थानिय सरकारसंगको समन्वय तथा सहयोग

आयोजनाको प्रमुख सबल पक्षहरु मध्ये उपभोक्ता तथा स्थानीय सरकारको लागत सहभागिता र समन्वय पनि हो । स्थानीय सरकार भनेको नै आफ्नो क्षेत्र भित्रको सबै प्रकारका सेवा सुविधा प्रदान गर्ने संरचनाहरुको संरक्षक समेत हो । त्यसैले गाउँ/नगरपालिकाले योजना तर्जुमा, निर्माण तथा निर्माण पश्चात चरणमा सहभागिता र समन्वयले सेवा संरचनामा अपनत्व बृद्धि गर्न सहयोग पुग्नेछ । स्थानीय सरकारको प्राथमिकता, अनुगमन र चासोले आयोजनाको कार्यहरु गुणस्तरयुक्त र तोकिएको समयमौ सम्पन्न गर्न मदत समेत मिल्ने छ ।  त्यसकारण स्थानीय सरकारसँगको समन्वय तथा आपसी सरसहयोग पनि एउटा दीगोपनको लागि सवल पक्ष हो ।

## १७.९　आयोजनाको संचार रणनीति

समावेशीकरण, पारदर्शिता, समसामयिकता र सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नेपाल सरकार र ए.वि.बैंकले सरोकारवाला संचार रणनीति (Stakeholder Communication Strategy (SCS) तयार पार्न आवश्यक रहेको छ । यस रणनीतिले सबै प्रमुख सरोकारवालाहरुका लागि विशेष गरी आयोजना प्रभावित समूहहरु, कार्यान्वयन गर्ने निकायहरु र ए.वि.बैं.बीच आयोजना प्रभावित समूहहरुको सरोकारका विषयहरु उप आयोजनाको डिजाइन, कार्यान्वयन, प्रतिबेदन तथा असरहरु समाहित  भएको संचार आधार (प्लेटफर्म) सुनिश्चित गर्दछ ।

SCS ले शहरी आयोजना सफलताको लागि विशिष्ट परिप्रेक्ष्य, कार्य र परिवर्तनहरुको प्रबर्धन गर्न मुख्य संचार संदेशहरु पहिचान गर्दछ । SCS ले गरीब तथा जोखिममा रहेका ब्यक्तिहरु जस्तै : दलित, अशक्त, प्रकोपबाट प्रभावित, सीमान्तकृत र लोपोन्मुख आदिवासी जनजाति समुह जो राजनितिक, सामाजिक वा आर्थिक हिसाबले बहिष्कृत भएका (सामाजिक बहिष्कृत समुहरु जस्तै आदिवासी जनजाति, दलित, अन्य पिछडिएको जाति, मधेसी, मुस्लिम, लैङ्गिक अल्पसंख्यक, अशक्त व्यक्ति र दुर्गम क्षेत्रका बासिन्दा) ब्यक्तिहरुलाई उप आयोजना डिजाइन र कार्यान्वयनको कममा संचार र प्रतिकियाको अवसर प्रदान गर्दछ ।

त्यसतै यस रणनीतिले सामुदायिक विकासको बारेमा जानकारी दिन र समर्थन गर्न, सरकारी निकाय अन्तर्गत आयोजनाहरुको क्षमता अभिवृद्धि गर्न र नकारात्मक प्रभावहरुलाई कम गर्न सहयोग पुऱ्याउंछ । SCS ले उप आयोजनामा मुख्य सरोकारवालाहरुको प्रभावकारी सहभागिता सुनिश्चित गर्नेछ । आयोजनाको विस्तृत संचार रणनिति **अनुसुचि १४** मा समाबेश गरिएको छ ।

**पहिचान भएका सरोकारवालाहरु :**

(१) आयोजनाको व्यवस्थापन र कार्यान्वयनको लागि जिम्मेवार सरकारी निकायहरु (खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग र अन्तर्गतका शाखाहरु, आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय ) ।

(२) आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चिता परामर्शदाता र क्षेत्रीय डिजाईन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता ।

(३) नगर विकास कोष (खानेपानी उपभोक्ता संस्थालाई २५% ऋण उपलब्ध गर्ने र क्षमता बृद्धि कार्य गर्ने) ।

(४) स्थानीय सरकारको रुपमा नगरपालिकाले सुविधाको व्यवस्थापन र खानेपानी तथा सरसफाइ सुविधाहरुको सम्पतिको सम्पूर्ण जिम्मेवारी लिन्छ ।

(५) निर्माण ब्यबसायीहरुः निर्माण सफलतापुर्बक पूरा भए पछि पहिलो वर्षमा निर्माण तथा संचालन र मर्मतका लागि जिम्मेवार हुन्छन् ।

(६) उपभोक्ता समुह र समितिः खानेपानी तथा सरसफाइ सेवा सुविधाको को माग गर्दछन् र ५ प्रतिशत नगद रकम जम्मा उठाउंछन, नगर विकास कोषबाट २५ प्रतिशत ऋण लिन्छन र खानेपानी तथा सरसफाइका सुविधाहरको संचालन गर्दछन् ।

(७) उप आयोजना क्षेत्र भित्र बस्ने सम्पुर्ण उपभोक्ताहरुका साथसाथै गरीब तथा जोखिममा रहेका व्यक्तिहरु जसले खानेपानी तथा सरसफाइको सुविधा पानी कर तिरी प्रयोग गर्दछन् ।

(८) स्थानीय गैर सरकारी संस्था र पत्र पत्रिका सम्बद्ध समुहहरुः स्थानीय उपभोक्ता तथा आदिबासी समुहहरुको ज्ञान तथा क्षमता अभिबृद्धि गर्नका लागी सहजीकरण गर्दछन् ।

## १८. आयोजनाको भ्रष्टचार विरुद्धको नीति

ए.वि.बैंकले अनुसन्धान गर्ने अधिकार सिधै वा यसका एजेन्टहरुमार्फत यस आयोजनासंग सम्बन्धित भ्रष्टचार विरुद्ध नीतिको कुनै उल्लंघनको अधिकार सुरक्षित राख्दछ । ए.वि.बैंकले लगानी गरेको सबै सम्झौताहरुमा ए.वि.बैंकले कार्यान्वयन गर्ने एजेन्सी, सबै आयोजना निर्माण ब्यवसायीहरु, आपूर्तिकर्ताहरु, परामर्शदाताहरु र अन्य सेवा प्रदायकहरुको रेकर्ड र खाताहरुको लेखा परीक्षण गर्न अधिकार तोक्ने प्रावधानहरु समावेश गर्दछ । ए.वि.बैंकको भ्रष्टचारविरुद्ध निषेध सूचीमा परेका व्यक्ति वा संस्थाहरु ए.वि.बैंकको वित्तिय गतिविधिमा भाग लिन अयोग्य र आयोजना अन्तर्गत कुनै पनि सम्झौताहरु प्रदान गर्न नसकिने हुनसक्छ ।

यी भ्रष्टचार विरुद्धका प्रयासहरुलाई समर्थन गर्नका लागि उपयुक्त प्रावधानहरु ऋण सम्झौता, शहरी आयोजना वित्तिय सम्झौता, व्यवस्थापन सम्झौता र बिडिङ कागजातहरु (Bidding Documents) मा समावेश छन् । आयोजना सम्बन्धी ए.वि.बैंकले आर्थिक सहयोग गर्ने सबै सम्झौताहरुमा आ.व्य.का, क्षे.आ.व्य.का, खा.पा.उ.स, ठेकेदार, आपूर्तिकर्ता, परामर्शदाता र अन्य सेवा प्रदायकहरुको लेखा परीक्षण र खाता जाँच गर्ने र ए.वि.बैंकको अधिकार तोक्ने प्रावधान समावेश हुनेछ । ए.वि.बैंकले खानेपानी मन्त्रालय, खानेपानी तथा ढल ब्यवस्थापन विभाग, आ.व्य.का, क्षे.आ.व्य.का र खा.पा.उ.सं लाई ए.वि.बैंकको भ्रष्टचारविरुद्ध नीतिको जानकारी गराउनेछ ।

संवैधानिक भ्रष्टाचार विरुद्ध एजेन्सी (Constitutional Anticorruption Agency) को रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई यस आयोजनामा भएका अनियमितताहरुको छानबिन गर्ने अधिकार

रहेकोछ जसमा वित्तिय अनियमितताका साथै सरकारी कार्यालयहरु, अधिकारीहरु र स्वायत्त निकायका कर्मचारीहरुका भ्रष्टचार पनि समावेश हुन्छन ।

सुशासन बढाउन र भ्रष्टचार रोक्नको लागि आयोजनाको विशेष उपायहरु, आयोजना कार्यान्वयनको चरणहरु र वितरण श्रृंखलालाई ध्यानमा राखेर डिजाइन गरिएको छ जसमा : क) आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय अन्तर्गत रकम तथा वित्तीय रेकर्डको सरकारी नियम र प्रकियाहरु पालना सहि तरिकाबाट गर्ने गरेको ख) आयोजना विवरणमा पारदर्शिता प्रदान गर्न आ.व्य.का मा आयोजना वेबसाइट स्थापना गर्ने ग) शहरी आयोजनाद्वारा वार्डहरुमा नागरिक बडापत्र प्रदर्शन गर्ने घ) क्षेत्रीय डि.सु.व्य.प हरुको समर्थनमा शहरी स्तरमा नियमित र प्रभावकारी बैठकहरुको माध्यमबाट क्षे.आ.व्य.का मा सार्वजनिक लेखा परीक्षण आयोजित गर्ने ।

सिभिल कामहरुमा मिलोमतो हुने, अधिक रकमको डिजाइन (Overprice Design) तथा निर्मित कार्यहरुको कम भोल्युम (Low Volume) र कम गुणस्तर मुख्य जोखिमहरु हुन । आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता (PMQAC) को सहयोगमा आ.व्य.का ले प्रत्येक शहरी आयोजनाको गुणस्तर लेखा परीक्षण गर्नेछ । पी.यम.क्यू.य.सी ले खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग र ए.वि.बैंकलाई प्रतिवेदन प्रस्तुत गर्नेछ । ठेकेदारहरुले प्रत्येक निर्माण साइटमा सम्झौताको आधारभूत जानकारी आयोजना सुचना (डिस्प्ले) बोर्ड मार्फत खुलासा गरीनेछ । नमूना प्राविधिक परीक्षण (Sample Technical Audit) राष्ट्रिय सतर्कता केन्द्रद्वारा गरिने छ ।

यसबाहेक, माथि वर्णन गरिए अनुसार यस आयोजनाले उच्चतम पारदर्शिता कायम गर्ने मनशाय रहेको छ । केन्द्रिय र स्थानीय स्तरमा भ्रष्टचारको जोखिम कम गर्न र सुशासन कायम गर्न केन्द्रिय र स्थानीय स्तरमा आयोजना सम्बन्धि पूर्ण जानकारीको तथा सहभागितामूलक अनुगमनले सहयोग पुग्ने आशा गरिन्छ

आयोजना सुचारु भएकोको १२ महिना भित्रमा आ.व्य.का ले गुनासो सुनुवाई ब्यवस्था (GRM) (**परिशिष्ट-७**) मा उल्लेख गरिए अनुसार आयोजना सम्बन्धी रकम दुरुपयोग तथा अन्य अनियमितता सम्बन्धी सकोकारवालाहरुबाट प्राप्त उजुरी र गुनासोहरु प्राप्त गर्न र समाधान गर्न विशेष समिति गठन गर्नेछ । तर सुरक्षण मुद्दाहरुमात्र गुनासोहरुमा सीमित हुने छैनन् । विशेष समिति : क) स्वतन्त्र हुनेछ र आयोजना नगरपालिकासंग कुनै प्रकारको रुचीको द्वन्द (conflict of interest) हुनेछैन ख) गुनासो सुनुवाई ब्यवस्थाको जानकारी सार्वजनिक गराउनेछ । ग) आयोजना वा आयोजनाका कुनै सेवा प्रदायक वा आयोजनाको कुनै पनि पक्ष वा जिम्मेवार कुनै व्यक्तिको सम्बन्धमा आयोजनाको सरोकारवालाहरुको गुनासोको समीक्षा र सम्बोधन गर्नेछ । घ) सक्रिय र रचनात्मक प्रतिक्रिया दिनेछन ।

ए.वि.बैंकको भ्रष्टचारविरुद्ध नीतिले भ्रष्टचार विरुद्ध तथा अखण्डताको कार्यालयलाई (Office of Anticorruption and Integrity) ए.वि.बैंकद्वारा लगानी गरिएका आयोजनाहरु वा यसका कर्मचारीहरुमा ठगी वा भ्रष्टचारको आरोप रिपोर्ट गर्न सम्पर्क बिन्दुको रुपमा तोकेको हुन्छ । जालसाजी र भ्रष्टाचारको आरोप सम्बन्धी सबै सम्बन्धित मामिलाहरुको लागि भ्रष्टचारविरुद्ध तथा अखण्डता कार्यालय जिम्मेवार छ । अधिक विस्तृत विवरणको लागि भ्रष्टचारविरुद्ध नीति र प्रक्रियाहरुमा उल्लेख छ । आयोजनासंग सम्बन्धित भ्रष्टचारको प्रमाण भेट्टाउने कोहीले पनि भ्रष्टचारविरुद्ध इकाईलाई टेलिफोन, फ्याक्स, मेल वा ईमेल मार्फत तलका नम्बरहरु र ठेगानाहरुमा सम्पर्क गर्न सक्दछन् ।

ईमेल : integrity@adb.org or anticorruption@adb.org
सम्पर्क नं : ६३२८६३२५००४, फ्याक्स नं : ६३२८६३६२१५२

## १९. आयोजनाका सबल पक्ष, अवसर तथा जोखिमयुक्त पक्षहरू

### १९.१ आयोजनाका सबल पक्षहरू (Strengths of Urban Project)

- आयोजनाको मुख्य केन्द्रबिन्दु उपभोक्तावर्ग नै भएकोले शहरी आयोजनाहरूको छनोट, तर्जुमा, निर्माण, सञ्चालन तथा सम्भारका प्रत्येक चरणमा सामाजिक समावेशी आधारमा उपभोक्ताहरूका प्रत्यक्ष सहभागिता रहने हुँदा आयोजना दिगोरूपमा सञ्चालन हुने अपेक्षा गरिएको छ ।
- आयोजना निर्माणको कुल अनुमानित लागतको ३०% उपभोक्ताहरूबाट सहलगानीको प्रावधान रहेकोले आयोजनाप्रति उपभोक्ताहरूको अपनत्वको भावनाको विकास भई आयोजनालाई सफल र दिगो हुने अपेक्षा गरिएको छ । यसबाट उपभोक्ता संस्था/समितिलाई सेवा प्रदायक संस्थाको रूपमा जनताले अपनाउने हुँदा खानेपानी सेवामा आत्मनिर्भर भइ जनसहभागिताको अभिवृद्धि हुँदै जाने प्रक्रियाको थालनी हुनेछ ।
- आयोजनाको कार्यप्रक्रिया अनुसार आयोजना प्रभावकारी रूपमा सञ्चालन गर्न र दिगो बनाउन सबै सरोकारवालाहरुको सहभागिता हुने भएकाले एक आपसमा मिलेर काम गर्ने प्रक्रियाले कठिनतम काम पनि सरल र सहज हुन सक्नेछ ।
- आयोजना सञ्चालनमा लै.स.सा.स. प्रक्रिया अपनाउने भएकोले आयोजनाको प्रत्येक चरणमा सबैको समान सहभागिता रहने छ । त्यसैले आरम्भबाट नै आयोजनाहरूमा महिला, दलित, जनजाति तथा जोखमयुक्त वर्गहरूको समावेशी सहभागिता बढ्ने आशा गर्न सकिन्छ। लै.स.सा.स.को अवधारणा र महत्वका बारे **अनुसूची ९** मा प्रस्तुत गरिएको छ ।
- यस आयोजनाले एकीकृत रूपमा खानेपानी, स्वास्थ्य र सरसफाइ क्रियाकलापहरु संबन्धी जनचेतना अभियानहरू व्यापक रूपमा सञ्चालन गरी उपभोक्ताहरूको बानी व्यवहारमा सकारात्मक परिवर्तन ल्याई नगर/सहरहरूको वातावरणीय सरसफाइ तथा सोको सन्तुलनमा समेत योगदान पुऱ्याउनेछ ।
- सेवा शुल्क निर्धारण र लागत असुलीको अवधारणा आयोजनालाई दिगो बनाउने आधारको रूपमा रहेको छ ।

### १९.२ आयोजनाबाट प्राप्त हुने अवसरहरू (Opportunities)

- आयोजना क्षेत्रका नगर/सहरहरूका अनुमानित ३ लाख २० हजार जनसंख्याले गुणस्तरीय खानेपानी सेवासुविधा प्राप्त गरी जनताको जीवनस्तर उत्थान हुने ।
- अनुमानित ३ लाख २० हजार जनसंख्याले खानेपानी तथा अनुमानित ६४ हजार जनसंख्याले सुधारिएको सरसफाइ सुविधामा पहुँच पाउने र स्वास्थ्य र सरसफाइ संबन्धि जनचेतनामुलक अभियानबाट जनचेतना अभिवृद्धि हुने ।
- उपभोक्ताको चाहना र आ.व्य.का./क्षे.आ.व्य.का.को प्राविधिक सल्लाह बमोजिम स्थानीय आधारमा उपयुक्त प्रविधिको प्रयोग गरी आयोजना निर्माणलाई दिगो बनाउन सकिने ।
- आयोजना निर्माणका लागि आवश्यक स्रोत जुटाउन निश्चित प्रक्रिया विकास भईसकेकाले समयमै आयोजना सम्पन्न गर्न सकिने ।
- लै.स.सा.स. नीति अङ्गीकार गरिएकोले लिङ्ग, जातजाति तथा विपन्न/पछाडि पारिएका/जोखिमयुक्त वर्गहरूको क्षमता अभिवृद्धिको यथेष्ट अवसर प्राप्त हुने ।
- आयोजनाबाट पाउने लाभको बाँडफाँडमा सबै जोखिमयुक्त वर्ग समुदाय, लैङ्गिक,

जातजातिका विपन्नदेखि सम्पन्न सबैले समावेशी तवरले लाभान्वित हुने अवसर प्राप्त गर्नेछन् ।

- आयोजना सम्पन्न भई सकेपछि उपभोक्ताहरूको पानीका लागि खर्चिने समय बचत भई अन्य लाभ हुने काममा समय दिन सक्ने हुनाले लैङ्गिक समतामा अभिवृद्धिको अवसर प्राप्त हुनेछ ।
- आयोजनाबाट प्रत्यक्ष रूपमा स्वास्थ्यमा सुधार हुने र पानीजन्य रोगव्याधिहरूमा कमी आई अप्रत्यक्ष रूपले उपभोक्ताहरूको जीवनस्तर (Living Standard) मा अभिवृद्धि आउनेछ ।
- प्रतिफलमा आधारित अनुदान कार्यक्रम कार्यान्वयनले आयोजना क्षेत्रका विपन्नवर्गलाई समेट्नुका साथै समग्रतामा खानेपानी तथा सरसफाइजन्य संक्रमणका घटनाहरूमा कमी आउनेछ र जनस्वास्थ्यमा सकारात्मक प्रभाव परी आयोजना क्षेत्रका जनताको सामाजिक आर्थिक विकास अभिवृद्धि हुनुका साथै गरिबी न्यूनीकरणमा राष्ट्रिय कार्यक्रमलाई समेत टेवा पुग्नेछ ।
- आयोजना सम्पन्न भई सकेपछि स्वस्थ र दक्ष जनशक्ति तयार भई अन्य  विकास निर्माणका क्रियाकलापहरूमा समावेशिताको अभ्यासमा टेवा पुग्ने अपेक्षा रहेको छ ।
- आयोजना अवधिमा उपभोक्ता समिति स्थानीय/सरकारहरूलाई दिइने तालिमहरूको प्रभावकारिता आ.व्य.का./क्षे.आ.व्य.का.बाट निरन्तर अनुगमन हुने र आयोजना सम्पन्न भई सकेपछि समेत आर्थिक, प्राविधिक तथा व्यवस्थापन विषयहरूमा क्षमता अभिवृद्धि तालिमद्वारा दक्ष जनशक्ति उत्पादन गर्दै जाने अवसर प्राप्त हुनेछ ।

### १९.३ आयोजनाका जोखिमहरू (Risk Factors)

तपसिलका अवस्थाहरू यस आयोजनाबाट लक्षित लाभ प्राप्त गरी जनताको जीवन स्तर अभिवृद्धिका लागि सम्भावित जोखिम/चुनौतीहरू हुन सक्नेछन् :

- देशमा विद्यमान अस्थिर राजनीतिक सामाजिक परिस्थितिहरूले आयोजनाको लागि चाहिएजति सरकारको ध्यान पुग्न नसक्ने अवस्था आउन सक्ने हुँदा, आयोजनाको कार्यतालिकामा अवरोध आउन सक्नेछ ।
- खानेपानी र सरसफाइ क्षेत्रगत नीति, कानुन र व्यवहारमा एकरूपताको अभावले विकेन्द्रीकरणको अवधारणा चुनौतीका रूपमा रहिरहन सक्नेछ ।
- सेवाशुल्क निर्धारण र लागत असुलीको अवधारणा यस आयोजनालाई दिगो बनाउने सूत्रको रूपमा स्थापित भएको छ तर उपभोक्ताहरूमा रहेको सस्तो पानी प्रयोग गर्ने र सरसफाइतर्फ यथेष्ट ध्यान नदिने प्रवृतिले निजी धारा जडान/चर्पी निर्माण तथा सेवाशुल्क संकलनमा कमी आई आयोजना संचालनमा समस्या देखिन सक्नेछ ।
- सार्वजनिक खरीद प्रक्रियामा हाल देखिएको अराजक, आपराधिक क्रियाकलाप, त्रास र अस्वस्थ मिलोमतो  जस्ता समस्याले आयोजनाको खरीद प्रक्रियालाई खराब असर पुऱ्याउन सक्नेछ ।
- खा.पा.उ.स.स./स्थानीय सरकारको दक्षता र क्षमतामा कमी आई लक्ष्य अनुरूप सेवाशुल्क उठ्न नसकी उठेको रकमबाट पनि सञ्चालन/सम्भार खर्च गर्नुपर्ने भएकोले न.वि.को. ऋण तिर्ने रकम नपुग हुन सक्नेछ ।
- अग्रिम रकम समयमै संकलन  हुन नसकेमा आयोजना कार्यान्वयनमै असर पर्नेछ ।
- निर्णय प्रक्रिया खा.पा.उ.स.स./स्थानीय सरकार, न.वि.को., नेपाल सरकार र ए.वि.बैङ्क समेतको सहमति अनुसार अघि बढ्ने भएकाले आयोजनाको प्रक्रियागत संचालनमा ढिलाई हुन

गएमा आयोजनाको कार्यतालिकामा असर पर्न सक्नेछ ।

- आयोजनामा बहुपक्षीय संस्थाहरूको संलग्नता रहेकाले सबै पक्षहरूका बीचको सन्तुलित समन्वय राख्न कठिनाई पर्न सक्नेछ ।
- आ.व्य.का. ⁄ क्षे.आ.व्य.का. र न.वि.को.को पदाधिकारी कर्मचारीहरूको समय समयमा हुन सक्ने फेरबदलले आयोजनाको काममा बाधा पर्न सक्नेछ ।
- तालिमप्राप्त सदस्य ⁄ पदाधिकारी ⁄ कर्मचारीहरू अन्यत्र गई खा.पा.उ.स.स. ⁄ स्थानीय सरकारमा उपलब्ध नहुन सक्ने अवस्थामा समग्र कार्यक्रमको प्रभावकारितामा असर पर्न सक्नेछ ।

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

# **आयोजना आवेदन फाराम**

आयोजना व्यवस्थापन कार्यालय
पानीपोखरी, महाराजगन्ज
काठमाडौं

मिति.......................

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना
## आयोजना आवेदन फाराम

**क) प्रस्तावित आयोजनाको परिचय:**

१) नगरको नामः
२) जिल्लाः ......................नगरपालिका..........................वार्ड नं. .........
३) आयोजना क्षेत्रबाट राजमार्ग जोड्ने नाम, दुरी......................
४) प्रस्तावित आयोजना क्षेत्रको जनसंख्या विवरणः(आयोजना क्षेत्रभित्रको मात्र)

| न.पा./ गाउँपालिका | आयोजना क्षेत्रका स्थानहरू | | हालको जनसंख्या | घरधुरी संख्या | पेशा (जनसंख्याको ५ मा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | नगर/क्षेत्रको स्थानहरू | वार्ड नं | | | कृषि | व्यापार | नोकरी | अन्य |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | नगरको जम्माः | | | | | | | |

५) गाउँ/नगर पालिकाको हालकोः कूल जनसंख्याः ............. कूल क्षेत्रफलः.........हेक्टर
६) गाउँपालिका/नगरपालिकाको कूलजम्मा घरधुरी संख्याः ................
७) दश वर्ष अघि नगरको जनसंख्या............ घरधुरी संख्याः ................
८) औषत जनघनत्व प्रति हेक्टर ................
९) आयोजना नगर परिषद्बाट पारित क) भएको ख) नभएको
१०) गाउँ/नगर पालिका सिफारिस क) भएको ख) नभएको
११) आयोजना क्षेत्रमा विगत दश वर्ष भित्रको जनसंख्या वृद्धिदर वार्षिक ......%

**ख) हालको खानेपानी आपूर्तिको अवस्था:**

१) हालको खानेपानी .......................... स्रोत प्रयोग (किसिम)
२) हालको खानेपानी प्रणालीको अवस्था :
क) राम्रो ख) सामान्य मर्मत गर्नुपर्ने ग) जीर्ण (पूरै मर्मत गर्नुपर्ने) घ) विस्तार गर्नुपर्ने
३) पाइपबाट आपुर्ति हुने खानेपानी प्रणालीः क) भएको ख) नभएको
४) हालको प्रणालीबाट उपलव्ध खानेपानीको गुणस्तरः
क) राम्रो ) सन्तोषजनक ग) निम्नस्तर
५) उपलब्ध भइरहेको पानीको पर्याप्तता (औसत लिटर/व्यक्ति/दिन):
क) १०० भन्दा बढी ख) ४५ देखि १०० ग) ४५ भन्दाकम
६) हालको खानेपानी प्रणालीबाट लाभान्वित हुन नसकेको सेवा क्षेत्र भित्रको जनसंख्या (प्रतिशत/घरधुरी)
७) हालको खानेपानी प्रणालीबाट लाभान्वितहुन नसकेको विपन्न/गरिव जनसंख्या (प्रतिशत/घरधुरी)
८) आयोजना क्षेत्रमा रहेको कुलनिजीधारा जडान संख्याः ..............
९) अधिकांश समय हैण्डपम्प प्रयोगको पानीप्रयोग गर्ने घरधुरीको संख्याः
१०) सामुदायिक धारामा भर पर्नु पर्ने घरधुरीको संख्याः ........
११) नगरमा सामुदायिक/सार्वजनिक धाराको संख्या .................
१२) हाल पाईपवाट खानेपानी आपूर्ति हुने व्यवस्था भए, संचालनहुने समय प्रतिदिन..... घण्टा
१३) हालनगर वासीहरूले प्रयोगमा ल्याईरहेको पानीका मुहानहरूः (जस्तै मुल, खोला, डिपसेटटयुववेल, इनार ( हैण्डपम्पहरू बाहेक) को विवरणः

| मुहान | | नगरवाट दूरी (कि.मि) | हिडेर/पर्खेर एक भांडो पानी भर्न लाग्ने समय (मिनेट) | मुहानप्रयोग गर्ने जनसंख्याको प्रतिशत | | सुरक्षित मुहान | | यदि पाइप प्रणालीवाट खानेपानी आपूर्ति हुने गरेको भए | | पानीको गुणस्तर | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नाम | किसिम | | | सुख्खा समय | बर्षातको समय | हो | होइन | सार्वजनिकधारा संख्या | निजीधारा संख्या | सुख्खा समय | | | वर्षातको समय | | |
| | | | | | | | | | | रा | सं | नि | रा | सं | नि |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

*<u>द्रष्टव्यः</u> रा.राम्रो, सं.सन्तोषजनक, नि.निम्नस्तर*

१४) अन्यकुनै निकायबाट सो क्षेत्रमा आयोजना निर्माण भैरहेको/नरहेको/भैरहेको भए कसबाट....................

**ग)** **सरसफाइ**

१) शौचालय भएको घरधुरीको संख्या ................घरधुरीको प्रतिशत............

१.१ औसत शौचालयको अवस्थाः क) राम्रो ख) सन्तोषजनक ग) निम्नस्तर

२) शौचालय नभएको घरधुरीको संख्या ............. घरधुरीको प्रतिशत............

३) नगरमा भएको सार्वजनिक शौचालय संख्याः...............

१.१ औसत सार्वजनिक शौचालयको अवस्थाः क) राम्रो ख) सन्तोषजनक ग) निम्नस्तर

४) नगरमा ढलको पणालीको उपलब्धताः क) भएको ख) नभएको

५) ढल प्रणालीको किसिमः प्रशोधन प्रणालीः क) भएको ख) नभएको

६) ढलको किसिमः क) वर्षातको पानी ढल ख) स्यानिटरी ढल ग) संयुक्त ढल

७) ढल प्रणालीको अवस्थाः क) राम्रो ख) सन्तोषजनक ग) निम्नस्तर

**घ) प्रस्तावित आयोजना क्षेत्र अन्तर्गतका घरधुरीहरूको मासिक आयस्तरः**

| सि.नं. | आयस्तर | घरधुरीको संख्या | (%) घरधुरीको |
|---|---|---|---|
| १ | रु. १३,५००।– भन्दा कम | | |
| २ | रु. १३५०१।–देखि रू. २०,००० ।–सम्म | | |
| ३ | रु. २०,००१।–देखि रू. ३५,०००।–सम्म | | |
| ४ | रु. ३५,००१।– देखि माथि | | |
| | **जम्माः** | | |

**ङ)** **आयोजना क्षेत्रमा उपलब्ध आधारभुत सेवा, सुविधाको विवरण :**

१. दूरसञ्चारको सुविधाः क) छ ख) छैन

२. विद्युतको सुविधाः क) छ ख) छैन

३. स्वास्थ्य (स्वास्थ्य चौकी/स्वास्थ्य केन्द/अस्पताल) को सुविधाः क) छ ख) छैन

४. विद्यालय/क्याम्पस

क) आभारभूत विद्यालय संख्या ख) माध्यमिक विद्यालय संख्या

ग) क्याम्पस संख्या

५. बैंकको सुविधाः क) छ ख) छैन

६. बाह्रै महिनाचल्ने माटर बाटो क) छ ख) छैन

**च)** **आयोजनाको अध्ययन चरण देखि सम्पन्न भई संचालन तथा मर्मत सम्भारको चरणसम्म खानेपानी उपभोक्ता तथा सरसफाइ समिति (WUSC) ले वहन गर्नुपर्ने दायित्वः**

१. आयोजना निर्माणका लागि उपभोक्ताको प्रतिवद्धता र तत्परताको अनुरुप आयोजनाको लागत अनुमानको कम्तीमा ५% नगद अग्रीम संकलन गर्नः

क) मंजुर भएको ख) मंजुर नभएको

२. नगर विकास कोषवाट वित्तीय सम्झौता गरी २५% आयोजना निर्माण चरणमा सहलगानी बापत ऋण लिनः

क) मंजूर भएको ख) मंजूर नभएको

३. ऋण लिएको रकमनगर आयोजना सम्पन्न भएपछि खानेपानी सेवा महशुलबाट संकलित रकमबाट २० वर्षभित्र वार्षिक ५% ब्याजमा ऋण चुक्ता गर्न:

क) मंजूर भएको ख) मंजूर नभएको

४. सरसफाइ आयोजना (सामुदायिक शौचालय, ढल प्रणाली आदि) को लागत अनुमानको ८५% आयोजनाले व्यहोर्ने र १५% स्थानिय सरकार उपभोक्ताहरुको संयूक्त योगदान स्वरूप दिनुपर्ने रकम समयमानै आयोजनालाई उपलब्ध गराउन:

क) मंजूर भएको ख) मंजूर नभएको

५. मंजूर भए उपभोक्ता समिति/गाउँपालिका वा नगरपालिकाई नगर विकास कोषबाट ऋण उपलब्ध गराउन जि.स.स./गाउँ/नगर पालिकाबाट उपयुक्त वातावरण बनाइदिन सहजकर्ताको भूमिका निर्वाह गर्न:

क) मंजूर भएको ख) मंजूर नभएको

६. आयोजना निर्माण पश्चात उपभोक्ता समितिमा स्वामित्व हस्तान्तरण भई आएपछि लागत असूली/सेवा सुधार/क्षेत्र विस्तार समेतलाई धान्ने गरी खानेपानी महशुल निर्धारण तथा संचालन गरी खानेपानी तथा सरसफाइ प्रणालीको नियमित संचालन तथा मर्मत संभार गर्न:

क) मंजूर भएको ख) मंजूर नभएको

७. आयोजना अन्तर्गत पानीपोखरी, पानी प्रशोधन प्रणाली, पम्प घर, पाइपलाइन र त्यसको संरचना आदि संरचनाहरु निर्माणका लागि चाहिने जग्गा उपलब्ध गराउने तथा जग्गाको स्वामित्व कानूनी रूपले उपभोक्ता समितिमा हुनुपर्ने:

क) मंजूर भएको ख) मंजूर नभएको

८. खानेपानी तथा सरसफाइ सुविधा प्रणाली अन्तर्गत निर्मित संरचनाहरूको नियमित संचालन र सम्भार कार्यहरूमा सहयोग गर्न:

क) मंजूर भएको ख) मंजूर नभएको

९. खानेपानीको लागि प्रस्तावित श्रोतमा मुहान वा अन्य कुनै विवाद

क) भएको ख) नभएको ग) हुन सक्ने ३) मिलाउन सकिने

१०. आयोजना निर्माण गर्दा जनता विस्थापित:

क) हुन सक्ने ख) हुननसक्ने

**छ) आबेदन फाराम बुझाउनु भन्दा अगाडि आयोजना छनोट सम्बन्धमा समुदाय/उपभोक्ताहरू बीचमा बैंठक/छलफलहरू भएको छ/छैन । यदि बैठक/छलफलहरू भएको छभने निम्न जानकारी दिनुहोस् । छलफलमा भएका निर्णयहरूको प्रतिलिपी यसैसाथ संलग्नहुनु पर्ने छ ।**

| छलफल भएका बूंदाहरु | मिति | छलफल भएको स्थान | उपस्थित संख्या | |
|---|---|---|---|---|
| | | | महिला | पुरुष |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**ज) आयोजना छनोट सम्बन्धमा भएको छलफल/बैठकमा समुदायका सदस्यहरूको औसत समावेशी उपस्थिती**

क) घरधुरी ख) उपस्थिती संख्या

**झ) आयोजना छनोट गर्ने सम्वन्धमा भएको छलफल/बैठकमा महिलाहरूको उपस्थिती**

क) घरधुरी ख) उपस्थिती संख्या

**ञ) उपभोक्ता समितिको नामावली:**

१) अध्यक्ष.................................... २) उपाध्यक्ष...............................................

३) सचिव:.................................... ४) कोषाध्यक्ष..............................................

५) सदस्य (५जना)

क)..........................................................
ख)..........................................................
ग)..........................................................
घ)..........................................................
ङ)..........................................................

जम्मा ९ जनामध्ये कम्तीमा ३ जना महिला, दलित वा आदिवासी/जनजातिहरुको समेत प्रतिनिधिहरु भएको हुनुपर्ने र ती ३ मध्ये १ जना पदाधिकारीको रुपमाहुनु पर्ने छ ।

माथि उल्लेखित विवरण तथाशर्तहरू हामीलाई मान्य भएकोले ... .................................... (नाम) खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्नको लागि संयुक्तआवेदन दिएका छौं ।

**प्रतिनिधि, गा.पा/न.पा. :**

नामः
पदः
सहीः
मितिः
कार्यालयको छापः

**प्रतिनिधि, खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/संस्था**

नामः
पदः
सहीः
मितिः
कार्यालयको छापः

**पत्राचार गर्ने ठेगानाः**

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
**शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना**
आयोजना व्यवस्थापन कार्यालय
पानी पोखरी, महाराजगञ्ज, काठमाडौं ।

फोन नं. : ४४२२२३१/४००६६८५
फ्याक्स नं. : ९७७-१-४४१३२८०/४४१६६२८
ई-मेल : info@uwssp.gov.np
वेब साइट :www.uwssp.gov.np

## URBAN WATER SUPPLY AND SANITATION (SECTOR) PROJECT
# PRE- FEASIBILITY REPORT

(To be prepared by the team of PMO/RPMO)

1. **General:**
   - a) Name of the town ……………………
   - b) Municipality/Rural Municipality: ………………………c) District:…………………………… d) Province: …………………
   - c) Accessibility: i) by air ii) by road iii) nearest road head
   - d) Name of the District Headquarter: ……………………….
   - e) Distance from project area from the Headquarter and strategic road network: … ... km. from district Headquarter
   - f) Population of the Municipality/Rural Municipality

1. As per CBS population Census 2068:
2. Growth rate (calculated from the past records):
3. Existing Socio-economic and demographic information from the field survey:

| Project Area | | Present Population | | Household | Occupation (No. of HH) | | | | Remark |
|---|---|---|---|---|---|---|---|---|---|
| Name of the Municipality | Ward No. | M | F | | Agriculture | Business | Service | Others | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | Total | | | | | | | | |

Existing basic facilities:

Does a piped water supply system exist? Yes ☐ No ☐

If yes, provide the percentage of population served:

| Cluster (Tole, Ward No. etc) | Existing Population | Percentage of Pop. Served | Type of System | Un-served Poor settlements with Population |
|---|---|---|---|---|
| | | | | |

Percentage of poor areas not served by piped system

| Cluster (Tole, Ward No. etc) | Existing Population | % of Pop. Served | Type of System | % of population not served by the system |
|---|---|---|---|---|
| | | | | |

Water Supply System

a) Type of source: River and stream/Spring/Groundwater

Information in case of surface water source:

b) Measured discharge in lps and date

c) Water Quality (if any record):

d) Type of the scheme: Gravity/Pumping

e) Storage tank:

    a. Type: Overhead/Underground Tank

    b. Capacity:

f) No. of public stand posts:

g) No. of private connections:

h) Total length of the distribution line:

    a. Total hours of distribution a day

i) Population covered:

j) Information regarding repair and maintenance (existing condition of each and every component of water supply):

k) Organization responsible for operation and maintenance:

    a. User's committee (provide details of Users' Committee mainly on numbers of members, basis for the selected of the members and frequency of meetings):

    b. Municipality/Rural Municipality

    c. District Coordination Committee:

    d. Government Agency:

l) Water tariff, amount of billing and collection including charges for connect ion and total amount expenses:

m) Water tariff

n) Operation budget and budget for maintenance:

o) Other specific details, if any additional information in case of tube well

p) Yield

q) Depth of the well and water level

r) Diameter of the pipe

s) Type and capacity of the pump

Additional information in case of the individual hand-pump users:

t) Number of hand pump users:

u) Water table:

I. **Storm water drainage system (if any)**

Sewerage system (if any)

a. Type of conduits: Piped/brick/concrete channels

b. Total length of conduits

c. Quality of fluid

d. Type and capacity of wastewater treatment plant (if any)

e. Area and population covered

f. Responsible organization for operation and maintenance

II. **Household/community toilets (if any)**

a. Number of HH having private toilets:

b. Type of toilet:

c. Capacity of the community toilet/s:

d. Hygienic condition of toilet/s:

e. Water availability and sufficiency:

f. Location of toilet/s:

g. Number of toilet/s:

h. Number of daily users:

III. **Power Supply**

a) Number of HH having metered connection:

b) Population covered:

IV. **Telecommunication services**

a) Number of HH having land line (-mobile) telephone lines:

a. Population covered:

**V. Healthservices**

a) Number of hospitals, doctors and health assistants:

b) Number of health posts, doctors and health assistants:

c) Number of private clinics:

**VI. Other infrastructure:**

vi) Financial institutes (Banks, Financing Companies and Cooperatives)

Bank:

vii) Educational Institutes:

a) Primary Schools (Number of Students):

b) Secondary Schools (Number No. of Students):

c) Higher Secondary Schools (Number of Students):

d) Campuses ((Number of Students):

viii) Industries:

a) Large scale industries and their type in relation to the products:

b) Cottage industries:

c) Industries with larger water demands like dairy firms, agro products etc.:

ix) Poverty incidence level of the Municipality/Rural Municipality:

a) No. of HH having Rs. 13500 and Below monthly income:

b) No. of HH with monthly income of Rs. 13501 to Rs. 20000:

c) No. of HH with monthly income of Rs. 20001 to Rs. 35000:

d) No. of HH with monthly income of Rs. 35000 and above:

x) Ongoing development activities (if any)

xi) Is there any NGO, INGOs dealing with either water and sanitation or health? If yes, provide brief information on their activities and areas where they are operating.

xii) Project approval status:

xiii) Project is approved by the general assembly of DDC/Municipality/Rural Municipality (attach approval document)

xiv) Outline the existing coverage area and source in the topographical map.

**2. Private Institutional Schemes (If any)**

I. Name:

II. Type:

**3. Important information on the Proposed Project**

**(Water Supply Component)**

a) Proposed potential water source for urban project

| Detail of the source /Name | Type | Discharge (safe) Reliability of Source | Length of transmission main | Remarks |
|---|---|---|---|---|
| | | | | |

b) Type of system: i) Gravity ☐ ii) Pumping ☐

c) Outline the proposed service area and indicate the proposed source in the topographical map (survey team has to carry topographical map during field visit).

d) Meeting with WUSC and Local Government:

I. Date:

II. Place:

III. Nos. and list of the participants at the meeting (as attachment):

IV. Minutes of the meeting/s (as attachment)

e) Essential points to be checked and verified by the survey team and agreed by the community and Local Government to make the water supply project socially feasible:

i. Confirmation of the proposed potential water sources and evidences of the proving no disputes on the proposed sources:

ii. Community is willing to contribute 5% cash at the time of project implementation: Yes ☐ No ☐

iii. Community is willing to borrow up to 25% from TDF and pay 5% interest rate within 25 years: Yes ☐ No ☐

Amount collected as of date for upfront cash contribution -

Rs……….. (Documentary evidences required):

iv. Availability of Land for proposed water supply and/or wastewater system (location and area to be mentioned and ownership certificate attached, if available) (Documentary evidences required):

v. Community is willing to take over O &M responsibility after completion:

vi. Local Government (Municipality/Rural Municipality) is willing to assist WUSC in the implementation as well as in the O/M of the Project:

vii. Local Government (Municipality/Rural Municipality) is willing to assist land acquisition, resettlement and environment protection activities:

viii. Formation of WUSC, female representation in WUSC by at least 33% and registration of WUSC, existing WUSC does not fulfill the requirement but it will be reformed when project is approved:

4. **Mandatory attachments with the report:**

a. Minutes of all the meetings in a chronological order

b. Endorsement of the Project from the Local Government (DCC and Municipality or Rural Municipality)

c. Agreement between Local Government and WUSC regarding project implementation, if done:

d. Location diagram with area of land available for the proposed system and land ownership certificate, if available:

e. Photographical document of the source, source area, location of storage tank and public stand posts (water supply project), service area and receiving river/stream kholsa (storm water drainage project), locations of the community toilets (toilet project) and meetings.

f. Schematic plans with the locations of intake, transmission line, storage tank, distribution lines and public stand posts (water supply project), drainage lines, and outlet (storm water drainage project), sewer lines and wastewater treatment plants (sewerage project). Schematic plans of community toilets and septic tanks.

**5. General Impression and Recommendation:**

**Form Filled up by:**

Signature ……………………………………………

Name: ………………………………………………….

Position: ………………………………………………

Office: …………………………………………………..

Address: ………………………………………………..

Mobile no. ……………………………………………..

Date …………………………………..

# शहर छनोट मापदण्ड
**(Town Selection Criteria)**

| मापदण्ड/सूचक | विवरण | स्कोर |
|---|---|---|
| शहरी आयोजना परिभाषा भित्र पर्ने | हो/हैन | समावेश भएको/नभएको |
| जि.स.स/गांउपालिका/नगरपालिकाबाट सहमति गरिएको | हो/हैन | समावेश भएको/नभएको |
| ADB SPS, २००९ को अनुसार नगर आयोजना क्षेत्र संवेदनशील क्षेत्र भित्र नभएको वा सुरक्षित क्षेत्र घोषित नगरेको | हो/हैन | समावेश भएको/नभएको |
| **गरिबी** | | |
| मेट्रिक्स स्कोङ्गि गरिबीको रेखामुनी (BPL) र नेपाल जीवनस्तर सर्वेक्षण (NLSS) को आधारमा | | २०*%BPL/१०० |
| **खानेपानी आपूर्ति** | | |
| पाइप प्रणाली | | ३५ |
| पाइप प्रणालीले सेवा नपाएको जनसंख्या प्रतिशत | | १५*%/१०० |
| गरीब तथा पिछडिएका बर्गमा पाइप प्रणालीले सेवा नपाएको क्षेत्रको प्रतिशत | | १०*%/१०० |
| हाल भएको खानेपानी आपूर्ति | | १० |
| परिणाम ४५ लिटर भन्दा कम | | ५ |
| प्रतिदिन प्रतिघण्टा वितरण | ०-४ घण्टा | ५ |
| | ४-१० घण्टा | ३ |
| | >१० घण्टा | ० |
| **सरसफाइ** | | |
| चर्पी नभएका जनसंख्याको प्रतिशत | | २०*%/१०० |
| **समुदायको चाहाना** | | |
| खानेपानी उपभोक्ता संस्था विधिवत दर्ता भएको छ | | ५ |
| **आयोजनाको लागि तयारीपन** | | |
| स्रोत पहिचान | हो | ५ |
| प्रमुख संरचनाका लागि जग्गा उपलब्धता | २५ प्रतिशत वा सो भन्दा माथि | १० |
| **शहरीकरण र वृद्धि हुने सम्भावना** | | |
| गत दशकमा जनसंख्या वृद्धि (% प्रति वर्ष) | ५% वा भन्दा बढी | ५ |
| | ३-५% | ३ |
| | ३% भन्दा कम | १ |
| **जम्मा अंक** | | |

ADB= Asian Development Bank (एशियाली विकास बैंक), BPL= Below poverty line (गरिबी रेखामुनी), NLSS= Nepal Living Standard Survey (नेपाल जीवनस्तर सर्वेक्षण), SPS= Safeguard Policy Statement (सुरक्षण नीति कथन)

*स्रोत* : **PAM Sep 2019**

नेपाल सरकार

खानेपानी मन्त्रालय

खानेपानी तथा ढल व्यवस्थापन विभाग

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

## शहरी आयोजना कार्यान्वयन सम्बन्धमा आयोजना सहमति पत्र (Memorandum of Understanding)

(मस्यौदा/नमूना)

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत ... ... ... शहरी आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, ... ... गाऊपालीका/ नगरपालीका र .................. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था बीचको शहरी आयोजना सहमति पत्र ।

मिति :.................................

## १. प्रारम्भिक

................. जिल्ला ........................... नगरपालिका/गाउँपालिका अन्तर्गत... ... वडाहरूमा बसोबास गर्ने उपभोक्ताहरूलाई शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना मार्फत खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध गराउन आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष र खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/गाउँपालिका वा नगरपालिकाको यस सहमति पत्रमा उल्लेख भएका शर्तहरूलाई पालना गर्ने गरी यो शहरी आयोजना सहमति पत्र हस्ताक्षर सम्पन्न भएको छ ।

## २. सम्झौताको उद्देश्य

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत छनोट भई शहरी आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत ईन्जिनियरिङ्ग डिजाईन प्रतिवेदन, विभिन्न प्रकारका तालिम, अग्रिम नगद संकलन, निर्माण कार्य खरीद, निर्माण व्यवसायीको छनोट तथा संरचना निर्माण, संचालन तथा सम्भार आदि शहरी आयोजनाको कार्यहरूको सफल कार्यान्वयनमा संलग्न सबै निकाय तथा सरोकारवालाहरूले निर्वाह गर्नु पर्ने आ-आफ्नो दायित्वप्रति प्रतिबद्धता जनाउनु यस सहमति पत्रको उद्देश्य रहेको छ ।

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाले उपभोक्ता वर्गको जीवन स्तर उकास्नुका साथै शहरी आयोजनाहरुमा सहभागितामूलक दिगो खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्य लिइएको छ ।

## ३. आयोजनामा संलग्न निकाय तथा सरोकारवालाहरू

खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभागले केन्द्रमा आयोजना व्यवस्थापन कार्यालयको स्थापना गरेको छ भने सम्बन्धित क्षेत्रमा, क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयद्वारा शहरी आयोजनाहरू कार्यान्वयन गर्नेछ । क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयले संचालनमा रहेका शहरी आयोजनाहरूको कार्यान्वयन व्यवस्थापन, निरीक्षण र अनुगमन तथा उपभोक्ता संस्थालाई आवश्यक सहयोग तथा सुझाव दिनेछ । एउटा शहरी आयोजनालाई सुसम्पन्न गर्न कुनै एउटा विशेष निकाय वा सरोकारवालाबाट सम्भव नहुने भएकोले यसमा आबद्ध सबै निकाय, सरोकारवालाहरू तथा उपभोक्तावर्गका बीचमा आपसी समझदारी र आ-आफ्नो पक्षबाट निर्वाह गर्नुपर्ने जिम्मेवारीका बारेमा राम्ररी जानकारी हासिल गरी सुनिश्चित हुनु आवश्यक भएकोले यो सहमति पत्रले सबैलाई आ-आफ्नो भूमिकाबारे जानकारी प्राप्त गर्ने अवसर प्रदान गर्छ । सहमति सम्पन्न गर्ने क्रममा आयोजित छलफल कार्यक्रममा उपस्थित आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/स्थानीय सरकारका पदाधिकारीहरू बीच शहरी आयोजनाबारे व्यापक छलफल गरी शहरी आयोजना सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्न प्रस्तुत सहमति पत्र शहरी आयोजनाको प्रारम्भिक चरणको एउटा महत्वपूर्ण क्रियाकलाप हो । शहरी आयोजना संचालन गर्न यसमा प्रत्यक्ष रुपमा संलग्न हुने निकाय तथा सरोकारवालाहरू निम्न प्रकारका रहेका छन् ।

- खानेपानी तथा ढल व्यवस्थापन विभाग
- आयोजना व्यवस्थापन कार्यालय
- क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय
- नगर विकास कोष
- जि.स.स./नगरपालिका/गाउँपालिका (स्थानीय सरकार)
- आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता
- डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता
- खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समिति

## ४. आयोजनामा संलग्न निकाय तथा सरोकारवालाहरूको जिम्मेवारी

## ४.१ खानेपानी तथा ढल व्यवस्थापन विभाग

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत प्रत्येक सहरमा कार्यान्वयनमा रहेका शहरी आयोजनालाई आवश्यक प्राविधिक सहयोग तथा सुपरिवेक्षण गर्ने निकायको रूपमा खानेपानी तथा ढल व्यवस्थापन विभागको जिम्मेवारी निम्न अनुसार हुनेछ :

- विद्यमान आयोजना व्यवस्थापन कार्यालयलाई सबलीकरण गर्न आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयका एवं संस्थागत सहयोग तथा सेवा सुझाव इकाई (ISSAU) लागि आवश्यक कर्मचारीको व्यवस्था मिलाउने ।
- आयोजना अन्तर्गत संचालनमा रहेका शहरी आयोजनाहरूको प्रगति समीक्षा र स्थलगत निरीक्षण र अनुगमन गरि आवश्यक निर्देशन दिने ।
- केन्द्रीय स्तरमा रहेको आयोजना समन्वय समितिको वैठक बसेका बखतमा बैठकमा भाग लिने तथा समस्या परेका बखत आयोजनालाई सहयोग र संयोजन गरी दिनका लागि समन्वय समितिका प्रतिनिधिहरूका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

## ४.२ आयोजना व्यवस्थापन कार्यालय

आयोजना संचालनका लागि केन्द्रमा एउटा प्रमुख निकायको रूपमा आयोजना व्यवस्थापन कार्यालयको स्थापना गरिएको छ। यस अर्न्तगत व्यवस्था गरिएको आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता (PMQAC) ले शहरी आयोजनाहरुको डिजाइन कार्यको गुणस्तर सुनिश्चित गर्ने तथा खानेपानी र सरसफाइ संरचनाहरुको डिजाइन अनुसार गुणस्तरीय कार्यान्वयन भएको/नभएको सुनिश्चित गर्नु तथा आयोजना व्यवस्थापन कार्यालय (PMO) तथा क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयहरु (RPMOs) लाई आयोजनाको योजना निर्माण कार्यान्वयन तथा अनुगमनका लागि सबै अवस्थामा सहयोग गर्नु रहेको छ ।

यसका साथै नेपाल सरकार तथा एशियाली विकास बैंकको नीति तथा निर्देशिका अनुसार वातावरणीय तथा सामाजिक सुरक्षाको अवस्था पालनाको लागि सहजीकरण गर्ने रहेको छ ।

आयोजना व्यवस्थापन कार्यालयले मुख्यतया निम्न कार्यहरु गर्ने छ :

- आयोजना कार्यान्वयनका सिलसिलामा सम्बन्धित निकाय तथा सरोकारवालाहरूका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- सहरहरूको छनोट गरी शहरी आयोजना संचालन गर्ने ।
- आयोजनाको व्यवस्थापन पक्षमा सघाउन परामर्शदाता नियुक्ति गर्ने ।
- डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताको नियुक्ति र निजको कार्य मूल्याङ्कन गर्ने ।
- निर्माण कार्यका लागि ठेक्कापट्टा व्यवस्थापन गर्ने ।
- संरचना निर्माण कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्ने, आयोजना संचालन र सम्भारमा सहयोग गर्ने साथै आयोजनाबाट उपभोक्तावर्गलाई कुनै क्षति नपुगोस् भन्ने सुरक्षण (Safeguard) दिने र आवश्यक परेका समयमा यसको नियमानुसार प्रक्रिया पूरा गर्ने ।
- आयोजनाका बारेमा जानकारी गराउन सूचना सामग्री, निर्देशिका, म्यानुअल, ब्रोसिएर, बुलेटिन आदि सामग्रीहरू तयार गर्ने र यसको वितरणको व्यवस्था मिलाउने ।
- आवश्यकता अनुसार गोष्ठी, तालिम र परिचयात्मक कार्यक्रमहरू संचालन गर्ने ।
- उपभोक्ता संस्था/स्थानीय सरकारका पदाधिकारीहरू र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र (NWSSTC) र नगर विकास कोषसंगको आपसी सहयोग तथा समन्वयमा लेखा व्यवस्थापन लगायत अन्य निम्न प्रकृतिका तालिमहरू संचालन गर्नेछ :

▪ आयोजनाको प्रकृयाबारे जानकारी गराउन परिचयात्मक कार्यक्रम ।
▪ स्वास्थ्य शिक्षा तथा सरसफाइ ।

- लैङ्गिक समानता र सामाजिक समावेश ।
- लेखा प्रणाली व्यवस्थापन ।
- खानेपानी महशुल निर्धारण एवम् संचालन तरीकाहरू
- निर्माण सुपरिवेक्षण तथा गुणस्तर अनुगमन
- निर्माण तथा सम्भारका लागि श्रम तथा सामग्री व्यवस्थापन
- फोहरमैला व्यवस्थापन
- खानेपानी तथा सरसफाइ प्रणाली संचालन
- मर्मत सम्भार कार्य
- अनुगमन तथा सुपरिवेक्षण कार्यालय व्यवस्थापन र कार्यसंचालन आदि

**४.३ क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय**

- शहरी स्तरमा आयोजनाहरुको योजना तर्जुमा, व्यवस्थापन र कार्यान्वयन गर्ने ।
- शहरी आयोजनाको योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी सबै विषयहरुमा स्थानीय सरकार, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय र उपभोक्ता समितिहरुसंगको समन्वय सुनिश्चित गर्ने ।
- डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताबाट तयार भई प्राप्त हुन आएको सम्भाव्यता अध्ययन प्रतिवेदनको समीक्षा गर्ने र छुटेका बुँदाहरूलाई समावेश गर्न सम्बन्धित परामर्शदातालाई पत्र लेख्ने । सम्भाव्यता अध्ययन प्रतिवेदनमा निम्न बुँदाहरू हुनुपर्छ ।

✓ प्रारम्भिक डिजाइन र लागत सहितको विकल्पहरूको प्राविधिक छानबिन (Investigation)
✓ वित्तीय एवं आर्थिक विश्लेषण र लागत अनुमान ।
✓ नयाँ वातावरण संरक्षण नीति अनुसार वातावरणीय मूल्यांकन
✓ सामाजिक तथा लैङ्गिक विश्लेषण ।
✓ स्वास्थ्य तथा सरसफाइ स्थितिको विश्लेषण ।
✓ संस्थागत विश्लेषण ।
✓ जनताको आयस्रोत, पानी महशुल तिर्न सक्ने सक्षमता ।

- सम्भाव्यता अध्ययन प्रतिवेदन समीक्षा गर्दा शहरी आयोजना सम्भाव्य नदेखिएमा उक्त शहरी आयोजना स्थगित गर्ने र त्यसपछिको कुनै पनि क्रियाकलापहरू संचालन नगरी शहरी आयोजना स्थगित भएको जानकारी सम्बन्धित निकाय र संस्थालाई गराउने ।
- डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताबाट आयोजना व्यवस्थापन कार्यालय/क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयमा प्राप्त भएको विस्तृत इंजिनियरिङ्ग डिजाइन प्रतिवेदनको समीक्षा गरी छुटेको बुँदाहरूलाई समेट्न परामर्शदातालाई पत्र लेख्ने । प्रतिवेदनको समीक्षा नेपाल सरकारको प्रचलित डिजाइन मापदण्ड अनुसार हुनुपर्नेछ । प्रतिवेदनमा एकभन्दा बढी प्राविधिक विकल्प भएमा समुदायले कुन विकल्प छनोट गरेको, छनोट गरिएको विकल्प बमोजिम उपभोक्ताहरूमा तिर्न सक्ने क्षमता र चाहना छ/छैन भन्ने व्यहोरा प्रतिवेदनमा प्रतिविम्बित हुनुपर्नेछ । प्रतिवेदनमा खानेपानीको गुणस्तर, शहरी आयोजनाको लागत र सेवाको स्तर कायम गर्न आवश्यक भएमा डिजाइन प्रतिवेदनमा फेरबदल समेत गर्न सकिने छ ।
- उक्त प्रतिवेदनमा आयोजना व्यवस्थापन कार्यालयबाट प्राप्त राय सुझावहरू समावेश गरिएको अन्तिम डिजाइन प्रतिवेदन उपर उपभोक्ताहरूको राय थाहा पाउन सो प्रतिवेदन माथि छलफल, पुनरावलोकन तथा स्वीकृतिका लागि उपभोक्ताहरूको आमभेलाबाट अनुमोदन गराउनु पर्छ । अनुमोदन गराउँदा शहरी आयोजनाको लागत, विकल्पको छनोट र उपभोक्ताबाट जम्मा गर्नुपर्ने अग्रिम नगद रकम तथा सम्भावित पानी महशुल दर र उपभोक्ताहरूको योगदानका सम्बन्धमा सहमति जनाएको निर्णयको प्रतिलिपि प्रतिवेदनसंगै हुनुपर्छ ।

- आवश्यक जनशक्ति र त्यसको व्यवस्थापन गर्ने ।
- उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकालाई छुट्टै खाता सञ्चालनमा सहयोग र अनुगमन गर्ने तथा उपभोक्ता संस्था/ समितिको/समुदाय तर्फको योगदान सुनिश्चित गर्ने ।
- सम्बन्धित क्षे.आ.व्य.का. (RPMOs) को कार्यक्षेत्रका आधारमा क्षेत्रीय स्तरका डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरुको कार्यसम्पादन अनुगमन मूल्याङ्कन गर्ने ।
- यस आयोजनाको कार्यक्षेत्र अन्तर्गत भए गरेका कार्यहरुको भुक्तानी दिने र यसको सार्वजनिक लेखा परीक्षण गराउने ।
- आयोजना व्यवस्थापन कार्यालयको समन्वयनमा आवश्यकता अनुसार क्षमता अभिवृद्धि तथा खरीद कार्य गर्ने ।
- क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयको क्षेत्र भित्र खटिएका कर्मचारी तथा मानव संसाधनको अधिकतम उपयोग र व्यवस्थापन गर्ने ।
- प्रत्येक शहरी आयोजनाका लागि तयार पारिएका प्रारम्भीक वातावरणीय परीक्षण, GESI कार्ययोजना र पुनर्वास योजनाको कार्यान्वयन र अनुगमन गर्ने तथा तत्सम्बन्धी प्रगतिहरुको प्रतिवेदन संग्रहित गर्ने ।
- यस क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय अन्तर्गत रहेका शहरी आयोजनाहरुको आवश्यकता अनुसार नियमित रुपमा प्रगति प्रतिवेदन तयार पार्ने र आयोजना कार्यालयमा पेश गर्ने ।
- आयोजना व्यवस्थापन कार्यालय, राष्ट्रीय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र (NWSSTC) तथा नगर विकास कोषको सहयोग तथा समन्वयमा तालिम, परिचयात्मक कार्यक्रम तथा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

**४.४ नगर विकास कोष**

शहरको विकास कार्यमा संलग्न संस्थाहरूलाई वित्तीय, प्राविधिक तथा संस्थागत सहयोग गर्ने स्वशासित संस्थाको रूपमा नगर विकास कोष ऐन २०५३ अनुसार स्थापित नगर विकास कोषले शहरी आयोजना कार्यान्वयन गर्न विधिवत् दर्ता भएको खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकाई ऋण उपलब्ध गराउने छ । कोषको अन्य कार्यहरू निम्न प्रकारका हुनेछन् :

- संबद्ध उपभोक्ता संस्था/स्थानिय सरकारद्वारा प्रस्तावित एवं क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय तथा आयोजना व्यवस्थापन कार्यालय एवं आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाताद्वारा सिफारिश गरिएको आयोजना प्रतिवेदन उपर अध्ययन गरी आयोजना मूल्याङ्कन प्रतिवेदन (Project Appraisal Report) तयार पारी ऋण लगानी गर्न सकिने/नसकिने बारेमा सिफारिश गर्ने ।
- आयोजना व्यवस्थापन कार्यालय तथा डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताको समन्वयमा शहरी आयोजनाको लागत तथा उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकाले लिएको ऋण संबद्ध उपभोक्ताहरुले तिर्न सक्ने क्षमता तथा तिर्ने चाहना समेतको अध्ययन गरी लगानी सुरक्षित भएको देखिएमा कूल लागतको २५% सम्म ऋण प्रवाह गर्ने । उक्त ऋण रकम ५% ब्याज दरमा ५ वर्षको सहुलियत अवधि सहित २५ वर्ष को लागि हुने ।
- कोषले खानेपानी व्यवस्थाको संचालन तथा सम्भार खर्च खानेपानीको क्षेत्र विस्तार हुनसक्ने अवस्था एवं ऋण लगानी साँवा ब्याजको भुक्तानी समेतलाई दृष्टिगत गरी खानेपानी महशुल निर्धारण गर्न उपभोक्ता संस्था तथा गाउं/नगरपालिकालाई महशुल दर सिफारिश गर्ने ।

- आयोजनामा ऋण लगानी गर्न संभाव्य देखिएमा सम्बद्ध उपभोक्ता संस्थासंग आयोजना मूल्याङ्कन प्रतिवेदन समेतलाई दृष्टिगत गरी ऋण लगानी सम्बन्धी सम्झौता गर्ने ।
- खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/स्थानीय सरकारका पदाधिकारी तथा कर्मचारीलाई खानेपानी महशुल दर निर्धारण, बुककिपिङ्ग तथा लेखा र वित्तीय व्यवस्थापन सम्बन्धी तालिम उपलब्ध गराउने तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने । यस सम्बन्धमा आयोजना व्यवस्थापन कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउने ।
- उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकालाई आयोजनाको कार्य प्रगतिका आधारमा रकम निकासा दिने ।

### ४.५ स्थानीय सरकार (गाउंपालिका/नगरपालिका)

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना संचालन गर्ने सन्दर्भमा सम्बन्धित जि.स.स./गा.पा./नगर पालिकाको जिम्मेवारी निम्न प्रकारका हुनेछन्:

- शहरी आयोजना निर्माणका लागि उपभोक्ता वर्गबाट तोकिएको समयमा अग्रिम नगद रकम ५% (खानेपानी तर्फ) जम्मा गर्न उठाउनु पर्ने रकम तथा जनश्रम जुटाउने काममा आवश्यक सहयोग गर्ने ।
- उपभोक्ता संस्थालाई नगर विकास कोषबाट ऋण उपलब्ध गराउन उपयुक्त वातावरण बनाई दिन सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- शहरी आयोजना कार्यान्वयनको लागि आयोजना व्यवस्थापन कार्यालय/क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, स्थानीय सरकार/खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाबीच हुने सहमति पत्रमा हस्ताक्षर गरी शहरी आयोजनालाई सम्पन्न गर्ने प्रतिबद्धता जनाउने काममा सहयोग गर्ने ।
- शहरी अयोजना क्षेत्रभित्र सार्वजनिक सरसफाइ सुविधा अन्तर्गत निर्माण हुने फोहोर पानी प्रशोधन प्रणाली, सार्वजनिक शौचालय, फोहरमैला व्यवस्थापन तथा वर्षातको पानीको उचित प्रबन्धका लागि सार्वजनिक सतही ढल आदि निर्माण गर्न उपभोक्ता संस्था तथा सम्बन्धित स्थानिय सरकार मिलेर आवश्यक पर्ने जग्गा तथा लागत सहभागिता स्वरुप १५% रकम जम्मा गर्नुपर्ने प्रावधान अनुसार स्थानिय सरकारले जम्मा गर्नुपर्ने रकम समयमा उपलब्ध गराउने र सरसफाइ सुविधा अन्तर्गत निर्मित संरचनाहरूको नियमित सन्चालन र सम्भार कार्यहरूमा सहयोग गर्ने ।
- संस्थाको क्षेत्राधिकार भित्र रहेका खानेपानी तथा सरसफाइ आयोजनाहरुको सेवा संचालन नियमनको अग्रणी भुमिका निर्वाह गर्ने ।
- संस्थाको वजेट तथा प्राविधिक सहयोगमा निर्मित आयोजनाहरु निर्माण सम्पन्न भए पश्चात सम्पतिको स्वामित्व, उपभोग तथा सुरक्षाको जिम्मेवारी ग्रहण गर्ने ।
- लागत असुलीको अवधारणामा निर्माण भएका खानेपानी तथा सरसफाइ आयोजनाहरुको स्थानीय सरकारलाई प्रदत्त कानुनी अधिकारको प्रयाग गरि नगर विकास कोषको राय सुझावमा सेवा उपभोग गरे बापत सेवाग्राहीले तिर्नुपर्ने खानेपानी तथा सरसफाइको महशुल बुँदा नं। ४.५.३ बमोजिम निर्धारण गर्ने ।
- खानेपानी तथा सरसफाइ सेवा प्रवाहमा सुनिश्चितता, स्तरियता कायम गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था (Association)/उपभोक्ता समिति गठन गरि वा सेवा संचालन करारमा सेवा प्रदायक नियुक्ति गरि प्रत्यक्ष सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने । स्थानीय सरकारले सेवा प्रवाहको नियमन तथा अनुगमन गर्ने ।

#### ४.५.१ जग्गा उपलब्ध, आयोजना संचालन, पुनर्वास तथा शहरी आयोजनाको स्वामित्व

शहरी आयोजनाका निमित्त पानीपोखरी, पानी प्रशोधन प्रणाली लगायत अन्य संरचनाहरू निर्माण तथा पाइपलाइनका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउनु पर्ने जिम्मेवारी स्थानीय सरकार /उपभोक्ता संस्थाको हुनेछ । यसरी उपलब्ध हुने जग्गाको स्वामित्वमा स्थानीय सरकार/उपभोक्ता संस्थाको नाममा कानुनी रूपले प्राप्त भएको हुनुपर्छ । शहरी आयोजनामा पानी संचालन तथा व्यवस्थापनको जिम्मा उपभोक्ता संस्था/सेवा प्रदायकको रहने तथा उक्त स्थानमा निर्माण गरिएका आयोजना सम्बन्धी संरचनाहरु स्थानीय सरकारको स्वामित्वमा रहने छन् ।

### ४.५.२ खानेपानी सेवा अनुगमन तथा नियमन

उपभोक्ता संस्थाले खानेपानी सेवा प्रदायकको भूमिका निर्वाह गर्नु पर्नेछ। यसरी खानेपानी सेवा प्रदायक द्वारा संचालन गरिएका खानेपानी सेवाको अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण, नियमन एवं समन्वय गर्दै त्यस्तो सेवा संचालनमा गुणस्तरीयता, नियमितता, पारदर्शिता एवं जवाफदेहिता कायम गरि खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो एवं सर्वसुलभ बनाउन आवश्यक भएकोले नेपाल सरकारले खानेपानी सेवा संचालन सम्वन्धी निर्देशिका–२०६९ बनाई लागु गरेको छ र उक्त निर्देशिका एवं स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय सरकारले अनुगमन तथा नियमन गर्ने छ।

### ४.५.३ खानेपानी महशुल दर निर्धारण

उपभोक्ताहरूलाई खानेपानीको सुविधा उपलब्ध गराए वापत आर्थिक तथा वित्तीय अध्ययनद्वारा निर्धारण भएको खानेपानी महशुल दर अनुसार उपभोक्ताहरूबाट नियमित रूपमा प्रत्येक महिना पानी सेवाशुल्क संकलन गरिनेछ। उक्त महशुल दर निर्धारण तथा पुनरावलोकन गर्दा निम्न कुराहरूलाई दृष्टिगत गर्नुपर्नेछ :

क) खानेपानी सुविधा र त्यससंग सम्बन्धित कार्यहरू जस्तैः खानेपानी प्रणालीको निर्माण, मर्मत तथा सम्भार सहितको संचालन खर्च,

ख) आयोजना सम्झौता हुँदाको समयमा सहमति भए अनुसारको ऋण र त्यसमा लाग्ने ब्याजसहितको भुक्तानी वापतको व्यहोर्नुपर्ने रकम,

ग) भविष्यमा प्रणाली विस्तारका लागि आवश्यक पर्ने रकम,

घ) आकस्मिक मर्मत कार्यका लागि आवश्यक पर्न सक्ने रकम,

ङ) वार्षिक रुपमा हुने महँगी आदि समेतका आधारमा गरिने वार्षिक महशुल वृद्धि दर।

माथि उल्लेखित बुँदाहरुलाई आधारमानी नगर विकास कोषको वित्तीय विश्लेषण एवं सिफारिस तथा उपभोक्ता संस्थाको साधारण सभाको राय सुझाव अनुसार स्थानीय तहले महशुल निर्धारण गर्ने छ।

### ४.५.४ निर्माण पश्चातको प्रतिबद्धता

निर्माण कार्य सम्पन्न हुनुपूव स्थानिय सरकार /उपभोक्ता संस्था अन्तर्गत एउटा संचालन तथा सुपरिवेक्षण इकाईको स्थापना हुनेछ। यस इकाईले शहरी आयोजना निर्माण तथा सम्पन्न भएपछि यसको संचालन तथा मर्मत सम्भार अन्तर्गत निम्न कार्यहरू गर्नुपर्ने।

- पानी महशुल संकलन गरी संचालन तथा सम्भार कार्यमा अनुगमन गर्ने।
- संचालन तथा सम्भार कार्यमा आवश्यकता अनुरूप निर्देशन तथा सहयोग गर्ने।
- पानी महशुल निरन्तर रूपमा उठिरहेको छ/छैन तथा कार्यरत कर्मचारीहरूको पारिश्रमिक भुक्तानी भैरहेको छ/छैन सुपरिवेक्षण गर्ने।
- आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने खा.पा. तथा ढ.व्य.वि.अन्तर्गतको सम्बन्धित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना/प्रादेशिक खानेपानी तथा सरसफाइ कार्यालयको प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्नुका साथै निजी क्षेत्रबाट समेत प्राविधिक विशेषज्ञको सेवा प्राप्त गरी शहरी आयोजना संचालन कार्यलाई निरन्तरता प्रदान गर्न सहयोग गर्ने।

### ४.५.५ विवाद निरूपण

खानेपानीको मुहान, संरचना निर्माण स्थल तथा पाइप विछ्याउने स्थान लगाएत शहरी आयोजना कार्यान्वयनको दौरानमा आईपर्ने समस्या र विवादहरूको समाधान गर्ने दायित्व स्थानीय सरकार/ उपभोक्ता संस्थाको हुनेछ। पहिचान भएको खानेपानीको मुहान विवाद रहित हुनुपर्छ र यसको समुचित प्रयोगका लागि सम्बन्धित निकायबाट समयमै स्वीकृति लिने कार्य स्थानीय सरकार /उपभोक्ता संस्थाको हुनेछ।

### ४.५.६ निर्माण लागतमा सहलगानी

सार्वजनिक सरसफाइका सुविधाहरूमा ढल प्रशोधन प्रणाली, सार्वजनिक शौचालय, मानव मलमुत्रीय फोहोर व्यवस्थापन संरचना, वर्षातको पानीको ढल, फोहर पानी व्यवस्थापन प्रणाली आदि पर्न सक्दछन्। यस्ता सरसफाइ

सम्बन्धी कार्यक्रम लागू गर्दा कूल लागतको १५% स्थानिय तह⁄ उपभोक्ता संस्थाले निर्माणको चरणमा लागत सहभागी हुनुपर्ने छ भने संचालन तथा मर्मत संभारको सम्पूर्ण जिम्मेवारी ती निकायहरूको नै हुनेछ ।

४.६ खा.पा. तथा ढ.ब्य.वि.अन्तर्गतको सम्बन्धित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना

खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने सम्बन्धित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयले निम्न अनुसारको कामहरू गर्न सक्नेछ :

- निर्माण तथा पानी संचालन कार्यको अनुगमन गर्ने ।
- स्थानीय सरकार तथा सरोकारवालाहरूका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशी (Gender Equality and Social Inclusion) कार्ययोजना संचालन गर्न आयोजना व्यवस्थापन कार्यालयबाट तयार भएको कार्ययोजना बमोजिम आयोजनामा सबै वर्ग, लिङ्ग, जाति, जनजाति, दलितको सहभागिताबारे प्रगति भए नभएको अनुगमन गर्ने तथा यस कार्यक्रमलाई संचालन गर्न आवश्यक सहयोग गर्ने ।
- खानेपानी ढल व्यवस्थापन विभागको निर्देशन र सुझावमा शहरी आयोजनाको व्यवस्थापनमा सहयोग गर्ने ।
- शहरी आयोजना सम्पन्न भएपछि त्यसको संचालन र सम्भार कार्यमा उपभोक्ता संस्था⁄गाउँपालिका वा नगरपालिकालाई प्राविधिक एवं अन्य आवश्यक सहयोग गर्ने ।

**४.७ डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता**

शहरी आयोजनाका विभिन्न चरणमा डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताको जिम्मेवारी निम्नानुसार हुनेछ :

- शहरी खानेपानी तथा सरसफाइ आयोजनाको संभाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने,
- आयोजना व्यवस्थापन कार्यालय तथा नगर विकास कोषले संभाव्यता अध्ययन प्रतिवेदनको समीक्षा गरी उपलब्ध गराएको बुँदाहरूलाई समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप प्रदान गर्ने । यसरी अन्तिम रूप दिएको प्रतिवेदनमा शहरी आयोजनाको कार्यक्षेत्र (Project Scope) सुनिश्चित हुनुपर्नेछ ।
- नगर विकास कोषले माग गरे अनुसार आयोजनाको वित्तीय तथा आर्थिक विवरण उपलब्ध गराउने ।
- सम्भाव्य देखिएका शहरी आयोजनाको विस्तृत इञ्जिनियरिङ्ग डिजाइन प्रतिवेदन तयार गर्ने । यस प्रतिवेदनमा आयोजना व्यवस्थापन कार्यालयले उपलब्ध गराएको मापदण्ड अनुसार हुनुपर्ने ।
- शहरी आयोजना निर्माण कार्यको सुपरिवेक्षण गरी गुणस्तर नियन्त्रण गर्ने र तोकिएका समयमा आयोजना व्यवस्थापन कार्यालय तथा नगर विकास कोषमा प्रतिवेदन पेश गर्ने ।
- उपभोक्ता समिति⁄स्थानीय सरकारको सहयोगमा शहरी आयोजना क्षेत्रभित्रका सबै घरधुरीको सामाजिक आर्थिक सर्भेक्षण र सामाजिक आर्थिक विवरण प्रतिवेदन तयार गर्ने । यस प्रतिवेदनमा विपन्न⁄गरीब घरधुरीहरूको पहिचान खुलेको तथ्य उपभोक्ता समितिबाट स्वीकृत हुनुपर्ने ।
- सामाजिक आर्थिक विवरणका आधारमा Project Performance Monitoring and Evaluation लगायत अन्य प्रयोजन समेतका लागि चाहिने आधारभूत तथ्यांक (Baseline data) तोकिएको फर्मेटमा उपलब्ध गराउने । गरिबीको रेखामुनि रहेका घरपरिवार तथा जोखिममा परेका वर्ग⁄समूहहरूलाई प्रतिफलमा आधारित अनुदान (OBA) अन्तर्गत उपलब्ध हुने अनुदानका बारेमा उपभोक्ता वर्ग, उपभोक्ता समिति लगायत सबै संघसंस्था⁄निकायलाई जानकारी गराउने ।
- प्रतिफलमा आधारित अनुदान अन्तर्गत भएका प्रगतिहरू जस्तै शौचालय निर्माण तथा खानेपानी धारा जडानबारेका प्रगति प्रतिवेदन सम्बन्धित निकायलाई दिने ।
- खानेपानी उपभोक्ता संस्थाको गठन, दर्ता तथा नियमन गर्ने गराउने काममा सहयोग गर्नेछ ।
- स्वास्थ्य तथा सरसफाइ जनचेतना अभिवृद्धि कार्यक्रम र तोकिएका तालिमहरू संचालनका साथै सामाजिक परिचालन लगायत अन्य कार्यमा समेत सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- आयोजना व्यवस्थापन कार्यालय⁄क्षेत्रीय आयोजना कार्यालयबाट तयार भएको लैङ्गिक समता र सामाजिक समावेशी कार्ययोजना बारे शहरी⁄समुदाय स्तरमा उपभोक्ता, उपभोक्ता समिति तथा स्थानिय सरकार

लगायत सबैलाई जानकारी गराउने, कार्ययोजना अनुरूप कार्यान्वयन तथा प्रगति हासिल गर्न प्रयत्नशील रहने, भएको प्रगतिको प्रतिवेदन पेश गर्ने । शहरी आयोजनाको क्रियाकलापमा सबै वर्ग, लिङ्ग, जाति, जनजाति, गरीब, दलित तथा अपाङ्ग आदिको समावेशी सहभागिताका निमित्त प्रयत्नशील रहने ।

- उपभोक्ताहरूबाट अग्रिम नगद संकलन कार्यमा प्रयत्नशील रही सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- वातावरणीय, सामाजिक र पुनर्वास योजना बनाई सोहि अनुसार कार्यान्वयन गर्न सहयोग गर्ने ।

### ४.८ खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाबाट सहयोग तथा सुविधा चाहने सहरका उपभोक्ताहरूको भेला मार्फत खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था गठित हुनेछ । उपभोक्ता संस्था आफ्नो कार्य सम्पादन गर्न जलस्रोत ऐन, २०४९ र खानेपानी नियमावली २०५५ र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार वैधानिक रुपमा दर्ता हुनु पर्छ । उक्त संस्था खानेपानी सेवा संचालन निर्देशिका २०६९ तथा सो बमोजिम बनेको कार्यविधि अनुसार कार्य गर्ने छ । यसले स्थानीय सरकारको निर्देशनमा डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदातालाई शहरी आयोजनाको सम्भाव्यता अध्ययन कार्यक्रममा आवश्यक सहयोग, प्राविधिक प्रस्ताव माथिको सहमति तथा शहरी आयोजनाको क्षेत्र निर्धारण (Scopping) कार्यमा समेत आवश्यक सहयोग गर्नेछ । यसले शहरी आयोजनाको विस्तृत इंजिनियरिङ्ग डिजाइन प्रतिवेदन तयार गर्नमा मद्दत गर्नुका साथै यसको सहमतिमा समेत आवश्यक भूमिका निर्वाह गर्छ । उपभोक्ता समिति गठन गर्दा सबै वर्ग, लिङ्ग, जाति, जनजाति, दलित, मुस्लिम तथा पिछडिएको वर्गबाट समेत जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने गरी नौ सदस्यीय (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, तथा ५ जना सदस्य समेत) उपभोक्ता समिति गठन हुनुपर्छ । यसरी गठित समितिमा कम्तीमा तीन जना (३३%) महिलाको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने र कम्तीमा एक जना महिलाले उक्त समितिको कार्यकारी पदको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ । शहरी आयोजना क्षेत्रमा एकभन्दा बढी उपभोक्ता समिति रहेको अवस्थामा उपलब्ध सुविधालाई संयुक्त रूपमा व्यवस्थापन गर्न सम्बन्धित सबै उपभोक्ता समितिहरूको प्रतिनिधित्व हुने गरी एउटा मूल उपभोक्ता समिति गठन गरिनेछ । यस समितिमा अन्य समिति सरह नौ सदस्य हुनेछन् र विधिवत दर्ता भएको हुनुपर्छ । उपभोक्ता समितिको उद्देश्य, गठन, दर्ता तथा काम कर्तव्यहरू विधानले तोके बमोजिम हुनेछ । विधानमा कुन कुन वुँदाहरू समेटिनुपर्छ, यसलाई तयार गर्न उपभोक्ता समितिलाई मद्दत पुगोस् भन्ने हेतुले आयोजना व्यवस्थापन कार्यालय/क्षे.आ.व्य.काबाट विधानको नमुना उपलब्ध गराइनेछ । उपभोक्ता समितिले गर्ने मुख्य–मुख्य कार्यहरू निम्नानुसार हुनेछन् :

#### ४.८.१ बोलपत्र मूल्यांकन

शहरी आयोजना निर्माणका लागि अपनाइने बोलपत्र मूल्यांकन (Bid Evaluation) प्रकृया तथा ठेक्का सम्झौतामा उपभोक्ता संस्था/समितिले आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेछ ।

#### ४.८.२ निर्माण लागतमा सहलगानी

क) शहरी आयोजनाको निर्माण चरणमा खानेपानी संरचना निर्माणको कूल लागतमा सहलगानी गर्न उपभोक्ता संस्था/समिति सहमत हुनुपर्नेछ । कति लगानी गर्ने भन्ने कुरा विस्तृत इन्जिनियरिङ्ग डिजाइन अध्ययनको काम सम्पन्न भई उपयुक्त प्राविधिक विकल्पको छनोट भई शहरी आयोजनाको कूल लागत निर्धारण भैसकेपछि उपभोक्तावर्गबाट कति सहलगानी गर्नु पर्नेछ भन्ने कुरा एकिन गर्न सकिन्छ । सहलगानी रकम खानेपानी संचरनाका लागि कम्तीमा निर्माण लागतको ३०% उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकाले बेहोर्नु पर्नेछ । उक्त ३०% मध्ये ५% अग्रिम नगद रकम आ.व्य.का/क्षे.आ.व्य.का तथा उपभोक्ता संस्थाको संयुक्त खातामा जम्मा गर्नुपर्ने र बाँकी २५% सम्म रकम नगर विकास कोषसंग ऋण लिई २५ वर्ष भित्र ५% व्याजदरमा साँवा ब्याज किस्ता रकम फिर्ता गर्नुपर्नेछ । उक्त ऋणको भुक्तानी नगर विकास कोषसंग भएको सम्झौता अनुसार पानी महशुलबाट उठेको रकमबाट उपभोक्ता संस्था/स्थानीय सरकारको गर्नुपर्नेछ ।

ख) एकिकृत खानेपानी तथा सरसफाइको सिद्धान्त अनुसार शहरी आयोजनाको कार्यान्वयनबाट जनस्वास्थ्यमा उचित फाइदा पाउन सार्वजनिक सरसफाइको कार्यक्रम खानेपानी आयोजना संगसंगै लागू गर्न उपभोक्ता संस्था/स्थानिय सरकार सहमत हुनु पर्नेछ ।

### ४.८.३ निर्माण कार्यको सुपरिवेक्षण

अन्य सरोकारवालाको साथसाथै उपभोक्ता समितिले शहरी आयोजनालाई तोकिएको समयमा सम्पन्न गर्न तथा निर्माण कार्यको निरन्तर सुपरिवेक्षण गर्नुपर्नेछ । साथै, निर्माण व्यवसायीको सबै बिल भुक्तानीको लागि उपभोक्ता संस्था/समितिको सिफारिस (endorsed) अनिवार्य रूपले हुनु पर्नेछ ।

### ४.८.४ निर्माण पश्चातको प्रतिबद्धता

निर्माण कार्य सम्पन्न हुनुपूर्व उपभोक्ता संस्था/स्थानिय सरकार अन्तर्गत एउटा संचालन तथा सुपरिवेक्षण इकाईको स्थापना हुनेछ । यस इकाईले शहरी आयोजना सम्पन्न भएपछि यसको संचालन तथा मर्मत सम्भार अन्तर्गत निम्न कार्यहरू गर्नुपर्ने ।

- पानी महशुल संकलन गरी संचालन तथा सम्भार कार्यमा लाग्ने खर्च पूरा गर्ने ।
- आवश्यकता अनुरूप मर्मत कार्य गर्न श्रम परिचालन गर्ने ।
- कार्यरत कर्मचारीहरूको पारिश्रमिक भुक्तानी दिने ।
- आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने खा.पा. तथा ढ.व्य.वि.अन्तर्गतको सम्बन्धित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना/प्रादेशिक खानेपानी तथा सरसफाइ कार्यालयको प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्नुका साथै निजी क्षेत्रबाट समेत प्राविधिक विशेषज्ञको सेवा प्राप्त गरी शहरी आयोजना संचालन कार्यलाई निरन्तरता प्रदान गर्ने ।

उपभोक्ता संस्थाले शहरी आयोजनाको निर्माण चरणको प्रथम वर्षमा नै आयोजना कार्यान्वयन र संचालन इकाईको गठन गर्नुपर्नेछ । यस इकाईका दुई जना कर्मचारीहरू (प्राविधिक वा/तथा लेखा प्रबन्धक) का लागि आवश्यक पर्ने पारिश्रमिक प्रथम वर्षमा ७५%, दास्रो वर्षमा ५०% र तेस्रो वर्षमा २५% रकम आयोजनाले व्यवस्था गर्नेछ । यो व्यवस्था बढीमा दुई वर्षका लागि मात्र हुनेछ । जुन आयोजना निर्माण अवधिको पछिल्लो वर्ष र निर्माण सम्पन्न भई सकेपछिको पहिलो एक वर्षलाई मानिनेछ ।

### ४.८.५ विवाद निरूपण

खानेपानीको मुहान, संरचना निर्माण स्थल तथा पाइप विछ्याउने स्थान लगाएत शहरी आयोजना कार्यान्वयनको दौरानमा आईपर्ने समस्या र विवादहरूको समाधान स्थानीय सरकारको सल्लाह तथा सुझावमा समाधान गर्ने दायित्व उपभोक्ता संस्थाको हुनेछ । पहिचान भएको खानेपानीको मुहान विवाद रहित हुनुपर्छ र यसको समुचित प्रयोगका लागि सम्बन्धित निकायबाट समयमै स्वीकृति लिने कार्य स्थानीय सरकारको सल्लाह तथा सुझावमा उपभोक्ता संस्थाको हुनेछ ।

### ४.८.६ स्रेस्ता तथा लेखा व्यवस्थापन

खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले तालुक निकाय, नगर विकास कोष, स्थानीय सरकार तथा उपभोक्ताले चाहेका वखतमा हेर्न सक्ने गरी प्रचलित नियम तथा संस्था/समितिको विधानमा उल्लेख भएअनुसार आय/व्ययको हिसाब दुरुस्त राख्ने र स्वतन्त्र लेखापरीक्षकद्वारा आवधिक रूपमा लेखापरीक्षण गराउनु पर्नेछ । वार्षिक आयोजना संचालन प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन आ.व्य.का, नगर विकास कोष, स्थानीय सरकारलाई नियमित रुपमा पठाउनु पर्नेछ ।

### ४.८.७ खानेपानी प्रणालीको तर्जुमा, डिजाइन र निर्माण

खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/गाउँपालिका वा नगरपालिकाको खानेपानी प्रणाली तर्जुमा, डिजाइन तथा निर्माण कार्यमा आफ्नो सक्रिय सहभागिता निम्न प्रकारले जनाउनेछ :

- शहरी आयोजना क्षेत्र निर्धारण गर्ने ।

- सम्भाव्यता तथा विस्तृत अध्ययन कार्यमा आवश्यक सहयोग गर्ने ।
- उपलब्ध विकल्प र लागतका आधारमा उपयुक्त विकल्पको छनोट ।
- डिजाइन र लागत इष्टिमेट ।
- निर्माण कार्यको कार्य तालिका ।
- निर्माण सामग्रीको परिमाण तथा गुणस्तरको अनुगमन ।
- निर्माण कार्यको सुपरिवेक्षण ।
- निर्माण कार्यमा सहलगानी ।
- निर्माण कार्य सम्पन्न भएपछि खानेपानी प्रणालीको संचालन तथा सम्भार कार्य ।

**४.८.८ लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना {Gender Equality & Social Inclusion (GESI) Action Plan}**

शहरी आयोजना अन्तर्गत संचालन हुने क्रियाकलापहरूमा महिला, जाति, जनजाति, दलित, गरीब, धार्मिक अल्पसंख्यक, अपांग तथा पिछडिएका वर्गको बिना कुनै भेदभावले सहभागिता गराउने तर्फ उपभोक्ता संस्था/समिति सधै प्रयत्नशील रहनेछ । खानेपानी तथा सरसफाइ सुविधाको वितरण, यसको प्रयोग र पहुँचमा सबैको समानुपातिक तवरले सहभागिता गराउने कार्यमा सबै वर्गलाई उत्प्रेरित गर्नेछ। डिजाइन सुपरीवेक्षण तथा व्यवस्थापन परामर्शदाताको सहयोगमा आयोजनाको लैंङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजनाको उचित कार्यान्वयन गर्नेछ ।

**४.८.९ पारदर्शिता**

शहरी आयोजनासंग सम्बन्धित प्रत्येक जानकारीका बारेमा उपभोक्ताहरूलाई सुसूचित हुने अधिकार भएकोले उपभोक्ता संस्था/स्थानीय सरकारले शहरी आयोजनाको लागत, उपभोक्ता संस्था/स्थानीय सरकाले बेहोर्नु पर्ने रकमको अंश (Cost Sharing), निर्माण हुँदै गरेको शहरी आयोजनाको प्रगति, धारा जडान लागत र शुल्क, प्रतिफलमा आधारित अनुदान (Output-Based Aid) कार्यक्रम अन्तर्गत उपलब्ध हुने अनुदान रकम, वित्तीय अवस्था लगायत अन्य महत्वपूर्ण सूचना/जानकारीहरू आमभेला, बुलेटिन बोर्ड वा उपभोक्ता संस्था/समितिको साधारण सभा मार्फत सबैलाई जानकारी गराउनेछ ।

**४.८.१० अभिन्न अंग**

- जलस्रोत ऐन, २०४९
- स्थानीय सरकार संचालन ऐन, २०७४
- खानेपानी नियमावली, २०५५
- खानेपानी सेवा संचालन सम्वन्धी निर्देशिका–२०६९ तथा यस अन्तर्गतको कार्यविधिहरु
- खानेपानी तथा सरसफाइ आायोजना कार्यान्वयन निर्देशिका

यो शहरी आयोजना सम्झौतापत्र आजका मिति देखि लागू हुनेछ । यस सम्झौतापत्रमा संशोधन तथा थपघट गर्नु परेमा कुनै पक्षले लिखित रुपमा संशोधनका बुँदा पेश भएमा ठलफल गरी सबै पक्ष सहमति भए पश्चात संशोधन हुनेछ ।

**हस्ताक्षर गर्ने पदाधिकारी/अधिकारीहरू :**

प्रस्तावित खानेपानी तथा सरसफाइ शहरी आयोजना संचालन गर्न गर्नुपर्ने कामहरू हामीले आ–आफ्नो तर्फबाट यस सम्झौतापत्रमा उल्लेख भए बमोजिमका शर्त र बन्देजहरू तथा अन्य प्रावधानहरू पालना गर्न मञ्जुर छौं भनी सहीछाप गर्ने :

१.	शहरी खा.पा.स (क्षे) आयोजना, आयोजना व्यवस्थापन कार्यालयका तर्फबाट अधिकारप्राप्त :

नाम :

दर्जा:

सही :

मिति :

२.	स्थानिय सरकार (नगर पालिका/गाउँ पालिका)का तर्फबाट अधिकार प्राप्त :

नाम :

दर्जा:

सही :

मिति :

३.	नगर विकास कोषका तर्फबाट अधिकारप्राप्त :

नाम :

दर्जा:

सही :

मिति :

४.	खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था (समिति)का तर्फबाट अधिकारप्राप्त :

नाम :

दर्जा:

सही :

मिति :

साक्षी

१.	शहरी खा.पा.स (क्षे) आयोजना, आयोजना व्यवस्थापन कार्यालयका तर्फबाट (साक्षीको रुपमा) :

नाम :

दर्जा:

सही :

मिति :

२.	स्थानिय सरकार (नगर पालिका/गाउँ पालिका)का तर्फबाट अधिकार प्राप्त (साक्षीको रूपमा)

नाम :
दर्जा :
सही :
मिति :

३.	खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिका तर्फबाट अधिकार प्राप्त (साक्षीको रूपमा)

नाम :
दर्जा :
सही :
मिति :

*इति सम्वत् २०................ साल ............. महिना ..............गते रोज ........... शुभम्*

*अनूसुची -५*

**नेपाल सरकार**

**खानेपानी मन्त्रालय**

खानेपानी तथा ढल व्यवस्थापन विभाग

# **शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना**

...................शहरी खानेपानी तथा सरसफाइ आयोजना
कार्यान्वयन गर्ने सम्बन्धमा

आयोजना व्यवस्थापन कार्यालय,

नगर विकास कोष,

स्थानीय सरकारः ................. गाउँपालिका/नगरपालिका

र

.................खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था

बीच सम्पन्न

# वित्तीय सम्झौतापत्र

# **(Financing Agreement)**

**(मस्यौदा/नमूना)**

मिति : ........................

# वित्तीय सम्झौतापत्र

नेपाल सरकार, खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी, काठमाडौं, शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत आयोजना व्यवस्थापन कार्यालय (यसपछि **"आयोजना व्यवस्थापन कार्यालय"** भनिएको) का तर्फबाट अधिकार प्राप्त आयोजना निर्देशक श्री ........................

नगर विकास कोष ऐन, २०५३ बमोजिम गठन भई का.जि.का.म.न.पा. वडा नं. १० बानेश्वरमा कार्यालय भएको नगर विकास कोष (यसपछि यस **"कोष"** भनिएको) का तर्फबाट अधिकार प्राप्त कार्यकारी निर्देशक श्री ........................

नेपालको संविधान २०७२ मा भएको व्यवस्था अनुसार गठित ........... गाउँ/नगरपालिका (यसपछि **"स्थानीय सरकार"** भनिएको) को तर्फबाट अधिकार प्राप्त प्रमुख श्री ......................

र

जलस्रोत ऐन २०४९ को दफा २४ (२), (क) ले दिएको अधिकार प्रयोग गरी जलस्रोत नियमावली २०५० को नियम ८ बमोजिम............जिल्ला जलस्रोत समितिमा खानेपानी नियमावली २०५५ को नियम ३ बमोजिम गठन भई दर्ता भएको प्रदेश नं....., ............. जिल्ला ..........गाउँ/नगर पालिका कार्यालय रहको ............................ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था (यसपछि **"उपभोक्ता संस्था"** भनिएको) का तर्फबाट अधिकार प्राप्त अध्यक्ष श्री .......................

**का बीच**

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत नेपाल सरकारको निर्णय अनुसार छनौटमा परेको ............. न.पा./गा.पा. मा पर्ने उल्लेखित ...........खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाद्वारा तोकिए बमोजिमको खानेपानी तथा सरसफाइ आयोजना तथा सार्वजनिक/सामुदायिक सरसफाइ संरचनाहरू निर्माण, संचालन तथा व्यवस्थापन,

**गर्नका लागि**

देहायका शर्त बन्देजहरुको पालना गर्ने र गराउने गरी हामी यस सम्झौताका पक्षहरुको मन्जुरी भएकाले राजीखुशीका साथ तपसिलमा उल्लेखित साक्षीहरुको रोहबरमा आयोजना व्यवस्थापन कार्यालयमा बसी प्रचलित करार कानूनको अधिनमा रहने गरि यो सम्झौतापत्रमा सहीछाप गरी एक र एक प्रति लियौं र दियौं ।

## भाग-१

**परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस करार सम्झौतापत्रमा,**

१.१ **"कोष"** भन्नाले नगर विकास कोष ऐन, २०५३ बमोजिम स्थापित नगर विकास कोष, नयाँ बानेश्वर, काठमाण्डौंलाई सम्झनुपर्छ ।

१.२ **"संचालक समिति"** भन्नाले नगर विकास कोष ऐन २०५३ को दफा १४ वमोजिम गठित कोषको संचालक समितिलाई संझनुपर्छ ।

१.३ **"कार्यकारी निर्देशक"** भन्नाले नगर विकास कोष ऐन, २०५३ को दफा १८ बमोजिम नियुक्त कार्यकारी निर्देशकलाई सम्झनुपर्छ ।

१.४ **"खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समिति"** भन्नाले जलस्रोत ऐन, २०४९ तथा खानेपानी नियमावली २०५५ को प्रक्रिया पुऱ्याई.......... जिल्ला जलस्रोत समितिबाट जलस्रोत उपयोगका लागि अनुमति प्राप्त प्रदेश नं..........., ............. जिल्ला..........गाउँ/नगर पालिकामा कार्यालय

रहेको .........शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई सम्झनुपर्छ र सो शब्दले कुनै पनि कारणबाट उक्त खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था नाम परिवर्तन तथा संशोधन, पूनर्गठन तथा दायित्व वहन गर्ने संस्था, व्यक्ति वा निकाय आदि समेतलाई सम्झनुपर्छ ।

१.५ **"उपभोक्ता"** भन्नाले.........शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले संचालन गरेको.........खानेपानी तथा सरसफाइ आयोजनासंग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति, समूह, संघ, संस्था वा निकाय समेतलाई सम्झनुपर्छ ।

१.६ **"कार्यकारी समिति"** भन्नाले खानेपानी नियमावली, २०५५ वमोजिम गठित..........शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको विधान........अनुसार गठित कार्यकारी समितिलाई सम्झनुपर्छ ।

१.७ "**अध्यक्ष**" भन्नाले खानेपानी नियमावली, २०५५ बमोजिम गठित............शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्य समितिका अध्यक्षलाई सम्झनुपर्छ ।

१.८ **"ऋण"** भन्नाले...........शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/स्थानीय सरकारले ...........खानेपानी आयोजना निर्माण, संचालन तथा व्यवस्थापन गर्न नगर विकास कोषबाट लिएको ऋण रकमलाई सम्झनुपर्छ ।

१.९ **"जिल्ला जलस्रोत समिति"** भन्नाले जलस्रोत नियमावली, २०५० को नियम ८ अनुसार गठित ........जिल्ला जलस्रोत समितिलाई संझनुपर्छ ।

१.१० **"सेवाशुल्क"** भन्नाले ................शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिको आफ्ना उपभोक्ताहरूलाई खानेपानी आपुर्ति सेवा उपलब्ध गराए वापत त्यस्ता सेवा उपभोग गर्ने उपभोक्ताहरूबाट नियमित रूपमा लिने वा लिनुपर्ने शुल्कलाई सम्झनुपर्छ ।

१.११ **"वाणिज्य बैंक"** भन्नाले नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार संचालन गर्न स्वीकृति प्राप्त क वर्गको वाणिज्य बैंकलाई सम्झनुपर्छ ।

१.१२ **"बैंक"** भन्नाले एशियाली विकास बैंक (एडीबी) लाई सम्झनुपर्छ ।

१.१३ **"सम्झौता"** भन्नाले उल्लेखित सबै पक्षबीच सम्पन्न यसै सम्झौतालाई सम्झनुपर्छ ।

१.१४ "**खानेपानी उपभोक्ता-स्रोत रकम खाता**" भन्नाले ..........शहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको तर्फबाट खानेपानी आपूर्ति व्यवस्थाका लागि उपभोक्ताबाट उठाइने रकम र कोषबाट प्राप्त हुने ऋण रकमसमेत परिचालनका लागि उपयुक्त वाणिज्य बैंकमा खोलिएको खातालाई जनाउने छ ।

१.१५ **"संरचना"** भन्नाले सम्बन्धित खानेपानी आयोजना अन्तर्गत खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, शुद्धिकरण गर्न वा वितरण गर्न बनाइएका धारा, वितरण प्रणाली, प्रसारण प्रणाली, पानी पोखरी, प्रशोधन व्यवस्था, विद्युत सुविधा, पम्पघर, पाईपलाइन र यस्तै प्रकारका संरचनाहरूलाई समेत जनाउनेछ ।

१.१६ **"निर्माण व्यवसायी"** भन्नाले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना व्यवस्थापन कार्यालयद्वारा आयोजना निर्माणको लागि नियुक्त गरेको निर्माण व्यवसायीलाई सम्झनु पर्दछ ।

१.१७ "**संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय**" भन्नाले खानेपानी तथा ढल व्यबस्थापन विभागबाट संचालित खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरूको अनुगमन, उपभोक्ता संस्था/स्थानीय सरकारसंग समन्वय गर्ने तथा अन्य आवश्यक सहयोग गर्न स्थापित खानेपानी तथा ढल व्यबस्थापन विभाग अन्तर्गतको संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयवलाई सम्झनु पर्दछ ।

१.१८ **"आयोजना कार्यान्वयन सहमति पत्र"** भन्नाले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना कार्यान्वयनका लागि आयोजनाको पहिचान तथा छनौट चरणमा आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, जि.स.स., गाउँ/नगरपालिकाका बीचमा हुने सहमति पत्र आयोजना कार्यान्वयन चरणमा आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष र …………खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था बीचमा हुने वित्तीय सम्झौतापत्र र आयोजनाको ऋण लगानी एवं असुली सम्बन्धमा नगर विकास कोष, खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, न.पा. र गा.पा. का बीचमा हुने ऋण सम्झौताको लिखतहरूलाई सम्झनुपर्छ ।

१.१९ **"स्थानिय सरकार"** भन्नाले नेपालको संबिधान २०७२ मा भएको व्यवस्था अनुसार गठित ……………………… गाउँ/नगर पालिकालाई सम्झनुपर्छ ।

१.२० **"आयोजना व्यवस्थापन कार्यालय"** भन्नाले नेपाल सरकार र एसियाली विकाश बैंक बीच सम्पन्न शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना संचालनका लागि भएको ऋण सम्झौतामा उल्लेखित कार्यहरू कार्यान्वयन गर्न प्राविधिक सहयोग सहित सम्पूर्ण जिम्मेवारी वहन गर्नका लागि खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत केन्द्रिय स्तरमा स्थापित "आयोजना व्यवस्थापन कार्यालय" लाई जनाउनेछ ।

१.२१ **"क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय"** शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना संचालनका लागि भएको ऋण सम्झौतामा उल्लेखित कार्यहरू कार्यान्वयन गर्न प्राविधिक सहयोग सहित सम्पूर्ण जिम्मेवारी वहन गर्नका लागि खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत क्षेत्रीय स्तरमा स्थापित "क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय" लाई जनाउनेछ ।

१.२२ **"मूल सम्झौता"** भन्नाले नेपाल सरकार र एशियाली विकास बैंक बीच शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना कार्यान्वन गर्न सम्पन्न भएको ऋण सम्झौतालाई सम्झनु पर्छ ।

१.२३ **"आयोजना"** भन्नाले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको सेवा संचालनका लागि आयोजना व्यवस्थापन कार्यालयबाट छनोट भएका आयोजनालाई सम्झनुपर्छ ।

१.२४ **"परामर्शदाता"** भन्नाले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको निर्माण व्यवस्थापन तथा संचालनका लागि विस्तृत सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइन, आयोजनाहरूको सुपरिवेक्षण, आयोजनाको सामाजिक आर्थिक सर्वेक्षण तथा जनचेतजा अभिवृद्धिका लागि आयोजना व्यवस्थापन कार्यालयबाट नियुक्त परामर्शदातालाई सम्झनुपर्छ ।

१.२५ **"तोकिएको"** भन्नाले ……………..खानेपानी आपूर्ति व्यवस्था एवं सरसफाइको लागि उल्लेखित आयोजना संरचनाको निर्माण, संचालन तथा व्यवस्थापनार्थ सम्झौताका चारै पक्ष बीचमा भएको यसै सम्झौतामा तोकिएको कुरालाई सम्झनुपर्नेछ ।

## भाग २

१. **आयोजना सम्बन्धी विवरण :** यस………. खानेपानी तथा सरसफाइ आयोजना सम्बन्धमा …………. उपभोक्ता संस्था/स्थानीय सरकारको माग अनुरूप आयोजना व्यवस्थापन कार्यालयद्वारा नियुक्त परामर्शदाता मार्फत गराइएको सम्भाव्यता अध्ययन तथा विस्तृत इन्जिनियरिङ्ग डिजाइन एवं लागत अनुमान अनुरूप निम्न अनुसारका संरचना सहितको आयोजनाबाट उपभोक्ताहरूलाई सेवा प्रदान गर्ने लक्ष्यका साथ विभिन्न पक्षद्वारा आ–आफ्नो जिम्मेवारी वहन गर्ने गरी निर्माण, संचालन तथा व्यवस्थापन गर्ने गरी प्रस्ताव गरिएको छ :

**(अ) <u>खानेपानी आयोजनाको विवरण :</u>**

१. शहरी आयोजनाबाट लाभान्वित हुने जनसंख्याः (२०………) …………….र ………मा हुने जनसंख्या…………..।

२. शहरी आयोजना क्षेत्रका घरधुरी संख्याः (हालको) ………… र डिजाइन वर्षको………… घरधुरी ।

३. शहरी आयोजना संचालन हुने क्षेत्रः ………….गाउँ/नगर पालिकाको …………. वार्डहरु ।

४. शहरी आयोजनाको निर्माण कार्य शुरु हुने मितिः आ.व. ...............

५. शहरी आयोजनाको डिजाइन अवधिः २० वर्ष

६. शहरी आयोजनाको निर्माण कार्य सम्पन्न हुने मितिः आ.व. ...............

७. खानेपानी संरचना निर्माणको कुल लागत (इष्टिमेट) अनुमान रकमः रु............................

| क्र.सं. | विवरण | खानेपानी संरचना कुल लागतको | | कैफियत |
|---|---|---|---|---|
| | | प्रतिशत | रकम रु. | |
| १. | आयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूले अग्रिम नगद दाखिला गर्नुपर्ने रकम | ५% | | लागत सहभागिता वापत अग्रीम नगद जम्मा भएको । |
| २. | नगर विकास कोषबाट ऋण लिई पुर्ति गर्ने अधिकतम रकम | २५% | | कोषद्वारा गरिने आयोजनाको सम्भाव्यता मूल्याङ्कन (Project Appraisal Report) का आधारमा निर्धारण भएको । |
| ३. | नेपाल सरकारबाट उपलब्ध गराउने अनुदान | ७०% | | |
| | **जम्मा** | **१००** | | |

८. शहरी आयोजना संचालनार्थ उपभोक्ता संस्थाको दर्ता मिति : ............... दर्ता नं .....

९. खानेपानी आयोजनाको स्रोत सर्वेक्षण गर्ने अनुमति प्राप्त मिति :

१०. खानेपानी आयोजनाको स्रोत उपयोग गर्ने अनुमति प्राप्त मिति :

११. खानेपानी आयोजना अन्तर्गत निर्माण गरिने मुख्य संरचनाहरू :

क. डिप ट्युववेल/इन्टेक .........

ख. पानी पोखरी : ........

ग. ओभरहेड ट्याँक : .....

घ. खानेपानी प्रशोधन केन्द्र (संख्या/क्षमता) :.....

ङ. निजी धारा (संख्या) : ........(आधारभूत वर्ष ...........) र डिजाइन अवधिमा हुने संख्या :........... ।

च. सामुदायिक धारा (संख्या) : ...... (आधारभूत ..........) र डिजाइन वर्ष मिति ........... ।

छ. प्रसारणलाइन (कि.मि.) : ........

ज. वितरणलाइन (कि.मि.) : ........

ञ. अफिस / गार्ड हाउस /जेनेरेटर हाउस / अपरेटर रुम : .....

ट. स्टोर/प्रयोगशाला : ......

ठ. अन्य :

१२. शहरी आयोजनाको संरचना तथा अन्य भौतिक पुर्वाधार निर्माणका लागि आवश्यक पर्ने जग्गा उपभोक्ता संस्था/स्थानीय सरकारले उपलब्ध गराउने ।

(आ) **सरसफाइ व्यवस्था**

| क्र.सं. | कामको विवरण | परिमाण | इकाई | लागत | | उपभोक्ता संस्था र स्थानीय सरकारले बेहोर्ने रकम (१५%) | नेपाल सरकारले बेहोर्ने रकम (८५%) |
|---|---|---|---|---|---|---|---|
| | | | | दर | रकम रु. | | |
| १. | वर्षातको पानी निकासको लागि सतही ढल निर्माण | | मिटर | | | | |
| २. | मनव मल मूत्र प्रशोधन केन्द्र (FSM Treatment Plant) | | | | | | |
| २. | सार्वजानिक शौचालय निर्माण<br><br>क) सार्वजनिक शौचालय निर्माण<br>ख) ट्याक्टर र औजार | | संख्या | | | | |
| ३. | कन्टिनजेन्सी र भ्याट | | | | | | |
| **जम्मा** | | | | | | | |

## भाग ३

## आयोजना निर्माण/कार्यान्वयन व्यवस्थापन तथा संचालनका सम्झौताका शर्तहरू

**यस सम्झौता अनुसार आयोजनामा संलग्न निकाय तथा सरोकारवालाहरूले पालना गर्नुपर्ने शर्तहरू एवं कामकर्तव्य र अधिकारहरू निम्नानुसार हुनेछन :**

### १. खानेपानी तथा ढल व्यवस्थापन विभाग

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत प्रत्येक सहरमा कार्यान्वयनमा रहेका शहरी आयोजनालाई आवश्यक प्राविधिक सहयोग तथा सुपरिवेक्षण गर्ने निकायको रूपमा खानेपानी तथा ढल व्यवस्थापन विभागको जिम्मेवारी निम्न अनुसार हुनेछ :

- बिद्यमान आयोजना व्यवस्थापन कार्यालयलाई सबलीकरण गर्ने एवं संस्थागत सहयोग तथा सेवा सुझाव इकाई (ISSAU) र दुई वटा क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय (RPMOs) स्थापना गर्ने ।
- आयोजना कार्यान्वयनका लागि आयोजना व्यवस्थापन कार्यालय, ISSAU र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयका लागि आवश्यक कर्मचारीको व्यवस्था मिलाउने ।
- आयोजना अन्तर्गत संचालनमा रहेका शहरी आयोजनाहरूको प्रगति समीक्षा र स्थलगत निरीक्षण र अनुगमन गरि आवश्यक निर्देशन दिने ।
- केन्द्रीय स्तरमा रहेको आयोजना समन्वय समितिको वैठक बसेका बखतमा बैठकमा भाग लिने तथा समस्या परेका वखत आयोजनालाई सहयोग र संयोजन गरीदिनका लागि समन्वय समितिका प्रतिनिधिहरूका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

### २. आयोजना व्यवस्थापन कार्यालय

आयोजना संचालनका लागि केन्द्रमा एउटा प्रमुख निकायको रूपमा आयोजना व्यवस्थापन कार्यालयको स्थापना गरिएको छ। यस अन्तर्गत व्यवस्था गरिएको आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता (PMQAC) ले शहरी आयोजनाहरुको डिजाइन कार्यको गुणस्तर सुनिश्चित गर्ने तथा खानेपानी र सरसफाइ संरचनाहरुको डिजाइन अनुसार गुणस्तरीय कार्यान्वयन भएको/नभएको सुनिश्चित गर्नु तथा आयोजना व्यवस्थापन कार्यालय (PMO) तथा क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयहरु (RPMOs) लाई आयोजनाको योजना निर्माण कार्यान्वयन तथा अनुगमनका लागि सबै अवस्थामा सहयोग गर्नु रहेको छ । यसका साथै नेपाल सरकार तथा एशियाली विकास बैंकको नीति तथा निर्देशिका अनुसार वातावरणीय तथा सामाजिक सुरक्षणको अवस्था पालनाको लागि सहजिकरण गर्ने रहेको छ ।

आयोजना व्यवस्थापन कार्यालयले मुख्यतया निम्न कार्यहरु गर्ने छ :

- आयोजना कार्यान्वयनका सिलसिलामा सम्बन्धित निकाय तथा सरोकारवालाहरूका बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- शहरहरूको छनोट गरी शहरी आयोजना संचालन गर्ने ।
- आयोजनाको व्यवस्थापन पक्षमा सघाउन परामर्शदाता नियुक्ति गर्ने ।
- डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताको नियुक्ति र निजको कार्य मूल्याङ्कन गर्ने ।
- निर्माण कार्यका लागि ठेक्कापट्टा व्यवस्थापन गर्ने ।
- संरचना निर्माण कार्यको अनुगमन तथा सुपरिवेक्षण गर्ने, आयोजना संचालन र सम्भारमा सहयोग गर्ने साथै आयोजनाबाट उपभोक्तावर्गलाई कुनै क्षति नपुगोस् भन्ने सुरक्षण (Safeguard) दिने र आवश्यक परेका समयमा यसको नियमानुसार प्रक्रिया पूरा गर्ने ।
- आयोजनाका वारेमा जानकारी गराउन सूचना सामग्री, निर्देशिका, म्यानुअल, ब्रोसिएर, बुलेटिन आदि सामग्रीहरू तयार गर्ने र यसको वितरणको व्यवस्था मिलाउने ।

- आवश्यकता अनुसार गोष्ठी, तालिम र परिचयात्मक कार्यक्रमहरू संचालन गर्ने ।
- उपभोक्ता संस्था/स्थानीय सरकारका पदाधिकारीहरू र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र (NWSSTC) र नगर विकास कोषसंगको आपसी सहयोग तथा समन्वयमा लेखा व्यवस्थापन लगायत अन्य निम्न प्रकृतिका तालिमहरू संचालन गर्नेछ :

■ आयोजनाको प्रकृयाबारे जानकारी गराउन परिचयात्मक कार्यक्रम ।
■ स्वास्थ्य शिक्षा तथा सरसफाइ ।
■ लैङ्गिक समानता र सामाजिक समावेश ।
■ लेखा प्रणाली व्यवस्थापन ।
■ खानेपानी महशुल निर्धारण एवम् संचालन तरीकाहरू
■ निर्माण सुपरिवेक्षण तथा गुणस्तर अनुगमन
■ निर्माण तथा सम्भारका लागि श्रम तथा सामग्री व्यवस्थापन
■ फोहरमैला व्यवस्थापन
■ खानेपानी तथा सरसफाइ प्रणाली संचालन
■ मर्मत सम्भार कार्य
■ अनुगमन तथा सुपरिवेक्षण
■ कार्यालय व्यवस्थापन र कार्य संचालन आदि

**३. क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय**

- शहरी स्तरमा शहरी आयोजनाहरुको योजना तर्जुमा, व्यवस्थापन र कार्यान्वयन गर्ने ।
- शहरी आयोजनाको योजना तर्जुमा र कार्यान्वयन सम्बन्धी सवै विषयहरुमा स्थानीय सरकार, र उपभोक्ता समितिहरुसंगको समन्वय सुनिश्चित गर्ने ।
- डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताबाट तयार भई प्राप्त हुन आएको सम्भाव्यता अध्ययन प्रतिवेदनको समीक्षा गर्ने र छुटेका बुँदाहरूलाई समावेश गर्न सम्बन्धित परामर्शदातालाई पत्र लेख्ने । सम्भाव्यता अध्ययन प्रतिवेदनमा निम्न बुँदाहरू हुनुपर्छ ।

✓ प्रारम्भिक डिजाइन र लागत सहितको विकल्पहरूको प्राविधिक छानबीन (Investigation)
✓ वित्तीय एवं आर्थिक विश्लेषण र  लागत अनुमान ।
✓ नयाँ वातावरण संरक्षण नीति अनुसार वातावरणीय मूल्यांकन
✓ सामाजिक तथा लैङ्गिक विश्लेषण ।
✓ स्वास्थ्य तथा सरसफाइ स्थितिको विश्लेषण ।
✓ संस्थागत विश्लेषण ।
✓ जनताको आयस्रोत, पानी महशुल तिर्न सक्ने सक्षमता ।

- सम्भाव्यता अध्ययन प्रतिवेदन समीक्षा गर्दा शहरी आयोजना सम्भाव्य नदेखिएमा उक्त शहरी आयोजना स्थगित गर्ने र त्यसपछिको कुनै पनि क्रियाकलापहरू संचालन नगरी शहरी आयोजना स्थगित भएको जानकारी सम्बन्धित निकाय र संस्थालाई गराउने ।
- डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताबाट आयोजना व्यवस्थापन कार्यालय/क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालयमा प्राप्त भएको विस्तृत इंजिनियरिङ्ग डिजाइन प्रतिवेदनको समीक्षा गरी छुटेको बुँदाहरूलाई समेट्न परामर्शदातालाई पत्र लेख्ने । प्रतिवेदनको समीक्षा नेपाल सरकारको प्रचलित डिजाइन मापदण्ड अनुसार हुनुपर्नेछ । प्रतिवेदनमा एकभन्दा बढी प्राविधिक विकल्प भएमा समुदायले कुन विकल्प छनोट गरेको, छनोट गरिएको विकल्प बमोजिम उपभोक्ताहरूमा तिर्न सक्ने क्षमता र चाहना छ/छैन

प्रतिवेदनमा प्रतिविम्बित हुनुपर्नेछ । प्रतिवेदनमा खानेपानीको गुणस्तर, शहरी आयोजनाको लागत र सेवाको स्तर कायम गर्न आवश्यक भएमा डिजाइन प्रतिवेदनमा फेरबदल समेत गर्न सकिने छ ।

- उक्त प्रतिवेदनमा आयोजना व्यवस्थापन कार्यालयबाट प्राप्त राय सुझावहरू समावेश गरिएको अन्तिम डिजाइन प्रतिवेदन उपर उपभोक्ताहरूको राय थाहा पाउन सो प्रतिवेदन माथि छलफल, पुनरावलोकन तथा स्वीकृतिका लागि उपभोक्ताहरूको आमभेलाबाट अनुमोदन गराउनु पर्छ। अनुमोदन गराउँदा शहरी आयोजनाको लागत, विकल्पको छनोट र उपभोक्ताबाट जम्मा गर्नुपर्ने अग्रिम नगद रकम तथा सम्भावित पानी महशुल दर र उपभोक्ताहरूको योगदानका सम्बन्धमा सहमति जनाएको निर्णयको प्रतिलिपि प्रतिवेदनसंगै हुनुपर्छ ।
- आवश्यक जनशक्ति र त्यसको व्यवस्थापन गर्ने ।
- उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकालाई छुट्टै खाता सञ्चालनमा सहयोग र अनुगमन गर्ने तथा उपभोक्ता सस्था/ समितिको समुदाय तर्फको योगदान सुनिश्चित गर्ने ।
- सम्बन्धित क्षे.आ.व्य.का. (RPMOs) को कार्यक्षेत्रका आधारमा क्षेत्रीयस्तरका RDSMC हरुको कार्यसम्पादन अनुगमन मूल्याङ्कन गर्ने ।
- यस आयोजनाको कार्यक्षेत्र अन्तर्गत भए गरेका कार्यहरुको भूक्तानी दिने र यसको सार्वजनिक लेखा परीक्षण गराउने ।
- आयोजना व्यवस्थापन कार्यालयको समन्वयनमा आवश्यकता अनुसार क्षमता अभिवृद्धि तथा खरीद कार्य गर्ने ।
- क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयको क्षेत्र भित्र खटिएका कर्मचारी तथा मानव संसाधनको अधिक उपयोग र व्यवस्थापन गर्ने ।
- प्रत्येक शहरी आयोजनाका लागि तयार पारिएका प्रारम्भिक वातावरणीय परिक्षण, GESI कार्ययोजना र पुनर्वास योजनाको कार्यान्वयन र अनुगमन गर्ने तथा तत्सम्बन्धी प्रगतिहरुको प्रतिवेदन संग्रहित गर्ने ।
- यस क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय अन्तर्गत रहेका शहरी आयोजनाहरुको आवश्यकता अनुसार नियमित रुपमा प्रगति प्रतिवेदन तयार पार्ने र आयोजना कार्यालयमा पेश गर्ने ।
- आयोजना व्यवस्थापन कार्यालय, राष्ट्रीय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र (NWSSTC) तथा नगर विकास कोषको सहयोग तथा समन्वयमा तालिम, परिचयात्मक कार्यक्रम तथा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

**४. नगर विकास कोष (TDF) ले पालना गर्नुपर्ने शर्त एवं काम कर्तव्य र अधिकारहरू:**

यस सम्झौतापत्रमा अन्यत्र उल्लेख भएको काम कर्तव्य र अधिकारहरूको अतिरिक्त कोषको काम कर्तव्य र अधिकारहरू देहायबमोजिम हुनेछन् :

क. खानेपानी आयोजना निर्माणका लागि उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकाले बेहोर्नुपर्ने कुल ३० प्रतिशत रकम रु. .......... मध्ये उपभोक्ताहरूबाट संकलन हुने रु. .......... र कोषको आयोजना मूल्याङ्कनबाट ऋण लिन सक्ने क्षमता अनुसारको हुने रकम रु.............. (अक्षरेपी.....) नगर विकास कोष मार्फत वार्षिक ५ प्रतिशत ब्याजदरमा ५ वर्षको ग्रेस पिरियड सहित जम्मा २५ वर्ष (परिपक्व अवधि) भित्रमा तिर्ने गरी लगानीका लागि आवश्यक तयारी गर्ने ।

ख. कोषद्वारा गरिएको आयोजना मूल्याङ्कन प्रतिवेदन (Project Appraisal Report) अनुरूप न.वि.कोष ऐन, २०५३ को व्यवस्था एवं कोषको ऋण लगानी नीति अनुरूप आवश्यक ऋण स्वीकृति गर्ने तथा सम्बन्धित उपभोक्ता संस्था/स्थानीय सरकारसंग आवश्यक ऋण सम्झौता गर्ने ।

ग. खानेपानी आयोजना निर्माण तर्फ सम्पन्न कामको परिमाण वापत निर्माण व्यवसायीको बिल भूक्तानीको लागि खा.पा.उ.स./गाउँपालिका वा नगरपालिकाले व्यहोर्नुपर्ने २५ प्रतिशत सम्मको रकमका लागि निजसंग सम्पन्न गरिने ऋण सम्झौता अन्तर्गत रही कामको प्रगति अनुसार सो रकम उपलब्ध गराउने एवं लगानी वापतको ऋण चुक्ता गर्ने प्रक्रिया र समयतालिका (Loan Repayment Schedule and Procedure) सम्बन्धित उपभोक्ता संस्थासंग समन्वय गरी तयार गर्ने ।

घ. सम्बन्धित उपभोक्ता संस्था/स्थानीय सरकारद्वारा प्रस्तावित पानी महशुल दररेट सम्बन्धमा आयोजना निर्माणको लागत, सम्भावित मर्मत तथा सम्भार र ब्याज-खर्च समेत अध्ययन गरी पुनरावलोकन गर्ने एवं सम्बन्धित उपभोक्ता संस्था, आयोजना व्यवस्थापन कार्यालय र सम्बन्धित गाउँपालिका वा नगरपालिकाई संभावित विकल्पहरूका बारेमा रायसुझाव दिने ।

ङ. आयोजना निर्माणका चरणमा सम्बन्धित परामर्शदातृ संस्था (Design & Supervision Consultants) तथा आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय एवं सम्बन्धित उपभोक्ता संस्थाद्वारा समय समयमा प्राप्त हुने प्रगति विवरण उपर आवश्यक रायसुझाव दिने तथा आयोजना निर्माणका समयमा आवश्यक अनुगमन गरी निर्माण कार्यको गुणस्तर, समयावधि एवं लागत सम्बन्धमा देखा पर्न सक्ने जोखिम एवं थप ऋण रकमका बारेमा सम्बन्धित उपभोक्ता संस्था, सम्बन्धित स्थानिय सरकार एवं आयोजना व्यवस्थापन कार्यालयलाई आवश्यक रायसुझाव उपलब्ध गराउने ।

च. कोषद्वारा गरिने “आयोजना मूल्याङ्कन प्रतिवेदन (Projet Appraisal Document)" अनुरूप कोष एवं सम्बन्धित उपभोक्ता संस्था/स्थानीय सरकारका बीच गरिने ऋण सम्झौताका प्रावधानहरू अनुरूप जोखिम व्यवथापन, कानुनी व्यवस्था, संस्थागत व्यवस्था लगायतका पक्षहरूको उल्लेखित समयावधिभित्र सम्बन्धित पक्षहरूद्वारा कार्यान्वयन भए/नभएको सम्बन्धमा अनुगमन गरी आवश्यक राय सुझाव उपलब्ध गराउने ।

छ. आयोजनाको निर्माण कार्य सम्पन्न भए पश्चात् आयोजना व्यवस्थापन कार्यालय/क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालयद्वारा उपलब्ध गराइएको “आयोजना सम्पन्न प्रतिवेदन (Project Completion Report)" अनुरूप हुन आउने अन्तिम बिलका आधारमा “खानेपानी उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकालाई ऋण चुक्ता तालिका (Loan Repayment Schedule) उपलब्ध गराउने ।

ज. उपभोक्ता संस्था/स्थानीय सरकारद्वारा आयोजना संचालनको सम्पुर्ण जिम्मेवारी लिए पश्चात् सयम-समयमा सम्बन्धित आयोजना संचालन अवस्था एवं उपभोक्ता संस्थाको व्यवस्थापन आदि पक्षका सम्बन्धमा अनुगमन गरी उपभोक्ता संस्थाले लगाउनुपर्ने “पानी महशुल दर” तथा अवलम्बन गर्नुपर्ने अन्य सम्भावित जोखिम व्यवस्थापन आदि पक्षहरूमा सम्बन्धित उपभोक्ता संस्था, सम्बन्धित स्थानिय सरकार एवं नेपाल सरकारलाई आवश्यक राय सुझाव उपलब्ध गराउने ।

झ. उपभोक्ता संस्था/स्थानीय सरकारका पदाधिकारी तथा कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि सञ्चालन गरिने महशुल निर्धारण, बुक किपिंग तथा लेखा र वित्तीय व्यवस्थापन तथा संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालीम उपलब्ध गराउने । यस सम्बन्धमा नेपाल सरकार सम्बद्ध विभागबाट आवश्यक समन्वय गरिनेछ ।

ञ. उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिकाले लिएको ऋण चुक्ताका लागि पानी महशुल, मर्मत सम्भार खर्च तथा ऋण चुक्ता (Debt Service Payment) सम्बन्धी क्रियाकलापको अनुगमन गर्ने तथा यस सम्बन्धी आवश्यक सुझावसमेत खा.पा.उ.सं.लाई उपलब्ध गराउने ।

ट. खानोपानी उपभोक्ता तथा सरसफाइ संस्थाको साधारण सभा, वृहत् मर्मत/सम्भार तथा क्षेत्र विस्तार, महशुल निर्धारण एवं पुनर्निर्माण गर्दाको अवस्थामा प्रतिनिधित्व गर्ने तथा यस सम्झौता अनुरूप सम्बन्धित उपभोक्ता

संस्थाले अवलम्बन गर्नुपर्ने शर्तहरू पालना गरे/नगरेको सम्बन्धमा सम्बन्धित तह एवं संस्थाहरूलाई आवश्यक रायसुझाव उपलब्ध गराउने ।

## ५. स्थानीय सरकार (गाउंपालिका/नगरपालिका)

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना संचालन गर्ने सन्दर्भमा सम्बन्धित गा.पा./न.पाको जिम्मेवारी निम्न प्रकारका हुनेछन्:

- शहरी आयोजना निर्माणका लागि उपभोक्ता वर्गबाट तोकिएको समयमा अग्रिम नगद रकम जम्मा गर्न उठाउनु पर्ने रकम तथा जनश्रम जुटाउने काममा आवश्यक सहयोग गर्ने ।
- उपभोक्ता संस्थालाई नगर विकास कोषबाट ऋण उपलब्ध गराउन उपयुक्त वातावरण बनाई दिन सहजकर्ताको भूमिका निर्वाह गर्ने ।
- शहरी आयोजना कार्यान्वयनको लागि आयोजना व्यवस्थापन कार्यालय/क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, स्थानीय सरकार/खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाबीच हुने सहमति पत्रमा हस्ताक्षर गरी शहरी आयोजनालाई सम्पन्न गर्ने प्रतिबद्धता जनाउने काममा सहयोग गर्ने ।
- शहरी आयोजना क्षेत्रभित्र सार्वजनिक सरसफाइ सुविधा अन्तर्गत निर्माण हुने फोहोर पानी प्रशोधन प्रणाली, सार्वजनिक शौचालय, फोहरमैला व्यवस्थापन तथा वर्षातको पानीको उचित प्रबन्धका लागि सार्वजनिक सतही ढल आदि निर्माण गर्न उपभोक्ता संस्था तथा सम्बन्धित स्थानिय सरकार मिलेर आवश्यक पर्ने जग्गा तथा लागत सहभागिता स्वरुप १५% रकम जम्मा गर्नुपर्ने प्रावधान अनुसार स्थानिय सरकारले जम्मा गर्नुपर्ने रकम समयमा उपलब्ध गराउने र सरसफाइ सुविधा अन्तर्गत निर्मित संरचनाहरूको नियमित सन्चालन र सम्भार कार्यहरूमा सहयोग गर्ने ।
- संस्थाको क्षेत्राधिकार भित्र रहेका खानेपानी तथा सरसफाइ आयोजनाहरुको सेवा संचालन नियमनको अग्रणी भुमिका निर्वाह गर्ने ।
- संस्थाको वजेट तथा प्राविधिक सहयोगमा निर्मित आयोजनाहरु निर्माण सम्पन्न भए पश्चात सम्पतिको स्वामित्व, उपभोग तथा सुरक्षाको जिम्मेवारी ग्रहण गर्ने ।
- लागत असुलीको अवधारणामा निर्माण भएका खानेपानी तथा सरसफाइ आयोजनाहरुको स्थानीय सरकारलाई प्रदत्त कानुनी अधिकारको प्रयाग गरि नगर विकास कोषको राय सुझावमा सेवा उपभोग गरे बापत सेवाग्राहीले तिर्नुपर्ने खानेपानी तथा सरसफाइको महशुल बुँदा नं। ५.३ बमोजिम निर्धारण गर्ने ।
- खानेपानी तथा सरसफाइ सेवा प्रवाहमा सुनिश्चितता, स्तरियता कायम गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था (Association)/उपभोत्ता समिति गठन गरि वा सेवा संचालन करारमा सेवा प्रदायक नियुक्ति गरि प्रत्यक्ष सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने । स्थानीय सरकारले सेवा प्रवाहको नियमन तथा अनुगमन गर्ने ।

### ५.१ जग्गा उपलब्ध, आयोजना संचालन, पुनर्वास तथा शहरी आयोजनाको स्वामित्व

शहरी आयोजनाका निमित्त पानीपोखरी, पानी प्रशोधन प्रणाली लगायत अन्य संरचनाहरू निर्माण तथा पाइपलाइनका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउनु पर्ने जिम्मेवारी स्थानीय सरकार /उपभोक्ता संस्थाको हुनेछ । यसरी उपलब्ध हुने जग्गाको स्वामित्व स्थानीय सरकार/उपभोक्ता संस्थाको नाममा कानुनी रूपले प्राप्त भएको हुनुपर्छ। शहरी आयोजनामा पानी संचालन तथा व्यवस्थापनको जिम्मा उपभोक्ता संस्था/गाउँ/नगर पालिकाको स्वामित्वमा रहने छन् ।

### ५.२ खानेपानी सेवा अनुगमन तथा नियमन

उपभोक्ता संस्थाले खानेपानी सेवा प्रदायकको भूमिका निर्वाह गर्नु पर्नेछ । यसरी खानेपानी सेवा प्रदायकद्वारा संचालन गरिएका खानेपानी सेवाको अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण, नियमन एवं समन्वय गर्दै त्यस्तो सेवा संचालनमा गुणस्तरीयता, नियमितता, पारदर्शिता एवं जवाफदेहिता कायम गरि खानेपानी सेवा प्रवाहलाई गुणस्तरिय, भरपर्दो एवं सर्वसुलभ बनाउन आवश्यक भएकोले नेपाल सरकारले खानेपानी सेवा संचालन सम्बन्धी निर्देशिका–२०६९ बनाई लागु गरेको छ र उक्त निर्देशिका एवं स्थानीय सरकार र.चालन ऐन, २०७४ अनुसार स्थानीय सरकारले अनुगमन तथा नियमन गर्ने छ ।

**५.३ खानेपानी महशुल दर निर्धारण**

उपभोक्ताहरूलाई खानेपानीको सुविधा उपलब्ध गराए वापत आर्थिक तथा वित्तिय अध्ययनद्वारा निर्धारण भएको खानेपानी महशुल दर अनुसार उपभोक्ताहरूबाट नियमित रूपमा प्रत्येक महिना पानी सेवाशुल्क संकलन गरिनेछ । उक्त महशुल दर निर्धारण तथा पुनरावलोकन गर्दा निम्न कुराहरूलाई दृष्टिगत गर्नुपर्नेछ :

- खानेपानी सुविधा र त्यससंग सम्बन्धित कार्यहरू जस्तैः खानेपानी प्रणालीको निर्माण, मर्मत तथा सम्भार सहितको संचालन खर्च,
- आयोजना सम्झौता हुँदाको समयमा सहमति भए अनुसारको ऋण र त्यसमा लाग्ने ब्याजसहितको भुक्तानी बापतको व्यहोर्नुपर्ने रकम,
- भविष्यमा प्रणाली विस्तारका लागि आवश्यक पर्ने रकम,
- आकस्मिक मर्मत कार्यका लागि आवश्यक पर्न सक्ने रकम,
- वार्षिक रुपमा हुने महंगी आदि समेतका आधारमा गरिने वार्षिक महशुल वृद्धि दर ।

माथि उल्लेखित बुँदाहरुलाई आधारमानी नगर विकास कोषको वित्तीय विश्लेषण एवं सिफारिस तथा उपभोक्ता संस्थाको साधारण सभाको राय सुझाव अनुसार स्थानीय तहले महशुल निर्धारण गर्ने छ ।

**५.४ निर्माण पश्चात्‌को प्रतिबद्धता**

निर्माण कार्य सम्पन्न हुनुपूर्व उपभोक्ता संस्था/स्थानिय सरकार अन्तर्गत एउटा सुपरिवेक्षण इकाईको स्थापना हुनेछ । यस इकाईले शहरी आयोजना निर्माण सम्पन्न भएपछि यसको संचालन तथा मर्मत सम्भार अन्तर्गत निम्न कार्यहरू गर्नुपर्ने :

- पानी महशुल संकलन गरी संचालन तथा सम्भार कार्यमा अनुगमन गर्ने ।
- संचालन तथा सम्भार कार्यमा आवश्यकता अनुरूप निर्देशन तथा सहयोग गर्ने ।
- पानी महशुल निरन्तर रूपमा उठिरहेको छ/छैन तथा कार्यरत कर्मचारीहरूको पारिश्रमिक भुक्तानी भैरहेको छ/छैन सुपरिवेक्षण गर्ने ।
- आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने खा.पा. तथा ढ.ब्य.वि.अन्तर्गतको सम्बन्धित संघीय खानेपानी तथा ढल ब्यवस्थापन आयोजना/प्रादेशिक खानेपानी तथा सरसफाइ कार्यालयको प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्नुका साथै निजी क्षेत्रबाट समेत प्राविधिक विशेषज्ञको सेवा प्राप्त गरी शहरी आयोजना संचालन कार्यलाई निरन्तरता प्रदान गर्न सहयोग गर्ने ।

**५.५ विवाद निरूपण**

खानेपानीको मुहान संरचना निर्माण स्थल तथा पाईप विछ्याउने स्थान लगाएत शहरी आयोजना कार्यान्वयनको दौरानमा आईपर्ने समस्या र विवादहरूको समाधान गर्ने दायित्व उपभोक्ता संस्था/स्थानीय सरकारको हुनेछ । पहिचान भएको खानेपानीको मुहान विवाद रहित हुनुपर्छ र यसको समुचित प्रयोगका लागि सम्बन्धित निकायबाट समयमै स्वीकृति लिने कार्य उपभोक्ता संस्था/स्थानीय सरकारको हुनेछ ।

**५.६ निर्माण लागतमा सहलगानी**

सार्वजनिक सरसफाइका सुविधाहरूमा ढल प्रशोधन प्रणाली, सार्वजनिक शौचालय, मानव मलमुत्रीय फोहोर व्यवस्थापन संरचना, वर्षातको पानीको ढल, फोहर पानी व्यवस्थापन प्रणाली आदि पर्न सक्दछन्‌ । यस्ता सरसफाइ सम्बन्धी कार्यक्रम लागू गर्दा कूल लागतको १५% स्थानिय सरकारले लागत इष्टिमेट अनुसार रु ……………..सरसफाइका सुविधाहरु निर्माणको चरणमा लागत सहभागी हुनुपर्ने छ भने सञ्चालन तथा मर्मत सम्भारको सम्पूर्ण जिम्मेवारी ती निकायहरूको नै हुनेछ ।

**६. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था**

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाबाट सहयोग तथा सुविधा चाहने सहरका उपभोक्ताहरूको भेला मार्फत खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था गठित हुनेछ । उपभोक्ता संस्था आफ्नो कार्य सम्पादन गर्न जलस्रोत ऐन, २०४९ र खानेपानी नियमावली २०५५ र स्थानीय सरकार

संचालन ऐन २०७४ अनुसार वैधानिक रुपमा दर्ता हुनु पर्छ । उक्त संस्था खानेपानी सेवा संचालन निर्देशिका २०६९ तथा सो बमोजिम बनेको कार्यविधि अनुसार कार्य गर्ने छ । यसले स्थानीय सरकारको निर्देशनमा डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदातालाई शहरी आयोजनाको सम्भाव्यता अध्ययन कार्यक्रममा आवश्यक सहयोग, प्राविधिक प्रस्ताव माथिको सहमति तथा शहरी आयोजनाको क्षेत्र निर्धारण (Scoping) कार्यमा समेत आवश्यक सहयोग गर्नेछ । यसले शहरी आयोजनाको विस्तृत इंजिनियरिङ्ग डिजाइन प्रतिवेदन तयार गर्नमा मद्दत गर्नुका साथै यसको सहमतिमा समेत आवश्यक भूमिका निर्वाह गर्छ । उपभोक्ता समिति गठन गर्दा सबै वर्ग, लिङ्ग, जाति, जनजाति, दलित, मुस्लिम तथा पिछडिएको वर्गबाट समेत जनसंख्याको अनुपातमा प्रतिनिधित्व हुने गरी नौ सदस्यीय (अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, तथा ५ जना सदस्य समेत) उपभोक्ता समिति गठन हुनुपर्छ । यसरी गठित समितिमा कम्तीमा तीन जना (३३%) महिलाको अनिवार्य प्रतिनिधित्व हुनुपर्ने र कम्तीमा एक जना महिलाले उक्त समितिको कार्यकारी पदको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ । शहरी आयोजना क्षेत्रमा एकभन्दा बढी उपभोक्ता समिति रहेको अवस्थामा उपलब्ध सुविधालाई संयुक्त रूपमा व्यवस्थापन गर्न सम्बन्धित सबै उपभोक्ता समितिहरूको प्रतिनिधित्व हुने गरी एउटा मूल उपभोक्ता समिति गठन गरिनेछ । यस समितिमा अन्य समिति सरह नौ सदस्य हुनेछन् र विधिवत दर्ता भएको हुनुपर्छ । उपभोक्ता समितिको उद्देश्य, गठन, दर्ता तथा काम कर्तव्यहरू विधानले तोके बमोजिम हुनेछ । विधानमा कुन कुन वुँदाहरू समेटिनुपर्छ, यसलाई तयार गर्न उपभोक्ता समितिलाई मद्दत पुगोस् भन्ने हेतुले आयोजना व्यवस्थापन कार्यालय/क्षे.आ.व्य.का.,खानेपानी तथा सरसफाइ संघिय/प्रादेशिक इकाई कार्यालयबाट विधानको नमुना उपलब्ध गराइनेछ । उपभोक्ता समितिले गर्ने मुख्य–मुख्य कार्यहरू निम्नानुसार हुनेछन् :

**६.१ खानेपानी सेवा संचालन**

उपभोक्ता संस्था /स्थानीय सरकारले खानेपानी सेवा प्रदायकको भूमिका निर्वाह गर्नु पर्नेछ । यसरी खानेपानी सेवा प्रदायकद्धारा संचालन गरिएका खानेपानी सेवाको अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण, नियमन एवं समन्वय गर्दै त्यस्तो सेवा संचालनमा गुणस्तरीयता, नियमितता, पारदर्शिता एवं जवाफदेहिता कायम गरी खानेपानी सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो एवं सर्वसुलभ बनाउन आवश्यक भएकोले नेपाल सरकारले खानेपानी सेवा संचालन सम्वन्धी निर्देशिका–२०६९ बनाई लागु गरेको छ र उक्त निर्देशिकाको पालना यस आयोजनामा गर्नुपर्ने छ । यो सहमति पत्रका दफा बाझिएको अवस्थामा निर्देशिकामा उल्लेखित प्रावधान सहमति पत्र उपर प्रभावी हुनेछन ।

**६.२ बोलपत्र मूल्यांकन**

शहरी आयोजना निर्माणका लागि अपनाइने बोलपत्र मूल्यांकन (Bid Evaluation) प्रकृया तथा ठेक्का सम्झौतामा उपभोक्ता संस्था/समितिले आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेछ ।

**६.३ निर्माण लागतमा सहलगानी**

क) शहरी आयोजनाको निर्माण चरणमा खानेपानी संरचना निर्माणको कूल लागतमा सहलगानी गर्न उपभोक्ता संस्था/समिति सहमत हुनुपर्नेछ । कति लगानी गर्ने भन्ने कुरा विस्तृत इन्जिनियरिङ्ग डिजाइन अध्ययनको काम सम्पन्न भई उपयुक्त प्राविधिक विकल्पको छनोट भई शहरी आयोजनाको कूल लागत निर्धारण भैसकेपछि उपभोक्तावर्गबाट कति सहलगानी गर्नु पर्नेछ भन्ने कुरा एकिन गर्न सकिन्छ । सहलगानी रकम खानेपानी संचरनाका लागि कम्तीमा निर्माण लागतको ३०% ले रु.............उपभोक्ता संस्थाले बेहोर्नु पर्नेछ । उक्त ३०% मध्ये ५% रु ............अग्रिम नगद रकम आ.व्य.का/क्षे.आ.व्य.का तथा उपभोक्ता संस्थाको संयुक्त खातामा जम्मा गर्नुपर्ने र बाँकी २५% सम्म रकम रु ...........नगर विकास कोषसंग ऋण लिई २५ वर्ष भित्र ५% व्याजदरमा साँवा ब्याज किस्ता रकम फिर्ता गर्नुपर्नेछ । उक्त ऋणको भुक्तानी नगर

विकास कोषसंग भएको सम्झौता अनुसार पानी महशुलबाट उठेको रकमबाट उपभोक्ता संस्था/स्थानीय सरकारले गर्नुपर्नेछ ।

ख) एकिकृत खानेपानी तथा सरसफाइको सिद्धान्त अनुसार शहरी आयोजनाको कार्यान्वयनबाट जनस्वास्थ्यमा उचित फाइदा पाउन सार्वजनिक सरसफाइको कार्यक्रम खानेपानी आयोजना संगसंगै लागू गर्न उपभोक्ता संस्था/स्थानिय सरकार सहमत हुनु पर्नेछ ।

**६.४ निर्माण कार्यको सुपरिवेक्षण**

अन्य सरोकारवालाको साथसाथै उपभोक्ता संस्था/समितिले शहरी आयोजनालाई तोकिएको समयमा सम्पन्न गर्न तथा निर्माण कार्यको निरन्तर सुपरिवेक्षण गर्नुपर्नेछ । साथै, निर्माण व्यवसायीको सबै बिल भुक्तानीको लागि उपभोक्ता संस्था/समितिको सिफारिस (Endorsed) अनिवार्य रूपले हुनु पर्नेछ ।

**६.५ निर्माण पश्चातको प्रतिबद्धता**

निर्माण कार्य सम्पन्न हुनुपूर्व उपभोक्ता संस्था/स्थानिय सरकार अन्तर्गत एउटा सुपरिवेक्षण इकाईको स्थापना हुनेछ । यस इकाईले शहरी आयोजना सम्पन्न भएपछि यसको संचालन तथा मर्मत सम्भार अन्तर्गत निम्न कार्यहरू गर्नुपर्ने ।

- पानी महशुल संकलन गरी संचालन तथा सम्भार कार्यमा लाग्ने खर्च पूरा गर्ने ।
- आवश्यकता अनुरूप मर्मत कार्य गर्न श्रम परिचालन गर्ने ।
- कार्यरत कर्मचारीहरूको पारिश्रमिक भुक्तानी दिने ।
- आवश्यकता अनुसार खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने खा.पा. तथा ढ.व्य.वि.अन्तर्गतको सम्बन्धित संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना/प्रादेशिक खानेपानी तथा सरसफाइ कार्यालयको प्राविधिक तथा अन्य सहयोग प्राप्त गर्नुका साथै निजी क्षेत्रबाट समेत प्राविधिक विशेषज्ञको सेवा प्राप्त गरी शहरी आयोजना संचालन कार्यलाई निरन्तरता प्रदान गर्ने ।

उपभोक्ता संस्थाले शहरी आयोजनाको निर्माण चरणको प्रथम वर्षमा नै आयोजना कार्यान्वयन र संचालन इकाईको गठन गर्नुपर्नेछ । यस इकाईका दुई जना कर्मचारीहरू (प्राविधिक वा/तथा लेखा प्रबन्धक) का लागि आवश्यक पर्ने पारिश्रमिक प्रथम वर्षमा ७५%, दास्रो वर्षमा ५०% र तेस्रो वर्षमा २५% रकम आयोजनाले व्यवस्था गर्नेछ । यो व्यवस्था बढीमा दुई वर्षका लागि मात्र हुनेछ । जुन आयोजना निर्माण अवधिको पछिल्लो वर्ष र निर्माण सम्पन्न भई सकेपछिको पहिलो एक वर्षलाई मानिनेछ ।

**६.६ खानेपानी महशुल दर**

उपभोक्ताहरूलाई खानेपानीको सुविधा उपलब्ध गराए वापत आर्थिक तथा वित्तीय अध्ययनद्वारा निर्धारण भएको खानेपानी महशुल दर अनुसार उपभोक्ताहरूबाट नियमित रूपमा प्रत्येक महिना पानी सेवाशुल्क संकलन गरिनेछ । उक्त महशुल दर निर्धारण तथा पुनरावलोकन गर्दा बुँदा नं. ५.३ अनुसार गर्नुपर्नेछ :

बुँदा नं. ५.३ मा उल्लेखित बुँदाहरुलाई आधारमानी नगर विकास कोषको वित्तीय विश्लेषण एवं सिफारिस र उपभोक्ता संस्थाको साधारण सभाको राय सुझाव अनुसार महशुल निर्धारणको प्रस्ताव स्थानीय सरकार/नगरपालिकामा पेश गर्ने र स्विकृत गराइ लागु गर्ने ।

**६.७ विवाद निरूपण**

खानेपानीको मुहान संरचना निर्माण स्थल तथा पाईप विछ्याउने स्थान लगाएत शहरी आयोजना कार्यान्वयनको दौरानमा आईपर्ने समस्या र विवादहरूको स्थानीय सरकारको सल्लाह तथा सुझावमा समाधान गर्ने दायित्व उपभोक्ता संस्थाको हुनेछ । पहिचान भएको खानेपानीको मुहान विवाद रहित हुनुपर्छ र यसको समुचित प्रयोगका लागि सम्बन्धित निकायबाट समयमै स्वीकृति लिने कार्य स्थानीय सरकारको सल्लाह तथा सुझावमा उपभोक्ता संस्थाको हुनेछ ।

**६.८ स्रेस्ता तथा लेखा व्यवस्थापन**

खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले तालुक निकाय, नगर विकास कोष, स्थानीय सरकार तथा उपभोक्ताले चाहेका वखतमा हेर्न सक्ने गरी प्रचलित नियम तथा संस्था/समितिको विधानमा उल्लेख भएअनुसार आय/व्ययको हिसाब दुरुस्त राख्ने र स्वतन्त्र लेखापरीक्षकद्वारा आवधिक रूपमा लेखापरीक्षण गराउनु पर्नेछ। बार्षिक आयोजना संचालन प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, स्थानीय सरकारलाई नियमित रुपमा पठाउनु पर्नेछ।

**६.९ खानेपानी प्रणालीको तर्जुमा, डिजाइन र निर्माण**

खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले स्थानीय सरकारको सुझाव तथा सल्लाहमा खानेपानी प्रणाली तर्जुमा, डिजाइन तथा निर्माणकार्यमा आफ्नो सक्रिय सहभागिता निम्न प्रकारले जनाउनेछ :

- शहरी आयोजना क्षेत्र निर्धारण गर्ने।
- सम्भाव्यता तथा विस्तृत अध्ययन कार्यमा आवश्यक सहयोग गर्ने।
- उपलब्ध विकल्प र लागतका आधारमा उपयुक्त विकल्पको छनोट।
- डिजाइन र लागत इष्टिमेट।
- निर्माण कार्यको कार्य तालिका।
- निर्माण सामग्रीको परिमाण तथा गुणस्तरको अनुगमन।
- निर्माण कार्यको सुपरिवेक्षण।
- निर्माण कार्यमा सहलगानी।
- निर्माण कार्य सम्पन्न भएपछि खानेपानी प्रणालीको संचालन तथा सम्भार कार्य।

**६.१० लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना {Gender Equality & Social Inclusion (GESI) Action Plan}**

शहरी आयोजना अन्तर्गत संचालन हुने क्रियाकलापहरूमा महिला, जाति, जनजाति, दलित, गरिव, धार्मिक अल्पसंख्यक, अपांग तथा पिछडिएका वर्गको बिना कुनै भेदभावले सहभागिता गराउनेतर्फ उपभोक्ता संस्था/समिति सधै प्रयत्नशील रहनेछ। खानेपानी तथा सरसफाइ सुविधाको वितरण, यसको प्रयोग र पहुँचमा सबैको समानुपातिक तवरले सहभागिता गराउने कार्यमा सबै वर्गलाई उत्प्रेरित गर्नेछ। डिजाइन सुपरीवेक्षण तथा व्यवस्थापन परामर्शदाताको सहयोगमा आयोजनाको लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजनाको उचित कार्यान्वयन गर्नेछ।

**६.११ पारदर्शिता**

शहरी आयोजनासंग सम्बन्धित प्रत्येक जानकारीका बारेमा उपभोक्ताहरूलाई सुसूचित हुने अधिकार भएकोले उपभोक्ता संस्था/गाउँपालिका वा नगरपालिका शहरी आयोजनाको लागत, उपभोक्ता संस्था/स्थानीय सरकारले बेहोर्नु पर्ने रकमको अंश (Cost Sharing), निर्माण हुँदै गरेको शहरी आयोजनाको प्रगति, धारा जडान लागत र शुल्क, प्रतिफलमा आधारित अनुदान (Output-Based Aid) कार्यक्रम अन्तर्गत उपलब्ध हुने अनुदान रकम, वित्तीय अवस्था लगायत अन्य महत्वपूर्ण सूचना/जानकारीहरू आमभेला, बुलेटिन बोर्ड वा उपभोक्ता संस्था/समितिको साधारण सभा मार्फत सबैलाई जानकारी गराउनेछ।

**७. निम्न अनुसारका कागजात तथा कानुनहरु यस सम्झौताका अभिन्न अंगका रुपमा रहने छन् :**

- जलस्रोत ऐन, २०४९
- स्थानीय सरकार संचालन ऐन, २०७४
- नगर विकास कोष ऐन, २०५३
- करार ऐन, २०५६

- खानेपानी सेवा संचालन सम्बन्धी निर्देशिका –२०६९ तथा यस अन्तर्गत कार्यविधि समेत
- खानेपानी नियमावली, २०५५
- राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति–२०६६
- तथा अन्य प्रचलित कानुन

८. **सूचना**

यस सम्झौता अन्तर्गत हुने अन्य सम्झौता, अनुरोध पत्र र सूचना लिखित रुपमा हुनेछ। त्यस्तो अनुरोध पत्र र सूचना देहाय बमोजिमको ठेगानामा दिईएमा रीतपूर्वक दिइएको मानिने छ।

- आयोजना व्यवस्थापन कार्यालय
- नगर विकास कोष
- उपभोक्ता संस्था र स्थानीय सरकार

९. यस सम्झौतामा उल्लेखित शर्तहरू सम्बन्धित पक्षहरूबाट उलंघन भएमा मर्का पर्ने पक्षले करार ऐन, २०५६ को हद म्यादभित्र सम्बन्धित अदालतमा उपचार गर्न जान सक्नेछ।

१०. **सम्झौताका शर्तहरू लागू हुने**

यस सम्झौतामा उल्लेखित शर्तहरू आजैका मितिदेखि लागू हुनेछन्।

**११. सम्झौतामा दस्तखत गर्ने निम्न पदाधिकारीहरू रहेका छन् :**

**(क) आयोजना व्यवस्थापन कार्यालयको**
**<u>तर्फबाट अधिकार प्राप्त</u>**

नामः

दर्जाः

सहीः

मितिः

कार्यालयको छापः

**(ख) नगर विकास कोषको**
**<u>तर्फबाट अधिकार प्राप्त</u>**

नामः

दर्जाः

सहीः

मितिः

कार्यालयको छापः

**(ग) नगर पालिका/गा.पा.को तर्फबाट**
**<u>अधिकार प्राप्त</u>**

नामः

दर्जाः

सहीः

मितिः

कार्यालयको छापः

**(घ) खा.पा.उ.स.स.को**
**<u>तर्फबाट अधिकार प्राप्त</u>**

नामः

दर्जाः

सहीः

मितिः

कार्यालयको छापः

(ङ) **<u>अन्य साक्षीहरुः</u>**

१. नामः सहीः

२. नामः सहीः

३. नामः सहीः

४.नामः सहीः

*ईति सम्वत् ................... साल ...... महिना ........ गते रोज ............ शुभम् ।*

*अनूसुची -६*

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना
# अन्तर्गत
# खानेपानी आपूर्ति व्यवस्थाका सम्बन्धमा

## नगर विकास कोष
## र
## ...................खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, .............
## बीच
## सम्पन्न ऋण सम्झौता

**मितिः ..................**

## शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत
## खानेपानी आपूर्ति व्यवस्थाका सम्बन्धमा
## नगर विकास कोष
## र
## .............खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, ............
## बीच
## सम्पन्न ऋण सम्झौता

नगर विकास कोष ऐन, २०५३ वमोजिम स्थापित भई बागमती प्रदेश, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. १०, नयाँ वानेश्वर, फूलचोकीमाई मार्गमा कार्यालय रहेको नगर विकास कोषका तर्फबाट अधिकार प्राप्त कार्यकारी निर्देशक, श्री .(..........(यस पछि **"कोष"** भनिएको)

र

जलस्रोत ऐन २०४९ को दफा (२४) (२) (क) अन्तर्गतको खानेपानी नियमावली, २०५५ वमोजिम गठन भई सोही नियमावलीले तोकेको प्रक्रिया पुऱ्याई जलस्रोत नियमावली, २०५० को नियम ८ वमोजिम ..........जिल्ला जलस्रोत समितिबाट अनुमति प्राप्त ........खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको तर्फबाट अधिकार प्राप्त अध्यक्ष,.......... (यसपछि **"उपभोक्ता संस्था"** भनिएको)

**का बीच**

नेपाल सरकार र एशियाली विकास बैंकका बीच नोभेम्बर २६, २०१८ तदनुसार वि.सं. २०७५ साल मंसिर १० का दिन सम्पन्न ऋण सम्झौता (ऋण नं.३७११ - नेप) एवं सोही मितिमा एशियाली विकास बैंक र नगर विकास कोषका बीच सम्पन्न आयोजना सम्झौता तथा सोही अनुरुप नेपाल सरकार र नगर विकास कोषका बीच ६ फेब्रुवरी २०१९ तद्नुसार मिति २०७५ साल माघ २३ का दिन भएको सहायक ऋण सम्झौता तथा नेपाल सरकार खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतको आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष र उपभोक्ता संस्था बीच मिति २०........... मा सम्पन्न वित्तिय सम्झौता,

**बमोजिम**

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत नेपाल सरकारको निर्णय अनुसार छनौटमा परेको ............खानेपानी तथा सरसफाइ उपभोक्ता समितिद्वारा तोकिए वमोजिमको खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धमा देहायमा उल्लिखित शर्त वन्देजका अधिनमा रहने गरी दुवै पक्षको मञ्जुरीले तपसीलमा उल्लिखित साक्षीहरुको रोहवरमा नगर विकास कोषको कार्यालय नयाँ बानेश्वरमा बसी प्रचलित मुलुकी देवानी ऐन (संहिता), २०७४ वमोजिम यो ऋण सम्झौता पत्रमा सहीछाप गरि एक/एक प्रति लियौं दियौं ।

# भाग–१

**१. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस सम्झौतामा,

(क) **"कोष"** भन्नाले नगर विकास कोष ऐन, २०५३ बमोजिम स्थापित नगर विकास कोष, नयाँ वानेश्वर, काठमाण्डौलाई सम्झनु पर्छ ।

(ख) **"सञ्चालक समिति"** भन्नाले नगर विकास कोष ऐन, २०५३ को दफा १४ वमोजिम गठित कोषको सञ्चालक समितिलाई सम्झनु पर्छ ।

(ग) **"कार्यकारी निर्देशक"** भन्नाले नगर विकास कोष ऐन, २०५३ को दफा १८ अनुसार नियुक्त कार्यकारी निर्देशकलाई सम्झनु पर्छ ।

(घ) **"उपभोक्ता संस्था"** भन्नाले जलस्रोत ऐन, २०४९ तथा खानेपानी नियमावली, २०५५ को प्रक्रिया पुर्‍याई ........जिल्ला जलस्रोत समितिबाट जलस्रोत उपयोगका लागि अनुमति प्राप्त ........खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई सम्झनु पर्छ र सो शब्दले कुनै पनि कारणबाट उक्त खानेपानी उपभोक्ता तथा सरसफाई समितिको नाम परिवर्तन तथा संशोधन, पुनर्गठन तथा दायित्व अन्यमा गाभिए सो बाट सृजित दायित्व वहन गर्ने संस्था, व्यक्ति वा निकाय आदि समेतलाई सम्झनु पर्छ ।

(ङ) **"उपभोक्ता"** भन्नाले ........खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले सञ्चालन गर्ने शहरी खानेपानी तथा सरसफाई आयोजनासंग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति, समूह, संघ, संस्था वा निकाय समेतलाई सम्झनु पर्छ ।

(च) **"कार्यकारी समिति"** भन्नाले खानेपानी नियमावली, २०५५ वमोजिम गठित ........ खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको विधान अनुसार गठित कार्यकारी समितिलाई सम्झनु पर्छ ।

(छ) **"अध्यक्ष"** भन्नाले खानेपानी नियमावली, २०५५ वमोजिम गठित ............खानेपानी तथा सरसफाइ मुल उपभोक्ता समितिको कार्य समितिका अध्यक्षलाई सम्झनु पर्छ ।

(ज) **"ऋण"** भन्नाले .............खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले शहरी खानेपानी तथा सरसफाइ आयोजना निर्माण, संचालन तथा व्यवस्थापन गर्न नगर विकास कोषबाट लिएको ऋण रकमलाई सम्झनु पर्छ ।

(झ) **"जिल्ला जलस्रोत समिति"** भन्नाले जलस्रोत नियमावली, २०५० को नियम ८ अनुसार गठित ...............जिल्ला जलस्रोत समितिलाई सम्झनुपर्छ ।

(ञ) **"सेवा शुल्क"** भन्नाले ..........खानेपानी तथा सरसफाइ  उपभोक्ता संस्थाले आफ्ना उपभोक्ताहरुलाई खानेपानी आपूर्ति सेवा उपलब्ध गराए वापत उपभोक्ताहरुबाट नियमित रुपमा लिने वा लिनुपर्ने शुल्कलाई सम्झनु पर्छ ।

(ट) **"वाणिज्य बैंक"** भन्नाले नेपाल राष्ट्र बैंकबाट वित्तिय कारोवार सञ्चालन गर्न स्वीकृत प्राप्त  "क" वर्गको इजाजतपत्र प्राप्त वाणिज्य बैंकलाई सम्झनुपर्छ ।

(ठ) **"बैंक"** भन्नाले एशियाली विकास बैंक (ADB) लाई सम्झनु पर्छ ।

(ड) **"ऋण सम्झौता"** भन्नाले ............खानेपानी तथा सरसफाइ मुल उपभोक्ता संस्था र नगर विकास कोषका बीच सम्पन्न यसै ऋण सम्झौतालाई सम्झनुपर्छ ।

(ढ) “**Escrow Account**” भन्नाले सम्झौता बमोजिम उपभोक्ता संस्थाले कोषबाट प्राप्त गरेको ऋणको साँवा, सो मा लाग्ने ब्याज तथा सम्झौता बमोजिम भुक्तानी गर्नु पर्ने अन्य रकम समेत भुक्तानीको सुनिश्चितता गर्नका लागि संचालन गरिने बैंक खातालाई सम्झनु पर्नेछ ।

(ण) **“खानेपानी उपभोक्ता–स्रोत रकम खाता”** भन्नाले ..............खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका तर्फबाट खानेपानी आपूर्ति व्यवस्थाका लागि उपभोक्ताहरुबाट उठाईने रकम र कोषबाट प्राप्त हुने ऋण रकम समेत परिचालनका लागि उपयुक्त वाणिज्य बैंकमा खोलिएको खातालाई जनाउनेछ ।

(त) **“संरचना”** भन्नाले............ खानेपानी तथा सरसफाइ मुल उपभोक्ता समिति, ...........
अन्तर्गत खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, शुद्धिकरण गर्न वा वितरण गर्न बनाईएका धारा, वितरण र प्रसारण प्रणाली, पानी पोखरी, प्रशोधन व्यवस्था, विद्युत सुविधा, पम्पघर, पाइपलाईन र यस्तै प्रकारका संरचनाहरुलाई समेत जनाउनेछ ।

(थ) **“निर्माण व्यवसायी”** भन्नाले शहरी खानेपानी तथा सरसफाइ आयोजना व्यवस्थापन कार्यालयबाट आयोजना निर्माणको लागि प्रचलित नियम कानून वमोजिम नियुक्त गरेको निर्माण व्यवसायीलाई सम्झनु पर्छ ।

(द) **“संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय”** भन्नाले खानेपानी तथा ढल व्यबस्थापन विभागबाट संचालित खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरूको अनुगमन, उपभोक्ता संस्था/स्थानीय सरकारसंग समन्वय गर्ने तथा अन्य आवश्यक सहयोग गर्न स्थापित खानेपानी तथा ढल व्यबस्थापन विभाग अन्तर्गतको संघिय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालयलाई सम्झनु पर्दछ ।

(ध) **“उपकरण”** भन्नाले ..............खानेपानी तथा सरसफाइ आयोजनामा सञ्चालनमा प्रयोग हुने पम्प, जेनेरेटर लगायत सो अयोजनासंग सम्बन्धित विद्युतिय तथा ईन्धनबाट सञ्चालन हुने उपकरणहरु समेतलाई जनाउनेछ ।

(न) **“आयोजना कार्यान्वयन सम्झौता पत्र”** भन्नाले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना कार्यान्वयनका लागि आयोजना पहिचान तथा छनौट चरणमा आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, स्थानीय सरकार र उपभोक्ता संस्थाका बीचमा भएको प्रारम्भिक सम्झौता पत्र, आयोजना कार्यान्वयन चरणमा आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, स्थानीय सरकार र उपभोक्ता संस्थाका बीचमा भएको वित्तिय सम्झौता पत्र र आयोजनामा ऋण लगानी गर्ने सम्बन्धमा नगर विकास कोष, उपभोक्ता संस्थाका बीचमा भएको ऋण सम्झौताका लिखतहरुलाई सम्झनु पर्छ ।

(प) **“क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय”** भन्नाले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना संचालनका लागि भएको अनुदान सम्झौतामा उल्लेखित कार्यहरु कार्यान्वयन गर्न प्राविधिक सहयोग सहित सम्पूर्ण जिम्मेवारी वहन गर्नका लागि खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत क्षेत्रीय स्तरमा स्थापित “क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय” लाई सम्झनु पर्छ ।

(फ) **“आयोजना व्यवस्थापन कार्यालय”** भन्नाले नेपाल सरकार र एशियाली विकास बैक बीच शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना संचालनका लागि भएको सम्झौतामा उल्लेखित कार्यहरु जस्तै शहर आयोजनाहरुको छनौट, निर्माण कार्यको लागि सेवा खरिद, आयोजनाको डिटेल इन्जिनियरिङ्ग डिजाईन तथा निर्माण सुपरीवेक्षण आदि गरी आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन सम्बन्धी जिम्मेवारी वहन गर्नका लागि नेपाल सरकार, खानेपानी मन्त्रालय अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन विभाग मातहत स्थापना भएको “आयोजना व्यवस्थापन कार्यालय (Project Management Office, PMO)” लाई सम्झनुपर्छ ।

(ब) **"मूल सम्झौता"** भन्नाले नेपाल सरकार र एशियाली विकास बैंक बीच  शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना कार्यान्वयन गर्न नोभेम्बर २६, २०१८ तदनुसार वि.सं. २०७५ मंसिर १० गतेका दिन सम्पन्न सम्झौतालाई सम्झनु पर्छ ।

(भ) **"जमानी"** भन्नाले यसै ऋण सम्झौताका शर्त वन्देज तथा प्रावधानको अधिनमा रहि ...............खानेपानी तथा सरसफाइ मुल उपभोक्ता समितिले नगर विकास कोषलाई तिर्नु बुझाउनु पर्ने ऋण रकमको साँवा व्याज, हर्जना लगायत अन्य रकम कोष र ऋणीका बीच आजैका मितिमा सम्पन्न ऋण सम्झौतामा तोकिएको अवधि भित्र ऋणीले नगर विकास कोषलाई नतिरे, नबुझाएमा कोषलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण साँवा, व्याज तथा अन्य रकम बुझाउन कवुल गर्ने नेपालको संविधान एवं प्रचलित कानून वमोजिम गठित/स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम सञ्चालित ..........जिल्ला स्थीत ............गा.पा/न.पा लाई सम्झनु पर्छ ।

# भाग–२

**२. ऋण सम्झौताका शर्त बन्देजहरु**

२.१ शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत ………… प्रदेश ……….जिल्ला ………..नगरपालिकामा सञ्चालन हुने ……….खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, ……….ले शहरी खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न खानेपानी तथा ढल व्यवस्थापन विभागबाट छनौट भएको बोलपत्रदाताले पेश गरेको ठेक्का कबोल अंक (खानेपानी आपूर्ति तर्फ) …………।-(अक्षरेपी …………करोड …………लाख …………हजार मात्र (VAT सहित) को २५ प्रतिशतले हुन आउने रकम रु……..।- (अक्षरेपी ……करोड ……….लाख ………..हजार……..सय मात्र) कोषले उल्लेखित ………….नगरपालिकाको जमानीमा उपभोक्ता संस्थालाई आजैका मितिमा ५ वर्षको सहुलियत अवधि (Grace Period) सहित जम्मा २५ वर्ष भित्र तिर्ने गरी वार्षिक ५ प्रतिशत ब्याजदरमा ऋण स्वरुप उपलब्ध गराउन मञ्जुर गर्दछ ।

तर आयोजना निर्माणका क्रममा उल्लेखित कबोल अंक भन्दा कममा उक्त आयोजना सम्पन्न हुने भएमा कोषले उपभोक्ता संस्थालाई उपलब्ध गराउने ऋण रकम सोही अनुपातमा कम हुनेछ । यदि आयोजना निर्माणका क्रममा उक्त आयोजना सम्पन्न गर्न उल्लेखित लागत अनुमान बढ्न गएमा कोषले उपभोक्ता संस्थालाई थप ऋण लगानी गर्न बाध्य हुने छैन । आयोजना निर्माण क्रममा आयोजनाको पूर्व निर्धारित लागत बढ्न गई कोषद्वारा पूर्व स्वीकृत ऋण रकममा थप ऋण लगानी गर्न सम्भाव्य नहुने सिफारिस भएमा आयोजनाका लागि आवश्यक थप लगानीको लागि सम्बन्धित उपभोक्ता संस्थाले उपभोक्ताहरुको थप लागत सहभागिताको आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

२.२ माथि बुँदा नं. (२.१) मा उल्लिखित आयोजनाको ठेक्का कबोल अंक रु…………।-(अक्षरेपी ……..करोड …..लाख ……….हजार मात्र (VAT सहित)) को ७० (सत्तरी) प्रतिशतले हुन आउने रकम रु……..।- (अक्षरेपी ……….करोड ……लाख ……….हजार ………. सय मात्र) मूल सम्झौता अनुसार नेपाल सरकारद्वारा आयोजना व्यवस्थापन कार्यालय मार्फत अनुदान स्वरुप उपलब्ध गराउने छ । उक्त आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने उल्लिखित ठेक्का अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम रु………।- (अक्षरेपी ……..करोड ……लाख ……हजार……सय मात्र) सम्बन्धित उपभोक्ता संस्थाले व्यहोर्नु पर्नेछ ।

२.३ उपभोक्ता संस्थाले कोषसंग ऋण सम्झौता गरेको मितिले ५ वर्षको सहूलियत अवधि (Grace Period) मा तिर्न नसकेको ब्याजदरलाई प्रत्येक आ.व. को अन्त्यमा पूँजीकृत गर्नेछ सो रकम सहित हुन आउने ऋण रकमको साँवा तथा ब्याज रकम सहुलियत अबधि बाहेक ४० अर्ध वार्षिक किस्तामा बराबर हुने गरी (Annuity Method) कोषलाई भुक्तानी गर्नुपर्नेछ ।

२.४ कोषबाट ऋण रकम निकासा भएको मितिबाट ब्याज लाग्नेछ । संस्थाले ऋण रकममा लागेको ब्याज र सोको किस्ता सहुलियत अवधि पछिको पहिलो आषाढ वा पौष महिना भित्र (जुन पहिले हुन्छ) मा कोषलाई तिर्नु पर्नेछ । त्यसपछि प्रत्येक वर्ष आषाढ र पौष महिनाको मसान्त (६/६ महिना) मा कोषलाई साँवा ब्याज बुझाउनु पर्नेछ । तर उपभोक्ता संस्थाले सो भन्दा अगावै पनि ऋण रकमको साँवा र ब्याज बुझाउन चाहेमा बुझाउन सक्नेछ । कोषसंग संस्थाले लिएको ऋणको साँवा ब्याजको हिसाब दैनिक रुपमा गरिनेछ । ऋण भुक्तानी तालिका अनुसार हुनेछ ।

२.५ उपभोक्ता संस्थाले आफुले लिएको ऋणको साँवा र ब्याज (प्रत्येक निर्धारित किस्ता) को रकम कोषले उपलब्ध गराएको खातामा प्रचलित बैंकिङ्ग भुक्तानी प्रणाली बमोजिम भुक्तानी गर्नुपर्नेछ ।

२.६ ……….खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतका संरचनाहरुमा कुनै पनि दैवी प्रकोप वा विध्वशांत्मक गतिविधिका कारण क्षति भई खानेपानी आपूर्ति हुन नसक्ने स्थिति भई नेपाल सरकारबाट त्यसको पुनः निर्माण/मर्मत सम्भार गर्न लाग्ने समय एकिन गरी कोषलाई ऋण रकमको

साँवा/ब्याज किस्ताको म्याद थप गर्न अनुरोध भै आएको अवस्थामा वाहेक कोष र संस्थाका बीच उल्लिखित आयोजनाको निमित्त सम्पन्न ऋण सम्झौतामा उल्लिखित शर्त वन्देजहरुमा उल्लेख भए वमोजिम कोषलाई बुझाउनु पर्ने ऋणको साँवा/व्याज वापतको रकम सम्झौतामा तोकिएको मितिमा संस्थाले कोषलाई नबुझाएमा कोषले नगर विकास कोष ऐन, २०५३ को दफा (७),(८),(१०),(११), (१२) मा उल्लेख भएका हकमा सोही वमोजिम र सो मा उल्लेख नभएका हकमा प्रचलित कानून वमोजिम आफूले लगानी गरेको ऋण रकमको साँवा/व्याज असुल गर्न सक्नेछ ।

२.७ एशियाली विकास बैंक र नगर विकास कोष बीच मिति २६ नोभेम्बर २०१८ तदनुसार वि.सं. २०७५ मंसिर १० मा सम्पन्न आयोजना सम्झौता बमोजिम खानेपानी तथा ढल व्यवस्थापन विभाग र उपभोक्ता संस्था बीच हुने आयोजना व्यवस्थापन सम्झौता (Management Agreement) मा आयोजनाको मर्मत सम्भार, सञ्चालन, कर्मचारी व्यवस्थापन, पानी महशुल संकलन लगायतका आयोजना सञ्चालन(व्यवस्थापन सम्वन्धमा गरिने व्यवस्थाहरु अनुरुप उक्त आयोजनाको निर्माण पश्चात्को सञ्चालन-व्यवस्थापन कार्यहरु कोषको सहमति समेतमा उपभोक्ता संस्थाले गर्नु पर्नेछ ।

२.८ उपभोक्ता संस्थाले उल्लेखित आयोजनाको सञ्चालन व्यवस्थापन सम्बन्धी स्पष्ट खर्च देखिने गरी वित्तीय लेखा प्रणालीको हिसाब किताब दुरुस्त राख्नु पर्नेछ । कोषले आवश्यक देखेमा कुनै पनि समयमा उक्त हिसाब किताब आफै वा अरु कुनै व्यक्ति वा निकाय मार्फत जाँच्न वा जचाँउन वा लेखापरीक्षण गर्न वा लेखापरीक्षण प्रतिवेदनको पुनरावलोकन गर्न/गराउन सक्नेछ । यसरी हिसाब किताब जाँच्दा वा लेखा परीक्षण गराउँदा वा लेखा परिक्षण प्रतिवेदनको पुनरावलोकन गराउँदा माग गरे अनुसार आवश्यक कागजात तथा जानकारीहरु संस्थाले अनिवार्य रुपमा कोषलाई वा कोषद्वारा तोकिएको व्यक्ति वा निकायलाई उपलब्ध गराउनु पर्नेछ ।

२.९ उपभोक्ता संस्थाद्वारा पानी शुल्क निर्धारण गर्न तथा वित्तीय लेखा प्रणालीको हिसाब दुरुस्त राख्न संस्थालाई कोषले आवश्यक नमूना लेखा निर्देशिका सहित तालिमको समेत व्यवस्था गर्नेछ । त्यसरी कोषले उपलब्ध गराउने नमूना लेखा निर्देशिका अनुरुप आय/ व्ययको रेकर्ड उचित किसिमले राखे नराखेको अनुगमन गरी कोषले उपभोक्ता संस्थालाई आवश्यक निर्देशन दिनसक्नेछ । कोषले दिएको निर्देशन उपभोक्ता संस्थाले अवलम्वन गर्नुपर्नेछ ।

२.१० उपभोक्ता संस्थाले माथि उल्लेख गरिए अनुसार कोषबाट ऋण लिन मञ्जुर गरेपछि आयोजना क्षेत्र भित्र खानेपानी आयोजनाको थप संरचना निर्माण तथा सञ्चालनको लागि अन्य कुनै वित्तीय संस्था तथा व्यक्तिहरुसंग ऋण लिनु परेमा उक्त ऋण के कसरी लिने एवं तिर्ने हो भन्ने बारेमा कोषलाई आवश्यक विवरण उपलब्ध गराउनु पर्नेछ र सोको लागि कोषको पूर्व लिखित स्वीकृति लिनुपर्ने छ ।

२.११ उपभोक्ता संस्थाले उल्लिखित खानेपानी आयोजनाको लागि कोषबाट लिएको ऋण उक्त आयोजना संरचनामा लगानी नगरी दुरुपयोग गरेमा वा निर्माण कार्यहरु सन्तोषजनक नभई वा अन्य कुनै कारणले नेपाल सरकार र एशियाली विकास बैंकले मूल सम्झौता अन्तर्गतको अनुदान रकम निलम्वन गरेमा वा नेपाल सरकारले त्यस वेलासम्म उपलब्ध गराएको ऋणको साँवा/ब्याज रकम बाँकी रहेको र तुरुन्त भुक्तानी योग्य भनि घोषणा गरि कोषसंग माग भई आएमा उक्त उपभोक्ता संस्थाले तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा/ब्याज रकम तुरुन्त कोषलाई भुक्तानी गर्नु पर्नेछ ।

२.१२ नेपाल सरकार र एशियाली विकास बैंक बीच शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत मिति २६ नोभेमबर २०१८ तदनुसार वि.सं. २०७५ मंसिर १० मा सम्पन्न मूल सम्झौतामा उल्लेख भए अनुसार शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गतका कार्यक्रमहरु बैंक तथा नेपाल सरकारको तर्फबाट स्थगित वा निलम्वन भएमा वा नेपाल सरकारले नगर विकास कोषसंग गरेको सहायक ऋण सम्झौता अनुसारको ऋण रकम कूनै कारणवस कोषलाई उपलब्ध हुन नसकेमा कोषले उपभोक्ता संस्थालाई यस सम्झौता अनुसार ऋण लगानी गर्न बाध्य हुने छैन ।

२.१३ उपभोक्ता संस्थाले आयोजना व्यवस्थापन कार्यालयको समन्वय र सहयोगमा उल्लिखित आयोजना सम्पन्न गरि यथासमयमै विधिवतरुपमा हस्तान्तरण गरी लिनुपर्नेछ । उक्त आयोजनाको निर्माण कार्य सम्पन्न भए पश्चात संचालन/व्यवस्थापन गर्ने कार्य उपभोक्ता संस्थाको हुनेछ ।

२.१४ उपभोक्ता संस्थाले कोषबाट लिएको ऋण रकमको तोकिए अनुसारको साँवा/ब्याज भुक्तानी गर्न उपभोक्ताहरुबाट मासिक सेवा शुल्क वापत उठाएको रकम उपभोक्ता संस्थाका नाममा कुनै वाणिज्य बैंकको खातामा जम्मा गरी कोषलाई नियमित भुक्तानी गर्नु पर्नेछ । संस्थाबाट कोषलाई उपलब्ध गराउनुपर्ने साँवा तथा ब्याज रकम समयमै कोषलाई उपलब्ध हुने व्यवस्थाका लागि कोष एवं उपभोक्ता संस्थाका नाममा Escrow Account खोली संस्थाको निर्धारित कार्यालय सञ्चालन तथा सेवा सुचारु राख्ने खर्च बाहेक अन्य रकम सिधै कोषलाई नै प्राप्त हुने व्यवस्थाका लागि उपभोक्ता संस्थाले उपयुक्त बैंकमा खाता सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२.१५ उपभोक्ता संस्थाले यो ऋण सम्झौता अनुसार कोषद्वारा सिफारिस गरेको सेवा शुल्क तथा महशुल दर निर्धारण गरी आयोजनाको भौतिक प्रगति सम्पन्न भई दोस्रो चरण (सेवा प्रवाह) मा प्रवेश गर्नु अगावै लागु गर्नुपर्नेछ । तोकिएको समय भित्र पनि उपभोक्ता संस्थाले निर्धारित सेवा शुल्क तथा महशुल दर लागू नगरेमा कोषले उक्त उपभोक्ता संस्थालाई त्यसरी सिफारिस गरेको सेवा शुल्क तथा महशुल दर लागु नगरेसम्म थप ऋण किस्ता उपलब्ध गराउन बाध्य हुने छैन ।

२.१६ कोषले आवश्यक देखेमा कोष आफै वा परामर्श दातृ संस्था मार्फत संस्थाले निर्माण तथा संचालन गरेको उल्लेखित आयोजनाको निर्माण, संचालन, मर्मत तथा सम्भार कार्यको आवश्यक अनुगमन जुनसुकै बेला गर्न/गराउन सक्नेछ । कोषद्वारा त्यसरी खटीई आउने कोषका कर्मचारी वा कोषद्वारा नियुक्त परामर्शदातालाई उपभोक्ता संस्थाले आवश्यक सम्पूर्ण विवरण उपलब्ध गराउनु पर्नेछ तथा अनुगमन सम्बन्धी कार्यमा आवश्यक सहयोग पुऱ्याउनु पर्नेछ ।

२.१७ आयोजना सञ्चालन-व्यवस्थापनका क्रममा आयोजनामा प्रयोग हुने वस्तुको खरीद, ढुवानी तथा जडान गर्दा हुन सक्ने दुर्घट्ना एवं तिनीहरुको टुटफुट तथा हानी नोक्सानीलाई मध्येनजर राखी उपभोक्ता संस्थाले यस्ता सर-सामान तथा आयोजनाको संरचनाहरुको आवश्यकता अनुसार बीमा गराउनु पर्नेछ । साथै उपभोक्ता संस्थाले आयोजनाको संरचनाहरुको प्राकृतिक प्रकोप वा अन्य कुनै भवितव्यबाट हुन सक्ने जोखिमहरुको न्यूनिकरणका लागि सम्भव भएसम्म वीमा गराउनुपर्नेछ ।

२.१८ आयोजना सञ्चालन तथा मर्मत/सम्भार (Operation & Maintenance) गर्न आवश्यक पर्ने उपकरण तथा निर्माण कार्यसंग सम्बन्धित निर्माण सामग्रीको गुणस्तर तथा सर-सामानहरु खरिद गर्दाको कागजातहरुको निरीक्षण गर्दा कोषलाई उपभोक्ता संस्थाले पूर्ण सहयोग गर्नुपर्नेछ ।

२.१९ उपभोक्ता संस्थाले खानेपानी आयोजनाको निर्माणका क्रममा सम्बन्धित निर्माण व्यवसायीलाई कार्य प्रगतिका आधारमा रनिङ्ग बील भुक्तानी गर्दा कूल निर्माण लागतको कम्तीमा ५ प्रतिशत रकम उपभोक्ताद्वारा जम्मा गरिएको श्रोत रकम खातामा जम्मा भएको रकमबाट, २५ प्रतिशत रकम कोषबाट प्राप्त ऋण रकमबाट र बाँकी ७० प्रतिशत रकम नेपाल सरकारको अनुदान रकमबाट भुक्तानी गर्नुपर्नेछ । कोषबाट हुने ऋण प्रवाहलाई सरलीकरण गर्न उपभोक्ता संस्थाले सम्बन्धित निर्माण व्यवसायीबाट प्राप्त भएको वीलमा परामर्श दाताले सिफारिश गरे वमोजिम आवश्यकतानुसार चेकजाँच गरी निकासाको लागि क्षेत्रीय आयोजना ब्यवस्थापन कार्यालयको सिफारिश सहित तोकिएको ढाँचामा कोषमा पेश गर्नुपर्नेछ । कोषले पनि सोको आधारमा आवश्यक जाँच गरी उपभोक्ता संस्थाको नाममा बैंकमा खोलिएको खानेपानी उपभोक्ता-स्रोत रकम खातामा जम्मा हुने गरी निकासा दिनेछ । यसरी रकम निकासा गर्नु पुर्व कोषले आयोजनाको गुणस्तर वा अन्य आवश्यक कुराहरुका सम्बन्धमा आफै वा परामर्शदाता मार्फत अनुगमन गर्न सक्नेछ ।

२.२० आयोजना संरचनाको निर्माण, व्यवस्थापन र संचालन साथै मर्मत संभार सम्बन्धी कार्यहरु शुरु देखि अन्त्य सम्म कोषलाई समेत मान्य हुने किसिमबाट ब्यवस्था गर्नु पर्नेछ । कोषद्वारा गरिएको संलग्न आयोजना मूल्याङ्कन प्रतिवेदन (Project Appraisal Report) यस सम्झौताको एक अभिन्न अंगको रुपमा मान्नु पर्नेछ र सम्बन्धित उपभोक्ता संस्थाले उक्त आयोजना मूल्याङ्कन प्रतिवेदन (Project Appraisal Report) मा उल्लेखित सम्पूर्ण शर्त एवं प्रावधानहरु तोकिएको तालिका वमोजिम पुरा गर्नुपर्नेछ ।

२.२१. उपभोक्ता संस्थाले गर्ने सम्पुर्ण आर्थिक कारोवारको १ प्रति विवरण जमानीमा बस्ने नगरपालिकालाई बुझाउनु पर्नेछ । संस्थाले निर्माण व्यवसायीलाई निर्माण कार्य वापत भुक्तानी गर्नु पूर्व जमानीमा बस्ने नगरपालिका समेतको प्रतिनिधीको उपस्थितिमा आयोजनाको अनुगमन तथा प्रगति समिक्षा गरि कोष समक्ष ऋण रकम मागका लागि अनुरोध गर्नु पर्नेछ । मर्मत कोषमा जम्मा भएको रकम खर्च गर्नु पर्ने भएमा जमानीमा बस्ने नगरपालिकालाई पूर्व जानकारी दिई संस्थाले सो आयोजनाको उपयूक्त योजनामा मात्र खर्च गर्न सक्नेछ ।

२.२२ उल्लेखित खानेपानी आयोजनाको निर्माण कार्य डिजाईन अनुरुप गुणस्तरीय ढंगले यथासमयमै सम्पन्न गराउने कार्य उपभोक्ता संस्थाले सम्बन्धित आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रिय आयोजना व्यवस्थापन कार्यालय तथा आयोजना व्यवस्थापन कार्यालयद्वारा नियुक्त परामर्शदाताको सहयोगमा गराउनु पर्नेछ । यदि उक्त आयोजना निर्माणका क्रममा तोकिएको समयावधि बढ्न जाने भएमा वा निर्माण कार्यको लागत बढ्न जाने भएमा अनिवार्य रुपमा कोषको पूर्व स्वीकृति लिनुपर्नेछ । यदि आयोजनाको लागत यस ऋण सम्झौतामा उल्लेखित रकम भन्दा बढ्न जाने भएमा उक्त आयोजनामा थप ऋण लगानी गर्न बाध्य हुने छैन । उक्त अवस्थामा उपभोक्ता संस्थाले आफ्नै स्रोतमा वा सम्बन्धित स्थानीय तह वा नेपाल सरकार वा अन्य तवरले स्रोत जुटाई उक्त आयोजनाको निर्माण कार्य सम्पन्न गराउनुपर्नेछ ।

तर आयोजनाको कबोल अंक (Contract Amount) को १० (दश) प्रतिशत सम्मको Variation एवं पाँच प्रतिशतसम्मको Price Escalation अनुसार हुन आउने ऋण रकम लगानी गर्न सम्भाव्य देखिएमा कोषले आयोजनाको पुनः मूल्याङ्कन (Project Re-Appraisal) गरी उक्त थप ऋण लगानी गर्न सक्नेछ ।

२.२३ उपभोक्ता संस्थाले आफूले सञ्चालन गर्ने आयोजनाको निर्माण कार्य शुरु हुनु भन्दा अगावै र भविष्यमा समेत आयोजना निर्माण, संचालन तथा व्यवस्थापनको क्रममा कुनै पनि ब्यहोराबाट बाधा बिरोध नहुने किसिमले व्यवस्था मिलाउनु पर्नेछ र यदि बाधा बिरोध भएको अवस्थामा उपभोक्ता संस्थाले सोको समुचित व्यवस्थापन गरी उक्त आयोजनाको निर्माण, मर्मत सम्भार तथा सञ्चालन-व्यवस्थापन गर्नुपर्नेछ ।

२.२४ सम्झौता गरेको मितिले १ (एक) बर्ष भित्र आयोजनाको निर्माण कार्य शुरु हुन नसकेमा कोषले ऋण सम्झौता वदर वा खारेजी गर्न सक्नेछ ।

२.२५ यस ऋण सम्झौतामा उल्लेखित शर्तहरु मध्ये केही वा पुरै शर्तहरु परिवर्तन गर्नु परेमा दुबै पक्षको आपसी सहमतीको आधारमा लिखित रुपमा आवश्यक हेरफेर गर्न सकिनेछ ।

२.२६ कोष र उपभोक्ता संस्था बीच भएको यस सम्झौता अन्तर्गत आदान प्रदान हुने कुनै पनि सूचना, अनुरोध पत्र आदि लिखित रुपमा हुनेछन् । त्यस्तो सूचना तथा अनुरोध पत्र दिनुपर्नेलाई वा दिनुपर्ने भनिएकोलाई निम्न बमोजिमको ठेगानामा वा पूर्व सूचनाद्वारा तोकिएको अन्य ठेगानामा दिएमा वा पठाएमा रीतपूर्वक दिएको वा पठाएको मानिने छ ।

| | |
|---|---|
| **<u>नगर विकास कोषको निमित्त</u>**<br><br>कार्यकारी निर्देशक<br>नगर विकास कोष<br>नयाँ बानेश्वर, काठमाण्डौ । | **<u>उपभोक्ता संस्थाको निमित्त</u>**<br>अध्यक्ष<br>……खानेपानी तथा सरसफाई उपभोक्ता संस्था,<br>……….। |

२.२७ उपभोक्ता संस्थाले विधानले तोकिए वमोजिमको अवधिमा नियमित साधारण सभा गराई सो साधारण सभावाट पारित प्रस्ताव तथा निर्णयहरुको प्रतिलिपी प्रत्येक साधारण सभा भएको मितिले ३५ दिन भित्र कोष लगायत अन्य सरोकारवाला निकायहरुमा समेत अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

२.२८ स्वीकृत विधानले तोकिए अनुसार संस्थाले आयोजनाका सम्बन्धमा गरेको खर्चको हिसाव किताव सर्वमान्य लेखा प्रणाली अनुरुप राख्नुपर्नेछ र सोको बार्षिक रुपमा लेखापरीक्षण गराई लेखापरीक्षण प्रतिवेदन कोषमा अनिवार्य रुपमा आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिना भित्र संस्थाले उपलव्ध गराउनु पर्नेछ ।

२.२९ यस सम्झौतामा उल्लेखित शर्तहरु कुनै पक्षबाट उलंघन भएमा प्रथम चरणमा आपसी छलफलबाट समाधानको प्रयास गरिनेछ । उक्त प्रयासबाट पनि समाधान हुन नसकेमा मध्यस्थता कानून एवं प्रचलित अन्य कानून बमोजिम कानूनी उपचार गर्न जान सक्नेछन् ।

| | |
|---|---|
| ……खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका तर्फबाट | नगर विकास कोषको तर्फबाट |
| ____________________ | ____________________ |
| नामः … | नामः ……….. |
| पदः अध्यक्ष | पदः कार्यकारी निर्देशक |
| ठेगानाः …. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था । | ठेगानाः नयाँ वानेश्वर, काठमाण्डौ । |
| कार्यालयको छाप | कार्यालयको छाप |

## जमानत सम्वन्धी व्यवस्था

आजका मितिमा सम्पन्न यसै सम्झौता बमोजिम शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत निर्माण, सञ्चालन तथा व्यवस्थापन हुने .........शहरी खानेपानी तथा सरसफाइ आयोजनाका लागि नगर विकास कोषबाट .......... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था यसै सम्झौता बमोजिम वा आयोजना सम्पन्न गर्ने क्रममा हामी जमानतकर्ता कार्यालयलाई जानकारी भइ कोष र उपभोक्ता संस्थाका दुवै पक्षको सहमतिमा लगानी हुने, ऋणीबाट तोकिएको समयमा ऋण रकमको साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता नगरेमा कोषले सो विषय यस जमानतकर्तालाई लिखित रुपमा उक्त रकम माग गरी आएमा, मुख्य ऋणीले भुक्तानी नगरेमा, जमानतकर्ता यस .........नगरपालिका कार्यालयको तर्फबाट दोश्रो दायित्व (Secondary Liability) रहेको ऋण चुक्ता भुक्तान गर्ने दोश्रो दायित्व ऋणी सरह प्रथम दायित्व मानि बहन गर्नेछौं । मुख्य ऋणीबाट असुल उपर नभए जमानतकर्ताबाट असुल उपर गरी लिएमा ऋणी तथा जमानीकर्ताको मञ्जुरी छ ।

मुख्य ऋणी ........खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपभोग गरेको ऋण तोकीएको समयमा चुक्ता भुक्तान नगरी यस जमानतकर्ताबाट कर्जा भुक्तानी गरेको अवस्थामा यस सम्झौतामा उल्लेख भए बमोजिम कोषले मुख्य ऋणी विरुद्ध प्रयोग गर्न सक्ने सम्पूर्ण कानूनी उपचार तथा अधिकारहरु प्रचलित मुलुकी देवानी ऐन ( संहिता) २०७४ को भाग ५ बमोजिम स्वतः यस जमानतकर्तालाई प्रत्यासन (Subrogation) भई उक्त आयोजना जमानतकर्ताले आफ्नो स्वामित्वमा लिई आफै वा अरु मार्फत संचालन गर्न सक्नेछ ।

**जमानतकर्ता**

..........**गा.पा/न.पा कार्यालयका तर्फबाट**

दस्तखतः

नामः ..........

पद. नगर प्रमुख

ठेगानाः ...........गा.पा/न.पा कार्यपालिकाको कार्यालय,...........।

छाप

**मुख्य ऋणी ........... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका तर्फबाट जमानतमा लेखिए बमोजिम हुन गर्न मञ्जुर छ भनी,**

दस्तखत

नामः .......

पद. .......

ठेगानाः ...............

छाप

**रोहवरः**

**शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना**

**आयोजना व्यबस्थापन कार्यालय, पानीपोखरीका तर्फबाट**

हस्ताक्षरः

नामः ...........................

पदः .........................

**साक्षीहरुः**

**उपभोक्ता संस्थाका तर्फबाट**

हस्ताक्षरः

नामः .....................

पदः........................

ठेगानाः....................

**नगर विकास कोषका तर्फबाट**

हस्ताक्षरः

नामः .......................

पदः .......................

ठेगानाः ......................

इति संवत् २०........ साल ......... महिना ....... गते रोज ... शुभम् ।

नेपाल सरकार

खानेपानी मन्त्रालय

खानेपानी तथा ढल व्यवस्थापन विभाग

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत ... ... ... शहरी खानेपानी तथा सरसफाइ आयोजना व्यवस्थापन तथा संचालन गर्ने सम्बन्धमा खानेपानी तथा ढल व्यवस्थापन विभाग / शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना, आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष, स्थानिय सरकार र

.................. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था

*बीच सम्पन्न*

आयोजना संचालन तथा व्यवस्थापन सम्झौता पत्र ।

# आयोजना व्यवस्थापन तथा संचालन सम्झौता पत्र

**(Project Management & Operation Agreement)**

**(मस्यौदा/नमूना)**

मिति :..................................

शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत ........... शहरी खानेपानी तथा सरसफाइ आयोजना व्यवस्थापन तथा संचालन गर्ने सम्बन्धमा गरिएको आयोजना संचालन तथा व्यवस्थापन सम्झौता पत्र

**१. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलनगेमा यस सम्झौता

क) "आयोजना" भन्नाले शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना अन्तर्गत ............ शहरी खानेपानी तथा सरसफाइ आयोजनालाई सम्झनु पर्छ।

ख) "उपभोक्ता संस्था" भननाले .............. शहरी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई सम्झनु पर्छ।

ग) "खानेपानी विभाग" भन्नाले नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागलाई सम्झनु पर्छ।

घ) "निर्देशिका" भन्नाले खानेपानी सेवा संचालन निर्देशिका, २०६९ लाई सम्झनु पर्छ।

ङ) "स्थानीय सरकार" भन्नाले ................ गा.पा/न.पा लाई जनाउँछ।

च) "सेवाहरु" भन्नाले आयोजना अन्तर्गत प्रदान गरिने खानेपानी तथा सरसफाइका सेवाहरुलाई सम्झनु पर्छ।

**२. प्रस्तावना एवं उद्देश्यहरु**

नेपाल सरकार, दातृ संस्था र सम्वद्ध निकाय एवं नगर विकास कोष बीचमा भएका विभिन्न सम्झौता अनुरुप शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनालाई कुशलतापूर्वक संचालन एवं व्यवस्थापन गरि/गराई सेवाहरुको दिगोपना सुनिश्चित गर्ने उद्देश्य रहेको छ । सम्झौताका पक्षहरुले साधारणतया स्विकृत पेशागत अभ्यासहरुलाई मध्यनजर गर्दै मितव्ययी, दक्षतापूर्ण र विशिष्ट ढंगले आ–आफ्ना जिम्मेवारीहरु निर्वाहका साथ सुदृढ व्यवस्थापन पद्धति अवलम्बन गर्दै उपयुक्त र आधुनिक प्रविधि तथा सुरक्षित कार्यविधिहरु अपनाउने छन्।

**३. सम्झौताको अवधि**

यो सम्झौता ............. साल ........ महिना .......गते आयोजना व्यवस्थापन कार्यालय, ..............गा.पा/नगरपालिका, नगर विकास कोष र .................. शहरी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था बीच सम्पन्न भएको छ। यो सम्झौता २० बर्ष सम्मका लागि सक्रिय र प्रभावकारी हुनेछ भने सम्झौताको समय अवधि आयोजनामा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न शुरु गरेको मिति (आयोजनाको प्रथम चरण सम्पन्न भए) देखि गणना हुनेछ । सम्झौता अनुसार यदि तोकिएको समयमा निर्माण कार्य सम्पन्न नभएको अवस्थामा उपभोक्ता संस्थाले नयाँ समय तालिका अनुसार आयोजना लगानी सम्झौता अन्तर्गतको ऋण भुक्तानी समयलाई पुनरावलोकन गर्न गराउन आवेदन दिने छ। यस सम्झौताका पक्षहरुको आपसी समझदारीमा सम्झौता अवधि हेरफेर नगरिए सम्म वा दफा १० बमोजिम सम्झौताको खारेजी सम्बन्धी प्रावधानमा भए अनुसार खारेज नभएसम्म सम्झौता अवधि कायम रहने छ।

**४. पूर्ववर्ती आयोजनासंग सम्बन्ध**

अघिल्लो चरणका शहरी खानेपानी तथा सरसफाइ आयोजना (पूर्ववर्ती आयोजनाका सुविधाहरु) को अवधि निर्माण भएका खानेपानी प्रणालीको पूनर्स्थापना सम्बन्धी विषयहरुमा यस सम्झौता र अन्य चालू सम्झौताहरु बीचमा आपसी प्रावधानहरु बाझिएको अवस्थामा यस सम्झौतामा उल्लेखित प्रावधानहरु सक्रिय हुनेछन ।

## ५. विभाग/आयोजना व्यवस्थापन कार्यालयको जिम्मेवारीहरु

यस समझौता एवं प्रचलित कार्यक्षेत्र भित्र रही खानेपानी विभागका जिम्मेवारी देहाय बमोजिम हुनेछ।

क) खानेपानी तथा ढल व्यवस्थापन विभागको कर्तव्य र जिम्मेवारीहरु खानेपानी सेवा सञ्चालन निर्देशिका २०६९ मा परिभाषित गरिए बमोजिम हुनेछ। यो सम्झौता र निर्देशिकामा उल्लेखित प्रावधानहरु बाझिएको खण्डमा निर्देशिकामा उल्लेखित व्यवस्था नै सक्रिय हुनेछन।

ख) खानेपानी तथा ढल व्यवस्थापन विभागले यस आयोजना अन्तर्गत खानेपानी प्रणालीको सञ्चालन र मर्मत सम्भार सम्बन्धी सम्पूर्ण जिम्मेवारी उपभोक्ता संस्था सम्बन्धित गाउँ/नगर पालिकालाई हस्तान्तरण गर्ने छ। सञ्चालन र मर्मत सम्भारको प्रयोजनका लागि हस्तान्तरण गरिने सम्पत्तिको विवरण यसै सम्झौता पत्रको **अनुसूची १** मा संलग्न गरिएको छ।

ग) कुनै पनि तहका प्राकृतिक विपत्ति, हिंसात्मक तोडफोडबाट हुन जाने क्षति अथवा प्रशोधन वितरण लाइनको विस्तार र क्षमता वृद्धि जस्तो मानविय तथा प्राविधिक कारणले गर्दा सृजना हुने नयाँ लगानीका लागि उपभोक्ता संस्था जिम्मेवार हुने छैन। यस्तो अवस्थामा खानेपानी विभाग एवं गाउँ/नगरपालिकाले उपभोक्ता संस्थालाई आवश्यक परामर्श दिनेछ र क्षतिग्रस्त खानेपानी प्रणाली पुनर्स्थापनाको डिजाइन तथा नयाँ लगानी खोजी गर्न मद्दत गर्न सक्नेछ।

घ) महशुल निर्धारणको लागि सहजिकरण गर्ने।

ङ) सेवाको स्तर तथा गुणस्तरको अनुगमन गरी आवश्यक निर्देशन तथा सुझाव दिने।

च) आयोजनाका विविध प्राविधिक विषयहरुमा उपभोक्ता संस्थालाई प्राविधिक राय तथा परामर्श उपलब्ध गराउने।

छ) उपभोक्ता संस्थाको बार्षिक साधारण सभामा उपस्थिति हुने।

ज) सेवा प्रदायक संस्थालाई आवश्यकता अनुरुप प्राविधिक राय तथा परामर्श उपलब्ध गराउने।

झ) आयोजनाको विस्तार तथा ठूलो मर्मतमा सहजिकरण गर्ने।

ञ) उपभोक्ता संस्थाको व्यवसायिक योजना (Business Plan) तर्जुम ागर्न परामर्श गर्न सहयोग गर्ने।

ट) खानेपानी विभागले आयोजनाको शुरुवात र मर्मत सम्भार सम्बन्धी स्पष्ट सजगताका लागि उपभोत्ता संस्थालाई हस्तान्तरणको समयमै चल सम्पत्ति र संरचनाहरुको मर्मत सम्भार तालिका र सोको आवश्यकता सम्बन्धी विश्लेषण गर्न सहयोग गर्नेछ।

## ६. नगर पालिका/गा.पा. को जिम्मेवारीहरु

क) खानेपानी प्रणालीको संरचनाहरु निर्माणका लागि आवश्यक जग्गा प्राप्तीको लागि आवश्यक सहयोग तथा सहजिकरण गर्ने तथा सडक सिमा भित्र पाइपलाइन गाड्न सम्बन्धित निकायको अनुमति प्राप्त गर्ने।

ख) मशुल दर निर्धारण तथा पुनरावलोकनमा स्थानीय सरकार संचालन ऐन २०७४ को भूमिका अनुरुप खानेपानी विभाग एवं नगर विकास कोषसंग समन्वय गरी सहजिकरण गर्ने।

ग) “खानेपानी आपूर्तिमा समान व्यवहार” र “पिछडिएको समुदायका लागि खानेपानी र सरसफाइमा पहुँचको ग्यारेन्टी” गर्ने विषयमा आवश्यक सहयोग तथा समन्वय गर्ने।

घ) उपभोक्ता संस्थाबाट प्रवाह भएको खानेपानी सेवाको अनुगमन तथा निरीक्षण गरी आवश्यक सुझाव दिने।

ङ) खानेपानी सेवा संचालन तथा व्यवस्थापन सम्बन्धी कुनै गुनासो वा विवाद उत्पन्न भए सहजिकरण गर्ने।

च) निर्माण गरिएका खानेपानी आयोजनाका संरचनाहरु स्थानीय सरकारको स्वामित्वमा रहने छन।

छ) आयोजनाको सरसफाइ संरचाना निर्माणको भुक्तानीको लागि पन्ध्र प्रतिशत रकम उपभोक्ता संस्थालाई उपलब्ध गराउने ।

ज) नगर विकास कोषको वित्तीय विश्लेषण एंव सिफारिस तथा उपभोक्ता संस्थाको साधारण सभाको राय सुझाव अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय सरकारले महशुल निर्धारण गर्ने छ ।

उक्त महशुल दर निर्धारण तथा पुनरावलोकन गर्दा निम्न कुराहरुलाई दृष्टिगत गर्नुपर्नेछ :

- खानेपानी सुविधा र त्यससंग सम्बन्धित कार्यहरु जस्तै : खानेपानी प्रणालीको निर्माण, मर्मत तथा सम्भार सहितको संचालन खर्च,
- आयोजना सम्झौता हुँदाको समयमा सहमति भए अनुसारको ऋण र त्यसमा लाग्ने व्याज सहितको भुक्तानी वापतको व्यहोर्नु पर्ने रकम,
- भविश्यमा प्रणाली विस्तारका लागि आवश्यक पर्ने रकम,
- आकस्मिक मर्मत कार्यका लागि आवश्यक पर्न सक्ने रकम,
- वार्षिक रुपमा हुने महँगी आदि समेतका आधारमा गरिने वार्षिक महशुल वृद्धि दर ।

## ७. नगर विकास कोषको जिम्मेवारी

- खानेपानी आयोजना निर्माण तर्फ सम्पन्न कामको परिमाण बापत निर्माण व्यवसायीको बिल भुक्तानीको लागि खा.पा.उ.स./स्थानीय सरकारले व्यहोर्नुपर्ने २५ प्रतिशत सम्मको रकमका लागि निजसंग सम्पन्न गरिने ऋण सम्झौता अन्तर्गत रही कामको प्रगति अनुसार सो रकम उपलब्ध गराउने एवं लगानी वापतको ऋण चूक्ता गर्ने प्रक्रिया र समयतालिका सम्बन्धित उपभोक्ता संस्थासंग समन्वय गरी तयार गर्ने ।
- उपभोक्ता संस्था/स्थानीय सरकारद्वारा आयोजना संचालनको सम्पूर्ण जिम्मेवारी लिए पश्चात समय-समयमा सम्बन्धित आयोजना संचालन अवस्था एवं उपभोक्ता संस्थाको व्यवस्थापन आदि पक्षका सम्बन्धमा अनुगमन गरी उपभोक्ता संस्थाले लगाउनुपर्ने "पानी महशुल दर" तथा अवलम्बन गर्नुपर्ने अन्य सम्भावित जोखिम व्यवस्थापन आदि पक्षहरुमा सम्बन्धित उपभोक्ता संस्था, सम्बन्धित स्थानीय सरकार एवं नेपाल सरकारलाई आवश्यक राय सुझाव उपलब्ध गराउने ।
- उपभोक्ता संस्था/स्थानीय सरकारका पदाधिकारी तथा कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि संचालन गरिने महशुल निर्धारण, बुक किपिंग तथा लेखा र वित्तीय व्यवस्थापन तथा संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालीम उपलब्ध गराउने । यस सम्बन्धमा खानेपानी विभागसंग आवश्यक समन्वय गरिनेछ ।
- खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको साधारण सभा, वृहत मर्मत/सम्भार तथा क्षेत्र विस्तार, महशुल निर्धारण एवं पुनर्निर्काण गर्दा अवस्थामा प्रतिनिधित्व गर्ने तथा यस सम्झौता अनुरुप सम्बन्धित उपभोक्ता संस्थाले अवलम्वन गर्नुपर्ने शर्तहरु पालना गरे/नगरेको सम्बन्धमा सम्बन्धित निकाय एवं संस्थाहरुलाई आवश्यक रायसुझाव उपलब्ध गराउने ।
- उपभोक्ता संस्थाको व्यवसायिक योजना (Business Plan) तर्जुमा गर्न सहयोग गर्ने छन ।

## ८. ..................... शहरी खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको जिम्मेवारी

उपभोक्ता संसथाको संचालन तथा मर्मत सम्भार सम्बन्धी जिममेवारीहरु देहाय बमोजिम हुनेछ ।

### ८.१ संचालन तथा मर्मत सम्भार

क) उपभोक्ता संस्था आवश्यकता अनुसार चल सम्पत्तिको प्रतिस्थापनका लागि जिम्मेवार हुनेछन र सो प्रतिस्थापनको खर्च शुल्क र महशुल कार्फत उपभोक्ता संस्थाले प्राप्त गर्ने आयबाट व्यहोर्नु पर्नेछ ।

ख) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ प्रणालीको सञ्चालनका लागि आवश्यक खपतयोग्य वस्तुहरु जस्तै इन्धन, विद्युत महशुल र मर्मत उपकरणहरु उपलब्ध गराउने छन् ।

ग) उपभोक्ता संस्थाले सम्पूर्ण चल तथा अचल सम्पत्तिको दुरुपयोग वा चोरीबाट हुने क्षतिबाट सुरक्षाका लागि आवश्यक उपायहरु अपनाउने छन् । यदि उपयुक्त सुरक्षा गर्न नसकेर खानेपानी तथा सरसफाइ प्रणालीको परिसर र प्रशोधन केन्द्र, पम्पीङ स्टेशन वा अन्य जडित क्षेत्रहरुको वरपर कुनै चल सम्पत्ति वा संरचनाको चोरी वा क्षति भई मर्मत गर्नुपर्ने भएमा सो को जिम्मेवारी सम्बद्ध उपभोक्ता संस्थाको हुनेछ । सम्वद्ध उपभोक्ता संस्थाले हराएको वा बिग्रिएको सामग्रीको प्रतिस्थापन आफ्नै खर्चमा गर्नेछन् ।

घ) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ प्रणालीको यसै सम्झौता पत्रको ***अनुसूची २*** मा उल्लेख भए बमोजिम संचालन तथा मापदण्ड अनुरुपको कार्यसम्पादनको ग्यारेन्टी गर्नेछन् । (यसप्रकारको कार्यसम्पादन मापदण्डमा कुनै प्रकारको फेरबदलका लागि यस सम्झौताका दुबै पक्षहरुको आपसी सहमति आवश्यक पर्दछ ) ।

ङ) उपभोक्ता संस्थाले खानेपानी प्रणालीको आकस्मिक अवस्थामा समेत नियमित संचालनका लागि निश्चित मात्रामा सामग्रीहरुको मौज्दात जगेडामा रहेको व्यवस्था मिलाउनु पर्नेछ ।

च) उपभोक्ता संस्थाले स्तरीय संचालन विधि (Standard Operation Procedure) अनुसार मर्मत सम्भार गर्नेछन् । साथै, आयोजनामा जडान गरिएका उपकरण, मेसिनरी आदिको उत्पादक कम्पनीको सुझाव मुताविक वा निर्माण व्यवसायीले तयार पारेको म्यानुअलमा उल्लेख भए बमोजिम समयानुकुल मर्मत सम्भार भएको गर्नु पर्ने छ ।

छ) उपभोक्ता संस्थाले दैनिक रुपमा स्रोतबाट प्राप्त पानीको मात्रा र पानी संकलन ट्यांकीबाट वितरण प्रणालीमा आपूर्ति गराइएको पानीको मात्राको मापन गर्ने र अभिलेख राख्ने जिम्मेवारी लिने छ । खानेपानी वितरण प्रणाली विभिन्न क्षेत्रहरुमा (District Metering Area) बाँडिएको अवस्थामा उपभोक्ता संस्थाले प्रत्येक क्षेत्रमा उपलब्ध गराइएको पानीको मात्रा भिन्नाभिन्नै मापन गर्नुपर्दछ ।

ज) सम्बद्ध पक्षहरुको आपसी सहमतिमा न.पा/गा.पा. संग आवश्यक समन्वय गरी उपभोक्ता संस्थाले क्षमतावान संस्थाहरु जस्तो निजी फर्म वा विद्यमान सेवाप्रदायकहरुलाई यस सम्झौतामा दिइए बमोजिम मर्मत सम्भारको जिम्मेवारी निर्वाहका लागि संलग्न गराउन सक्नेछ ।

झ) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ प्रणालीको व्यवस्थापनका लागि पर्याप्त र दक्ष कर्मचारी न.पा/गा.पा संग आवश्यक समन्वय गरी नियुक्ति गर्नेछन । कर्मचारीको संख्या र कार्यदक्षता खानेपानी विभाग, नगर विकास कोष र उपभोक्ता संस्थाको आपसी सहमतिमा तय हुनेछ । उपभोक्ता संस्थाले आफ्ना कर्मचारीहरुको सुरक्षा, बिमा तथा आकस्मिक राहत र अन्य यस्तै सञ्चालन वा मर्मत कार्य विधिमा उल्लेख भए बमोजिमका उपायहरु जस्ता विषयहरुमा नेपाल सरकार/नगरपालिका/गाउंपालिकाको कानुनले तोकिए बमोजिमको ग्यारेन्टीका लागि पनि आवश्यक उपायहरुको अवलम्बन गर्नेछ ।

ञ)	यस सम्झौताको साथसाथै उपभोक्ता संस्थाले खानेपानी विभाग तथा नगर विकास कोषको सहयोगमा व्यावसायिक योजना (Business Plan) तर्जुमा गर्नुपर्ने छ, उक्त योजनामा खानेपानी महशुल र जडान शुल्कबाट हुने आय संरचनाले कसरी सञ्चालन खर्च धान्न सक्छ भनेर तथा लगानी सम्झौता अनुरुप प्राप्त ऋणको साँवा ब्याज भूक्तानी तथा चल सम्पत्तिको मर्मत एवं प्रतिस्थापन खर्च धान्ने अवस्थाको बारेमा समेत क्रियाकलाप र लक्ष्यहरु निर्धारण गर्नु पर्नेछ ।

ट)	उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ प्रणाली सञ्चालनको क्रममा उपभोक्ताबाट महशुल तथा जडान शुल्क असुल गर्न तथा विभिन्न वस्तु तथा सेवा प्रदायकलाई भुक्तानी दिने प्रयोजनका लागि बैंक खाता खोल्नु पर्ने छ । यो बैंक खाताको विवरण खानेपानी तथा ढल व्यवस्थापन विभाग, नगर विकास कोष एवं गाउं/नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ । उपभोक्ता संस्थाले आयोजना लगानी सम्झौताको शर्त अनुसार ऋण सेवा भुक्तानीको प्रयोजनका लागि उक्त बैंक खाताको सञ्चालन गर्न र जम्मा भएको रकम खर्च सोही खाताबाट कारोबार गर्ने छ । यसका लागि अन्य थप बैंक खाता खोल्नु परेमा यस सम्झौताका पक्षहरुको सहमति आवश्यक पर्नेछ ।

ठ)	उपभोक्ता संस्थाले आयोजनाको लागि लगानी जुटाउन सरकारी अनुदान, ऋण र महशुल तथा जडान शुल्क मार्फत आर्जित आय जस्ता स्रोतहरुको प्रयोग गर्नेछ । अन्य रकमको प्रयोग गर्नुपरेमा यस सम्झौताको सहमति आवश्यक पर्ने छ ।

ड)	अचल समपत्तिहरु लपारवाही वा गलत प्रयोगबाट भएको क्षतिको अवस्था वाहेक, प्राकृतिक विपदबाट भएको क्षतिमा उपभोक्ता संस्थाले तत्काल क्षतिको कारण, समय, क्षतिको अनुमानित रकम, क्षतिले खानेपानी सेवामा पारेको असर र यसको पुनर्स्थापनाका लागि अपनाउनु पर्ने उपायहरुको विवरण सहित खानेपानी विभाग एवं नगरपालिका/गाउंपालिकालाई प्रतिवेदन पेश गर्नुपर्ने छ ।

### ८.२ शुल्क, महशुल तथा जडान कार्य

उपभोक्ताहरुलाई खानेपानीको सुविधा उपलब्ध गराए वापत आर्थिक तथा वित्तीय अध्ययनद्वारा निर्धारण भएको खानेपानी महशुल दर अनुसार उपभोक्ताहरुबाट नियमित रुपमा प्रत्येक महिना पानी सेवा शुल्क संकलन गरिने छ ।

### ८.३ सामाजिक समावेशीकरण

क) उपभोक्ता संस्थाले निर्देशिकाको बुँदा नं. १२ र १३ मा उल्लेख भए बमोजिम २ वटा प्रमुख सिद्धान्तहरु “खानेपानी आपूर्तिमा समान व्यवहार” र “पिछडिएको समूदायका लागि खानेपानी र सरसफाइमा पहुँचको ग्यारेन्टी” लाई अपनाउने छ ।

ख) गरिब घरपरिवारलाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने प्रक्रिया यसै सम्झौता पत्रको ***अनुसूची ४*** मा उल्लेख गरिए अनुसार हुनुपर्ने छ । यसले गरिब घरपरिवारको पहिचान र वर्गीकरणका लागि विधि प्रक्रिया समेत उल्लेख गरेको छ ।

### ८.४ वातावरणीय संरक्षण र सुरक्षा

क)	उपभोक्ता संस्थाले स्थानीय स्वायत्त शासन ऐन, २०७४ र जलस्रोत ऐन, २०४९ को कार्यान्वयनका लागि जिम्मेवारी वहन गर्ने सम्बन्धित स्थानीय सरकार (यसपछि स्थानिय तह भनिने छ) र अन्य सरकारी निकायहरुसंगको समन्वयमा खानेपानीको मुहानको संरक्षण तथा जगेर्नाको लागि निरन्तर व्यवस्था गर्नुपर्ने छ ।

ख)	भूमिगत स्रोतको लागि पानी उत्खननको मात्राको अर्धवार्षिक रुपमा परिक्षण गरिने छ र यस्तो प्रकारको परिक्षणका लागि उपभोक्ता संस्थालाई खानेपानी तथा ढल व्यवस्थापन विभागले

सहयोग गर्ने छ। जहाँ भूमिगत पानीको सतह घटेको भेटिन्छ, उपभोक्ता संस्थाले खानेपानी विभाग र स्थानीय निकायलाई तुरुन्त जानकारी गराउनु पर्दछ। यस्तो जानकारी पाउना साथ स्थानीय निकायले खानेपानी विभाग र सम्बन्धित उपभोक्ता संस्थाको सहकार्यमा सम्भव भएसम्म खानेपानीको भूमिगत स्रोतको पहिचान गर्नुपर्नेछ।

ग) सतह पानीको स्रोतको सन्दर्भमा उपभोक्ता संस्थाले खानेपानी विभाग र स्थानीय सरकारसंग सहकार्य गरेर पानीको मुहान संरक्षण गर्नुका साथै पानीको गुणस्तर र परिमाण कायम राख्ने सम्बन्धमा निरन्तर लाग्नु पर्ने छ।

घ) उपभोक्ता संस्थाले उपभोक्ताहरुद्धारा पानीको मितव्ययी प्रयोगका लागि प्रोत्साहित गर्न आवश्यक सबै कदमहरु चाल्नेछ र खानेपानी प्रणालीमा खेर गएको एवं गणनाबाट वाहिर रहेको पानीको मात्रा लाई घटाउन प्रयास गर्नेछ।

ङ) उपभोक्ता संस्थाले सम्झौता अवधिमा खानेपानी तथा सरसफाइ प्रणालीको कारण सर्वसाधारणलाई हुन जाने हानी नोक्सानीबाट जोगाउन आवश्यक सबै उपायहरु अपनाउनेछ। यस अन्तर्गत खासगरी यसै सम्झौता पत्रको **अनुसूची ५** मा उल्लेख भए वमोजिम यस आयोजनाको स्विकृत वातावरणीय व्यवस्थापन योजनाले औल्याएका क्रियाकलापहरुको कार्यान्वयनमा सहयोग गर्नेछ।

च) उपभोक्ता संस्थाले खानेपानी विभाग/न.पा/गा.पा/उपभोक्ता समितिका पदाधिकारी तथा कर्मचारीलाई धारा जडान र पानी महशुलमा विशेष सुविधा दिइने छैन।

छ) उपभोक्ता संस्थाले यस सम्झौताको उल्लंघनबाट सिर्जित कुनैपनि परिणामबाट हुने सम्पत्तिको हानी नोक्सानी, अथवा कुनै घाऊचोट वा जनधनको क्षतिको जिम्मेवारी लिनेछ। यस क्रममा यदि कुनै जनधनको नोक्सानी वा क्षति हुन गएमा उपभोक्ता संस्थाले खानेपानी विभाग एवं न.पा/गा.पालाई तत्काल मौखिक जानकारी गराउनु पर्दछ भने २४ घण्टाभित्र लिखित प्रतिवेदन पेश गर्नु पर्नेछ।

ज) उपभोक्ता संस्थाले यस सम्झौता अन्तर्गत हुने कुनैपनि क्रियाकलापको खिलाफमा गरिने दावी विरोध दलीलमा प्रतिरक्षा गर्ने छ। खानेपानी विभाग/गा.पा/न.पाले उपरोक्त दावी विरोध वा दलीलको प्रतिरक्षाका लागि उपभोक्ता संस्थालाई सहयोग गर्ने छ। तर सम्बद्ध उपभोक्ता संस्थाले सम्झौता अनुरुप सम्पूर्ण जिम्मेवारी निर्वाह गरिरहेको, यथोचित मर्मत सम्भार भई रहेको, सुरक्षात्मक उपायहरु अपनाएको अवस्थामा क्षति वा नोक्सानीको दावी विरोध उपभोक्ता संस्थाको लापरवाही, गल्ती वा कमजोरी नभएको ठहरिएमा मात्र खानेपानी विभाग तथा नगरपालिकाबाट यस्तो सहयोग र सहजीकरण प्राप्त हुनेछ।

## ८.५ अनुगमन र प्रतिबेदन

क) आयोजा अन्तर्गतका सम्पत्तिहरुको स्वामित्वको हकमा आयोजनाका लागि आवश्यक पर्ने जग्गा जमिन उपभोक्ता संस्था वा स्थानीय सरकारको स्वामित्वमा रहने तथा उक्त स्थानमा निर्माण गरिएका आयोजना सम्बन्धी संरचनाहरु नेपाल सरकार/स्थानीय सरकारको स्वामित्वमा रहने छन।

ख) कार्यसम्पादन मापदण्डहरु मासिक रुपमा अनुगमन गरिने छ भने स्थानीय सरकार, खानेपानी विभाग/आयोजना व्यवस्थापन कार्यालय र उपभोक्ता संस्थाको संयुक्त बैठकमा वार्षिक पुनरावलोकन गरिने छ।

ग) उपभोक्ता संस्थाले आफूले प्रदान गर्ने सेवा सुविधाको सम्बन्धमा मासिक प्रतिवेदन तयार गर्ने छ। यस प्रतिवेदनले वित्तीय र प्राविधिक दुवै पक्षलाई समेटेको हुनेछ। यस्तो प्रतिवेदनको

ढाँचा खानेपानी विभागद्वारा प्रदान गरिने छ जुन यसै सम्झौता पत्रको ***अनुसूची*** ६ बमोजिम हुनुपर्ने छ ।

घ) उपभोक्ता संस्थाले यस सम्झौता पत्रमा उल्लेखित कार्यसम्पादन मापदण्ड अनुसारका कार्यहरु भईरहेको सुनिश्चित गर्न पानीको गुणस्तर परीक्षण गर्नुपर्ने छ ।

ङ) लेखा परीक्षण र वित्तीय प्रतिवेदन : उपभोक्ता संसथाले कानुन बमोजिम आफ्नो वित्तीय कारोवारको वार्षिक रुपमा लेखापरीक्षण गर्ने छ र यसरी लेखापरीक्षण गरिएको प्रतिवेदन उपभोक्ता संस्थाको साधारण सभाबाट अनुमोदन गराई सोको ३० दिन भित्र खानेपानी विभाग, नगर विकास कोष तथा गा.पा/न.पाको कुनैपनि लेखापरीक्षकलाई आफ्नो लेखा सम्बन्धी सूचना जानकारी उपलब्ध गराउने छ ।

## ९. सम्पत्तिको स्वामित्व

क) आयोजना अन्तर्गतका सम्पत्तिहरुको स्वामित्वको हकमा आयोजनाका लागि आवश्यक पर्ने जग्गा जमिन उपभोक्ता संस्था वा स्थानीय सरकारको स्वामित्वमा रहने तथा उक्त स्थानमा निर्माण गरिएका आयोजना सम्बन्धी संरचनाहरु स्थानीय सरकारको स्वामित्वमा रहने छन ।

ख) उपभोक्ता संस्था वा सम्बन्धित नगरपालिका/गा.पाको जिम्मेवारीमा रहेका सम्पत्तिमा चल र अचल दुवै सम्पत्तिहरु रहनेछन् । साथै चल र अचल सम्पत्ति भन्नाले ***अनुसूची १*** बमोजिम हुनेछन् ।

## १०. सम्झौताको उल्लंघन तथा सम्झौताको समाप्ती

**१०.१** निम्न अवस्थामा उपभोक्ता संस्थाले सम्झौताको उल्लंघन गरको मानिने छ :

क. सम्झौता उल्लेखित जिम्मेवारी वहन गर्न छोडेमा

ख. यसका निर्धारित कार्यहरुमा लापरवाहीको कारणले गर्दा खानेपानी आपूर्ति गर्न असमर्थ भएमा,

ग. दुई पटक सम्मको पूर्व सूचना दिंदा समेत खानेपानी तथा ढल व्यवस्थापन विभाग वा यसको दाता/नगरपालिका द्वारा नियुक्त कुनैपनि लेखापरीक्षकलाई आफ्नो लेखा सम्बन्धी सूचना उपलब्ध गराउन असमर्थ भएमा,

घ. लगातार तीन किस्तासम्म ऋणको साँवा-ब्याज कुनै पनि भुक्तानी नगरेमा,

ङ. प्राप्त ऋण, अनुदान वा खानेपानी महशुल र जडान शुल्कबाट प्राप्त आयस्रोतहरु यस सम्झौताले परिभाषित गरे अनुरुप शहरी खानेपानी तथा सरसफाइसंग असम्बन्धित क्रियाकलापहरुमा खर्च गरिएमा,

च. स्विकृत कार्यसम्पादन मापदण्ड हासिल गर्न लगातार तीन महिनाको अवधिसम्म असफल रहेको वा खानेपानी प्रणालीको कमजोर व्यवस्थापन तथा सञ्चालनका कारण ***अनुसूची २*** ले परिभाषित गरे बमोजिमको कार्यसम्पादन नदेखिएको,

छ. टाट पल्टिएको आधिकारिक जानकारी भएमा वा उपभोक्ता संस्थाबाट भएको घोषणाको पुष्टि भएमा,

**१०.२** यदि माथि दिइए अनुसारका कुनै प्रकारका सम्झौता उल्लंघनका घटनाहरु देखिएमा खानेपानी विभागले यो सम्झौता रद्द गर्न सक्ने छ । यसरी सम्झौता रद्द गर्दा खानेपानी तथा ढल व्यवस्थापन विभाग/न.पा/गा.पा ले उपभोक्ता संस्थालाई खानेपानी प्रणाली सञ्चालकको भूमिकाबाट हटाउन निम्न प्रक्रिया अपनाउने छ :

क) उपभोक्ता संस्थालाई कारण सहित उपस्थित हुन सूचित गर्ने ।

ख) उपभोक्ता संस्थालाई लिखित जवाफ पेश गर्न ३५ दिनको अवधि प्रदान गर्ने ।

(३) उपभोक्ता संस्थाले ३५ दिनको अवधिभित्र जवाफ लेख्ने अथवा खानेपानी तथा ढल व्यवस्थापन विभागको महानिर्देशक वा निजको प्रतिनिधि तथा गा.पा/न.पा समक्ष स्वयं उपस्थित भई मौखिक सुनुवाई गर्ने। खानेपानी विभाग / गा.पा/न.पा ले लिखित जवाफ प्राप्त भएपछिको वा मौखिक सुनुवाईको २१ दिन भित्र उपभोक्ता संस्थालाई लिखित रुपमा आफ्नो अन्तिम निर्णयको जानकारी दिनेछ ।

**१०.३** यदि माथिको बुँदा १०.१ मा उल्लेख भए अनुसार कार्यसम्पादन लक्ष्य हासिल गर्न निरन्तर असफल भएको खण्डमा उपभोक्ता संस्थासंग सम्झौतालाई खारेज गर्ने अन्तिम विकल्पको प्रयोग हुनेछ। यसको अन्तिम खारेजी हुनुभन्दा अघि खानेपानी विभाग/न.पा/गा.पाले उपभोक्ता संस्था उल्लेखित लक्ष्य हासिल गर्न असफल भएको एकिन गर्ने छ। उपभोक्ता संस्थालाई आवश्यकता अनुसार लिखित चेतावनी वा सहजीकरण प्रदान गर्ने छ। बुँदा १०.२ अन्तर्गत यसको खारेजीमा जानु अघि खानेपानी विभाग/स्थानीय सरकारद्वारा उपभोक्ता संस्थालाई कम्तीमा दई पटक लिखित चेतावनी पत्र दिनु पर्दछ ।

**१०.४** बुँदा १०.२ वा १०.३ अन्तर्गत सम्झौताको खारेजी वा समाप्ती गरिएको अवस्थामा उपभोक्ता संस्थासंग विवादको विषय मध्यस्थता प्यानलमा पेश गर्ने अधिकार निहित हुन्छ। यस्तो मध्यस्थता नेपालको मध्यस्थता ऐन, २०५५ ले निर्धारण गरे बमोजिम हुनेछ।

**१०.५** उपभोक्ता संस्थासंग भएको सम्झौतालाई खारेजी वा यस सम्झौताको समाप्तिको अवस्थामा अर्को सञ्चालकको व्यवस्था नभएसम्म वा उपभोक्ता संस्थाको पुनर्संरचना नभएसम्मका लागि गा.पा/न.पा आफैंले विद्यमान खानेपानी तथा सरसफाइ प्रणालीको सञ्चालन व्यवस्थापन गर्नेछ ।

**१०.६** यस सम्झौताको समाप्तिसंगै उपभोक्ता संस्थाको यस परियोजनासंग सम्बन्धित बैंक खाता समेत रोक्का गरिनुका साथै खानेपानी प्रणालीसंग अन्य सम्पत्ति समेत सम्बन्धित नगरपालिका/गा.पा.ले हस्तान्तरण गराई लिन सक्नेछ । नयां संचालक नियुक्त नभएसम्मका लागि उक्त बैंक खाताको स्वामित्वबाट उपभोक्ता संस्थालाई हटाई न.पा/गा.पाको नाममा प्रतिस्थापित गरिने छ।

## ११. प्रणाली विस्तार

उपभोक्ता संस्थाले वर्तमान खानेपानी सुविधा प्राप्त गरिरहेको समुदायको माँग र अनुरोधमा वा सहरको सम्भावित विस्तारको अनुमानका आधारमा हालको खानेपानी तथा सरसफाइ प्रणालीको क्षमता विस्तारका लागि प्रस्ताव गर्न सक्नेछ। उपरोक्त अनुरोध र प्रस्तावहरु निर्देशिकाको बुँदा नं. ८ को आधारमा खानेपानी विभागले स्थानीय सरकारसंग समन्वय गरी प्रक्रिया अघि बढाउने छ।

## १२. अभिन्न अंग

- सम्झौताको अनुसूचीहरु
- जलस्रोत ऐन, २०४९
- स्थानीय तह संचालन ऐन, २०५५
- मध्यस्थता ऐन, २०५५
- खानेपानी नियमावली, २०५५

- नेपाल खानेपानी गुणस्तर राष्ट्रिय मापदण्ड, २०६२
- खानेपानी सेवा संचालन सम्वन्धी निर्देशिका–२०६९
- मुलुकी ऐन देवानी संहिता २०७४

## १३. संशोधन

आपसी समझदारी उसमा उल्लेखित शर्तहरु संशोधन गर्न सकिनेछ । उक्त संशोधित व्यवस्थाहरु सम्बद्ध सबै पक्षले सहिछाप गरेको मिति देखि लागू हुनेछन ।

## १४. विवाद समाधान

यस सम्झौताको कार्यान्वयनको क्रममा कुनै विवाद सिर्जना भएमा आपसी सहमति समाधान गर्ने प्रयास गरिने छ र आपसी सहमतिमा पनि समाधान हुन नसकेमा प्रचलित मध्यस्तता कानून एवं मुलुकी ऐन देवानी संहिता २०७४ बमोजिम विवादको समाधान गर्न सकिनेछ ।

## १५. सम्झौताका शर्तहरू लागू हुने

यस सम्झौतामा उल्लेखित शर्तहरू आयोजनाले खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न शुरु गरेको मिति देखि हुनेछन् । संझौतामा उल्लेख नभएको कुनै विषयको हकमा प्रचलित देवानी संहिता बमोजिम हुने छ ।

**सम्झौतामा दस्तखत गर्ने निम्न पदाधिकारीहरू रहेका छन् :**

**आयोजना व्यवस्थापन कार्यालयको तर्फबाट अधिकार प्राप्त**

नाम:

दर्जा:

सही:

मिति:

कार्यालयको छाप:

**स्थानीय सरकारको तर्फबाट अधिकार प्राप्त**

नाम:

दर्जा:

सही:

मिति:

कार्यालयको छाप:

**................खा.पा.उ.स.स को तर्फबाट अधिकार प्राप्त**

नाम:
दर्जा:
सही:

मिति:

कार्यालयको छाप:

**नगर विकास कोषको तर्फबाट अधिकार प्राप्त**

नाम:
दर्जा:
सही:

मिति:

कार्यालयको छाप:

**रोहबर**

१. नाम ..................................... सही .................

२. नाम ......................................... सही ....................

३. नाम ......................................... सही .................

*ईति सम्वत् ................... साल ...... महिना ........ गते रोज ........... शूभम् ।*

**अनुसूची १: उपभोक्ता संस्था/नगर पालिका/गा.पा.को जिम्मेवारीमा रहने सम्पत्ति/संरचना को सूची**

**क. अचल सम्पत्तिहरु**

अचल सम्पत्ति अन्तर्गत भौतिक संरचनाहरु जस्तै पानी प्रशोधन केन्द्र, पम्प हाउस, मुहान देखि उपभोक्ताको घरसम्म जोडिने पाइपलाइनहरु पर्दछन । यस्ता अचल सम्पत्तिहरु नवनिर्मित वा आयोजना निर्माणको चरणमा पूर्ण पूनर्स्थापित भएका हुनेछन् । तसर्थ उपरोक्त अचल सम्पत्तिको निर्धारित आयू आयोजनाको सम्झौता अवधिसम्म वा त्यो भन्दा लामो हुने अपेक्षा गरिएको छ ।

उपभोक्ता संस्थालाई आयोजना सञ्चालन तथा मर्मत सम्भारका लागि हस्तान्तरण गरिने अचल सम्पत्ति निम्नानुसार रहेका छन्:

- ईन्टेक/सम्पवेल,
- क्लेक्शन च्याम्बर
- ट्रान्समिसन लाइन
- पानी प्रशोधन केन्द्रहरु
- पानी संचालन टैंकीहरु,
- भल्भ च्याम्बर,
- कार्यालय भवन,
- इलेक्ट्रोमेकानिकल सामानहरु,
- क्लोरिनेसन ट्यांक एवं सामानहरु
- पानी गुणस्तर परीक्षण प्रयोगशाला
- पानी संकलन टैंकी देखि उपभोक्ताको घरसम्म जोडिने पाइपलाइनहरु आदी ।

**ख. चल सम्पत्तिहरु**

उपभोक्ता संस्थालाई आयोजना सञ्चालन तथा मर्मत-सम्भारको लागि हस्तान्तरण गरिने चल सम्पत्तिको आयु आयोजनाको अवधि भन्दा छोटो हुन्छ ।

यस अन्तर्गत मुख्यतया स्थानान्तरणीय पाटपूर्जाहरु जस्तो पम्प, मोटर, भल्भ, मिटरबक्स, फिक्सर, स्विचगियर, विद्युतीय उपकरणहरु त्था पानीको गुणस्तर मापन यन्त्रहरु पर्दछन् । यसका साथै कार्यालय संचालनका लागि कम्प्यूटर, फर्निचर लगायतका केहि सामानहरु पनि एक पटकलाई उपलब्ध गराइने छ ।

**अनुसूची २ : उपभोक्ता संस्थाद्वारा पूरा गर्नुपर्ने कार्य सम्पादन लक्ष्यहरू**

१. उपभोक्ता संस्थाले आफ्नो व्यवस्थापकीय कार्य सञ्चालन गर्न र वैठक, छलफल तथा अन्य आवश्यक कार्यक्रम गर्न नगर आयोजना क्षेत्रमा एक कार्यालय स्थापना गर्नेछ।

२. उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ प्रणालीको यथोचित सञ्चालन तथा व्यवस्थापनका लागि दक्ष र अदक्ष कामदारहरु भर्ना गर्न र खपतयोग्य तथा आयोजनासंग सम्बन्धित आवश्यक सामग्रीहरु खरिद गर्न सक्ने छ। उपभोक्ता संस्थाले यसप्रकारको खरिद गर्ने रकम आफ्नै स्रोतबाट जुटाउनेछ।

३. न्यूनतम रुपमा, तलको तालिकामा उल्लेख भए अनुसारका कर्मचारीहरु खानेपानी प्रणाली सञ्चालनका लागि नियुक्त गर्नुपर्ने छ। आकस्मिक काम आवश्यक परेमा थप कर्मचारीहरु समेत भर्ना गर्न सक्नेछ।

**खानेपानी प्रणाली सञ्चालनको लागि उपभोक्ता संस्थाद्वारा गा.पा/न.पा संग समन्वय गरी नियुक्त गरिनु पर्ने न्यूनतम कर्मचारीहरु**

| क्र.स. | कर्मचारी विवरण | संख्या* | न्यूनतम अनुभव (वर्ष) |
|---|---|---|---|
| १ | सञ्चालन तथा मर्मत सम्भार इन्जिनियर/प्रबन्धक | १ | २ |
| २ | सिभिल/इलेक्ट्रो मेकानिकल इन्जिनियर/सब– इन्जिनियर /सब-ओभरसियर | २ | १ |
| ३ | लेखापाल | १ | १ |
| ४ | प्लम्बिङ टेक्नीसियन | २ | १ |
| ५ | ल्याब टेक्नीसियन | १ | १ |
| ६ | प्लान्ट (पानी प्रसोधन संयन्त्र) अपरेटर | २ | १ |
| ७ | मिटर रिडर | २ | १ |

*(नियुक्त गर्नुपर्ने कर्मचारीहरुको पद र संख्या आयोजनाको आवश्यकता अनुसार आपसी सहमतिमा थपघट गर्न सकिनेछ।)

४ खानेपानी तथा सरसफाइ प्रणाली संचालन गर्दा निम्नानुसार कार्यसम्पादन मापदण्ड निर्धारण गर्नुपर्ने छ, जुन यस सम्झौताको अभिन्न अंगको रुपमा लिइने छ :

क. उपभोक्तालाई खानेपानी प्रणालीबाट दैनिक आपूर्ति गरिने पानीको परिमाण न्युनतम प्रतिदिन ..... घ.मि. (आधार वर्ष) देखि ............. घ.मि. (डिजाइन वर्ष) हुनेछ। प्रत्येक दिनको पानी आपूर्तिको मापन दैनिक रुपमा गरिने छ।

ख. नेपाल खानेपानी गुणस्तर राष्ट्रिय मापदण्ड, २०६२ ले निर्धारण गरेको गुणस्तर बमोजिम प्रशोधित पानीको परिमाण दैनिक रुपमा उपलब्ध गराउनु पर्नेछ। पानीको गुणस्तर अनुगमनको फ्रिक्वेन्सी शहरी खानेपानी प्रणालीका लागि तय गरिएको राष्ट्रिय गुणस्तर मापदण्डमा उल्लेख गरिए अनुसार हुनु पर्नेछ।

ग. प्रशोधित पानीको रेसिडयूअल क्लोरिनको स्तर कम्तीमा ०.१ मि.ग्राम देखि ०.२ मि.ग्राम प्रति लिटर हुनु पर्नेछ। पानीको प्रेसर उपभोक्ता संस्थाद्वारा बर्षमा दुईपटक मापन गर्नुपर्ने छ।

घ. सतह भन्दा माथि को रेसिड्युअल पानीको चाप सम्पूर्ण घरहरुको ९० प्रतिशतमा न्यूनतम ५ मिटर सकारात्मक हेड हुनुपर्ने छ। यस्तो मापन वितरण नेटवर्कको भिन्ना–भिन्नै १० वटा घरेलु मिटर प्वाइन्टहरुमा गोला प्रथाद्वारा छनौट गरेर लिइनेछ।

ङ. पम्प, मोटर र जेनेरेटरहरुको सञ्चालन निर्माण ठेकेदारद्वारा पेश गरिएको गुणात्मक कर्भहरुको आधारमा र प्रति महिना वास्तविक कार्यभार अवस्थाको आधारमा भएको ग्यारेन्टी गरिनेछ।

च. गैर आययुक्त खानेपानी (Non-Revenue Water) को मात्रा मुख्य प्रणालीबाट वितरित खानेपानीको १५% भन्दा कम हुनुपर्ने छ।

छ. यस सम्झौता अन्तर्गत स्थापना हुने पानी परिक्षण प्रयोगशाला सञ्चालित अवस्थामा हुनुपर्ने छ र सो को लागि लाग्ने कर्मचारीको खर्च, रासायनिक पदार्थ, ग्लासवेयर तथा अन्य खपतयोग्य वस्तुहरुको व्यवस्था मिलाउने छ। राष्ट्रिय मापदण्ड अनुरुप भए नभएको विश्लेषण गरि साप्ताहिक रुपमा स्थानीय सरकारलाई र मासिक रुपमा खानेपानी तथा ढल व्यवस्थापन विभागलाई पेश गर्नुपर्ने छ।

ज. उपभोक्ता संस्थाले कुनैपनि आकस्मिक अवस्थामा र रोगको महामारी फैलिएको समयमा पानीको भण्डारणमा आकस्मिक क्लोरिनेसनको कार्य गर्नुपर्ने छ।

**अनुसूची ३ : खानेपानी महशुल र जडान शुल्क सम्बन्धी निर्देशिका**

(नगर विकास कोषबाट आयोजनाका लागि लगानी गर्न गरिएको वित्तीय मूल्याङ्कन बमोजिम सिफारिश गरिए अनुसार)

त्रिपक्षीय सम्झौताको भाग ३ को दफा ४ (ज) अनुसार कोषबाट सिफारिश भएको पानी महशुल दर प्रस्तावित खानेपानी सेवा शुल्क :
प्रस्तावित खानेपानी सेवा शुल्क

| खानेपानी (Cum) | महशुल दर (रु) | कैफियत |
|---|---|---|
| ०-६ युनिटसम्म | | |
| ७-१० युटिसम्म | | |
| ११-२० युनिट सम्म | | |
| २१-३० सम्म | | |
| ३० भन्दा माथि | | |

प्रति ३ वर्षमा १०% बृद्धि गर्ने गरी

**अनुसूची ४ :** **समावेशी लाभको ग्यारेन्टी**

(क) आयोजना क्षेत्रमा बसोबास गरी रहेका दलित, जनजाति, पिछडा वर्ग, गरिब, महिला मुली घर तथा सीमान्तकृत जोखिममा रहेका घरधुरीलाई अनिवार्य रुपमा खानेपानीको सुविधा उपलब्ध गराउन खा.पा.उ.स. मा छलफल गरी उचित निर्णय लिने ।

(ख) प्रतिफलमा आधारित अनुदान (OBA) अन्तर्गत पहिचान भएका विपन्न घरधुरीमा चर्पी तथा धारा जडान निर्माणका लागि अनुदान सहयोग प्रदान गरी आयोजना क्षेत्रलाई खुला दिसामुक्त क्षेत्र कायम राख्न सहयोग गर्ने ।

(ग) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था अन्तर्गत कर्मचारी नियुक्ति गर्दा पारदर्शी छनौट प्रक्रिया अपनाई महिला तथा सामाजिक वञ्चितीकरण परेका समुदाय/वर्गलाई प्राथमिकता दिई दक्ष जनशक्ति छान्ने ।

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिमा महिला तथा वञ्चितीकरणमा परेका वर्गको प्रतिनिधित्व बढाउने तथा तिनीहरुको नेतृत्व क्षमता विकास गर्ने कार्यक्रमहरु संचालन गरी प्रतिनिधित्व बढाउने ।

(ङ) आयोजना संचालन गर्ने विविध अभिमुखीकरण कार्यक्रम र क्षमता विकास तालिमहरुमा अनिवार्य सहभागिता गराउने व्यवस्था गर्ने ।

(च) आयोजनाका बिभिन्न चरणमा (आयोजना माँग, छनोट, कार्यान्वयन, निर्माण तथा संभार र संचालन) विविध क्रियाकलापहरुमा छलफल, सरसल्लाह तथा निर्णय प्रक्रियामा दलित, जनजाति, पिछडा वर्ग, गरिब, महिला तथा सिमान्तकृत वगृको अनिवार्य सहभागिताको व्यवस्था गर्ने ।

(छ) आयोजना निर्माण चरणमा निर्माण व्यवसायीले स्थानीय गरीब, महिला, जोखिममा रहेका वर्ग आदिवासीलाई दक्ष वा अदक्ष कामदारको रुपमा सीप हेरी महिला-पुरुष विभेद नगरी समान ज्यालाका साथै पेशागत स्वास्थ्य र सुरक्षा सामग्री प्रदान गर्ने तथा खानेपानी, बस्ने ठाउँ तथा सरसफाइ सुविधा सबै कामदारलाई उपलब्ध गराउने काममा सुझाव, सल्लाह तथा अनुगमन गर्ने ।

## अनुसूची ५ : वातावरणीय व्यवस्थापन योजना

प्रारम्भिक वातवरणीय परीक्षण प्रतिवेदनको एउटा मुख्य अंशको रुपमा वातावरणीय व्यवस्थापन योजना बनाइएको छ जसमा निम्न कुराहरु समेटिएका छन्:

क) आयोजना कार्यान्वयन चरणमा पर्न सक्ने वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु

ख) वातावरणीय अनुगमन कार्यक्रम एवं न्यूनीकरण अनुगमन र प्रतिवेदनको लागि जिम्मेवार निकायको उल्लेख

ग) सार्वजनिक सुनुवाई तथा सूचना सम्प्रेषण

घ) गुनासो सम्बोधन संयन्त्र

डिजाइनमा सुधार एवं संशोधन गरेर धेरै जसो वातावरणीय नकारात्मक असरहरुलाई न्यूनीकरण गरिएको छ। वातावरणीय व्यवस्थापन योजनालाई निर्माण कार्यको सम्झौताको एउटा अंशको रुपमा राखिएको छ। प्रस्तावित पूर्वाधारहरुको स्थान र अवस्थितिको छनोट आयोजनाबाट वातावरणीय असर न्यून हुने किसिमले गरिएको छ। यस उप आयोजनाको डिजाइनको सिलसिलामा अबलम्बन गरिएका बुँदाहरु:

१) नयाँ पाइपयुक्त खानेपानीको माँग ।

२) अत्यधिक जनसंख्या भएका वस्तीहरु र उच्च जनसंख्या वृद्धिदर भएका ठाउँहरुमा खानेपानीको पाइप संजाल प्रस्तावित गर्ने ।

३) पानीको उपयोग सम्बन्धी विवाद रहित भएको श्रोतहरुको प्रयोग गर्ने ।

४) जग्गाको क्षतिपुर्तिलाई कम गर्न खानेपानी पाइप लाइनलाई सडक अधिकार क्षेत्र भित्र प्रस्तावित गर्ने ।

५) पानीमा हुन सक्ने प्रदुषणलाई ध्यानमा राखी पाइप लाइनलाई शौचालय सेप्टिक टंङ्की र कुनै पनि मुख्य ढलबाट कम्तिमा १० मिटर टाढा राखिने छ ।

६) सरसफाइ सम्बन्धी पुर्वाधारबाट ट्युववेल कम्तिमा ३० मिटर जति टाढा राख्ने ।

७) घरका चर्पीहरु र सार्वजनिक शौचालयहरु एवं सेप्टिक टंङ्कीहरु पानीका श्रोतहरुबाट कम्तिमा ३० मिटर तलतिर राख्ने गरी प्रस्तावित गर्ने ।

८) विश्व स्वास्थ्य संगठन (WHO) र US EPA ले तोकेको गुणस्तर बमोजिम सेप्टेजलाई नियन्त्रित तरीकाले विसर्जन गर्न नमूना कार्यक्रम मार्फत हाल भै राखेको अनियन्त्रित विसर्जनलाई न्यून गर्ने ।

९) योजना बनाउने, डिजाइन संरचनाको छनोट गर्ने लगायतका संरचना निर्माणको लागि स्थान छनोट गर्ने कार्यको लागि स्थानीय समुदायसंगको छलफल र सहभागितामा निर्णय भएको पक्कापक्की गर्ने । निर्माण चरणमा हुने प्रभावमा मुख्यतः खेरगएको माटोको व्यवस्थापन एवं स्थानीय बासिन्दा, स्थानीय व्यापारी तथा ट्राफिकमा पर्ने व्यवधान हो । यस्ता प्रभावहरु सामान्यतः हरेक किसिमका शहरी निर्माण कार्यमा हुने गर्छन् तथापि प्रभाव न्यूनीकरणका उपायहरु अबलम्बन गर्न आवश्यक रहेको छ । ती प्रभावहरु अस्थायी प्रकृतिका भएको र गुणस्तरीय निर्माण तरिकाहरुको उपयोग गरेर यसबाट हुने असजिलोपनालाई कम गर्न सकिन्छ। व्यस्त सडकमा पाइप विछ्याउने कार्यको लागि ट्राफिक व्यवस्थापन अति नै आवश्यक हुन्छ। संचालन चरणमा सबै सेवाहरु एवं नियमित मर्मत कार्य गर्दा वातावरणलाई असर नपर्ने किसिमले गरिनु पर्दछ । संरचनाहरुलाई विभिन्न समयमा मर्मत गरिए तापनि वातावरणीय प्रभाव निर्माण चरणको प्रभाव भन्दा निकै कम हुने एवं सानो क्षेत्रमा मात्र सीमित हुन्छ।

१०) सबै किसिमका नकारात्मक प्रभावहरुको न्यूनीकरण एवं प्रभावलाई स्वीकृत सीमाभित्र ल्याउनको लागि आवश्यक उपायहरु अवलम्बन गरिएका छन् । अध्ययन प्रतिवेदनमा आयोजनाको लागि प्रस्तावित वातावरणीय निरीक्षण कार्यक्रमको निर्माण चरणमा प्रभाव न्यूनीकरण भएको पक्कापक्की गर्नेछ। वातावरणीय निरीक्षण कार्यक्रमले सबै उपायहरुको कार्यान्वयन भएको र वातावरण सोचिए अनुसार सुरक्षित भएको नभएको पत्ता लगाउनेछ। जसको लागि निर्माण क्षेत्र र वरिपरिको अवलोकन, कागजातहरुको जाँच र कामदारहरु एवं लाभान्वित जनताहरुसँग अन्तरवार्ताको उपयोग गरिने छ।

११) प्रारम्भिक वातावरणीय प्रतिवेदन (प्रा.वा.प्र.) बनाउने क्रममा आयोजना क्षेत्रका जनताहरुसंगको छलपल एवं सार्वजनिक सुनुवाई गरिएको छ जसबाट आएको सुझावहरुलाई प्रा.वा.प्र. बनाउन तथा उपआयोजनाको लागि योजना विकास गर्ने क्रममा उपयोग गरिएको छ। प्रा.वा.प्र. लाई उपआयोजना क्षेत्रको सार्वजनिक ठाउँमा सबैले हेर्न सक्ने किसिमले राखिनेछ। आयोजनाको कार्यान्वयन चरणमा छलफललाई जारी राख्दै अझ विस्तार गरिनेछ र सरोकारवालाहरु पूर्ण रुपमा आयोजनासँग आवद्ध भएर आयोजनाको विकास तथा कार्यान्व्यनमा सहभागी भैराखेको पक्कापक्की गरिनेछ।

यस आयोजनाले ......................जिल्ला, .................नगरपालिकाको ..............र .............वार्डहरुमा खानेपानी प्रणालीको सुधार गर्नेछ । सहरका जनताहरुले आयोजनाबाट छर्लङ्ग हुने किसिमले ठूलो मात्रामा सकारात्मक फाइदाहरु प्राप्त गर्नेछन्, जसमध्येका मुख्य फाइदाहरुः

क) स्वच्छ खानेपानी पर्याप्त मात्रामा एवं भरपर्दो किसिमले उपलब्ध हुने ।

ख) सुधारिएको सरसफाइको सुविधामा जनताको पहुँचमा वृद्धि हुने एवं सहरले खुल्ला दिसा मुक्त क्षेत्रको रुपमा निरन्तर्ता पाउने ।

ग) सरसफाइको क्षेत्रमा सुधार हुन गई समुदायको स्वास्थ्यलाई सुरक्षित गर्नेछ ।

**अनुसूची ६:  प्रतिवेदनको ढाँचाहरु**

**........................शहरी खानेपानी तथा सरसफाइ आयोजनाको मासिक प्रतिवेदन फारम**

१. हाल सम्म जडान भएका जम्मा धारा संख्या : निजी.......................सामुहिक.....................

२. मासिक आय:
- धारा जडान वापत ......................................
- मासिक महसुल वापत .......................................
- नामसारी/ठाउँसारी वापत .......................................
- दण्ड/जरिवाना/विलम्ब शुल्क .......................................
- अन्य .......................................

जम्मा :

३. मासिक खर्च:
- कर्मचारी तलव वापत ......................................
- ऋण किस्ता भुक्तानी .......................................
- कार्य संचालन वापत .......................................
- विजुली/इन्धन/टेलिफोन .......................................
- मर्मत सम्भार वापत ......................................
- जगेडा सामान खरीद ......................................
- केमिकल/क्लोरिन/ब्लीचिङ्ग .......................................
- अन्य .......................................

जम्मा :

४. हाल सम्मको बैंङ्क मौज्दात/संचिती रकम रु:

५. दैनिक पानी आपुर्ति समय....................घण्टा

६. दैनिक/मासिक रुपमा उत्पादन भएको पानीको परिमाण:

७. दैनिक/मासिक रुपमा ग्राहकको मिटरमा चढेको पानीको परिमाण:

८. दैनिक/मासिक रुपमा खेर गएको/चोरी भएको पानीको परिमाण:

९. पानीको गुणस्तर:.........................................................

१०. पानीको गुणस्तर निर्धारण गर्ने अवलम्बन गरिएका तरीकाहरु:

क.

ख.

ग.

.....................................

११ न्यूनतम मासिक महशुल:

क. निजी धारा.....................

ख. सामुहिक/न्यून आय घर धुरी............................

१२. यस महिनामा गरिएका मर्मत तथा संभार कार्यको विवरण:

क.

ख.

ग.

.....................................

१३. यस महिनामा कार्यालयमा आएका ग्राहकका गुनासाहरुको छोटो विवरण:

क.

ख.

ग.

.....................................

<u>प्रतिवेदन पेश गर्ने</u>

नाम:....................................................पद:...................................दस्तखत:.................. ...........

<u>प्रमाणित गर्ने</u>

नाम:....................................................पद:.................................दस्तखत:..............................

# खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समितिको विधान

(मस्यौदा/नमूना)

## प्रस्तावना

घरेलु, व्यापारिक, औद्यौगिक तथा अन्य उपयोगको लागि निजी क्षेत्रको सहभागितामा खानेपानी आपूर्ति तथा सरसफाइ सम्बन्धी परियोजनाको निर्माण, कार्यान्वन तथा संचालन गरी विभिन्न क्षेत्रमा नियमितरुपले स्वच्छ खानेपानी तथा सरसफाइ प्रणालीको समुचित व्यवस्था गरी सर्वसाधारण जनताको स्वास्थ्य र सुविधा कायम राखी शहरी विकासमा सहयोग पुर्‍याउने उद्देश्यले यस संस्थाको स्थापना गरिएको छ ।

## प्रारम्भिक

## परिच्छेद–१

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

१.१.१ यस विधानको नाम "............................... खानेपानी तथा सरसफाइ संस्था/समितिको विधान ... ..." हुनेछ ।

१.१.२ यो विधान जलस्रोत नियमावली २०५० को नियम ८ बमोजिम गठन भएको .................... जिल्ला जलस्रोत समितिबाट ...................... खानेपानी तथा सरसफाइ उपयोग सम्बन्धी अनुमति प्राप्त भएको मिति देखि प्रारम्भ हुनेछ ।

**१.२ परिभाषाः**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा**

१.२.१ **"विधान"** भन्नाले ............. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिको विधान ... ...लाई जनाउनेछ ।

१.२.२ **"संस्था"** भन्नाले जलस्रोत ऐन, २०४९ र खानेपानी नियमावली २०५५ ले तोकिए अनुसार यस विधान वमोजिम गठन भएको ....................... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिलाई जनाउनेछ ।

१.२.३ **"कार्यकारी समिति"** भन्नाले विधानको धारा १४ वमोजिम गठित कार्यकारी समितिलाई सम्झनुपर्छ । यो शब्दले विधान पास गराई पहिलो कार्यकारी समितिको निर्वाचन नभएसम्मका लागि रहने तदर्थ कार्यकारी समितिलाई समेत जनाउनेछ ।

१.२.४ **"अध्यक्ष"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको अध्यक्षलाई जनाउनेछ ।

१.२.५ **"उपाध्यक्ष"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको उपाध्यक्षलाई जनाउनेछ ।

१.२.६ **"कोषाध्यक्ष"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको कोषाध्यक्षलाई जनाउनेछ ।

१.२.७ **"सचिव"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको सचिवलाई जनाउनेछ ।

१.२.८ **"सदस्य"** भन्नाले यस विधान बमोजिम गठित कार्यकारी समितिको पदाधिकारीलाई जनाउनेछ साथै यस शब्दले यस विधान बमोजिम साधारण सदस्यता प्राप्त गर्ने व्यक्तिलाई समेत जनाउनेछ ।

१.२.९ **"उपभोक्ता"** भन्नाले यस विधान बमोजिम गठित खानेपानी उपभोक्ता संस्था/समितिले खानेपानी तथा सरसफाइ उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकायलाई जनाउनेछ ।

१.२.१० **“सेवा”** भन्नाले यस विधान बमोजिम गठित उपभोक्ता संस्था/समितिले उपभोक्ताहरुलाई उपलब्ध गराएको खानेपानी तथा सरसफाइ सेवालाई सम्झनु पर्छ ।

१.२.११ **“खानेपानी”** भन्नाले घरेलु, व्यापारिक, औद्योगिक वा अन्य उपयोगको निमित्त प्रशोधन गरी वा नगरी एकमुष्ट वा पृथक पृथक संस्थाले वितरण गरेको स्वच्छ स्वस्थ खानेपानीलाई जनाउनेछ ।

१.२.१२ **“जलस्रोत”** भन्नाले भू–सतहमा वा भूमिगतरुपमा रहेको वा अन्य जुनसुकै अवस्थामा रहेको प्राकृतिक पानीलाई जनाउनेछ ।

१.२.१३ **“आयोजना”** भन्नाले यस संस्थाले सञ्चालन गर्ने खानेपानी/सरसफाइ सम्बन्धी आयोजनालाई जनाउनेछ ।

१.२.१४ **“सेवा शुल्क”** भन्नाले सेवा उपभोग गरे वापत उपभोक्ताले संस्थालाई बुझाउनु पर्ने सेवा शुल्कलाई जनाउनेछ । सो शब्दले विलम्ब शुल्क लगायत अन्य शुल्क समेतलाई जनाउनेछ ।

१.२.१५ **“महसुल”** भन्नाले संस्थाको कार्यकारी समितिले खानेपानी तथा सरसफाइ आपूर्ति सम्बन्धी सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा उपभोग गर्ने उपभोक्ताबाट दिइने शुल्कलाई जनाउनेछ ।

१.२.१६ **“संरचना”** भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न शुद्धीकरण गर्न वा वितरण गर्न बनाइएको जलाशय र सो जलाशयले चर्चेको क्षेत्र सम्झनुपर्छ र सो शब्दले त्यस्तै उद्देश्यले बनाइएका पानी ट्यांकी, पाइपलाइन, निकास, धारा वा अन्य त्यस्तै प्रकारका अन्य संरचना समेतलाई जनाउनेछ ।

१.२.१७ **“सर्वेक्षण”** भन्नाले संरचनाको निर्माण, संरचना निर्माण गर्दा पर्ने वातावरणीय असर, स्रोतबाट वितरण गर्नसक्ने खानेपानीको परिणाम, लाभान्वित हुने परिवार तथा सदस्य संख्या समेतको विश्लेषण गरी खानेपानी तथा सरसफाइ उपयोगको लागि गरिने सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यस्तोको लागि गरिने अन्वेषणको कार्य समेतलाई जनाउनेछ ।

१.२.१८ **“सम्झौता”** भन्नाले संस्थाले परियोजनाको निर्माण कार्यान्वयन तथा संचालन गर्न नेपाल सरकार, संघ संस्था तथा अन्य कुनै निकायहरुसंग संस्थाको कार्यकारी समिति बीच भएको सम्झौतालाई जनाउनेछ ।

१.२.१९ **“ऋण”** भन्नाले संस्थाले कुनै चलअचल सम्पत्ति धितोमा राखी वा नराखी, जमानी दिई वा नदिई कुनै पनि परियोजनाको निर्माण, सम्भार मर्मत तथा सञ्चालन गर्न नेपाल सरकार वा कानून बमोजिम गठित कुनै संघ संस्थाबाट तोकिएको अवधिमा साँवा ब्याज समेत फिर्ता गर्ने गरी लिएको रकमलाई जनाउनेछ ।

१.२.२० **“साधारण सभा”** भन्नाले संस्थाको साधारण सभालाई जनाउनेछ । सो शब्दले संस्थाको विशेष साधारण सभालाई समेत जनाउनेछ ।

१.२.२१ **“आर्थिक वर्ष”** भन्नाले श्रावण संक्रान्ति देखि असार मसान्तसम्मको समयलाई जनाउनेछ ।

१.२.२२ **“तोकिएको वा तोकिए बमोजिम”** भन्नाले जलस्रोत ऐन, २०४९ खानेपानी नियमावली २०५५ र जलस्रोत नियमावली २०५० मा तोकिएको र अन्यको हकमा यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको जनाउनेछ ।

१.२.२३ **“कर्मचारी”** भन्नाले कार्यकारी समिति संस्थाले सञ्चालन गरेको आयोजनाको दैनिक कार्य संचालन गर्न नियुक्त गरेको कर्मचारीलाई जनाउनेछ ।

# परिच्छेद – २
# संस्थाको स्थापना

**२.१ संस्थाको स्थापना**

२.१.१ नेपाल सरकारले तोकिएको वा कार्यकारी समितिले तोकिएको क्षेत्रमा सामूहिक लाभको दृष्टिकोणले स्वच्छ खानेपानीको आपूर्ति गर्न तथा सरसफाइ व्यवस्थाको समुचित व्यवस्था गर्नको लागि ......................... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समितिको स्थापना गरिएको छ ।

२.१.२ संस्था/समितिको प्रधान कार्यालय ... ... ... मा रहने छ र कार्यकारी समितिबाट निर्णय गरी आवश्यकतानुसार अन्य कार्यालयहरु थप गर्न सकिनेछ ।

**२.२ संस्था संगठित संस्था हुनेः**

२.२.१ यो उपभोक्ता संस्था/समिति अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित संगठित संस्था हुनेछ ।

२.२.२ संस्था/समितिको सम्पूर्ण काम कार्यवाहीको निमित्त यसै विधानको अनुसूचीमा उल्लेख भए बमोजिमको आफ्नो छुट्टै एउटा छाप हुनेछ ।

२.२.३ संस्था/समितिले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

२.२.४ संस्था/समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

# परिच्छेद–३
# उद्देश्य

**३.१ संस्थाको उद्देश्यः**

प्रचलित ऐन, कानून तथा समय समयमा दिएको नेपाल सरकारको निर्देशनको अधिनमा रही आवश्यकतानुसार सम्बन्धित निकायहरुसंग समन्वय राखी कार्यहरु गर्ने गरी संस्थाका निम्नलिखित उद्देश्यहरु रहनेछन् ।

३.१.१ घरेलु, व्यापारिक औद्योगिक तथा अन्य उपभोगको लागि खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना तर्जुमा गर्ने र आयोजनाको निर्माण सञ्चालन, मर्मत तथा सम्भार र विस्तार गरी नियमितरुपमा स्वच्छ स्वास्थ्य र गुणस्तरयुक्त खानेपानी आपूर्ति गरी आयोजना कार्यान्वन गर्ने गराउने ।

३.१.२ आयोजना क्षेत्रभित्र रहेका पुरानो खानेपानी प्रणालीको उचित सम्भार र संरक्षण गर्दै खानेपानी तथा सरसफाइ आयोजनाको दिगो सञ्चालन, व्यवस्थापन गरी न्यून आय भएका समुदायका लागि समेत खानेपानी तथा सरसफाइको सेवा उपलब्ध गर्ने गराउने ।

३.१.३ खानेपानीको स्रोत तथा वितरण र सरसफाइ सम्बन्धी अध्ययन, अनुसन्धान सर्वेक्षण गरी स्रोत देखि वितरण स्थलसम्मको बाटो निर्धारण गर्ने र सोको रेखाङ्कन गरी खानेपानीका संरचना तथा सरसफाइ सम्बन्धी कामको लागि आवश्यक निर्माण कार्य गर्ने गराउने ।

३.१.४ संस्थाले आयोजना सञ्चालन गर्दा अचल सम्पत्ति आवश्यक भए प्रचलित कानून बमोजिम अचल सम्पत्ति अधिग्रहण गरी आयोजनालाई व्यवस्थित किसिमबाट सञ्चालन गर्ने गराउने ।

३.१.५ खानेपानी आपूर्ति तथा सरसफाइ आयोजनाको आयोजना सञ्चालन, हस्तान्तरण तथा नेपाल सरकारले तोकिदिएको खानेपानी तथा सरसफाई सम्बन्धी विकास परियोजना सञ्चालन गर्ने गराउने ।

३.१.६ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकाय तथा उपभोक्ताबाट संस्थाले तोकेको दरमा महसुल शुल्क, विलम्ब शुल्क आदि लिई सेवा प्रदान गर्ने गराउने ।

३.१.७ संस्थाले सञ्चालन गरेको खानेपानी तथा सरसफाइ आयोजनाका सम्बन्धमा संस्था र नेपाल सरकार, विदेशी सरकार, अन्तर्राष्ट्रिय दातृ संघ संस्था तथा अन्य निकायहरुका बीच भएका सम्झौता बमोजिम सम्पन्न गर्नुपर्ने कार्यहरु गर्ने गराउने ।

३.१.८ संस्थाले सञ्चालन गरेको खानेपानी तथा सरसफाइको उपयोगको सम्बन्धमा आवश्यक शर्तहरु तोक्ने, दुरुपयोग हुन नदिई प्रदूषण नियन्त्रण गर्ने ।

३.१.९ खानेपानी तथा सरसफाइको लागि पाइपलाइनको आवश्यक मर्मत/सम्भार गर्ने गराउने ।

३.१.१० नेपाल सरकारले खानेपानीका लागि निर्धारण गरेको गुणस्तरको पानी सरह संस्थाले उपभोक्ताहरुलाई खानेपानी उपलब्ध गर्ने गराउने ।

३.१.११ संस्थाले कुनै चलअचल सम्पत्ति धितो बन्धक वा अन्य आवश्यक संरक्षण तथा जमानत दिई वा नदिई कुनै सरकारी वा गैरसरकारी निकायसंग ऋण लिई आयोजनाको निर्माण कार्यान्वयन तथा सञ्चालन गर्ने गराउने ।

३.१.१२ संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक पर्ने अन्य सम्पूर्ण कार्य गर्ने गराउने ।

## परिच्छेद – ४
## कार्यक्षेत्र

**४.१ कार्यक्षेत्र**

४.१.१ यस ... ... ... खानेपानी आयोजनाको मुहान र पम्प गरेको ठाउँ ... ... गा.पा./न.पा वडा नं .... कार्य-क्षेत्रभित्र रहेको सम्झनु पर्दछ ।

४.१.२ ... ... ... गा.पा./न.पा वडा नं. ... .अन्तर्गत क्रमशः ... ... ... गाउँ र बस्तीहरू भएर आउने प्रशारण लाइन र सो लाइनमा पर्ने सम्पूर्ण संचनाहरू यस समितिको प्रसारण कार्य-क्षेत्र रहनेछ तथा यस अन्तर्गतका पानीपोखरी, सार्वजनिक धाराहरू समेतको समुचित सम्बर्द्धन र संरक्षण पनि यस समितिको कार्य-क्षेत्र भित्र पर्दछन् ।

४.१.३ वितरण क्षेत्रतर्फ ... ... ... गा.पा./न.पा वडा नं ... यस समितिको वितरण कार्य-क्षेत्र मानिनेछ ।

## परिच्छेद – ५
## सदस्यता

**५.१ संस्थामा देहाय वमेजिमका सदस्य हुन सक्नेछन् –**

**५.१.१ साधारण सदस्य:** यस विधानको धारा ५.३ र ५.४ को परिधि भित्र रही संस्थाको कार्यक्षेत्र भित्रका सेवा उपयोग गर्ने स्वास्थ चौकी, समाजिक संघ संस्था, दैवी प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएको शिविर, विद्यालय, सरकारी वा गैरसरकारी कार्यालय, उद्योग, कारखाना तथा सर्वसाधारण नागरिकलाई साधारण सदस्य प्रदान गर्न सक्नेछ । सामान्यतया जसको नाममा धारा जडान भएको छ सोही व्यक्ति र उद्योग, व्यवसाय, सरकारी कार्यालय तथा संघ संस्थाको हकमा कार्यालयको प्रमुख वा निजले तोकेको व्यक्तिलाई यस संस्थाको साधारण सदस्यता प्रदान गरिनेछ ।

**५.१.२ आजीवन सदस्य:** संस्थालाई विशेष योगदान दिने र संस्थाको साधारण सदस्यता प्राप्त गरिसकेका व्यक्तिलाई कार्य समितिको निर्णयानुसार आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

५.१.३ **मानार्थ सदस्य:** कार्य समितिको निर्णयले संस्थालाई विशेष योगदान दिने व्यक्ति वा संघ संस्थालाई मानार्थ सदस्य पनि प्रदान गर्न सकिनेछ। यस्तो सदस्यता स्वदेशी संघ संस्था तथा विदेशी संस्था तथा व्यक्तिलाई पनि दिन सकिनेछ। मानार्थ सदस्य सदस्यले मतदानमा भाग लिन पाउने छैन।

**५.२. सदस्य शूल्क र सदस्यता प्रदान गर्ने विधि:**

५.२.१ संस्थाले तोकेको आवेदन फाराम भरी संस्थाको सदस्यताका लागी योग्यता पुगेको व्यक्तिले संस्थाको सदस्यताका लागी आवेदन दिन सक्ने छ। संस्थाको सदस्यता प्राप्त गरी सकेपछि प्रत्येक साधारण सदस्यले वार्षिक रुपमा निर्धारित समय भित्र तोकेको शुल्क बुझाई संस्थाको सदस्यता नविकरण गर्नु पर्नेछ। साधारण र आजीवन सदस्यताको दस्तुर निम्न अनुसार रहनेको छ।

- साधारण सदस्यता शुल्क रु. ........
- आजिवन सदस्यता शुल्क रु. .......

५.२.२ सदस्यता शुल्कको दर आवश्यकता अनुसार साधारण सभाबाट पारित गराई परिवर्तन गर्न सकिनेछ।

५.२.३ सदस्यता नवीकरण शुल्क कार्य समितिले तोकिए बमोजिम हुनेछ।

५.२.४ यस विधानको परिधि र प्रचलित कानूनभित्र रही सदस्यता वितरण सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ।

५.२.५ कुनै संघ संस्थालाई पनि समितिले निर्णय गरी सदस्यता प्रदान गर्न सक्नेछ।

**५.३ संस्थाको सदस्यताको लागि योग्यता:**

संस्थाको सदस्यता प्राप्त गर्न देहाय बमोजिमको योग्यता हुनुपर्नेछ।

(क) आयोजनाबाट धारा जडान भएको बासिन्दा

ख) २१ वर्ष उमेर पुगेको नेपाल नागरिक।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको।

(घ) कानूनी व्यक्ति (संघ संस्था) भए प्रचलित कानूनबमोजिम दर्ता भई कानूनी मान्यताप्राप्त भएको।

**५.४ सदस्यको अयोग्यता:**

**५.४.१** देहायको अवस्थामा सदस्यताका लागी अयोग्य मानिने छ।

(क) २१ वर्ष पूरा नभएको

(ख) नैतिक पतन देखिने कुनै फौज्दारी अभियोगमा अदालतबाट दोषी करार भएको।

(ग) सदस्यको राजिनामा स्वीकृत भएमा।

(घ) सदस्यको विरुद्ध अविश्वासको प्रस्ताव यस विधानबमोजिम पारित भएमा वा नवीकरण नगरेमा।

(ङ) कुनै सेवा प्राप्त गर्ने व्यक्ति वा उपभोक्ताले तोकिएको महसुल शुल्क नबुझाई कार्य समितिले सदस्यताबाट हटाइएको व्यक्ति वा संघ संस्था।

**५.४.२** संस्थाको उद्देश्य र हित विपरित कार्य गरे गराएको वा त्यस्तो कार्य गर्ने गराउने प्रयत्न गरे गराएको प्रमाणित हुन आएमा कार्य समितिले त्यस्तो सदस्यको सदस्यता समाप्त गर्नसक्नेछ। तर यसरी सदस्यता समाप्त गर्नु पूर्व सफाइको मौका दिनुपर्नेछ।

# परिच्छेद–६

## साधारण सभा

**६.१ साधारण सभाको गठन विधि र सभाको सञ्चालन:**

६.१.१ संस्थाको सर्वोच्च निकायको रुपमा साधारण सभा हुनेछ । कार्य समिति साधारण सभा प्रति र साधारण सभा सम्पूर्ण उपभोक्ताहरुको हित प्रति उत्तरदायी हुनेछ । साधारण सभाको निर्णय, निर्देशन कार्यकारी समितिले अनिवार्यरुपमा पालन गर्नुपर्नेछ ।

६.१.२ संस्थाको साधारण सभा वर्षको कम्तिमा १ पटक बस्नेछ । यसलाई वार्षिक साधारण सभा भनिनेछ । यसमा संस्थाको सदस्यता प्राप्त गर्ने सबै व्यक्ति उपस्थित हुन सक्नेछन् । मानार्थ सदस्य पर्यवेक्षकको रुपमा मात्र भाग लिनसक्नेछन् ।

६.१.३ **विशेष साधारण सभा:** कार्यसमितिको निर्णय बमोजिम वा संस्थाको एक चौथाई साधारण सदस्यले लिखितरुपमा अध्यक्ष सामु साधारण सभाको बैठक डाक्न माग गरेमा सचिवद्वारा समितिले तोकेको स्थान, समयमा १५ दिनभित्र विशेष साधारणसभा डाक्न सक्नेछ ।

६.१.४ **सभाको सूचना:** संस्थाको नियमित वार्षिक साधारण सभा बस्नका लागि कम्तमिा ३० दिन अगावै र विशेष साधारण सभा बस्नको लागि कम्तीमा १५ दिन अगावै सभा हुने स्थान, मिति, समय र छलफल हुने विषय उल्लेख गरी साधारण सदस्यलाई सूचना दिइनेछ । यस्तो सूचना संस्थाको सूचना पाटीमा टाँसी वा पत्रपत्रिका मार्फत पनि प्रकाशित गर्न सकिनेछ ।

६.१.५ **गणपूरक संख्या:** सभामा उपस्थित भई मतदान गर्न पाउने कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिलाई सभाको गणपूरक संख्या पुगेको मानिनेछ । तर पहिलो पटक गणपूरक संख्या नपुगेमा दोस्रो पटक एक तिहाई र तेस्रो पटक पनि गणपूरक नपुगेमा तेस्रो पटक एक चौथाई सदस्य संख्या नै सभाको गणपूरक संख्या मानिनेछ । उपस्थित सदस्य संख्याको बहुमतको निर्णय मान्य हुनेछ ।

६.१.६ साधारण सभाको अध्यक्षता कार्य समितिको अध्यक्षले गर्नेछन् । निजको अनुपस्थितिमा उपाध्यक्ष र निज पनि उपस्थिति नभएको अवस्थामा संस्थाको कार्यकारी सदस्य मध्ये छानिएको कुनै एक सदस्यले गर्नेछ । तर जसका विरुद्ध अविश्वासको प्रस्ताव ल्याएको हो उसले सभाको सभापतित्व गर्न पाउने छैन ।

६.१.७ साधारण सभामा पेश गरिने सबै विषयहरु प्रस्तावको रुपमा पेश गर्नुपर्नेछ ।

६.१.८ पक्ष विपक्षमा मत सङ्कलन गर्दा साधारणतया हात उठाई गरिनेछ । मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ । आवश्यक परेमा गोप्य मतदान गराउन सकिनेछ ।

**६.२ साधारण सभाको काम कर्तव्य अधिकार:**

६.२.१ साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) कार्य समितिका सदस्य तथा पदाधिकारीको निर्वाचन गर्ने ।

(ख) लेखा परीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(ग) वार्षिक बजेट पारित गर्ने ।

(घ) लेखा परीक्षण प्रतिवेदन उपर छलफल र निणर्य गर्ने ।

(ङ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

(च) विधान संशोधन तथा विधान र विधानका अधिनमा रही बनाएको नियम विनियममा उल्लिखित अधिकार प्रयोग गर्ने ।

(छ) संस्थाले आयोजना निर्माण सँचालनको लागि समितिले लिएको ऋण तथा सो को ब्याज सहित चुक्ता गर्नुपर्ने रकम बारे छलफल गरी अनुमोदन गरी तोकिएको अवधिमा ऋण रकम चुक्ता गर्न समितिलाई निर्देशन दिने ।

(ज) संस्थाले उपलब्ध गराएको खानेपानी उपभोग गर्न उपयोग हुने मिटरको प्रयोग तथा बिलिङ्ग सम्बन्धमा अनुगमन गर्ने ।

(झ) पानी महसुल, विलम्ब शुल्क वा अन्य सेवा दस्तुरहरुको पुनरावलोकन एवं संशोधन वा परिमार्जनको लागि समितिले प्रस्तुत गर्ने प्रस्ताव माथि स्वीकृति प्रदान गर्ने ।

(ञ) व्यवस्थापन तथा प्राविधिक कामका लागि आवश्यक कर्मचारीहरुको स्थायी/अस्थाइ/करार दरबन्दी स्वीकृत गर्ने ।

(ट) यस समितिको सेवा क्षेत्र बाहिरका छिमेकी गाउँ पालिका वा वडाहरुको विकास निर्माणका कार्यहरुमा सहयोग गर्ने सम्बन्धमा छलफल गरी समितिले गरेको निर्णय अनुमोदन गर्ने ।

(ठ) संस्थाको नियम विनियम बनाउने र संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक समिति वा उप–समिति तथा सल्लाहकार समितिको व्यवस्था गर्ने ।

(ड) संस्थाले सञ्चालन गरेको आयोजनालाई कार्यसमितिले आयोजनाको सञ्चालन सम्बन्धी हस्तान्तरण गर्न सिफारिश गरेकोलाई अनुमोदन गर्ने ।

(ढ) संस्थाको सदस्यता शुल्क सम्बन्धमा आवश्यक निर्णय गर्ने ।

६.२.२ यो विधान र यस विधान अन्तर्गत बनेका नियम र विनियमको अधिनमा रही संस्थाले गर्नुपर्ने सम्पूर्ण काम कारवाही गर्नु तथा कार्य समितिलाई प्राप्त सम्पूर्ण अधिकारको प्रयोग तथा कर्तव्यको पालना गर्नु साधारण सभाको कर्तव्य हुनेछ ।

६.३ **सल्लाहकार:** संस्थाको उद्देश्य प्राप्तिका लागि कसैलाई सल्लाहकारमा नियुक्त गर्न वा सल्लाहकार समिति गठन गर्न आवश्यक छ भन्ने कार्य समितिलाई लागेमा कार्य समितिले सल्लाहकारमा नियुक्ति गर्न वा सल्लाहकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद–७

## कार्य समिति

७.१ **कार्य समिति:** प्रजातान्त्रिक प्रकारको निर्वाचन प्रक्रियाद्वारा संस्थाको काम कारवाही, सञ्चालन, रेखदेख र व्यवस्थापनको लागि कम्तिमा ३ जना महिला सहित नौ जना भएको एक कार्य समितिको गठन हुनेछ । ३ जना महिलामध्ये कम्तीमा १ जना मुख्य पद (सदस्य बाहेक) मा हुनु पर्नेछ ।

**७.१.१ कार्य समितिमा साधारण सभाबाट निर्वाचित देहायका सदस्य रहनेछन् ।**

| | | |
|---|---|---|
| क. अध्यक्ष | – | एक जना |
| ख. उपाध्यक्ष | – | एक जना |
| ग. सचिव | – | एक जना |
| घ. कोषाध्यक्ष | – | एक जना |
| ङ. सदस्य | – | ५ जना |

७.१.२ कार्य समितिका पदाधिकारीको कार्य अवधि २ वर्षको हुनेछ । कुनै कारणवश निधारित समयमाअर्को कार्य समितिको गठन हुन नसकेको अवस्थामा बढीमा १ वर्षसम्म सोही कार्य समितिले कार्य सञ्चालन गर्नसक्नेछ ।

७.१.३ कार्य समितिका पदाधिकारी तथा सदस्यको पदावधि देहायको अवस्थामा समाप्त हुनेछ :

(क) कार्य समितिका अन्य पदाधिकारी तथा सदस्यले अध्यक्ष समक्ष र अध्यक्षले उपाध्यक्ष समक्ष राजिनामा दिई स्वीकृत भएमा ।

(ख) लिखित सूचना बिना लगातार तीनपटकसम्म कार्य समितिको बैठकमा अनुपस्थित भई सोको उचित कारण पेशगर्न नसकेमा ।

(ग) संस्थाको सदस्यता त्यागेमा ।

(घ) मृत्यु भएमा ।

७.१.४ कार्य समितिको कुनै पनि पदाधिकारी वा सदस्य पद कुनै कारणवश कार्यअवधिबीचमा रिक्त हुन गएमा बाँकी अविधिका लागि त्यस्तो रिक्त पदपूर्ति कार्यसमितिको निर्णयले गर्न सक्नेछ । तर बहुमत पदाधिकारी एवं सदस्यको पद खाली भएमा सोको पद पूर्ति साधारण सभाबाट मात्र गर्न सकिनेछ ।

## ७.२ निर्वाचनः

७.२.१ निर्वाचन प्रक्रिया पूरा गर्नको लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समितिको कार्यालय, सम्बन्धित गा.पा. ⁄ न.पा तथा सम्बन्धित नगर आयोजना कार्यालयका एक⁄एक जना प्रतिनिधि रहेको निर्वाचन समिति गठन गरिनेछ। सो समितिको सदस्य सचिवको कार्य जिल्ला विकास समितिबाट प्रतिनिधित्व गर्नेले वहन गर्नेछ। निर्वाचन समितिको संयोजन जिल्ला प्रशासन कार्यालयको प्रतिनिधिले गर्नेछ। निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधी समितिले तयार गरी निर्वाचन हुनु पूर्व ३५ दिन अगाडि नै आयोजना क्षेत्रका उपभोक्ता सदस्यलाई जानकारी गराइनेछ ।

७.२.२ शपथ ग्रहणः नवनिर्वाचित समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुले निर्वाचन समितिको संयोजक समक्ष शपथ ग्रहण गर्नेछन्। सामान्यतया निर्वाचन सम्पन्न भएको ७ दिनभित्र तोकिएको ढाँचामा शपथ ग्रहण गराउनु पर्नेछ र शपथ ग्रहण पछि पदाधिकारीले सम्बन्धित कार्यभार सम्हाल्नु पर्नेछ ।

## ७.३ कार्यकारी समिति तथा पदाधिकारीको काम कर्तव्य अधिकारः

(क) संस्थाको उद्देश्य पूरा गर्ने गराउने ।

(ख) ऋण लिने तथा चुक्ता गर्ने गराउने ।

(ग) खानेपानी तथा सरसफाइ सम्बन्धी सेवा वितरण गर्ने ।

(घ) आयोजनाको सुरक्षा, सञ्चालन, मर्मत सम्भार र रेखदेख गर्ने ।

(ङ) नेपाल सरकारले खानेपानीको लागि निर्धारण गरेबमोजिम गुणस्तर कायम गर्ने ।

(च) सम्बन्धित निकायबाट स्रोत उपयोगको अनुमति लिई स्रोत परिचालन सम्बन्धी आई पर्ने सम्पूर्ण कार्य गर्ने गराउने ।

(छ) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी लेखा परीक्षण गराउने ।

(ज) संस्थाको लागि आर्थिक स्रोत जुटाउने र नियमावली तयार गर्ने ।

(झ) संस्थाको उद्देश्य परिपूर्तिका लागि कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गराउने ।

(ञ) वार्षिक बजेट तथा कार्यक्रम तयार पारी साधारण सभामा पेश गर्ने र साधारण सभाले निर्णय गरे बमोजिम कार्य सञ्चालन गर्ने ।

(ट) संस्थाको उद्देश्य प्राप्तिका लागि आवश्यक समिति वा उप–समिति गठन गर्ने ।

(ठ) संस्थाका लागि कर्मचारी नियुक्ति गर्ने, पारिश्रमिक तथा सेवाका शर्तहरु तोक्ने ।

(ड) संस्थाको कोष सञ्चालन गर्ने ।

(ढ) सल्लाहकार नियुक्ति वा मनोनयन गर्ने ।

(ण) सदस्यता प्रदान वा खारेजी गर्ने ।।

(त) संस्थाको दैनिक कार्य सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउने ।

(थ) विधानमा लेखिएका अन्य कार्य गर्ने ।

(द) आवश्यकता अनुसार अख्तियार प्रत्यायोजना गर्ने ।

(ध) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(न) कार्य समितिको निर्वाचन सम्बन्धी व्यवस्था मिलाउने ।

(प) समितिका सदस्यको सुविधा (बैठक भत्ता तथा अन्य) तोक्ने ।

(फ) प्रचलित ऐन नियमले तोकिए बमोजिमका कार्य नगरेमा सेवा बन्द गर्ने, कटौती गर्ने तथा फुकुवा गर्ने ।

(ब) संस्थाले सेवा उपलब्ध गराए वापत त्यस्तो सेवा प्राप्त गर्ने व्यक्ति वा निकायलाई महसुल तथा सेवा शुल्क तोकी असूल उपर गर्ने गराउने ।

(भ) प्रचलित ऐन कानूनमा तोकिए बमोजिम उपभोक्ता तथा अन्य व्यक्तिले गर्न नहुने कार्य गरेमा समितिले प्रचलित ऐन नियम र यस विधान बमोजिम तोकिएनुसार सम्बन्धित निकायबाट कानूनी उपचार लिने ।

(म) समिति समक्ष हकदावी वा नामसारीको निवेदन पर्न आएमा प्रचलित कानून अनुसार हकदावी तथा नामसारी गरिदिने ।

(य) संस्थाले आयोजना निर्माण सञ्चालन मर्मत, सम्भार तथा विस्तारका लागि नेपाल सरकार, वैदेशिक दातृ संस्था वा अन्य कुनै निकायबाट ऋण वा अनुदान प्राप्त गर्ने र कार्य समितिका बीचमा भएको सम्झौताको शर्त अनुसार तोकिएको समयमा ब्याज सहित रकम चुक्ता गर्दै जाने ।

**७.४ अध्यक्षको काम:**

(क) साधारण सभा एवं कार्य समितिको बैठक बोलाउने ।

(ख) साधारण सभा एवं कार्य समितिको बैठकको अध्यक्षता गर्ने ।

(ग) आवश्यकता अनुसार अन्य क्षेत्रमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(घ) आवश्यकता अनुसार संस्थाकोतर्फबाट कुनै व्यक्ति, संस्था, सरकारी निकायसंग सम्झौता गर्ने ।

(ङ) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने । आवश्यकतानुसार आफूमा रहेका अधिकार प्रत्यायोजना गर्ने ।

(च) संस्थाले सँचालन तथा विकास गरेको आयोजनाको समष्टिगत जिम्मेवारी लिने ।

(छ) आयोजनाको सफल संचालन र उपभोक्ताको हितलाई सर्वोपरि प्राथमिकता दिई समय समयमा आयोजनाको निरीक्षण गर्ने ।

(ज) समितिको बैठकमा कुनै विषयमा छलफल हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।

**७.५ उपाध्यक्षको काम, कर्तव्य र अधिकार:**

(क) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

(ख) अध्यक्षको कार्यमा सहयोग पुऱ्याउने ।

(ग) संस्थाको हित हुने अन्य कार्य गर्ने ।

**७.६ सचिवको काम, कर्तव्य र अधिकार:**

(क) अध्यक्षको निर्देशानुसार वा कार्य समितिको आवश्यकता अनुसार बैठक बोलाउने ।

(ख) कार्य समिति वा साधारण सभाको सूचना दिने ।

(ग) कार्य समिति र साधारण सभाले पारित गरेका निर्णयको अभिलेख राखी कार्य समितिको निर्णय प्रमाणित गर्ने र निर्णय कार्यान्वयका लागि आवश्यक कार्य गर्ने ।

(घ) साधारण सभामा संस्थाको वार्षिक कार्यक्रम पेश गर्ने ।

(ङ) संस्थाको वार्षिक प्रगति विवरण तयार गर्ने ।

(च) संस्थाको उद्देश्य प्राप्तिका लागि नेपाल सरकार वा कुनै दातृ संस्थामा पेश गर्नुपर्ने प्रतिवेदन तयार गर्ने गराउने, संस्थाको हित हुने अन्य कार्य गर्ने गराउने ।

(छ) उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने ।

**७.७ कोषाध्यक्षको काम कर्तव्य र अधिकार:**

(क) संस्थाको आयव्ययको विवरण ठीक दुरुस्त राख्ने, राख्न लगाउने ।

(ख) वार्षिक आर्थिक प्रतिवेदन एवं आय व्यय विवरण तयार गर्ने र कार्य समितिमार्फत साधारण सभामा पेश गर्ने गराउने ।

(ग) नेपाल सरकारको कुनै निकाय वा दातृसंस्था समेतमा पेश गर्नुपर्ने आर्थिक विवरण तयार गर्ने गराउने ।

(घ) संस्थाको आय स्रोत जुटाउन सक्रिय रही संस्थाको दैनिक कार्य सम्पादनका लागि संस्था प्रमुख वा सम्बन्धित निकायसंग सम्पर्क राखी काम गर्ने ।

(ङ) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

(च) संस्थाको लेखा सम्बन्धी कार्यको जिम्मेवारी लिने ।

(छ) अध्यक्षसंगको संयुक्त दस्तखतमा बैंकमा समितिको खाता खोली सञ्चालन गर्ने ।

(ज) कम्तीमा वर्षको एक पटक संस्थाको साधारण सभामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई अनुमोदन गराउने ।

(झ) संस्थाको नाममा जम्मा हुन आएको चलअचल सम्पत्ति नगद जिन्सी आदि सम्पत्तिको जिम्मा लिई त्यसको हिसाब किताब राखी खर्चको फाँटवारी तयार गर्ने गराउने ।

(ञ) आवश्यकता अनुसार तोकिए बमोजिम अन्य काम समेत गर्ने ।

**७.८ सदस्यको काम कर्तव्य र अधिकार:**

(क) कार्य समिति र साधारण सभाको भेलाले निर्णय गरेका कुराहरुलाई कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ख) आयोजनासंग सम्बन्धित विषयमा समस्या परेमा समाधान गर्न कोशिश गर्ने ।

(ग) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायित्वको निमित्त आवश्यक कार्य गर्ने ।

(घ) उपभोक्तासंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने ।

(ङ) कार्य समितिले तोकिएका अन्य कार्य गर्ने ।

**७.९ कार्य समितिको वैठक सम्बन्धी कार्यविधी:**

**७.९.१** कार्य समितिको नियमित वैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

**७.९.२** बैठकमा हुने छलफलका लागि प्रस्तावित विषय सूची सहित, बैठक बस्ने मिति, समय र स्थान उल्लेख

गरी कार्य समितिका पदाधिकारीलाई घटीमा ३ दिन अगाडि नै अध्यक्षको निर्देशनमा कार्य समितिको सचिवले पत्रबाट सूचित गर्नेछ । तर कार्य समितिको सदस्यहरुले प्रस्तुत गर्ने प्रस्तावहरु लिखितरुपमा ३ दिन अगावै सचिव मार्फत पेश गर्नुपर्नेछ र सचिवले अध्यक्षको अनुमतिमा उक्त प्रस्तावहरु बैठक शुरु हुनु भन्दा १ दिन अगावै कार्य समितिका अन्य सदस्यहरुलाई लिखितरुपमा जानकारी गराउनेछ ।

**७.९.३** बैठकको अध्यक्षता: कार्य समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्षको पनि उपस्थिती नरहेमा समितिका जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछन् ।

**७.९.४** दुई तिहाई भनी किटान गरिएको विषयहरुमा बाहेक अन्य विषयहरुमा सामान्य बहुमतको आधारमा निर्णय गरिनेछ ।

## परिच्छेद ८

## आर्थिक स्रोत

८.१ **संस्थाको आर्थिक स्रोत देहाय बमोजिम हुनेछ:**

(क) सरकारी वा गैरसरकारी संस्थाबाट ऋण सहयोग वा अनुदान स्वरुप प्राप्त रकम ।

(ख) सदस्यता शुल्कबाट प्राप्त रकम ।

(ग) विदेशी दातृसंस्थाबाट प्राप्त रकम (यस्तो रकम प्राप्त गर्दा नेपाल सरकारको स्वीकृति लिइनेछ) ।

(घ) साधारण सभा वा कार्य समितिले निर्णय गरे बमोजिम प्राप्त हुने रकम ।

(ङ) अन्य प्रचलित व्यहोराले संस्थाले प्राप्त गर्ने रकम ।

(च) उपभोक्ताबाट उठाइएको पानी महसुल लगायत अन्य रकम ।

(छ) दण्ड जरीवानाबाट उठेको रकम ।

(ज) निर्माण वा अन्य स्रोतबाट आयोजनामा वचत भएको रकम ।

(झ) चन्दा संकलन तथा बैंक व्यापारबाट प्राप्त रकम आदि ।

८.२ **चल अचल सम्पत्तिको विवरण:** यस विधान बमोजिम प्राप्त रकम तथा संस्थाको नाउँमा रहेको चलअचल जायजेथा संस्थाको सम्पत्ति हुनेछ । सम्पत्तिको परिचालन कार्य समितिले निर्णय गरे बमोजिम हुनेछ ।

८.३ **कोष र कोषको संचालन:** संस्थाको एउटा छुट्टै कोष हुनेछ । सो कोषमा दफा ८.१ बमोजिम प्राप्त रकम आम्दानी बाँधिनेछ । अध्यक्ष, सचिव र कोषाध्यक्ष तीन जनाको संयुक्त दस्तखत वा कार्य समितिले निर्णय गरी तोकेका व्यक्तिहरुबाट बैंकमा कुनै पनि खाता खोली यी मध्ये कुनै दुई जनाको संयुक्त दस्तखतबाट खाता सञ्चालन गरिनेछ ।

८.४ **लेखा र लेखा परीक्षण:**

८.४.१ संस्थाको सम्पत्ति र आयव्ययको विवरण कार्य समितिले तोकिए बमोजिम राखिनेछ ।

८.४.२ आर्थिक वर्ष तमाम भएको मितिले ६ महिनाभित्र संस्थाको आयव्यय विवरण र वासलात तयार गरी रजिष्टर्ड लेखा परीक्षकद्धारा लेखा परीक्षण गराइनेछ ।

८.४.३ लेखा परीक्षण भई सके पछि सो हिसाब विवरण र तत्सम्बन्धी लेखा परीक्षकको प्रतिवेदन कार्य समितिमा पेश गरी कार्यकारी समिति मार्फत साधारण सभामा पेश गरिनेछ ।

८.४.४ जलस्रोत नियमावलीमा व्यवस्था भएअनुसार लेखा परीक्षण गर्ने गराउने ।

# परिच्छेद ९

## निर्वाचन सम्बन्धी व्यवस्था

**९.१ निर्वाचन सम्बन्धी व्यवस्था:**

९.१.१ निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि कार्य समितिले तोके बमोजिम हुनेछ ।

९.१.२ संस्था दर्ता भएको ६ महीना भित्र पहिलो निर्वाचन गराई सोको जानकारी जिल्ला जलस्रोत समिति लगायत अन्य सम्बन्धित निकायलाई दिइनेछ ।

९.१.३ निर्वाचित सदस्य तथा पदाधिकारीको कार्यावधि दुई वर्षको हुनेछ ।

९.२ **उम्मेदवार हुने अयोग्यता:** यस विधानको धारा ५.४ बमोजिमको अयोग्यता भएको व्यक्ति कार्य समितिको सदस्य तथा पदाधिकारीको पदमा उम्मेदवार हुनसक्ने छैन ।

**९.२.१** कार्य समिति सामूहिक एवं व्यक्तिगतरुपले साधारण सभाप्रति उत्तरदायी हुनेछ ।

**९.२.२** कार्य समितिको कुनै सदस्य वा पदाधिकारीले यस संस्थाको विरुद्ध कार्य गरी संस्थालाई हानी नोक्सानी पुर्‍याउन खोजेको कुरा प्रमाणित हुन आएमा त्यस्तो सदस्य उपर साधारण सभामा मतदान गर्न पाउने सदस्यले लिखित प्रस्ताव कार्य समिति समक्ष दर्ता गरी त्यस्तो प्रस्ताव सभामा पेश हुँदा दुई तिहाई सदस्यद्वारा पारित भएमा त्यस्तो सदस्य वा पदाधिकारी स्वत: हटेको मानिनेछ ।

तर, जस उपर अविश्वासको प्रस्ताव दर्ता भएको हो उसलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिइनेछ ।

९.३. **विधान संशोधन:** यो विधान संशोधन गर्नु परेमा साधारण सभाको दुई तिहाई सदस्यको बहुमतले संशोधन प्रस्ताव पारित गर्नुपर्नेछ । संस्था दर्ता ऐन बमोजिम स्थानीय अधिकारीको स्वीकृति प्राप्त भएपछि मात्र संशोधन लागु हुनेछ ।

९.४. **नियम विनियम बनाउने:** संस्थाको उद्देश्य प्राप्त गर्न प्रचलित ऐन कानून र यस विधानसंग नबाझिने गरी कार्य समितिले आवश्यक नियम विनियम बनाई लागु गर्न सक्नेछ ।

९.५. **संस्थाको विघटन:** संस्थाले विधान बमोजिम कार्य गर्न नसकी वा अन्य कुनै कारणले संस्था विघटन भएमा संस्थाको नाममा रहेको चलअचल श्रीसम्पत्ति र कानूनद्वारा श्रृजित दायित्व जलस्रोत ऐन, २०४९ र खानेपानी नियमावली, २०५५ बमोजिम तोकिएको निकायमा सर्नेछ ।

९.६ **व्याख्या गर्ने अधिकार:** यो विधानको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

९.७ **निष्क्रिय हुने:** यस विधानमा लेखिएका कुराहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्क्रिय भएको मानिनेछ ।

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनामा
# लैङ्गिक समानता र सामाजिक समावेशी कार्ययोजना

## लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना (GESI Action Plan)

| क्रियाकलापहरु | सूचक तथा लक्ष्यहरु | जिम्मेवारी | समय |
|---|---|---|---|
| **आशातित प्रतिफल १ -नगर आयोजनाहरुमा खानेपानी तथा सरसफाइ संरचनाहरुको सुधार** | | | |
| १.१ आयोजना सम्बन्धी मौखिक तथा परामर्श छलफलहरुमा महिला, गरिब तथा जोखिमयुक्त वर्गको सहभागिताको सुनिश्चितता । | क.आयोजना सम्बन्धी मौखिक तथा परामर्श छलफलहरुमा स्थानिय समुदायको सहभागिता - ( लक्ष्य : ३३% महिला र २५% पिछडिएका र जोखिमयुक्त वर्ग ) सामाजिक र वातावरणीय, पुनर्वास, धारा जडान लागत, महशुल निर्धारण र गरिब घरधुरीहरु लागि सहयोग लगायत बिषयका परामर्श तथा छलफलमा सहभागिता - (लक्ष्य : १ क्रियाकलाप हरेक नगर आयोजना : दुई वर्ष भित्रमा २० वटा नगरपालिकाहरुमा, जम्मा २० सेसन) | क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताको सहयोगमा | वर्ष: १- २ |
| १.२. आयोजना क्षेत्रभित्र अनुदान कार्यक्रमबाट गरिव तथा जोखिमयुक्त घरधुरीलाई धारा जडान तथा चर्पि निर्माण सुविधा प्रदान गरिने साथै महिला घरमुली भएका घरधुरीहरुलाई समेत समावेश गरिने । | क. सामाजिक आर्थिक सर्वेक्षणबाट नगर आयोजनामा गरिबि, जाति–जनजाति, घरमुली र जोखिमयुक्त वर्गको पहिचान गर्ने तथा लैङ्गिक, जात/जाति, जनजाति आदिको खण्डिकृत तथ्यांक व्यवस्थित गर्ने ।<br>ख..१०,००० गरिब तथा जोखिमयुक्त घरधुरीमा अनुदान सहयोगबाट धारा जडान गरीने, जसमा १००% गरिब तथा जोखिमयुक्त महिला घरमुली भएका घरधुरी समावेश गरिने ।<br>ग. आयोजनाको सेवाक्षेत्र भित्रका प्रति महिलाले प्रति दिन औषत् पानी संकलन गर्न लाग्ने समय घटाएर शुन्यमा ल्याउने । (आधार तथ्याँङ्क : राखिने)<br>घ. ८,००० गरिब तथा जोखिमयुक्त घरधुरीमा अनुदान सहयोगबाट चर्पि निर्माण गरीने, जसमा १००% गरिब तथा जोखिमयुक्त महिला घरमुली भएका घरधुरी समावेश गरिने ।<br>ङ. २० वटा सार्वजनिक शौचालय प्रशस्त ठाउँ सहितका लैङ्गिक आधारमा फरक फरक (Sex segregated) निर्माण गरीने ।<br>च. नगर आयोजनाहरुमा सार्वजनिक स्थानमा बन्ने वाश (WASH) संरचनाहरुको डिजाइन शारिरिक असक्त व्यक्तिहरुको (Differently-abled) लागि उपयुक्त बनाइने । | आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता, आयोजना व्यवस्थापन तथा गुणस्तर निर्धारण परामर्शदाता, समितिहरु र नगरपालिकाहरु | वर्ष: २-४ |
| १.३ निर्माण व्यवसायीलाई प्रेरित गरी निर्माण कार्यमा | क.राष्ट्रिय Core Labor Standards (CLS), ज्यालामा लैङ्गिक समानता, लैङ्गिकताको आधारमा हिंसा(यौनिक हिंसा तथा मानब बेचबिखन), | आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय | वर्ष: १-५ |

| क्रियाकलापहरु | सूचक तथा लक्ष्यहरु | जिम्मेवारी | समय |
|---|---|---|---|
| गरिव महिला तथा जोखिमयुक्त वर्ग, प्रभावित व्यक्तिहरु, जनजाति आदिलाई दक्ष र अदक्ष काममा लगाउनु पर्ने । साथै राष्ट्रिय कोर लेबर स्टाण्डर्ड (CLS) लागु गर्नुपर्ने । | कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा स्तर (Occupational Health & Safety Standards)आदि बारेमा सबै निर्माण व्यवसायी तथा श्रमिकहरुलाई ओरियेन्टेशन प्रदान गरीने ।<br>(लक्ष्य : हरेक नगर आयोजनाहरुमा एक–एक पल्ट ओरियेन्टेशन । जम्मा : २२ वटा)<br>ख. निर्माण कार्य कार्यन्वयन गर्दा निर्माण व्यवसायीले कम्तिमा पनि जम्मा श्रमिकमध्येमा **१५% महिलाहरुलाई** निर्माण कार्यमा लगाइ रोजगारी दिनुपर्ने । गरिव तथा महिला/पुरुषलाई रोजगारीको समान अवसर प्रदान गर्ने । समान कामको लागि महिला/पुरुषले समान ज्याला उपलब्ध गराउनु पर्ने ।<br>ग.जात/जाति तथा जनजाति कामदारको खण्डिकृत तथ्यांक तथा मासिक तलब बुझेको रेकर्ड निर्माण व्यवसायीले राख्नु पर्ने र सो तथ्यांकलाई क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताबाट (RDSMC) भेरीफाइ गराउने । | डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरु, निर्माण व्यवसायी, समितिहरु र नगरपालिकाहरु | |
| **आशातित प्रतिफल २ -सस्थागत तथा सामुदायिक क्षमता अभिवृद्धि** | | | |
| २.१. नगरपालिकाका लागि वाश योजना (WASH plan) लगायत लगानीका लागि प्राथमिकता तयार गर्ने । | क. २० वटा नगर आयोजनाको वाश योजना (WASH plan) र लगानीका प्राथमिकता क्षेत्रमा GESI का अबधारणा अनुसार (Approaches) सबै क्षेत्रमा (Components) लैङ्गिक समानता र सामाजिक समावेशीता अपनाइने छ । तय भएको GESI लक्ष अनुसार प्रयास गरिने । | आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरु | वर्षः १-३ |
| २.२ समावेशी रुपमा खानेपानी तथा सरसफाइ समिति गठन । | क. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका सदस्यहरुमा ३३% महिलाको प्रतिनिधित्व रहने साथै पिछडिएको वर्ग, जोखिमयुक्त वर्गको समेत प्रतिनिधित्व रहने ।<br>ख. ३३% महिला सदस्यहरु मध्येमा कम्तिमा पनि १ जना मूख्य पदाधिकारीमा रहने ।<br>ग. संस्था/समितिमा पिछडिएका र जोखिमयुक्त वर्गबाट प्रतिनिधित्वको सुनिश्चितता । | आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरु | वर्षः १-३ |
| २.३ भविष्यमा लगानीका लागि जलवायु अनुकुलन (Climate Resillient) खानेपानी तथा सरसफाइ उप आयोजना तयार गरिने । | क. भविष्यमा लगानीका लागि तयारी गरिने १५ वटा उप आयोजनाहरुमा लैङ्गिक समानता र सामाजिक समाबेशी अवधारणा (GESI approach) समाबेश गरीने । | आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरु | वर्षः १-५ |
| २.४. जनचेतना अभियान संचालन गर्ने : पानी सुरक्षण ( Water Safety), दीगो स्वास्थ्य तथा | क. कम्तिमा एकलाख (१००,०००) जनसमुदाय समक्ष जनचेतना अभियान मार्फत पानी सुरक्षण ( Water Safety), दीगो स्वास्थ्य तथा सरसफाइ आचरण, व्यवहारहरु आदि बारेमा सुसुचित गराउने । (लक्षः ५०% महिला सहभागिता) । | क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, नगरपालिका, क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन | वर्षः २-४ |

| क्रियाकलापहरु | सूचक तथा लक्ष्यहरु | जिम्मेवारी | समय |
|---|---|---|---|
| सरसफाइ आचरण, व्यवहारहरु आदि तथा तालिमहरु : WASH क्षेत्रमा GESI को प्रावधान तथा नेतृत्व विकास आदि । | ख. हरेक उपभोक्ता समितिबाट २ जना महिलाहरुका दरले WASH क्षेत्रमा GESI को प्रावधान तथा नेतृत्व विकास आदि । विषयमा तालिम प्रदान गरिने ।<br>ग. WASH तालिममा किशोरीहरुको मासिक menstrual स्वास्थ्य लगायत विषयमा समेत सुसुचित गराउन सार्वजनकि प्राथमिक विधालय तथा माध्यमिक विधालयमा संचालन गर्ने । (लक्षः २ विधालय प्रति नगरआयोजना, जम्मा ४० सेसन) । | परामर्शदाताहरुको सहयोगमा । | |
| २.५. शीप विकास तालिम तथा रोजगारीको व्यवस्था (तालिम लिएकाहरुका लागि ) | क. हरेक नगर आयोजनाहरुबाट कम्तिमा १ महिला र जोखिमयुक्त वर्गबाट १ जनालाई CTEVT अन्तर्गत प्रथम तहको Plumbing Training मा सामेल गराउने । NSTB or CTEVT बाट सीप परिक्षण गरीपास भए पश्चात रोजगारीको लागि उपलब्ध गराउने ।<br>(लक्ष्य : २ जना तालिमे (१ महिला र १ गरिब तथा जोखिमयुक्त वर्गबाट -प्रति नगरपालिका २ जना, जम्मा : ४०) १ जना गरिब घरधुरीलाई<br>ख. हरेक नगर आयोजनामा कम्तिमा तालिमप्राप्त १ जना महिला वा गरिब, जोखिमयुक्त घरधुरीबाट नगर आयोजनामा काम सिक्ने अबस्था मिलाई ( बिशेष गरी पाइप जडान, फिटिङ्ग फिक्स गर्ने, पानी संचालन आदि) आयोजना सम्पन्न पश्चात रोजगारीको व्यवस्था गरीने ।<br>ग. खानेपानी तथा ढल व्यवस्थापन विभाग, नगर विकास कोष, नगर आयोजनाका खानेपानी तथा सरसफाइ समितिहरु, नगरपालिका आदिका कम्तिमा ६६ जना महिला कर्मचारीहरुलाई Smart Utility Management & Leadership विषयको तालिममा सहभागि गराइने । | आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय क्षेत्रीय आयोजना व्यवस्थापन कार्यलय, क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरु र समितिहरु | वर्षः २-५ |
| २.६. आयोजना कार्यान्वयन चरणमा लैङ्गिक समानता र सामाजिक समावेशी कार्य योजना Gender Equality and Social Inclusion Action Plan) कार्यान्वयनको अनुगमन गर्ने तथा प्रगति प्रतिवेदन तयार गर्ने । | क. लैङ्गिक समानता र सामाजिक समावेशी कार्य योजना (Gender Equality and Social Inclusion Action Plan) काार्यान्वयन भएको आधारमा त्रैमासिक प्रगति प्रतिवेदन तथ्यांक अपडेट(दुरुस्त) बनाएर बुझाइने (कार्यान्वयन भएका क्रियाकलापहरुमा सहभागिताको आधारमा लैङ्गिक, जात/जाति, जनजातिको खण्डिकृत तथ्यांक ) | आयोजना व्यवस्थापन कार्यालय र क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरु | वर्षः १-५ |

| |
|---|
| कार्यालय प्रयोजनका लागि<br>दर्ता नं. :<br>मिति : |

श्रीमान् अध्यक्षज्यू
खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समिति,
……… शहरी आयोजना,
शहरी खानेपानी तथा सरसफाइ आयोजना
……………………, नेपाल ।

**विषय : धारा जडानको दरखास्त**

महाशय,

उपरोक्त विषयमा यस नगर पालिका/गा.पा. वडा नं. ……… मा निर्माण शुरु हुन लागिरहेको …..शहरी खानेपानी तथा सरसफाइ आयोजनाबाट वितरण हुने (स्वास्थ्यमा प्रतिकूल असर पार्ने प्रदुषण रहित पाइप प्रणालीको) स्वच्छ सफा तथा प्रशोधित खानेपानी उपभोग गर्न इच्छुक भएकोले तलको विवरणका साथै दरखास्त रु. २००/– (रु. दुई सय) आवेदन दस्तुरसहित धाराजडानको लागि निवेदन गर्दछु ।

**विवरण**

१. आवेदक ……………………………………
२. श्रीमान्/श्रीमतीको नाम : ……………………………
३. ठेगाना : वडा नं. …….. टोल :……………… घर नं. ……………
४. लिन चाहेको धाराको र पानी उपभोगको किसिम (लिन चाहेको किसिममा ☐ चिन्न लगाउने)
   क) निजी : घरायसी/औद्योगिक/सस्थागत ☐
      अ) पूर्ण पाइप प्रणालीबाट विभिन्न तल्लामा धारा जडान हुने (Fully Plumbed Connection) ☐
      आ) कम्पाउण्डभित्र एक धाराबाट पानी प्रयोग गर्ने (Yard Connection) ☐
   ख) सामुदायिक : घरायसी/संस्थागत
५. परिवार संख्या : जम्मा ☐ पुरुष ☐ महिला ☐
६. धारा जडान गरिने घर जग्गाको विवरण
   क) लालपुर्जावालाको नाम :
   ख) ठेगाना : वडा नं.: ……. नक्सा नं.: ….. कित्ता नं.: …
   ग) क्षेत्रफल : बिगाहा/रोपनीः…………… कठ्ठा/आना ……. धुर/पैसाः ………
७. पूँजीगत लगानी बेहोर्नुपर्ने निम्न बमोजिमका शर्तहरू मलाई मान्य हुनेछ :
   क) रु २००/– (रु. दुई सय) आवेदन दस्तुर यसैसाथ संलग्न छ ।
   ख) सम्भाव्यता अध्ययनपश्चात् डेढ महिनाभित्र अनुमानित लागत अनुमान रकमको …%ले हुने रकमको दामासाहीले पर्न आउने रकम बुझाउनेछु ।
८. रकम बुझाउनेको नाम : दस्तखतः मितिः
९. रकम बुझ्नेको नाम : दस्तखतः मितिः
१०. बेहोरा प्रमाणित गर्ने (सचिव, खा.पा.उ.स.स.) दस्तखतः मितिः

**पुनश्च** : श्रीमान्/श्रीमती दुवैले खा.पा.उ.संस्था/समितिको साधारण सदस्यता पाउने आवेदन दर्ताक्रमका आधारमा प्राथमिकता सूची कायम भए बमोजिम धारा जडान गरिपाउने तथा खा.पा.उ.स.स.ले तोके बमोजिम धाराजडान दस्तुर, मासिक महसुल नियमित रुपमा बुझाउने तथा अन्य शर्तहरू मान्य हुने गरी घरधनी पुर्जा (लालपुर्जा) प्रतिलिपि १ थान यसै साथ नत्थी गरी खा.पा.उ.संस्था/समितिको साधारण सदस्यताका लागि आवेदन गर्दछु ।

**निवेदकको नाम** : ………………………………
**दस्तखत** : …………………………………………
**ठेगानाः** ……………………………………………
**मिति** : ……………………………………………

# आयोजना सम्पन्न भएपछि आयोजनाले प्रदान गरेको लाभको अनुगमन तथा मूल्याङ्कन

## (Benefit Monitoring and Evaluation - BME)

आयोजनाले प्रदान गरेको लाभको अनुगमन तथा मूल्याङ्कन (BME) कार्य आयोजना सम्पन्न भएको कम्तिमा एक वर्ष पछि अनिवार्य रुपमा थालनी गर्नु आवश्यक हुन्छ। यस अध्ययन कार्यले विशेषतः निम्न कुराहरु एकिन गर्नेछ।

क. आयोजनाले चाहे अनुसारको खानेपानी सेवा निरन्तर प्रदान गरिहेको छ वा छैन ?

ख. आयोजना सञ्चालनको शुरुमा लक्ष्य अनुसार प्रदान गरिएको तत्कालिन सेवाको प्रयोग भई रहेको छ वा छैन ?

ग. प्रदान गरिएको सेवाले आयोजनालाई तत्काल फाइदा पुऱ्याई रहेको छ वा छैन ?

माथि उल्लेखित बुँदाहरुको आधारमा प्रत्येक शहरी आयोजनाको लाभ अनुगमन तथा मूल्याङ्कन निम्न अनुसार एकिन गरिने छ।

**१. फाइदा अनुगमन (Benefit Monitoring)**

क. प्रदत्त सेवाको (Delivery of Services) पहिचान अन्तर्गत निम्न कार्यहरुको अध्ययन गर्नेछ ।

- आयोजना सञ्चालन प्रकृया
- उपभोक्ता संस्था/समितिको व्यवस्थापन प्रकृया
- खा.पा.उ.स.स./ स्थानीय सरकारका पदाधिकारी तथा कर्मचारीहरुको आयोजना संचालन सम्बन्धी तालिमको उपादेयता
- आयोजनाको सफल निर्माण तथा सञ्चालन प्रकृयाको अध्ययन
- स्वास्थ्य तथा सरसफाइ शिक्षा
- प्रतिफलमा आधारित अनुदान सहयोगबाट निजी चर्पी निर्माणमा सहयोग र अन्य चर्पी निर्माणमा प्रोत्साहन
- सामुदायिक/सार्वजनिक शौचालय निर्माण
- ढल निकास प्रणाली
- स्लज ड्राइंग बेड्सको अवस्था
- अन्य....

ख. सेवाको प्रयोग (Use of Services) र पहिचानका निम्न बुँदाहरुको अध्ययन गरिने छ।

- खानेपानीको खपत (Water Consumption)
- आयोजना र यसको संरचनाको व्यवस्थापन (Project System Management)
- खानेपानी आयोजना संचालन, उपभोक्ता संस्था/समितिबाट भई रहेको खानेपानी आयोजना संचालन तथा मर्मत संभार कार्य
- खानेपानीको उचित भण्डारण तथा उपयोग

- निर्माण भएको निजी, संस्थागत तथा सार्वजनिक चर्पी/सौचालय तथा अन्य सरसफाई सुविधा, संरचनाहरुको उचित प्रयोग तथा सम्भार

ग. खानेपानी आयोजनाबाट तत्काल प्राप्त लाभ (Immediate and Tangible Beneficial Effect) र अवसरको पहिचान अध्ययन गरिने छ।

- प्रति व्यक्ति पानी प्रयोगमा भएको वृद्धि
- पानी ल्याउन लाग्ने गरेको समय तथा हालको समय बचत
- बचत भएको समयको वैकल्पिक कार्यमा प्रयोग
- बिरामीको अवस्था तथा मृत्युदरमा (Morbidity and Mortality) आएको परिवर्तनको अध्ययन

**२. लाभ मूल्याङ्कन (Benefit Evaluation)**

आयोजनाबाट प्राप्त लाभको मूल्याङ्कन मुख्यतया निम्न सूचकहरुका आधारमा गर्न सकिन्छ।

**क. आयोजनाको दिगोपना (Sustainability)**

आयोजनाको दिगोपनालाई निम्न सूचकहरुको आधारमा मूल्याङ्कन गर्न सकिन्छ।

- आयोजनाको व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास (Human Resource/Capacity Development)
- स्थानीय संस्थाको क्षमता (Local Institutional Capacity)
- आयोजनाको लागतमा उपभोक्ताको हिस्सेदारी (Consumers' Cost Sharing)
- सम्बद्ध संस्था/निकायहरुबीचको समन्वय तथा सहकार्य (Coordination & Collaboration Among Stakeholders)

**ख. आयोजनाबाट उपलब्ध सुविधाको प्रभावकारी प्रयोग (Effective Use)**

आयोजनाबाट उपलब्ध सुविधाको उपयोगमा प्रभावकारिता भए नभएको अध्ययन निम्न सूचकहरुको आधारमा गर्न सकिन्छ :

- आयोजनाबाट उपलब्ध सुविधाको अधिकतम उपयोग (Optimal Use)
- स्वास्थ्य तथा सरसफाइ पक्षमा उपभोक्ताहरुमा आएको सकारात्मक परिवर्तन र अभ्यास (Positive change in health, hygiene and sanitation practices)
- आयोजना संचालन पूर्व र पश्चात् उपभोक्ताहरुबाट भएको पानी प्रयोगमा गुणात्मक वृद्धि (Consistency in Use)

**ग. आयोजनामा देखिएका सकारात्मक पक्षहरुको प्रयोग/अनुकरण (Replicability)**

यस अन्तर्गत आयोजनामा देखिएका सकारात्मक पक्ष तथा प्रभावहरुलाई उपभोक्ता समुदायले अन्य आयोजनामा प्रभावकारी प्रयोग/अनुकरण गर्न प्रयत्न गर्ने।

माथि उल्लिखित सबै पक्षहरुको अध्ययन गर्न विभिन्न सूचकहरु (Indicators) को पहिचान गरी सामाजिक र आर्थिक विवरण (Socio-economic Profile) बाट सङ्कलित आधारभूत तथ्याङ्क (Baseline /Benchmark) का आधारमा आयोजनामा देखिएको आमूल परिवर्तनको लेखाजोखा र आयोजनाले पुऱ्याएको लाभको अनुगमन तथा मुल्याङ्कन गरिने छ।

लाभको अनुगमन तथा मुल्याङ्कन कार्यको लागि आयोजनाका ३ चरणमा गरिएका कार्यहरुको तथ्याङ्क तथा सूचकहरु निम्न अनुसारका फरमेटमा उपभोक्ता संस्था/स्थानीय सरकार, आयोजना व्यवस्थापन कार्यालय, क्षेत्रीय

आयोजना व्यवस्थापन कार्यालय, खानेपानी तथा ढल व्यवस्थापन विभागमा अद्यावधिक गरी राख्नु पर्ने छ ।

**१. आयोजनाको तयारी चरण (Project Preparation Phase - PPP)**

आयोजना क्षेत्रको आधारभूत जानकारी प्रतिवेदन (Baseline Survey) को आधारमा फरमेट ए (Format A)"मा १० वटा निम्नानुसारका मुख्य सूचांकहरुको तथ्याङ्क राख्ने :

क) घरधुरी तथा जनसंख्या विवरण

ख) आर्थिक विवरण

ग) पानी सम्बन्धी सेवा

घ) पानी सम्बन्धी कठिनाई

ङ) सरसफाई अवस्था

च) पानी शुद्धीकरण/प्रशोधन पद्धति

छ) पानी र पानी जन्य रोगको प्रकोप, उपचार र त्यसमा लाग्ने खर्च आदि

ज) ढलको अवस्था

झ) फोहोर मैलाको व्यवस्थापन पद्धति

ञ) महिला तथा गैरलाभान्वित वर्गको स्थिति विश्लेषण

**२. निर्माण चरण (Project Implementation Phase - PIP)**

५ वटा मूख्य सूचांकहरुका आधारमा फर्मेट बी (Format B) तथ्याङ्क राख्ने :

क) जनसहभागिता र संस्थागत क्षमता

ख) व्यवस्थापकीय दक्षता/क्षमता अभिवृद्धि

ग) प्रतिफलमा आधारित अनुदानबाट धारा जडान तथा चर्पी निर्माण सम्बन्धी जानकारी

घ) चालु आयोजनामा खानेपानीको व्यवस्थापन

ङ) संचालन तथा मर्मत सम्भार

**३. संचालन तथा सम्भार चरण (Project Operation and Maintenance Phase - POMP)**

७ वटा मूख्य सूचांकहरुका आधारमा फर्मेट सी (Format C) मासिक तथ्याङ्क राख्नेः

क) पानी उत्पादन र आपूर्ति

ख) व्यवस्थापन (कर्मचारी संख्या)

ग) आर्थिक विवरण (मासिक महसूल संकलन, खर्च आदि)

घ) स्वास्थ्य तथा सरसफाइ

ङ) विपन्न वर्गका लागि व्यवस्था (प्रतिफलमा आधारित अनुदान)

च) महिला तथा गैर लाभान्वित वर्ग सम्बन्धी अवस्था

छ) लाभ तथा चुनौतीहरु

# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना

## खानेपानी तथा सरसफाइ सेवा अनुगमन फारम (फर्मेट सी')[1]

**शहरी आयोजनाको नाम :**

**आयोजना संचालन मिति :** **जिल्ला :**

| आयोजना संचालन स्थिति संकलन | | आधारभूत तथ्याङ्क मिति | विवरण संकलन अवधि | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. | | महिना | |
| क्र. सं. | सूचकहरु | इकाई | संचालन अवस्था सम्बन्धी विवरण | | | कैफियत |
| | | | बेसलाइन | डिजाइन | हालको | |
| | घरधुरी संख्या | संख्या | | | | |
| | कूल जनसंख्या | संख्या | | | | |
| क. | खानेपानी सेवा संचालन स्थिति | | | | | |
| क.१ | खानेपानी सेवा | | | | | |
| १ | पानी उत्पादन (औसत) | घ.मि./दिन | | | | |
| २ | निजी धारा जडान तथा खपत पानी | | | | | |
| | क. घर भित्र (संख्या) | संख्या | | | | |
| | खपत पानी | घ.मि./दिन | | | | |
| | ख. घर कम्पाउण्ड (संख्या) | संख्या | | | | |
| | खपत पानी | घ.मि./दिन | | | | |
| | ग. सामुहिक संख्या | संख्या | | | | |
| | खपत पानी | घ.मि./दिन | | | | |
| | घ. संस्थागत (संख्या) | संख्या | | | | |
| | खपत पानी | घ.मि./दिन | | | | |
| | जम्मा खपत पानी/बिक्री (क देखी घ) | घ.मि./दिन | | | | |
| | दैनिक पानी उपलब्धता | घ.मि./दिन | | | | |
| | नोक्सानी (Non Revenue Water) भएका पानी | प्रतिशत | | | | |
| ३ | लाभान्वित जनसंख्या | | | | | |
| | क. घर भित्र | संख्या | | | | |
| | ख. घर कम्पाउण्ड | संख्या | | | | |
| | ग. सामूहिक | संख्या | | | | |
| | घ. संस्थागत | संख्या | | | | |
| | जम्मा | संख्या | | | | |
| ४ | सेवा विहिन घरधुरी | संख्या | | | | |
| क.२ | कर्मचारी संख्या | संख्या | | | | |
| | क. प्राविधिक | | | | | |
| | महिला | संख्या | ब्रा./क्षे. | ज.ज./ | दलित | अन्य |

[1] **ब्रा./क्षे.**: ब्राम्हण/क्षेत्री, **ज.ज./ आ.बा.**: जनजाति रआदिवासी
यस फर्मेटमा चाहिने विवरणहरु मध्ये आर्थिक विवरण (क ३. - क ६. सम्म) प्रत्येक महिनामा र अन्य विवरण हेरफेर भएअनुसार खा.पा.स.स.ले अद्यावधिक गरी प्रत्येक महिनामा सम्बन्धित निकायलाई पठाउनु पर्ने ।

| आयोजना संचालन स्थिति संकलन | | आधारभूत तथ्याङ्क मिति | विवरण संकलन अवधि | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. | | महिना | |
| क्र. सं. | सूचकहरु | इकाई | संचालन अवस्था सम्बन्धी विवरण | | | कैफियत |
| | | | बेसलाइन | डिजाइन | हालको | |
| | | | | आ.बा. | | |
| | पुरुष | संख्या | | | | |
| | ख.व्यवस्थापकीय | | | | | |
| | महिला | संख्या | | | | |
| | पुरुष | संख्या | | | | |
| | ग. सामुदायिक कार्यकर्ता | | | | | |
| | महिला | संख्या | | | | |
| | पुरुष | संख्या | | | | |
| | घ. स्वास्थ्य स्वयंसेवा | | | | | |
| | महिला | संख्या | | | | |
| | पुरुष | संख्या | | | | |
| क.३ | आर्थिक विवरण | | | | | |
| | १.न्युनतम खपतको सेवाशुल्क दर | | | | | |
| | क. घर भित्र | रु/महिना | | | | |
| | ख. घर कम्पाउण्ड | रु/महिना | | | | |
| | ग. सामूहिक | रु/महिना | | | | |
| | घ. संस्थागत | रु/महिना | | | | |
| २ | न्युनतम सेवाशुल्क खपत सीमा | | | | | |
| | क. घर भित्र | घ.मि./महिना | | | | |
| | ख. घर कम्पाउण्ड | घ.मि./महिना | | | | |
| | ग. सामुहिक | घ.मि./महिना | | | | |
| | घ. संस्थागत | घ.मि./महिना | | | | |
| ३ | मासिक बिल | | | | | |
| | क. घर भित्रको धारामा (Fully Plumbed) | रु. | | | | |
| | ख. कम्पाउण्डभित्रको धारामा (Half Plumbed) | रु. | | | | |
| | ग. सामूहिक धारामा | रु. | | | | |
| | घ. संस्थागत धारामा | रु. | | | | |
| | जम्मा विल | | | | | |
| ४ | मासिक सेवाशुल्क संकलन | | | | | |
| | क. घर भित्र | रु. | | | | |
| | ख. घर कम्पाउण्ड | रु. | | | | |
| | ग. सामुहिक | रु. | | | | |
| | घ. संस्थागत | रु. | | | | |
| | जम्मा मासिक सेवाशुल्क संकलन | रु. | | | | |
| ५ | संकलन हुन बाँकी | | | | | |
| | क. घर भित्रको धारामा | रु. | | | | |

| आयोजना संचालन स्थिति संकलन | | आधारभूत तथ्याङ्क मिति | विवरण संकलन अवधि | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. | | महिना | |
| क्र. सं. | सूचकहरु | इकाई | संचालन अवस्था सम्बन्धी विवरण | | | कैफियत |
| | | | बेसलाइन | डिजाइन | हालको | |
| | ख. घर कम्पाउण्ड भित्रको धारामा | रु. | | | | |
| | ग. सामुहिक धारामा | रु. | | | | |
| | घ. संस्थागत धारामा | रु. | | | | |
| | जम्मा संकलन हुन बाँकी (३–४) | | | | | |
| ६ | अन्य आय | | | | | |
| | क. नयाँ धारा जडान | रु. | | | | |
| | ख. रि–कनेक्सन | रु. | | | | |
| | ग. जरिवाना/बिलम्व शुल्क | रु. | | | | |
| | घ. ब्याज आय | रु. | | | | |
| | ङ. सदस्यता/नवीकरण शुल्क | रु. | | | | |
| | च. अन्य (खुलाउने) | रु. | | | | |
| | जम्मा मासिक अन्य आय | रु. | | | | |
| ७ | कुल मासिक आया (४–६) | रु. | | | | |
| क. ४ | सेवा संचालन/व्यवस्थापन खर्च | | | | | |
| १ | कर्मचारीको तलब भत्ता | रु. | | | | |
| | प्रविधिक | रु. | | | | |
| | प्रशासनिक | रु. | | | | |
| २ | सूचना तथा संचार | रु. | | | | |
| ३ | विद्युत/इन्धन/सवारी साधन | रु | | | | |
| ४ | रासायनिक पदार्थ | रु. | | | | |
| ५ | मर्मत/संभार(पाइप फिटिङ्गस आदी समेत) | रु. | | | | |
| ६ | भैपरि आउने | रु. | | | | |
| ७ | अन्य खर्च | रु. | | | | |
| | कुल संचालन खर्च रकम | रु. | | | | |
| क.५ | कोषको हालको अवस्था | रु. | | | | |
| १ | नगद | रु. | | | | |
| २ | बक्यौता रहेको | रु. | | | | |
| ३ | बैंक खातामा रहेको | रु. | | | | |
| क.६ | ऋणको अवस्था | | | | | |
| १ | मुल ऋण रकम (सहुलियत अवधिको ब्याज समेत) | रु. | | | | |
| २ | हालसम्म तिरेको | | | | | |
| | साँवा | रु. | | | | |
| | ब्याज | रु. | | | | |
| ३ | भुक्तानी बाँकी रकम | | | | | |
| | साँवा | रु. | | | | |

| आयोजना संचालन स्थिति संकलन | | आधारभूत तथ्याङ्क मिति | विवरण संकलन अवधि | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. | | महिना | |
| क्र. सं. | सूचकहरु | इकाई | संचालन अवस्था सम्बन्धी विवरण | | | कैफियत |
| | | | बेसलाइन | डिजाइन | हालको | |
| | व्याज | रु. | | | | |
| ख | स्वास्थ्य तथा सरसफाइ सेवा | | | | | |
| ख.१ | चर्पीको अवस्था | | | | | |
| | क. चर्पी भएका घर संख्या | संख्या | | | | प्रतिफलमा आधारित अनुदान सहयोगमा बनेका चर्पि संख्या खुलाउने । |
| | ख. चर्पी नभएका घर संख्या | संख्या | | | | |
| | ग. स्कूल चर्पी संख्या | संख्या | | | | |
| | घ. सस्थागत चर्पी (संख्या) | संख्या | | | | |
| | ङ. सस्थागत चपीको सफाइ अवस्था | | | | | |
| | सफा | प्रतिशत | | | | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| | च. स्कूल चर्पीको सफाइ अवस्था | | | | | |
| | सफा | प्रतिशत | | | | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| | | संख्या | | | | |
| | | | | | | |
| ख.२ | सार्वजनिक स्थानको सफाइ | | | | | |
| | क. सडक क्षेत्र | प्रतिशत | | | | |
| | सफा | प्रतिशत | | | | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| | ख. धार्मिक क्षेत्र वरपर | प्रतिशत | | | | |
| | सफा | प्रतिशत | | | | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| | घ. खुला चौर | प्रतिशत | | | | |
| | सफा | प्रतिशत | | | | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| | ङ. विद्यालय/क्याम्पस परिसर | | | | | |
| | सफा | प्रतिशत | | | | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| | च. कार्यालय परिसर | प्रतिशत | | | | |
| | सफा | प्रतिशत | | | | |

| आयोजना संचालन स्थिति संकलन | | आधारभूत तथ्याङ्क मिति | विवरण संकलन अवधि | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. | | महिना | |
| क्र. सं. | सूचकहरु | इकाई | संचालन अवस्था सम्बन्धी विवरण | | | कैफियत |
| | | | बेसलाइन | डिजाइन | हालको | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| | छ. हाट वजार क्षेत्र | प्रतिशत | | | | |
| | सफा | प्रतिशत | | | | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| | ज. धारा वरपर | प्रतिशत | | | | |
| | सफा | प्रतिशत | | | | |
| | फोहर | प्रतिशत | | | | |
| | ठिकै | प्रतिशत | | | | |
| ख.३ | नुहाउने बानी | | | | | |
| | क. केटाकेटी | | | | | |
| | सधै | प्रतिशत | | | | |
| | एकदिन बिराएर | प्रतिशत | | | | |
| | हप्तामा २ पटक | प्रतिशत | | | | |
| | हप्तामा १ पटक | प्रतिशत | | | | |
| | २ हप्तामा १ पटक | प्रतिशत | | | | |
| | महिनामा १ पटक | प्रतिशत | | | | |
| | ख. पुरुष | | | | | |
| | सधै | प्रतिशत | | | | |
| | एकदिन बिराएर | प्रतिशत | | | | |
| | हप्तामा २ पटक | प्रतिशत | | | | |
| | हप्तामा १ पटक | प्रतिशत | | | | |
| | २ हप्तामा १ पटक | प्रतिशत | | | | |
| | महिनामा १ पटक | प्रतिशत | | | | |
| | ग. महिला | | | | | |
| | सधै | प्रतिशत | | | | |
| | एकदिन बिराएर | प्रतिशत | | | | |
| | हप्तामा २ पटक | प्रतिशत | | | | |
| | हप्तामा १ पटक | प्रतिशत | | | | |
| | २ हप्तामा १ पटक | प्रतिशत | | | | |
| | महिनामा १ पटक | प्रतिशत | | | | |
| ख.४ | रोगको संक्रमणको अवस्था | | | | | |
| १ | ५ वर्ष माथिका मानिसमा संक्रमण | संख्या | | | | |
| | क. झाडा पखाला सम्बन्धी | संख्या | | | | |
| | ख. अन्य पानी जन्य रोग (खुलाउने) | संख्या | | | | |
| २ | ५ वर्ष मुनिका बालबालिकामा संक्रमण | संख्या | | | | |
| | क. झाडा पखाला सम्बन्धी | संख्या | | | | |

| आयोजना संचालन स्थिति संकलन | | आधारभूत तथ्याङ्क मिति | विवरण संकलन अवधि | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. | | महिना | |
| क्र. सं. | सूचकहरु | इकाई | संचालन अवस्था सम्बन्धी विवरण | | | कैफियत |
| | | | बेसलाइन | डिजाइन | हालको | |
| | ख. अन्य पानी जन्य रोग (खुलाउने) | संख्या | | | | |
| ३ | ५ वर्ष माथिका मानिसको मृत्यु | संख्या | | | | |
| | क. झाडा पखाला सम्बन्धी | संख्या | | | | |
| | ख. अन्य पानी जन्य रोग (खुलाउने) | संख्या | | | | |
| ४ | ५ वर्ष मुनिका बालबालिकाको मृत्यु | संख्या | | | | |
| | क. झाडा पखाला सम्बन्धी | संख्या | | | | |
| | ख. अन्य पानी जन्य रोग (खुलाउने) | संख्या | | | | |
| ५ | उपचार खर्च | | | | | |
| | क. झाडा पखाला सम्बन्धी | रु./परिवार/वर्ष (सरदर) | | | | |
| | ख. अन्य पानी जन्य रोग (खुलाउने) | रु./परिवार/वर्ष (सरदर) | | | | |
| ६ | सतह ढल | | | | | |
| | क. कूल ढलको लम्वाई | मिटर | | | | |
| | कभर स्ल्याव भएको | मिटर | | | | |
| | कभर स्ल्याव नभएको | मिटर | | | | |
| | ह्युम पाइप | मिटर | | | | |
| | ख. पानी निस्कासन गरिएको स्थान | प्रतिशत | | | | |
| | – नदी/खोला/ताल/पोखरी | प्रतिशत | | | | |
| | – खेत बारी | प्रतिशत | | | | |
| | – अन्य (खुलाउने) | प्रतिशत | | | | |
| ७ | फोहर मैला व्यवस्थापन स्थिति | प्रतिशत | | | | |
| | क. व्यवस्थापन निकाय | प्रतिशत | | | | |
| | – स्थानीय सरकार | प्रतिशत | | | | |
| | – निजी संख्या | प्रतिशत | | | | |
| | – व्यक्तिगत व्यवस्थापन | प्रतिशत | | | | |
| | – अन्य (खुलाउने) | प्रतिशत | | | | |
| | – प्रति परिवार मासिक खर्च | रु. | | | | |
| | – खर्च व्यहोर्ने श्रोत (उल्लेख गर्ने) | प्रतिशत | | | | |
| | ख. घरायसी फोहर पानी उत्सर्जन | प्रतिशत | | | | |
| | – सोक पीट (पानी सोस्ने खाल्डो) | प्रतिशत | | | | |
| | – करेसावरी | प्रतिशत | | | | |
| | – सार्वजनिक सतह ढल | प्रतिशत | | | | |
| | – जतातत‍ै | प्रतिशत | | | | |
| | ग. महिला अवस्था | | | | | |
| १ | आत्मसम्मानको विकास | | | | | |
| | वढेको | प्रतिशत | | | | |

| आयोजना संचालन स्थिति संकलन | | आधारभूत तथ्याङ्क मिति | विवरण संकलन अवधि | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. | | महिना | |
| क्र.सं. | सूचकहरु | इकाई | संचालन अवस्था सम्बन्धी विवरण | | | कैफियत |
| | | | बेसलाइन | डिजाइन | हालको | |
| | उस्तै | प्रतिशत | | | | |
| २ | आत्म विवरण | | | | | |
| | वढेको | प्रतिशत | | | | |
| | उस्तै | प्रतिशत | | | | |
| ३ | नेतृत्व विकास | | | | | |
| | वढेको | प्रतिशत | | | | |
| | उस्तै | प्रतिशत | | | | |
| ४ | नयाँ कार्यक्रमको शुरुवात | | | | | |
| | वढेको | प्रतिशत | | | | |
| | उस्तै | प्रतिशत | | | | |
| घ | अपेक्षित फाइदा र अप्ठ्याराहरु | | | | | |
| १ | पानी सेवाशुल्कको प्रयोग | | | | | |
| २ | महिलाको समय बचतमा प्रयोग | | | | | |
| ३ | आयोजनाबाट अनुमान गरेको फाइदाहरु | | | | | |
| ४ | प्रत्यक्ष | | | | | |
| | अप्रत्यक्ष | | | | | |
| | चुनौतीहरु | | | | | |
| ५ | अन्य केही भए : | | | | | |

……………………… ……………………… ………………………………………

विवरण तयार पार्ने रुजु गर्ने अध्यक्ष (खा.पा.उ.स.स.)

# खानेपानी सेवाका स्तरहरु

शहरी खानेपानी तथा सरसफाइ नीति, २०६६ को अनुसूची २ अनुसार दैनिक रुपमा पानीको उपभोग, आपूर्ति गरिएको पानीको गुणस्तर, दैनिक आपूर्तिको अवधि र त्यसका विश्वसनीयताको आधारमा तीन प्रकारका सेवाहरुको परिभाषा गरिएको छ। यस नीतिले देहाय बमोजिम तीन तहका सेवास्तरको परिभाषा उल्लेख निम्नानुसार गरेको छ।

| सेवाको स्तर | उच्च | मध्यम | आधारभूत |
|---|---|---|---|
| परिमाण (LPCD) | >१०० | ४५-१०० | ४५ सम्म |
| गुणस्तर | WHO Guidelines | राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ बमोजिम | राष्ट्रिय खानेपानी गुणस्तर निर्देशिका, २०६२ मा ग्रामीण खानेपानीको लागि परिभाषित गुणस्तर |
| पहुँच | घरभित्र (पूर्ण जडित) | घर कम्पाउण्डभित्र (आँगनमा धारा) | १०० मिटरको पैदल दुरीभित्र (आँगन वा सामुदायिक धारा) |
| आपूर्तिको समय (घण्टा/दिन) | २४ | २४ | ४ |
| निरन्तरता (वर्ष/महिना) | वर्षै भरी | वर्षै भरी | वर्षै भरी |

# कार्य प्रक्रिया

## आयोजना छनोट प्रक्रिया (प्रथम चरण)

**भुमिका र जिम्मेवारी** (बायाँ)

जि.स.स.
गा.पा/नगरपालिका
खा.पा.उ.स.

खा.पा.उ.स.स., जिल्ला जलश्रोत समिति, संघीय तथा प्रादेशिक खा.पा कार्यालय

आ.व्य.का., क्षे.आ.व्य.का.

खा.पा.उ.स.स., गा.पा/नगरपालिका सरकार डि.सु.व्य.प., क्षे.आ.व्य.का.

क्षे.आ.व्य.का.,डि.सु.व्य.प., खा.पा.उ.स.स., न.वि.को., संघीय तथा प्रादेशिक खा.पा कार्यालय

न.वि.को., खा.पा.उ.स./ गा.पा/नगरपालिका

खा.पा. तथा ढ.व्य. विभाग, आ.व्य.का., क्षे.आ.व्य.का., खा.पा.उ.स.स., गा.पा/नगरपालिका

**प्रक्रिया**

1. सुचना प्रचार–प्रसार आवेदन आव्हान
2. समुदायबाट आवेदन संकलन
3. खा.पा.उ.स. गठन र दर्ता / न.स. बाट अनुमोदन
4. आवेदन उपर प्रारम्भिक छानबिन र पुर्व सम्भाव्यताका लागि आयोजना छनोट
5. पुर्व सम्भाव्यता अध्ययन तथा आयोजनाको छनोट
6. डि.सु.व्य.प. नियुक्ति र परिचालन
   - डि.सु.व्य.प.द्वारा सामाजिक आर्थिक विवरण सहितको प्रतिवेदन → जनचेतना अभियान
   - डि.सु.व्य.प.द्वारा आयोजनाको सम्भाव्यता अध्ययन पेश, बिभिन्न विकल्पहरु साथै आर्थिक तथा वित्तिय प्रतिवेदन प्रस्तुत र समुदायबाट उत्तम विकल्प छनोट
7. शहरी आयोजना सहमति पत्र (प्रारम्भिक सम्झौता)
8. विस्तृत इन्जिनियरिङ्ग डिजाइन, लागत अनुमान समुदायमा प्रस्तुतीकरण तथा समुदायबाट अनुमोदन
9. ५% अग्रिम नगद सङ्कलन तथा दाखिला
10. आ.व्य.का., न.वि.को. र खा.पा.उ.स.स./गा.पा/नगरपालिका सरकारबीच त्रिपक्षीय वित्तीय सम्झौता
11. न.वि.कोष र खा.पा.उ.स.स. बीच ऋण सम्झौता
12. खा.पा.तथा ढ.व्य.वि. र खा.पा.उ.स.स./ गा.पा/नगरपालिकाबीच आयोजना व्यस्थापन सम्झौता

**भुमिका र जिम्मेवारी** (दायाँ)

आ.व्य.का.,संघीय तथा प्रादेशिक खा.पा कार्यालय

आ.व्य.का., क्षे.आ.व्य.का.

आ.व्य.का.,क्षे.आ.व्य.का., संघीय तथा प्रादेशिक खा.पा कार्यालय

आ.व्य.का., क्षे.आ.व्य.का

आ.व्य.का.,क्षे.आ.व्य.का., खा.पा.उ.स.स./गा.पा/न नगरपालिका, डि.सु.व्य

आ.व्य.का., न.वि.को., गा.पा/नगरपालिका, खा.पा.उ.स.स., गा.पा/नगरपालिका

खा.पा.उ.स.स./ गा.पा/नगरपालिका

आ.व्य.का./क्षे.आ.व्य.का. , न.वि.को, ,गा.पा/नगरपालिका, खा.पा.उ.स.स.

खा.पा. तथा ढ.व्य. विभाग, आ.व्य.का., क्षे.आ.व्य.का., खा.पा.उ.स.स., गा.पा/नगरपालिका

१२–२४ महिना

# आयोजना निर्माण प्रक्रिया (दोस्रो चरण)



# आयोजना सञ्चालन र सम्भार प्रक्रिया (तेस्रो चरण)




**पाँच बर्षको सहुलियत अवधिपछि खा.पा.उ.स.स.बाट न.वि.को.को ऋण असुली आरम्भ**

# संचार रणनीति

## शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको सरोकारवाला संचार रणनीति (Loan No 3711 NEP)

समावेशीकरण, पारदर्शिता, समसमयिकता र सरोकारवालाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न नेपाल सरकार र एडिबीले सरोकारवाला संचार रणनीति (SCS) तयार पार्न आवश्यक रहेकोछ । यस रणनीतिले सबै प्रमुख सरोकारवालाहरुका लागि विशेष गरी आयोजना प्रभावित समूहहरु र कार्यान्वयन गर्ने निकायहरु र एडिबीबीच आयोजना प्रभावित समूहहरुको सरोकारका विषयहरु उप आयोजनाको डिजाइन, कार्यान्वयन, प्रतिबेदन तथा असरहरु समाहित  भएको संचार आधार (प्लेटफर्म) सुनिश्चित गर्दछ ।

SCS ले उप आयोजना सफलताको लागि विशिष्ट परिप्रेक्ष्य, कार्य र परिवर्तनहरुको प्रबर्धन गर्न मुख्य संचार संदेशहरु पहिचान गर्दछ । SCS ले जोखिममा रहेका ब्यक्तिहरु जस्तै : दलित, अशक्त, प्रकोपबाट प्रभावित, सीमान्तकृत र लोपोन्मुख आदिवासी जनजाति समुह जो राजनितिक, सामाजिक वा आर्थिक हिसाबले बहिष्कृत भएका (सामाजिक बहिष्कृत समुहरु जस्तै आदिवासी जनजाति, दलित, अन्य पिछडिएको जाति, मधेसी, मुस्लिम, लैङ्गिक अल्पसंख्यक, अशक्त व्यक्ति र दुर्गम क्षेत्रका बासिन्दा) ब्यक्तिहरुलाई उप आयोजना डिजाइन र कार्यान्वयनको क्रममा संचार र प्रतिक्रियाको अवसर प्रदान गर्दछ । त्यसतै यस रणनीतिले सामुदायिक विकासको बारेमा जानकारी दिन र समर्थन गर्न, सरकारी निकाय अन्तर्गत आयोजनाहरुको क्षमता अभिवृद्धि गर्न र नकारात्मक प्रभावहरुलाई कम गर्न सहयोग पुऱ्याउंछ । SCS ले उप आयोजनामा मुख्य सरोकारवालाहरुको प्रभावकारी सहभागिता सुनिश्चित गर्नेछ ।

**पहिचान भएका सरोकारवालाहरु :** (१) आयोजनाको व्यवस्थापन र कार्यान्वयनको लागि जिम्मेवार सरकारी निकायहरु (खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग र शाखाहरु, आयोजना व्यवस्थापन कार्यालय तथा क्षेत्रिय आयोजना ब्यवस्थापन कार्यालय) (२) आयोजना व्यवस्थापन तथा गुणस्तर सुनिश्चितता परामर्शदाता र क्षेत्रिय डिजाईन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता (३) नगर विकास कोष (खानेपानी उपभोक्ताहरुलाई २५% ऋण दिइने) (४) स्थानीय सरकारको रुपमा नगरपालिकाले सुविधाको व्यवस्थापन र खानेपानी तथा सरसफाइ सुविधाहरुको सम्पति मालिकको सम्पूर्ण जिम्मेवारी लिन्छ (५) निर्माण ब्यबसायीहरुः निर्माण सफलतापुर्बक पूरा भएपछि पहिलो वर्षमा निर्माण तथा संचालन र मर्मतका लागि जिम्मेवार हुन्छन् (६) उपभोक्ता समुह र समितिः खानेपानी तथा सरसफाइ सेवा सुविधाको माग गर्दछन् र ५ प्रतिशत नगद रकम जम्मा उठाउंछन, नगर विकास कोषबाट २५ प्रतिशत ऋण लिन्छन र खानेपानी तथा सरसफाइका सुविधाहरको संचालन गर्दछन् (७) उप आयोजना क्षेत्र भित्र बस्ने सम्पुर्ण उपभोक्ताहरुका साथसाथै गरीब तथा जोखिममा रहेका ब्यक्तिहरु जसले खानेपानी तथा सरसफाइको सुविधा पानी कर तिरी प्रयोग गर्दछन् (८) स्थानीय गैर सरकारी संस्था र पत्र पत्रिका सम्बद्ध समुहहरुः स्थानीय उपभोक्ता तथा आदिबासी समुहहरुको ज्ञान तथा क्षमता अभिबृद्धि गर्नका लागि सहजीकरण गर्दछन् ।

निम्न तालिकाले प्रमुख आयोजना सरोकारवालाहरु र उनीहरुको रुचि, आयोजना कार्यान्वयन निर्देशिकामा उल्लेख गरिएको आयोजना चक्रको बखत प्रमुख सन्देश, संचारका साधनहरु, र वितरणको समयरेखा पहिचान गर्दछ ।

## शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनामा सरोकारवालाहरुको संचार रणनीति

| उद्देश्यहरु | मुख्य जोखिम र चूनौतिहरु | सरोकारवालाहरु | सन्देशहरु | संचारको माध्यम | च्यानल/गतिविधिहरु | समयरेखा | जिम्मेवारी | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|---|
| आयोजनाबाट हुने लाभको लागि सरोकारवालाहरुलाई विश्वासिलो र नियमित संचारको सुनिश्चितता | संचारको माध्यम तथा समय | खानेपानी मन्त्रालय, प्रदेशहरु, खानेपानी विभाग, नगर विकास कोष, उपभोक्ता संथा, खा.पा.स.स र स्थानीय | आयोजनाको उद्देश्य,कामको दायरा, सरोकारवालाद्वारा प्रगति र समस्याहरु समाधान गरिनेछ | ब्रोसर, शहरी आयोजनाको प्रकृयात्मक निर्देशिका, प्रगति रिपोर्ट तथा पत्रहरु | उचित जानकारीको प्रचार छनौट गरिनेछ | आयोजना सुरुवातबाट | आ.ब्य.का/ खानेपानी तथा ढल व्यवस्थापन विभाग | नियमित आयोजना बजेट/ वृद्धि प्रशासनिक लागत |
| सामाजिक समावेशीकरण र प्रभावकारी जोखिम निवारण सुनिश्चित गर्न EA/IA र सरोकारवालाहरु बीच दोहरो संवाद/संयन्त्रको स्थापना | संचारको माध्यम तथा समय | खानेपानी मन्त्रालय, प्रदेशहरु, खानेपानी विभाग, नगर विकास कोष, उपभोक्ता संथा, खा.पा.स.स र स्थानीय | सहरी खानेपानी आयोजनाको सामाजिक समावेशीकरण नीति तथा प्रकृया | ब्रोसर, शहरी आयोजनाको प्रकृयात्मक निर्देशिका, प्रगति रिपोर्ट तथा पत्रहरु | उचित जानकारीको प्रचार छनौट गरिनेछ | आयोजना सुरुवातबाट | आ.ब्य.का/ क्षे.आ.वि.का | नियमित आयोजना बजेट |
| गरीब, जोखिमयुक्त र आदिवासी ब्यक्तिहरुको घरमा ओविए अन्तर्गत चर्पी तथा निशुल्क धारा जडानको सुनिश्चितता | गरीब, जोखिममा रहेका र आदिवासीहरु को सूचीबद्ध | गरीब, असुरक्षित र आदिवासी समुहहरु /खा.पा.उ.स र क्षे.आ.व्य.का. | शहरी आयोजनाका लाभार्थीहरुलाई ओबीए गतिविधिहरु, प्रशिक्षण सहित लाभार्थी पहिचान प्रकृया/ मापदण्ड, आवेदन प्रकृया र स्वच्छता सम्बन्धित योजना प्रसारित | आ.व्य.का बाट प्रकाशित पत्रिका, अनौपचारिक छलफल र प्रशिक्षण तथा कार्यशालाहरुबाट जानकारी प्रसारण | विस्तृत डिजाइन समयमा सूचीबद्ध गरिन्छ । खा.पा.उ.स/ नगरपालिकाले कार्यान्वयनको समयमा प्रमाणित गर्नेछ । | आयोजना सुरुवातबाट | क्षे.आ.वि.का/खा.पा.उ.स.स/नगरपालिका र आ.व्य.का को सामाजिक परिचालिका | नियमित आयोजना बजेट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| आयोजनामा योगदान के का लागि बुझिएको र उपभोक्ताहरुले अग्रीम ५% नगद संकलन गर्ने सुनिश्चित गराउने | आयोजनाको सिद्धान्त नबुजि र उपभोक्ता समिति सदस्यहरुलाई विश्वास नगरी नगद संकलन गर्न नसकिने | प्रत्येक खानेपानी उपभोक्ता संस्थाको सदस्यहरु | ५% अग्रीम नगद संकलनले विशेष खानेपानी उपभोक्ता संस्थाको रुचि देखाउछ र आयोजनाहरुलाई दिगो बनाउछ | स्थानीय नेता र उपभोक्ता समिति सदस्यहरुद्वारा अनौपचारिक समुह छलफल र जानकारी प्रसार | आयोजना सिद्धानत सबै तहमा स्पष्ट रुपमा फैलाउने र अग्रीम संकलन अनुभव उपभोक्ता समितिलाई दिइनेछ | तुरुन्त DED पुरा भएपछि र समुदाय/नगर पालिकामा DED प्रस्तुतिकरण | न.वि.को/क्षे.डि.सु.व्य.प/ उपभोक्ता समिति र क्षेत्रिय आयोजनाका सामाजिक परिचालिका र परामर्शदाता | कुनै थप बजेटको आवश्यकता नपर्ने, परामर्श प्याकेजहरुमा समेटिएको |
| उप आयोजना निर्माणमा संलग्न संबन्धित ठेकेदारको आईपीसीहरुको भुक्तानीको लागि नगर विकास कोषबाट ऋणको सहज प्रवाह सुनिश्चित गराउने | सम्बन्धित सरोकारवालाहरुलाई भुक्तानीको लागि समयमा जानकारी | क्षे.आ.व्य.का/न.वि.को/क्षे.डि.सु.व्य.प/खा.पा उ.स.स | उप आयोजनाको समयमै समाप्तिका लागि ठेकेदारहरुको आइपीसी (IPC) समयमै भुक्तानी आवश्यक छ। | चिठी तथा पत्राचार | उप आयोजना कार्यान्वयनको SOP तयार हुनेछ र कडाईका साथ अनुसरण (Followed) गर्नु पर्नेछ। | परामर्शदाताबाट आपिसीको सिफारिस पछि | क्षे.आ.व्य.का/न.वि.को/क्षे.डि.सु.व्य.प/खा.पा उ.स.स | नियमित आयोजना बजेट |
| उप आयोजनामा लैंगिक समानता र सामाजिक समावेशीकरण (GESI) सम्बन्धी खुलासा गर्न | | महिला, कमजोर तथा समाजबाट बहिष्कृत समुह | सहरी खानेपानी आयोजनामा (GESI) सम्बन्धी प्रशिक्षण, परामर्श र क्षमता विकास गतिविधिहरु | ब्रोसर, सहरी आयोजनाको प्रकृयात्मक निर्देशिका, | डिजाइन सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाताले समयमा जानकारी दिने | आयोजनाको प्रारम्भ देखि र समयमा सम्भावित लक्षित समुह हुनेछ। | आ.व्य.का/क्षे.आ.व्य.का को GESI विशेषज्ञ र सामाजिक परिचालिका | नियमित आयोजना बजेट |
| नगरपालिका/उपभोक्ताद्वारा सबै आयोजना अवयवहरुको ( | पानी भण्डारण (reserviors), प्रशोधन केन्द्रको स्थान बदल्नाले जग्गा | क्षेत्रिय आ.वि.का/नगरपालिका/उपभोक्ता समिति/ठेकेदार | सम्बन्धित नगरपालिका/उपभोक्ता समितिद्वरा व्यवस्थित गरिने | सम्बन्धित पार्टीहरुको चिठी तथा पत्राचार | अवव्यवहरुको (Components) पुनर्स्थापना पुष्टि पछि जग्गा | पुनर्स्थापना पुष्टि पछि | क्षे.डि.सु.व्य.प/क्षे.आ.वि.का/खा.पा उ.स.स/न.पा/ | नगरपालिका वा उपभोक्ता समिति को बजेट |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| Components) लागि जग्गा व्यवस्थापन गरिने | व्यवस्थापनको समस्या सिर्जना गर्न सक्छ | | | | व्यवस्थापनको लागि तत्काल बैठक गरिने | | ठेकेदार | |
| आयोजना भित्र सहज IPP कार्यान्वयव गरिने | IPP को कार्यान्वयन आयोजना डिजाइनको अवधिमा सहमति बमोजिम गरिएको छैन | आयोजना क्षेत्रका प्रभावित आदिवासीहरु | IPP मा मुख्य मुद्दाहरु, सम्बन्धित कार्यान्वयन दलहरु | सम्बन्धित सरोकारवालाहरु संग बैठक, चिठी तथा पत्राचार | IPP गतिविधिहरु स्पष्ट रुपमा पहिचान , योजना तयार र संयुक्त रुपमा लागु गरिने | सम्बन्धित IP प्रभावकारी समुहसंग छलफल गर्न निश्चित समयरेखा हुने | आ.व्य.का/क्षे. आ.व्य.का/ क्षे.डि.सु.व्य.प /न.पा /खा.पा उ.स.स | क्षे.आ.वि.का मार्फत नियमित आयोजना बजेट |
| सामाजिक सुरक्षण र वातावरणीय अनुगमन रिपोर्टको खुलासा गरिने | प्रभावकारी ढङ्गले वेबसाइट खोल्न सक्दैन | खानेपानी मन्त्रालय/खानेपानी विभाग/न.पा/गा.पा /उपभोक्ता समिति र अन्य आयोजना प्रभावित मानिस/समुदाय वा समुह | सामाजिक सुरक्षण/पुनर्स्थापना रवातावरणीय अनुगमन रिपोर्ट | आयोजनाद्वारा प्रकाशित रिपोर्ट, पत्रिका र वेबसाइट | आयोजना कार्यान्वयन निर्देशिका, संम्झौता कागजात उपभोक्ता समितिलाई उपलब्ध गराईने छ। | आयोजनाको सुरुवातबाट | खानेपानी विभाग/आ.वि. का | सम्झौताको माध्यमबाट नियमित आयोजना बजेट |
| नगरपालिका सदस्यहरु, उपभोक्ता संस्था र स्थानिय समुदायहरुमा विश्वसनीय जानकारी र क्षमता विकासको नियमित सुचनाको प्रवाह सुनिश्चित गरिने | संचारको भाषा, माध्यम र समय | खानेपानी उपभोक्ता संस्थाका सदस्यहरु, उपभोक्ता समितिका सदस्यहरु, न.पा र गा.पा का सदस्य र स्थानिय | आयोजना सम्बन्धित जानकारी, IEE र पुनर्स्थापनाको जानकारी, OBA कार्यक्रम, अग्रीम नगद योगदान, महशुल, खानेपानी तथा सरसफाइको जानकारी | पत्रपत्रिकाहरु, अनौपचारिक समुह भेटघाट, छलफल र प्रशिक्षण तथा कार्यशालाहरुबाट जानकारी प्रसार | क्षे.आ.व्य.का/ क्षे.डि.सु.व्य.प बाट नियमित रुपमा जानकारी साझा कार्यक्रम आयोजना गर्दै र प्रकाशित सामाग्री वितरण गर्ने | आयोजनाको सुरुवातबाट | क्षे.आ.व्य.का/ क्षे.डि.सु.व्य.प र केन्द्रित समुह आयोजना विशेषज्ञ | आयोजनाको कार्यान्वयन बजेटमा प्रशिक्षण लागत, जानकारी एकीकृत प्रसार हुनेछ |

## शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजना क्षेत्र



## भविष्यमा लगानीका लागि छनोट भएका शहरी खानेपानी तथा सरसफाइ आयोजनाहरु



# परिशिष्ट

# सरोकारवालाहरूको सहभागिताबारे जानकारीमूलक टिप्पणी

## सरोकारवाला को हुन् ?

कुनै विकास निर्माण सम्वन्धी क्रियाकलाप, परियोजना वा कार्यक्रमसित कुनै न कुनै प्रकारले सार्वजनिक ढंगले चासो राख्ने व्यक्ति, समूह वा संस्था/निकायलाई सरोकारवाला भनिन्छ। यस्ता सरोकारवालाहरूको समूहभित्र पनि छुट्टाछुट्टै क्रियाकलापसंग सम्बन्धित भिन्नाभिन्नै विषय/विषयगत क्षेत्रसित सरोकार हुने उप–समूहहरू हुन सक्दछन्। सबै सरोकारवालाहरू वर्ग/संघसंस्था/निकायहरूलाई समग्रतामा दुई समूहमा विभाजन गर्न सकिन्छ :

(**क**) **प्राथमिक वर्गका सरोकारवाला (Primary Stakeholders)**:

यस प्राथमिक वर्गका सरोकारवाला भन्नाले शहरी खानेपानी आयोजनाबाट प्रत्यक्ष रूपमा लाभान्वित हुने वा सम्भावित प्रतिकूल असर पर्न सक्ने समुदायहरूलाई बुझ्नु पर्दछ। प्रत्यक्ष प्रभावित जनसमुदाय भन्नाले खानेपानी तथा सरसफाइ सुविधा विकासबाट लाभान्वित हुने उपभोक्ताहरू तथा आयोजना संचालनका लागि आवश्यक पर्ने जग्गाजमीन प्राप्त गर्नुपर्दा जग्गा जमीनविहीन हुनुपर्ने सम्भावित जनताहरूलाई बुझ्नुपर्दछ।

(**ख**) **दोस्रो वर्गका सरोकारवाला (Secondary Stakeholders)**:

दोस्रो वर्गका सरोकारवाला भन्दा आयोजना कार्यान्वयनका क्रममा समन्वयात्मक वा सहयोगात्मक भूमिका निर्वाह गर्ने निकायहरू जस्तै केन्द्रीय स्तरमा रहने, गाउँ/नगर पालिका क्षेत्रभित्र संचालन हुने शहरी आयोजनाहरूका लागि गठन हुने शहरी आयोजना समन्वय समितिका सदस्य/ संस्था/निकायहरू र सम्बन्धित मन्त्रालयहरू मातहतका विभाग तथा कार्यालयहरू तथा दातृ निकाय आदिलाई जनाउँछ। त्यस्तै, अन्य सरोकारवालाहरूमा विभिन्न मन्त्रालय, विभाग, कार्यालय, दातृ निकाय तथा स्थानीय स्तरका सामाजिक संघसंस्था/नागरिक समाज आदिलाई पनि बुझाउँछ। शहरी आयोजनाको अभिन्न हिस्साको रूपमा रहेको सरोकारवालाहरूको सहभागिता अपरिहार्य भएकोले सामुदायिक सहभागिताबारे तल कोठा - (क)मा संक्षिप्त टिप्पणी दिइएको छ।

**कोठा – (क)**

## जनसहभागिता

निश्चित जिम्मेवारीसहित स्थानीय समुदायलाई आयोजनाको क्रियाकलापमा संलग्न गराइनु नै जनसहभागिता हो । आयोजनाको सफल कार्यान्वयनका लागि यो एउटा महत्वपूर्ण पक्ष हो । जनसहभागिताको प्रकृति सूचना तथा जानकारीको आदानप्रदान देखि आयोजना सम्बन्धी निर्णय लिनका लागि सशक्तीकरण तथा आयोजनाको कार्यान्वयन तथा संचालनमा स्वामित्व सम्हाल्ने/नियन्त्रणको अधिकार प्रत्यायोजनसम्म पनि हुन सक्दछ । साधारणतया खानेपानी, सरसफाइ, सिंचाइ तथा स्थानीय सरकारमा कार्यान्वयन हुने साना वा ठूला आयोजनहरूमा व्यापक रूपमा जनसहभागिताको खाँचो पर्ने हुन्छ । जनसहभागिताको माध्यमबाट :

- आयोजनको क्रियाकलापका सम्बन्धमा जनस्तरमा अभिरुचि जगाउने
- स्थानीय सरकारमा पहिलो वर्गका सरोकारवालाहरूको चाहना, क्षमता र प्रतिबद्धताको पहिचान गर्ने
- स्थानीय स्रोतको परिचालनमा सहयोग पाउने
- आयोजना कार्यान्वयनका सिलसिलामा आई पर्न सक्ने विवादहरूको न्युनीकरण
- आयोजना कार्यान्वयनलाई सहज र छरितो हुने
- आयोजनाको वैधानिकतामा वृद्धि हुने
- आयोजना कार्यान्वयनमा जनस्तरबाट आफ्नो हो भन्ने चेतना र जिम्मेवारी बढाउने आदि ।

आयोजनाको ढाँचा तयार गर्दा स्थानीय समुदाय र अन्य सरोकारवालाहरूको सहभागितामा गराइने गोष्ठी, सामूहिक छलफल, महिला, आदिवासी जनजाति, दलित तथा अल्पसंख्यक आदि सवाल जस्ता विषयमा जनस्तरमा संचालन गरिने बैठक/भेला (सचेतना तथा जिम्मेवारी बढाउने आदि पर्दछन् । परियोजनाको ढाँचा तयार गर्दा स्थानीय स्तरमा पहिलो वर्गका सरोकारवालाहरू र अन्य सरोकारवालाहरूको सहभागितामा हुने गोष्ठी, सामूहिक छलफल, सहभागितामूलक लेखाजोखा, स्रोत व्यक्तिसंगको छलफल र आयोजना तर्जुमा, योजना, कार्यान्वयन, निर्माण तथा संचालन आदि विभिन्न चरणमा निरन्तर रुपले समय समयमा आयोजनाको वस्तुस्थितिका सम्बन्धमा गरिने/हुने अभिमुखीकरण गोष्ठी, तालिम, स्थलगत भ्रमण आदि जनसहभागिता जुटाउने केही उपायहरू हुन् भने सरोकारवालाहरूका बीच निरन्तर र खुल्ला सूचना प्रवाहका माध्यमहरूको प्रयोगबाट आयोजनाको क्रियाकलापहरूमा पारदर्शिता र जवाफदेहिताको निवार्हमा सहयोग पुग्दछ ।

**सरोकारवालाहरूसंग परामर्श/छलफलको आवश्यकता किन पर्दछ ?**

- आयोजनाको क्रियाकलापबाट कुनै न कुनै किसिमबाट प्रभावित हुन सक्ने जिल्लास्थित सरकारी निकायहरू, स्थानीय उपभोक्ता तथा घरजग्गा जमीन आदि अधिग्रहण गर्नुपर्दा त्यसबाट प्रभावित हुन सक्ने परिवार, विपन्न/गरीब, महिला तथा सामाजिक रूपमा पछि परेका समुदायहरू जस्ता विभिन्न समूह उपसमूहमा आइपर्न सक्ने कठिनाई(Concern)हरूको समीक्षा तथा मूल्याङ्कन गर्न;
- आयोजना कार्यान्वयन गर्नका लागि विभिन्न क्षेत्रगत निकायहरूको संलग्नताको एकीन गर्न;
- विपन्न/गरीब तथा जोखिमयुक्त समुदाय लगायतका विभिन्न सरोकारवालाहरूको माँग तथा आवश्यकताहरू पहिल्याउन;
- आयोजनाको कार्यान्वयन योजना तथा लेखाजोखा (Appraisal) सम्बन्धी क्रियाकलाप सहभागितामूलक बनाउनमा सहयोग पुऱ्याउन तलको कोठा (ख) मा उल्लेख भएबमोजिम हुनुपर्नेछ ।

**कोठा – (ख)**

## सहभागितामूलक योजना तथा लेखाजोखा (Appraisal)

सहभागितामूलक योजना तथा लेखाजोखा कुनै परियोजनामा स्थानीय समुदायको सहभागिता कतिसम्म हुन सक्दछ भन्ने एकिन गर्न स्थानीय उपभोक्ता वर्ग समुदाय/बासिन्दाहरुबारे सम्पूर्ण रुपमा वा केही विषयहरुमा जानकारी लिने एउटा छिटो छरितो तरीका हो। यस प्रक्रियामा श्रव्यदृश्य, विषयवस्तु वा विचार आदिको वर्गीकरण, छलफल, नक्साङ्कन (म्यापिङ्ग) तथा समुदायको विवरण (Inventory) आदिको प्रयोग गरिने गरिन्छ। यस किसिमको प्रक्रियालाई आयोजनाहरुको अभिन्न अङ्ग रुपमा लिइन्छ। सहभागितामूलक योजनाहरु सामान्यतया बैठक, गोष्ठी तथा छलफलको माध्यमबाट तयार गरिन्छ। खानेपानी तथा सरसफाइ आयोजनामा सहभागितामूलक योजना तर्जुमा तथा लेखाजोखा गर्दा समावेश हुनुपर्ने सरोकारवालाहरुमा निम्नलिखित वर्ग/समुदायहरु समावेश हुन पर्दछः

(क) विपन्नवर्ग, महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका तथा जोखिमयुक्त वर्ग/समुदायहरु

(ख) स्थानीय सरकारी निकायहरु

(ग) स्थानिय सरकार(गा.पा./गाउँ/नगर पालिका)का प्रतिनिधिहरु

(घ) स्थानीय गैरसरकारी सामाजिक संस्था तथा सामुदायिक सङ्गठनहरु (CBOs)

(ङ) स्थानीय वित्तीय संस्था तथा सहकारीहरु

(च) स्थानीय व्यापारिक, व्यावसायिक तथा पेशागत समूह आदि जस्ता निजी क्षेत्रका संघसंस्थाहरु पनि समावेश गर्न सकिन्छ।

**के का लागि ?**

- निर्माण गरिने वा गरिएका खानेपानी तथा सरसफाइका संरचना/पूर्वाधारहरूप्रति स्थानीय जनतामा आयोजनाप्रतिको अपनत्व/स्वामित्व प्रवर्द्धन गर्न
- आयोजनाको लागत/खर्चहरू मध्ये स्थानीय तवरमा बेहोरिने रकम जम्मा गर्न
- आयोजनाको वैधानिकता कायम गर्न

कुनै आयोजनामा केही सरोकारवालाहरूको सहभागिता हुँदैमा, आयोजना सम्बन्धी निर्णय लिने बेलामा सबै प्रकारका सरोकारवालाहरूको सहभागिता स्वतः जुट्दछ भन्ने निश्चित हुन सक्दैन। यस्ता प्रक्रियामा प्रायः विपन्न/गरीब र सामाजिक तवरमा पिछडिएका व्यक्तिहरू तथा महिलाहरू छुट्ने गरेको पाइन्छ। यसले गर्दा, आयोजना कार्यान्वयनबाट त्यस किसिमका समूहहरूको आवश्यकता पूर्ति नहुने हिसाबले परियोजनाका ढाँचा (डिजाइन) बन्न पनि सक्दछ। खानेपानी तथा सरसफाइका आयोजनाको प्रकार र स्तरले सधैं प्रत्यक्ष वा अप्रत्यक्ष रुपले गरीबी न्यूनीकरणमा सहयोग पुऱ्याउने भएकोले यस्ता वर्ग तथा समुदायहरूको, केही विषयहरूमा, विशेष अनुसन्धान गर्नु पर्ने हुन्छ। जस्तै :

(क) गरीब र सामाजिक तवरमा पछाडि परेका वर्गहरूमा आयोजनाबाट पर्न सक्ने प्रभाव र आयोजनामा पहुच

(ख) महिला तथा अन्य जोखिमयुक्त समूह (दलित, जातजाति, आदिवासी, महिला मूली भएको घरपरिवार, वृद्ध मूली भएको घर, अपाङ्गतायुक्त सदस्य भएको घरपरिवार आदि) मा पर्ने प्रभाव।

(ग) आयोजनामा काममा लगाउन सकिने स्थानीय स्तरमा अर्धदक्ष तथा अदक्ष कामदारहरूको उपलब्धता ।

(घ) आयोजना क्षेत्रका आम उपभोक्ता वर्गको जीवनस्तर अभिवृद्धिसम्बन्धी कार्यक्रम संचालनको सम्भावना र यस्ता कार्यक्रमहरूबारे समुदायको धारणा।

कोठा – (ग)

## सामुहिक छलफल

एकै किसिमका जनसंख्या समूह (जस्तैः महिला, विपन्न/गरीब) अथवा आयोजनाको कार्यक्रमसंग उस्तै किसिमको सरोकार भएका ससाना समूह (जस्तैः युवासमूह, खानेपानी सरसफाइ सेवा प्रदान गर्ने निजी व्यवसायी आदि)बीच पूर्वनिर्धारित कार्यक्रम अनुसार गरिने छलफल, लक्षित समूह छलफल (Focal Group Discussion) हो । कुनै विषयका सम्बन्धमा समूहहरुको आशय, सहमतिको मात्रा तथा वैकल्पिक दृष्टिकोणको परीक्षण गर्नका लागि सामूहिक छलफल गर्ने गरिन्छ । योजनाचक्रका विभिन्न चरण (पूर्व-सम्भाव्यता, सम्भाव्यता, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन आदिका बखतमा सरोकारवालाहरुबाट जानकारी लिनका लागि सामूहिक छलफल गर्न सकिन्छ । यस किसिमका सामूहिक छलफलमा सामान्यतया ५ देखि १५ जना सहभागी हुने गर्दछन् । खानेपानी तथा सरसफाइ सम्बन्धी कार्यक्रमका क्रममा गरिने सामूहिक छलफलमा विशेषगरी महिला, विपन्न/गरीब, जोखिमयुक्त विभिन्न जातजाति, अपाङ्गता भएका तथा अल्पसंख्यक वर्ग/समुदाय, आयोजनाबाट प्रभावित घरपरिवारका प्रतिनिधि, आयोजनामा संलग्न गराउन सकिने खालका स्थानीय क्रियाशील गैरसरकारी संस्था,  सामुदायिक संस्थाहरु लगायतका स्थानीय सरकारका संघ संस्था समुहहरुको पनि प्रतिनिधित्व गराइनुपर्दछ ।




# शहरी खानेपानी तथा सरसफाइ (क्षेत्रगत) आयोजनाको अवधारणा

- नेपाल सरकार, उपभोक्ता वर्ग/स्थानीय सरकारको सहलगानी र लागत असुलीमा आधारित ।
- आयोजनाको निर्माण, सञ्चालन र सम्भारमा उपभोक्ता वर्गको स्वामित्व रहने गरी लैङ्गिक समानता र सामाजिक समावेशी सहभागिता ।
- सेवाको गुणस्तर सुधार र सेवास्तरमा वृद्धि ।
- स्थानीय सरकार र उपभोक्ता समितिहरुको संस्थागत क्षमता विकास ।
- जलबायु उत्थानशील दृष्टिकोण (तौर तरिका) र स्मार्ट प्रविधिको प्रयोग ।

## क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय

पूर्व क्षेत्रीय आ.व्य.का.
इटहरी, सुनसरी
फोन नं.: ०२५-५८८१४१

पश्चिम क्षेत्रीय आ.व्य.का.
नेपालगञ्ज, बाँके
फोन नं.: ०८१-४१५३४६

आयोजना व्यवस्थापन कार्यालय
पानीपोखरी, काठमाडौं, नेपाल
फोन : ९७७-१-४४२२२३१, ४००६६८५, ४००६५४६,
फ्याक्स : ९७७-१-४४१३२८०
वेवसाइट : www.uwssp.gov.np
इमेल : info@uwssp.gov.np